नेपाली उखान र टुक्काको अध्ययन

डा. कपिलदेव लामिछाने

नेपाली उखान र टुक्काको अध्ययन डा. कपिलदेव लामिछाने

नेपाली उखान र टुक्काको अध्ययन

(शोधमूलक सन्दर्भग्रन्थ)

लेखक

डा. कपिलदेव लामिछाने

विवेक सिर्जनशील प्रकाशन प्रा. लि.

काठमाडौं

नेपाली उखान र टुक्काको अध्ययन

(शोधमूलक सन्दर्भग्रन्थ)

लेखक : डा. कपिलदेव लामिछाने
प्रकाशक : विवेक सिर्जनशील प्रकाशन
कम्प्युटर सेटिङ : समन श्रेष्ठ/बिमला श्रेष्ठ
कम्प्युटर टाइप : विद्या र समिता
संस्करण : प्रथम, २०६९ पुस
प्रति : एक हजार
सर्वाधिकार : लेखकमा
मुद्रक : बगलामुखी अफसेट प्रेस

A Study of Nepali Proverb and Idiom :
By Dr. Kapil Dev Lamichhane

भूमिका

लोक साहित्य लोक जीवनको अभिव्यक्ति हो । आदिम वर्गविहीन समाज हुँदै पूर्व पुँजीवादी युगसम्ममा मौखिक परम्परामा जीवित साहित्य लोक साहित्य हो । यसले मूलतः वर्ग विभाजित समाजका पीडा र बेदनालाई अभिव्यक्त गर्ने भए पनि यसको सामाजिक सांस्कृतिक अभिव्यक्तिमा पर्याप्त भिन्नता छ । लोकगीत, नाटक, गाथा, कथा, लोकोक्ति, जादु र दन्त्यकथा एवम् उखान र टुक्कासम्म विस्तारित लोक साहित्यका विधाहरुले समाजका वर्गीय, जातीय, लिङ्गीय, क्षेत्रीय पीडा र भेदलाई प्रस्तुत गरेका हुन्छन् भने प्रगतिशील समूह चेतनालाई समेत व्यक्त गरेका हुन्छन् । पुँजीवादको आगमनपछि पश्चिममा लोक साहित्यको शक्तिशाली परम्परा कमजोर बने पनि यसको संकलन र सम्पादन गर्ने चेतना भने विकसित बन्यो । यही अर्थमा सिमोन फिर्थले यसलाई पूर्व पुँजीवादी, पूर्व बजारवादी र पूर्व उपभोक्तावादी युगको संस्कृति मानेका छन् भने हयारी गरुवाले मौखिक संस्कृति र आख्यानका रुपमा अर्थ्याएका छन् । उन्नाइसौं शताब्दीले प्रारम्भ गरेको लोकसाहित्यको खोजी र अध्ययनले आज पर्याप्त विकास गरेको छ भने यसका विभागहरु खुल्ने क्रम पनि बढेका छन् । व्यक्तिगत तहबाट सुरु भएको लोक साहित्यको खोजी संस्थागत भएका छन् भने सांस्कृतिक समाज, प्रज्ञा प्रतिष्ठान, विश्व विद्यालय लगायतमा यसको अध्ययन र खोज परम्परा सशक्त बन्दै गएको छ । आज लोक साहित्य संरक्षण गरिनै पर्ने राष्ट्रिय सम्पत्ति भएको छ ।

प्रकृति र संस्कृति पछिल्लो भूमण्डलीकृत विश्वका अति शोषणमा परेका क्षेत्र हुन् । राष्ट्र राज्य र राष्ट्रियताको चेतनाले निर्माण गरेको हिजोको विश्वमा प्रकृति र संस्कृतिको यति ठूलो दोहन र दमन भएन तर आजको विश्व पुँजीवादमा राष्ट्रराज्य कमजोर भएका छन् । भूमण्डलीकृत विश्वमा बहुराष्ट्रिय कम्पनीहरुको शासन छ र तिनका चेपुवामा समूह चेतनाको अभिव्यक्तिका रुपमा रहेको लोक साहित्य पनि परेको छ । प्रकृति र संस्कृति, शरीर र दिमाग, सामूहिक संचेतना र दृष्टिकोण तथा बिम्बहरुको सामूहिक अभिव्यक्तिका रुपमा रहेको लोक साहित्य आज एसिया र अफ्रिकामा समेत संकटमा परेको छ। यस्तो अवस्थामा राष्ट्रियताको चेतनाका माध्यमबाट वास्तविक राष्ट्रिय अभियानलाई जागृत गर्न जरुरी छ भने विश्वास, मूल्य, भाषा, नृत्य, महान् कथा र गाथा तथा सामूहिक चेतनाका वर्गीय, जातीय, लिङ्गीय तथा विविध स्वरहरुका माध्यमबाट नेपाली भावनाको विकास गर्नु पनि आवश्यक

छ । वास्तवमा लोक साहित्य श्रमजीवी वर्गको सचेतता र निर्मिति हो भने सर्वहारा वर्गीय संचेतनाको सामूहिक स्वरको प्रतिबिम्बन पनि हो । सामन्तवादी गन्ध र प्रभाव पाइए पनि यसको प्राचीन स्वरुप सर्वहारावर्गीय नै हो भन्ने कुरा आदिम साम्यवादी युगमा विकसित गाथा र कथाका उदाहरणहरुबाट पनि प्रष्ट हुन्छ । यस अर्थमा लोकसाहित्यको अध्ययन र संरक्षण पनि मार्क्सवादी वा राष्ट्रवादका पक्षधरबाट मात्र संभव हुने कुरा प्रष्ट छ । आधुनिक युगका उत्तर आधुनिक सतही र पुंजीबादी चेतनाले लोकसाहित्यको रक्षा र संरक्षण गर्न नसक्ने कुरा स्वत: स्पष्ट छ ।

लोकसाहित्यको यही मूल वैचारिक परिप्रेक्ष्यमा कपिलदेव लामिछानेद्वारा लिखित प्रस्तुत पुस्तक **नेपाली उखान र टुक्का** बजारमा आएको छ । लामिछाने मार्क्सवादी चेतनाका धनी साहित्यकार र समालोचक हुन् भने लोक साहित्यका अध्येता पनि हुन् । लोक साहित्यमा आफ्नो विद्यावारिधि सम्पन्न गरेका बौद्धिक व्यक्तित्व लामिछानेको यस कृतिले नेपाली समाजमा प्रचलित उखान र टुक्काको खोजी मात्र गरेको छैन तिनको वर्गीकरण पनि प्रस्तुत गरेको छ । नौ अध्यायमा विभाजन गरिएको पुस्तकमा उखान र टुक्काको सैद्धान्तिक पक्षका साथै यसको बनोट र व्युत्पत्तिगत सन्दर्भ, भाषिक र सांस्कृतिक पक्ष तथा अन्य सामाजिक सन्दर्भको पनि विश्लेषण प्रस्तुत गरिएको छ । झट्ट हेर्दा परम्परागत लागे पनि प्रस्तुत पुस्तकले नवीन पक्षको खोजी गरेको छ । अनुसन्धाताको विचारधारात्मक चेतनाका कारण नै यसमा नेपाली समाजका विभेदजन्य परिस्थितिले सिर्जना गरेका उखान र टुक्काको प्रस्तुतीकरण छ भने त्यस्ता उखानलाई चिन्हित गर्ने काम पनि भएको छ । सामाजिक पहिचानको खोजी गर्दै उखानलाई नेपालीपन दिन सक्नु यस पुस्तकको विशेषता हो । त्यस बाहेक उखान र टुक्काका बारेमा विद्वान्हरुका मत अभिमतको प्रस्तुति पनि पुस्तकमा समेटिएका छन् । लेखकको सूक्ष्म दृष्टि र ज्ञानको चेतनाका कारण पुस्तक नेपाली उखान र टुक्काका अध्येताका लागि महत्वपूर्ण सामग्री बनेको छ । उखान र टुक्काको सङ्कलन गरी त्यसलाई नै अध्ययन मान्ने परम्पराबाट पुस्तक निकै मुक्त छ भने विमर्श निर्मितिका नाममा पूर्व अध्येताबाट हुबहु सारी प्रकाशन गर्ने चेतनाबाट पनि मुक्तप्राय छ । काठमाडौँमा मात्र विद्या र बुद्धि छ भन्ने कुरालाई यस अध्ययनले चुनौती दिएको छ भने मोफसल भनिने काठमाडौँ बाहिरको संज्ञान र सिपको प्रस्तुति र अध्ययन चेतनालाई पनि प्रस्तुत गरेको छ । प्रस्तुत पुस्तक विश्व विद्यालयका विद्यार्थी, शोध अनुसन्धाता लगायत सामान्य पाठकका लागि उपयोगी छ भने लोक साहित्यको अध्ययन पद्धतिका दृष्टिले अनुकरणीय पनि छ । लामिछानेका लोक साहित्य तथा साहित्यका अन्य स्तरीय पुस्तक नेपाली पाठकले पाइरहुन्, मेरो यही शुभकामना ।

रमेश भट्टराई
अविश्रान्त निकेत, चावहिल

प्राक्कथन

नेपाली लोकसाहित्यका विविध विधामध्ये आकारका दृष्टिले उखान र टुक्का सर्वाधिक सानो देखिए पनि लोकसाहित्यिक, भाषिक र सांस्कृतिक मूल्यका दृष्टिले यिनको महत्त्व सानो छैन । कुरैपिच्छे उखान र टुक्का प्रयोग गरेर आफ्नो कथनलाई घतलाग्दो, प्रभावकारी र व्यन्जनापूर्ण बनाउँदै आएको नेपाली लोकजीवन उखान र टुक्काका दृष्टिले अत्यन्त समृद्ध छ । नेपाली लोकजीवन र नेपाली लेखनमा प्रयुक्त उखान र टुक्काबाट यो कुरा अवगत हुन आउँछ ।

नेपाली भाषा र लोकसाहित्य उखान र टुक्काका दृष्टिले जति सम्पन्न भए पनि यिनको सङ्कलन, अध्ययन र विश्लेषणका दृष्टिले भने सन्तोष मानिहाल्ने अवस्था छैन । नेपाली उखान र टुक्काका सङ्कलकमध्ये विशेष गरी पुष्कर शमशेर (१९९८), गोपाल पाण्डे 'असीम (२०००), पारसमणि प्रधान (२०११), लक्ष्मण आचार्य शास्त्री (२०१६), हर्षनाथ शर्मा भट्टराई (२०२३), चूडामणि रेग्मी (२०४१), शिवप्रसाद पौड्याल (२०६१ र २०६८), ध्रुवकुमार घिमिरे (२०६८) आदिका कार्य विशेष सराहनीय छन् ।

लोकसाहित्यका क्षेत्रको प्रथम र महत्त्वपूर्ण कार्य भनेको सङ्कलन नै हो । यसअघि यस दिशामा पर्याप्त नभए पनि यथेष्ट कार्य भएका छन् । चूडामणि रेग्मी (२०४१) ले टुक्काको सङ्कलन र अध्ययन गरेका छन् । शिवप्रसाद पौड्याल (२०६१ र २०६८) ले सङ्कलनमा विशेष जाँगर देखाई प्रशस्त उखान र टुक्काहरू जम्मा पारेका छन् । ध्रुवकुमार घिमिरे (२०६८) ले नेपाली टुक्काको गहन अध्ययन र सङ्कलन पनि गरेका छन् । हालसम्मका अध्ययनमध्ये कुनै अध्ययन अति सामान्य छन् भने कुनै अति गहन । यो ग्रन्थ मध्यमार्गी छ । यो ग्रन्थ खासगरी नेपाली विषयका स्नातक र स्नातकोत्तर तहका विद्यार्थी तथा सर्वसाधारणलाई ध्यानमा राखेर तयार पारिएको हुनाले यहाँ अति सामान्य र अति गहन हुनबाट बच्ने जमर्को गरिएको छ । छोटाछरिता विधाका बारेमा लम्बेचौडे विश्लेषण नगरी यहाँ सङ्क्षेपविधिलाई अँगालिएको छ । अत: प्रस्तुत ग्रन्थबाट विश्वविद्यालयीय पाठ्यक्रमको सम्बद्ध पाठ्यांशको अध्ययन-अध्यापनमा संलग्न विद्यार्थी र शिक्षकहरूका साथै स्वतन्त्र अध्येता तथा अनुसन्धानकर्ता लाभान्वित हुने विश्वास लिएको छु ।

गाउँखाने कथा सङ्कलनका लागि लुम्बिनी, गण्डकी र धौलागिरि अन्चलका विभिन्न गाउँठाउँमा पुग्दा नेपाली लोकसमुदायसित निकट र घनिष्ठ सम्बन्ध हुनपुग्यो

र त्यहाँबाट गाउँखाने कथामात्र भोलीमा परेनन्, टुक्का र उखान पनि परे, सिलोक र सवाई पनि परे । प्रस्तुत ग्रन्थ तिनलाई तह लगाउने क्रमको उपज हो । यसका साथै पुष्कर शमशेर (१९९८), चूडामणि रेग्मी (२०५७), चूडामणि बन्धु (२०५८), शिवप्रसाद पौड्याल (२०६१ र २०६८) आदिबाट थप सामग्री लिई यो अध्ययन गरिएको निवेदन गर्दछु । अतः म वहाँहरू सबैप्रति हार्दिक आभार प्रकट गर्दछु । यसै गरी जजसका ग्रन्थ र लेख आदिको अध्ययनबाट मैले केही सिकें, प्राज्ञिक पोषण प्राप्त गरें, ती सबै विज्ञ अग्रजप्रति पनि हार्दिक आभार प्रकट

मलाई शोधखोजको कार्यमा सदैव हुटहुटी जगाइरहनु हुने श्रद्धेय गुरुवर प्रा.डा.चूडामणि बन्धु, प्रा.डा.दयाराम श्रेष्ठ, प्रा.घनश्याम उपाध्याय कँडेल, प्रा.राजेन्द्र सुवेदी, प्रा.डा.मोतीलाल पराजुली, प्रा.डा.महादेव अवस्थी, डा. जीवेन्द्रदेव गिरी, अग्रज श्री चूडामणि रेग्मी तथा लोकसाहित्यविद् श्री कृष्णप्रसाद पराजुलीप्रति म अनुगृहीत छु । यसै गरी लोकसाहित्यप्रति अनुराग प्रकट गर्दै प्रकाशनको काँध थाप्ने विवेक सिर्जनशील प्रकाशन प्रा.लि., काठमाडौं तथा छिटोछरितो ढङ्गमा सारगर्भित भूमिका लेख्नु हुने सहप्राध्यापक श्री रमेशप्रसाद भट्टराईप्रति म आभारी छु । साथै यस प्रकाशनका प्रबन्ध निर्देशक श्री विजयराज आचार्यको उत्साह र अभिरुचिले नै प्रस्तुत ग्रन्थ यति छिट्टै प्रकाशनमा आउन सकेको हुँदा म वहाँलाई विशेष धन्यवाद प्रकट गर्न चाहन्छु । भविष्यमा नेपाली उखान र टुक्काको अध्ययनलाई अझ सुव्यवस्थित र अझै सार्थक तुल्याउनुपर्ने देखिएको छ । यसका लागि विज्ञजनबाट प्रस्तुत अध्ययनका सीमाभित्र रहेका कमीलाई औंल्याइ स्वस्थ आलोचना र सुझाउ प्राप्त हुने विश्वास लिएको छु ।

२०६९ असोज २४

डा. कपिलदेव लामिछाने
सिद्धार्थनगर-७, भैरहवा

विषयसूची

खण्ड एक : नेपाली उखानको अध्ययन

अध्याय एक : उखानको सैद्धान्तिक परिचय		१३
१.१	उखानको सामान्य परिचय	१३
१.२	उखानको नामकरण	१३
१.३	उखानको परिभाषा र स्वरूप	१४
१.४	उखानका संरचक तत्त्व	१८
	१.४.१ कथ्य वा भाव	१८
	१.४.२ भाषाशैली	१९
	१.४.३ उद्देश्य	१९
१.५	उखानको प्रयोजन	१९
१.६	उखानका विशेषताहरू	२०
	१.६.१ ज्ञान-भण्डारका रूपमा रहनु	२३
	१.६.२ सङ्क्षिप्तता र सरलता	२४
	१.६.३ सार्वभौमिकता र सार्वकालिकता	२४
	१.६.४ जीवन्तता	२४
	१.६.५ रूपगत विविधता	२४
	१.६.६ सान्दर्भपरकता	२५
१.७	उखान र निकटस्थ विधा	२६
	१.७.१ उखान र गाउँखाने कथा	२६
	१.७.२ उखान र टुक्का	२९
१.८	उखानको उत्पत्ति	२९
	१.८.१ समाज	३०
	१.८.२ इतिहास	३०
	१.८.३ पुराण	३०
	१.८.४ लोककथा	३०
	१.८.५ विशेषोक्ति	३१
अध्याय दुई : नेपाली उखानको अध्ययनको परम्परा		३२
अध्याय तीन : नेपाली उखानको वर्गीकरण		३६

३.१ उखानको वर्गीकरणका आधार ३६
३.२ नेपाली उखानको वर्गीकरण ४२
३.२.१ आकारगत आधारमा ४२
३.२.१.१ छोटा आकारका उखान ४३
३.२.१.२ मझौला आकारका उखान ४३
३.२.१.३ लामो आकारका उखान ४४
३.२.२ विषय वा कथ्यका आधारमा ४५
३.२.२.१ लोकविश्वाससम्बन्धी उखान ४६
३.२.२.२ पशुपन्छी तथा प्रकृतिजगत् सम्बन्धी उखान ४७
३.२.२.३ कृषक र कृषि-व्यवसायसम्बन्धी उखान ४९
३.२.२.४ नैतिक शिक्षामूलक उखान ५०
३.२.२.५ सामाजिक असमानता/जातपात र छुवाछुत सम्बद्ध उखान ५१
३.२.२.६ छोराछोरीमा विभेद सम्बद्ध उखान ५२
३.२.२.७ धर्मसंस्कृतिसम्बन्धी उखान ५२
३.२.२.८ ज्ञानविज्ञानसम्बन्धी उखान ५२
३.२.२.९ स्थानसम्बन्धी उखान ५३
३.२.२.१० धर्म, भाग्य र ईश्वरमा विश्वास ५४
३.२.२.११ स्वार्थी प्रवृत्ति र धनको धाक सम्बद्ध उखान ५५
३.२.३ विषयवस्तुको स्रोतका आधारमा ५५
३.२.३.१ पुराण ५५
३.२.३.२ इतिहास ५६
३.२.३.३ समाज ५७
३.२.३.४ लोककथा ५८
३.२.४ भाव (अर्थ) का आधारमा ६१
३.२.४.१ निश्चयार्थक ६१
३.२.४.२ विध्यर्थक ६२
३.२.४.३ प्रश्नार्थक ६२
३.२.५ उखेलनु पर्ने उखान ६२
३.३ निष्कर्ष ६५

अध्याय चार : बहुप्रचलित नेपाली उखान ६६

खण्ड दुई : नेपाली टुक्काको अध्ययन

अध्याय पाँच : टुक्काको सैद्धान्तिक परिचय		९१
५.१	टुक्काको सामान्य परिचय	९१
५.२	टुक्काको नामकरण	९१
५.३	टुक्काको परिभाषा र स्वरूप	९२
५.४	टुक्का विधा कि उपविधा ?	९५
५.५	टुक्काको कित्ता	९६
५.६	टुक्काको उत्पत्ति	९६
५.७	टुक्कामा कम्तीमा द्विपद तथा क्रियापदको अनिवार्यता	९८
५.८	टुक्का तथा नित्य-सन्निधि	९९
५.९	टुक्काको अर्थ	९९
५.१०	टुक्का र उखान	१०१
५.११	टुक्का र समस्त शब्द	१०३
५.१२	टुक्का, पदावली र वाक्यांश	१०४
५.१३	टुक्काको महत्त्व	१०५
	५.१३.१ भाषिक महत्त्व	१०६
	५.१३.२ लोकसाहित्यिक महत्त्व	१०६
	५.१३.३ साहित्यिक महत्त्व	१०७
	५.१३.४ सांस्कृतिक महत्त्व	१०७
	५.१३.५ मनोवैज्ञानिक महत्त्व	१०८
५.१४	टुक्काका संरचक तत्त्व	१०८
	५.१४.१ पदसमूह	१०९
	५.१४.२ भाव वा अर्थ	१०९
	५.१४.३ सन्दर्भ (प्रयोगसन्दर्भ)	११०
५.१५	टुक्काको संरचना	१११
	५.१५.१ शब्दवर्गको क्रम	१११
	५.१५.२ शब्दसङ्ख्या	११४
	५.१५.३ शब्दक्रम	११५
५.१६	टुक्का पनि उखान पनि	११७
५.१७	टुक्काका विशेषताहरू	११८
	५.१७.१ पदसमूहात्मक हुनु	११९
	५.१७.२ लक्ष्यार्थ प्रधान हुनु	११९

५.१७.३ सङ्क्षिप्त हुनु १२०
५.१७.४ खास-खास शब्दसँग नित्य-सन्निधि हुनु १२०
५.१७.५ सदैव मूल रूपमा प्रकट हुनु १२०
५.१७.६ वाक्यको अङ्गसरह प्रयुक्त हुनु १२१
५.१७.७ लोकानुभवको अभिव्यक्ति र लोकजीवनको चित्रण हुनु १२१
अध्याय छ : नेपाली टुक्काको अध्ययनको परम्परा १२२

अध्याय सात : नेपाली टुक्काको वर्गीकरण १२६
७.१ टुक्काको वर्गीकरणका आधार १२६
७.२ नेपाली टुक्काको वर्गीकरण १२६
७.२.१ पदसङ्ख्याका आधारमा १२६
७.२.२ शब्दक्रममा आधारमा १२७
७.२.३ शब्दको विषय-सन्दर्भका आधारमा १२८
७.२.३.१ शरीरका अङ्गप्रत्यङ्गसम्बन्धी १२८
७.२.३.२ समाजसम्बन्धी १३०
७.२.३.३ संस्कृतिसम्बन्धी १३०
७.२.३.४ पुराणसम्बन्धी १३०
७.२.३.५ लोकविश्वाससम्बन्धी १३१
७.२.३.६ प्रकृतिसम्बन्धी १३१
७.२.३.७ पशुपन्छी र जीवजन्तुसम्बन्धी १३२
७.२.३.८ आजीविकासम्बन्धी टुक्का १३३
७.२.४ शब्दशक्तिका आधारमा १३३
७.२.४.१ लक्षणामूलक १३४
७.२.४.२ व्यञ्जनामूलक १३४
७.३ निष्कर्ष १३४

अध्याय आठ : बहुप्रचलित नेपाली टुक्का १३५

अध्याय नौ : अध्ययनको निष्कर्ष १५६

सन्दर्भसूची १५९

खण्ड एक

नेपाली उखानको अध्ययन

अध्याय एक

उखानको सैद्धान्तिक परिचय

१.१ उखानको सामान्य परिचय

लोकजीवनमा परम्परादेखि प्रयोग भइआएको लोकअनुभवको सूत्रात्मक, गहकिलो र विशिष्ट भाषिक अभिव्यक्तिलाई उखान भनिन्छ । उखान लोकसाहित्यको एक स्वतन्त्र र महत्त्वपूर्ण विधा हो । उखानलाई ज्ञान र अनुभवको खानी मानिन्छ । उखान वाक्यस्तरका संरचना भएकाले लोकसाहित्यका अन्य विधा र लिखित साहित्यमा पनि प्रमाण, तर्क र दृष्टान्तका रूपमा प्रयोग भइआएका छन् । बोलीचालीमा उखानलाई प्रयोग गर्दा कथन झनै प्रभावकारी हुने हुँदा उखान भाषाका गहना मानिन्छन् । संसारका सबै भाषा-साहित्यमा उखानको विशिष्ट स्थान रहेको छ ।

१.२ उखानको नामकरण

नेपालीमा यस्तो लोकसाहित्यिक विधालाई उखान भनिन्छ, जुन संस्कृतको 'उपाख्यान' शब्दबाट विकसित भएको हो । उपाख्यानको अर्थ कथा हो भने हरेक उखानका पछाडि पहिले कुनै न कुनै कथा हुन्थ्यो । पछि त्यो सारभूत र अवशिष्ट रूपमा उखानका रूपमा रहेको र शब्द पनि उपाख्यानबाट उखान हुन पुगेको हो । नेपालीमा व्यापक रूपमा उखान भनिए पनि नेपालीमा उखान शब्दमात्र प्रचलनमा छैन । नेपालीमा उखानलाई लोकोक्ति र आहान पनि भनिन्छ भने अझ सुदूर पश्चिमतिर 'आन' र 'साइतर' पनि भनिन्छ । आहान र आन पनि संस्कृतको 'आख्यान'बाट विकसित भएका शब्द हुन् । संस्कृतमा उखानलाई लोकोक्ति, सुभाषित, प्रवाद, अभाणक, लोकप्रवाद जस्ता शब्दले बुझाइन्छ । अङ्ग्रेजीमा प्रोभर्ब (Proverb), ल्याटिनमा प्रोभर्बियो (Proverbio), ग्रिकमा परिमिया (Paroemia), स्पेनिसमा रिफ्रेन (Refran), तुर्कीमा अत्लालार सोजु (Atalar Sozu), रुसीमा पोस्लोभित्सा -Poslovitsa), अरबीमा मथाल, हिब्रुमा मसाल, फारसीमा अम्साल, हिन्दीमा कहावत र लोकोक्ति, उर्दूमा जर्बुल मिस्ल, लहन्दामा अखाण, राजस्थानीमा आखाणी, गढवालीमा पखाणा, गुजरातीमा उखाणु र कहेवत, थारूमा बटकही, मैथिलीमा कहवी, भोजपुरीमा कहावत र कहाउति पनि भनिन्छ ।

१.३ उखानको परिभाषा र स्वरूप

नामकरणमा विविधता भए पनि उखान लोकसाहित्यको एक स्वतन्त्र, समृद्ध विधा हो भने उखान लोकसाहित्यदेखि लिखित साहित्य र लोकसमुदायमा व्यापक प्रचलनमा रहेको छ । उखानको उपयोग-प्रयोग नगर्ने कोही छैन । व्यापक प्रचलनमा रहेको र समृद्ध परम्परा बोकेको उखानका बारेमा हजारौं परिभाषा र उद्गार व्यक्त भएका छन् । ती सबै परिभाषालाई यहाँ उल्लेख गर्नु आवश्यक र सम्भव पनि छैन । त्यसैले केही महत्त्वपूर्ण परिभाषाको उल्लेख गर्दै उखानको वास्तविक पहिचान गर्नु आवश्यक भएकाले यहाँ त्यस्ता केही परिभाषाको उल्लेख गरिएको छ ।

(क) पश्चिमी विद्वान्हरू

- तत्त्वज्ञानका खँडहरबाट चुनेर निकालिएको टुक्रा अनि जोगाइएको अंश उखान हो । - एरिस्टोटल (पराजुली,२०५८:२१)
- उखान व्यावहारिक जीवनमा मार्गदर्शक उक्ति हो ।- फिस्ते (पराजुली,२०५८:२२)
- उखानमा एकको सुझमा अनेकको बौद्धिक चातुर्य सन्निहित हुन्छ । - रसेल (पराजुली,२०५८:२२)
- जनताबाट हमेसा प्रयोग भइरहने सङ्क्षिप्त उक्ति नै उखान हो । - जानसन (पौड्याल,२०६०:६)
- उखान भनेको विद्वत्ताको त्यस्तो अंश हो, जसले आदिम मानव-समाजमा अलिखित भएर पनि नैतिक कानुनको रूपमा काम गर्दछ । - डिजरेली (पौड्याल,२०६०:६)
- उखानको प्रयोग यथाप्रसङ्ग कुनै तथ्य, मान्यता र स्थितिमा कुनै एउटाको सूचना निर्देश, आलोचना र पोषणको लागि हुन्छ । - आर्चर टेलर (पौड्याल,२०६०:६)
- उखानहरू तर्कका साहित्य हुन् अथवा चरम सत्यका कथन हुन् । यी प्रत्येक राष्ट्रका पवित्र पुस्तकसरह तिनका संस्थाका ग्रन्थहरू हुन् । - इमर्सन (बन्धु,२०५८:३३१)
- उखानहरू लामा अनुभवबाट निस्केका छोटा वाक्य हुन् । - सर्मान्तिस (बन्धु,२०५८:३३१)
- उखान बुद्धिमान् व्यक्तिका शब्दहरूको व्याख्या हो ।- बाइबल (बन्धु,२०५८:३३१)
- सामान्य सत्य प्रस्तुत गरिएको छोटो र सारगर्भित भनाइलाई उखान भनिन्छ । - जे. ए. कडन

(ख) भारतीय विद्वान्हरू

- लोकोक्तिहरू अनुभवसिद्ध ज्ञानका निधि हुन् । - कृष्णदेव उपाध्याय (१९७७:१७४)

- उखान मानवी ज्ञानका घनीभूत रत्न हुन्, जसमा बुद्धि र अनुभवका किरणद्वारा फुट्ने ज्योति प्राप्त हुन्छ। - वासुदेवशरण अग्रवाल (पराजुली,२०५८:२२)
- उखानमा मानवी ज्ञान र अनुभव आआ नै सहज तथा घनीभूत रूपमा विद्यमान रहन्छन्। - कुन्दनलाल उप्रेती (पराजुली,२०५८:२२)
- उखान लोकअनुभवका बुद्धिवैभवका सुन्दर अभिव्यक्ति हुन्।
  - सरोजनी रोहतगी (पराजुली,२०५८:२२)
- जीवनको विस्तृत प्राङ्गणमा भिन्न-भिन्न अनुभव सर्वसाधारण जनमानसलाई प्रभावित गर्दै जसले अभिव्यक्तिसँग सम्बन्धित अङ्गलाई उत्कर्षता प्रदान गर्छ। तिनै अनुभव उखान हुन्। - श्याम परमार
- उखान सामान्यत: सङ्क्षिप्त, सारगर्भित तथा प्रभावशाली उक्ति हो, जसमा जीवनको अनुभूति स्पष्टतया झल्कन्छ र जसको परिस्थितिको अनुकूलतालाई दृष्टिमा राखेर प्रयोग गरिन्छ। - एम्.एस्. द्रक्षिणमूर्ति (बन्धु,२०५८:३३१)
- आ नो कथनको पुष्टिमा केही शिक्षा वा चेतावनी दिने उद्देश्यले कुनै कुरालाई लक्षणमा भन्ने अभिप्रायले अथवा कसैसँग गुनासो गर्न वा कसैलाई व्यङ्ग्य प्रहार गर्न, आ नो स्वतन्त्र अर्थ भएको जुन लोकप्रचलित तथा सामान्यत: सारगर्भित, सङ्क्षिप्त एवं प्रभावकारी उक्तिको प्रयोग व्यक्तिहरू गर्दछन्, त्यसलाई नै लोकोक्ति वा उखनाको संज्ञा दिइन्छ।
  - कन्हैयालाल सहल (आचार्य,२०५३:२५-२६)

(ग) नेपाली विद्वानहरू

- उखान भाषाको ज्यान हो, जातिका अनुभवको सार हो।
  - पारसमणि प्रधान (पराजुली,२०५८:२२)
- स्थानान्तरले गर्दा उखानको रूप फरक पर्न जान्छ, अथवा एक ठाउँमा खुब प्रचलित भएको उखान वा वाक्यांश अर्को ठाउँमा सुनिँदै नसुनिन पनि सक्छ।
  - पुष्कर शमशेर (पराजुली,२०५८:२२)
- जब हामी उखान सुनिरेहका हुन्छौं, हामीलाई लाग्छ मानौं हाम्रा पूर्वजहरूले आ ना सन्तानहरूले बाटो बिराउलान् र कर्तव्य नचिन्लान् भनी दिव्य भाषामा आकाशवाणी सुनाइरहेका हुन्।- बालकृष्ण पोखरेल (२०३६:११३)
- उखान भनेको पदलालित्यले हिसी परेको, लाक्षणिक भाव पूर्ण भएको एक लोकोक्ति हो, यसको व्यवहार समाजमा शिक्षित अशिक्षित, बूढाबूढीदेखि लिएर केटाकेटीसम्ममा एकनासले हुन्छ। एक किसिमले उखान भनेकै एक हृदयकोश हो, जसको प्रयोग ठाउँ र बेला हेरी हुन्छ।- सत्यमोहन जोशी (२०१४:२७-२८)
- उपमा, उदाहरण, व्यङ्ग्य र दृष्टान्तका रूपमा प्रयोग हुन आउने लोकोक्तिलाई 'उखान' भनिन्छ। - प्रदीप रिमाल (पराजुली,२०५८:२३)

- वाक्य स्तरको संरचना हुने त्यस सूत्रात्मक उक्ति वा कथनलाई उखान भनिन्छ, जसको अर्थ त्यसका उत्ससँग सम्बद्ध हुन्छ। - मोहनराज शर्मा (२०३६:२८०)
- लोकोक्ति भनाइलाई रोचक र घतिलो बनाई प्रामाणिक किसिमले पुष्ट्याइँ गर्ने एक प्रकारको आधारशिला पनि हो। यसले वाक्यविन्यासलाई ओजपूर्ण र गतिशील, मीठो र रमाइलो बनाउँछ। - धर्मराज थापा र हंसपुरे सुवेदी (२०४१:४१३)
- उखान र टुक्कालाई भाषाको गहना मानिएको छ। नेपालीका उखान र टुक्का पनि यस भाषामा गहनासरह साहित्यमा प्रयोग गरिएका छन्। जति भाषा सम्पन्न हुन्छ त्यति नै त्यस भाषामा उखान र टुक्का हुन्छन्।
  - चूडामणि रेग्मी (बन्धु,२०५८:३३२)
- उखान र सूक्तिले कुनै पनि देशका जनताका विषयमा जानकारी दिन्छन्।
  - केशरलाल (बन्धु,२०५८:३३२)
- उखानले वहन गरेको मूलभाव वा विचार सोझै प्रकट नभई उपमा रूपक, दृष्टान्त आदि विविध अलङ्कारहरूको आवरण भित्र सजिएर व्यञ्जनाश्रयका माध्यमबाट व्यक्त हुने हुँदा उखानलाई आलङ्कारिक तथा लाक्षणिक अभिव्यक्ति पनि भन्न सकिन्छ। - हीरामणि शर्मा पौड्याल (पौड्याल,२०६०:९)
- उखानले सीमित शब्दमा श्रोताको मुटुमा च्वास्स पार्दै अमिट छाप छोड्न, भाषामा अनुपम मिठास भरिदिन्छन्, किनभने अभिधेय अर्थले भन्दा व्यङ्ग्यात्मक अर्थले नै मानवहृदयलाई प्रभावित पार्छ। - टीकाराम पन्थी (पौड्याल,२०६०:९)
- मानवजीवनका सबै पक्षहरूलाई सूत्ररूपमा व्याख्या गर्ने, लोकजिब्रोमा नृत्य गर्ने उखान र टुक्काहरू लोकजीवनका मानक कोश हुन्।- मुकुन्द आचार्य (२०५३:१)
- उखानको आकार लोककथा, लोकगाथा, लोकनाट्य र धेरैजसो लोकगीतभन्दा सानो हुन्छ, तर अर्थको गहनता, व्यापकता र चमत्कार भने ज्यादै सशक्त र प्रभावकारी हुन्छ। त्यसैले अर्थगौरवका दृष्टिले उखान ज्यादै महत्त्वपूर्ण हुन्छ।
  - जीवेन्द्रदेव गिरी (२०५७क:१२९)
- उखान भनेको जातीय जीवनको सत्य तथा अनुभवसिद्ध ज्ञानका रूपमा तथा सार्वभौम एवम् सार्वकालिक अभिव्यक्तिका रूपमा संक्षिप्त तथा सरल ढङ्गले प्रकट हुने जीवन्त र लोकप्रिय अभिव्यक्ति हो।- चूडामणि बन्धु (२०५८:३३४)

(घ) **कोश/शब्दकोश**

- उखान लोकसाहित्यको सङ्क्षिप्त तर अर्थपूर्ण सूत्र हो, जसमा सामान्य अनुभवमा आधारित भएर जीवनको विचारपूर्ण आलोचना हुन्छ।
  - शिप्ले साहित्यिक पारिभाषिक कोश
- उखानले कुनै सत्य वा उपयोगी विचारलाई संक्षेपमा व्यक्त गर्दछ। यी उखानहरू प्राचीन कालदेखि प्रयोगमा आइरहेका हुन्छन्। आज पनि यिनको

प्रयोग प्रसङ्गानुसार हुन्छ, तथा कुनै पनि उक्ति जन-साधारणद्वारा स्वीकृत भएपछि मात्र उखानको श्रेणीमा पुग्छन् । – **द वर्ल्ड बुक इन्साइक्लोपेडिया**

- लोकजीवनमा प्रचलित अनुभवपूर्ण चुट्किला उक्ति, लोकोक्ति, आहान, कहावत उखान हुन् । - **नेपाली बृहत् शब्दकोश** (२०४०:१३३)
- अनुभवको सागर जब थोरै शब्दको गाग्रोमा भरिन्छ भने त्यो लोकोक्ति बन्छ । लोकोक्ति जनमानसका हार (माला) हुन् । ती हरसमय हरेक व्यक्तिको साथमा गुरु, शुभचिन्तक, मित्र, वैद्य आदि बनेर उनीहरूलाई मार्गदर्शन गर्छन् । जब कुनै समस्या आउँछ, कोई न कोई लोकोक्ति त्यसको समाधान गर्नका लागि तयार हुन्छ । - **बृहत् हिन्दी लोकोक्ति कोश** (भोलानाथ तिवारीकृत)
- उखान कुनै समाजका अनुभव तथा त्यसबाट प्राप्त ज्ञनका निचोड हुन् । ती प्राचीनतम पुस्तकभन्दा पनि प्राचीन तथा वैविध्यपूर्ण हुन्छन् । समाजका सबै वर्गका व्यक्ति तिनबाट हरसमय लाभ उठाउन सक्छन् ।
- **लोकोक्ति कोश** (हरिवंश राय शर्माकृत)
- ... लोकोक्ति गागरमा सागर भर्ने प्रवृत्तिले काम गर्छ । यसमा जीवनको सत्य बडो खुबीका साथ प्रकट हुन्छ । यो ग्रामीण जनताको नीतिशास्त्र हो । यी मानवी ज्ञानको घनीभूत रत्न हुन् । जसमा बुद्धि र अनुभवका किरणहरू प्रस्फुटन हुने ज्योति प्राप्त हुन्छ । ... - **हिन्दी साहित्य कोश** (१९८५:७५४)
- लोकोक्ति अनुभव, ऐतिहासिक वा पौराणिक कथाहरू वा प्राकृतिक नियमहरूमा आधारित यस्तो संक्षिप्त र सारगर्भित लोक-प्रचलित उक्ति वा कथन हो जसको प्रयोग उपदेश, कुनै कुराको पुष्टि वा विरोधका लागि हुन्छ ।
- भोलानाथ तिवारी (**भाषाविज्ञान कोश,५८१**)

उक्त परिचय र परिभाषाका अन्तमा उखानलाई चिनाउन निम्नअनुसारका मुख्य बुँदाहरू टिपोट गर्न सकिन्छ :

- उखान लोकसाहित्यको एक स्वतन्त्र र समृद्ध विधा हो ।
- यसको संरचना वाक्यस्तरको हुन्छ ।
- यो लोकअनुभवबाट खारिएको परिपुष्ट र परिपक्व सूत्रात्मक लोकरचना हो ।
- यसको रचनाकार लोकसमुदाय हो, यसको प्रयोगकर्ता पनि लोकसमुदाय नै हो ।
- यो लोकसमुदायको भाषिक सम्पदा हो ।
- यो लोकजीवनको उद्गार वा सारगर्भित कथन हो ।
- यो तर्क, प्रमाण, दृष्टान्तका रूपमा परम्परादेखि प्रयुक्त भइआएको छ ।
- यो लोकसमुदायको विचार, विश्वास र अनुभवको संवाहक हो ।
- यो लोकपरम्पराको सम्प्राप्ति हो ।
- उखानमा अनुभवसिद्ध ज्ञानको भण्डार हुन्छ ।
- उखान सार्वभौम र सार्वकालिक समेत हुन्छ ।

- यो सरल, सङ्क्षिप्त र जीवन्त अभिव्यक्ति हुन्छ ।
- उखानको व्यक्ति-रचनाकार अज्ञात हुन्छ र यसलाई लोकको सामूहिक रचना मानिन्छ ।

विभिन्न विद्वान्‌का उक्त उद्‌गार र परिभाषाबाट उखानलाई बुझ्नमा सघाउ पुग्दछ । कुनै एउटा परिभाषा उखानलाई बुझ्न-बुझाउन पर्याप्त नभए पनि तिनको समष्टिमा उखान के हो भन्ने कुरा छर्लङ्ग भएको छ । उखान लोकअनुभवबाट खारिएर विकसित भएका सूत्रात्मक कथन हो, जसले भाषालाई जीवन्त पार्छ र कथनलाई प्रभावकारी तुल्याउँछ, प्रयोक्ताको प्रतिष्ठा उठाउँछ । यसैले उखान लोकसाहित्यका अन्य विधाबाट पृथक् देखिन्छ । भाषाविज्ञ बालकृष्ण पोखरेलका विचारमा उखानमा योग्य नेताको पथ प्रदर्शन, गम्भीर दार्शनिकको बुद्धिमत्ता, लहडी कविको भावुकता, आदरणीय गुरुका उपदेश अनि दक्ष गृहस्थको व्यवहारपटुता पाइन्छ (पोखरेल,२०३६:११४) । उखान सूत्रात्मक वा छोटो हुन्छ । यो यसको मूल पहिचान हो । मोहनराज शर्माका अनुसार उखानले एकातिर मौरी झैं खिल्छ भने अर्कातिर मौरी झैं मह पनि दिन्छ, अनि यसको आकार पनि मौरी झैं सानो हुन्छ (शर्मा, २०३६:२८१) । यस भनाइबाट थोरैमा धेरै र गहन ज्ञान दिनु उखानको पहिचान देखिन आउँछ ।

१.४ उखानका संरचक तत्त्व

उखान छोटोछरितो, सारगर्भित र अर्थपूर्ण विधा हो । यो जतिसुकै लघुआकारको भए पनि निश्चित तत्त्वबाट यसको विशिष्ट लघुसंरचनाको निर्माण भएको हुन्छ । भाषिक अभिव्यक्तिका क्रममा प्रयुक्त हुने भए पनि उखान एक स्वायत्त र आफैंमा पूर्ण विधा हो । त्यसैले यसका निश्चित संरचक तत्त्व हुन्छन् । जेजेबाट उखान बन्छन्, तिनलाई उखानका तत्त्व वा उखानका संरचक तत्त्व भनिन्छ ।

उखानको परिचय, परिभाषा र वर्गीकरणमा अग्रज लोकसाहित्यविद्‌को जति ध्यान गएको छ, यसको तत्त्व-चिन्तनतर्फ त्यत्ति नै कम ध्यान गएको पाइन्छ । चूडामणि बन्धु (२०५८:३३४) ले कथ्य, शैली र उद्‌देश्य गरी उखानका तीन तत्त्वको चर्चा गरेका छन् । हुन पनि नेपाली उखानलाई हेर्दा उखानमा कथ्य वा भाव, भाषाशैली र उद्‌देश्य गरी तीन तत्त्व देखिन्छन् । तल यिनको छुट्टाछुट्टै चर्चा गरिन्छ ।

१.४.१ कथ्य वा भाव

उखानमा जे भनिन्छ त्यो नै उखानको कथ्य वा भाव हो । कथ्य वा भावलाई प्रस्तुत गर्नका लागि नै उखान बनेका हुन्छन् । उखानमा लोकजीवनका व्यवहारसिद्ध ज्ञान र अनुभवलाई व्यक्त गरिएको हुन्छ । अनि ती उखान हालेर लोकसमुदाय आफू पनि सही बाटोमा लाग्छ र अरूलाई पनि उखानद्वारा निर्दिष्ट मार्गमा लाग्न प्रेरित गर्दछ । हरेक कुराको अनुभव हरेकले गर्नु पर्छ भन्ने केही छैन । अग्रज वा पुर्खाले आर्जन गरेको अनुभवबाट पछिल्ला पुस्ताले पाठ सिक्नु पर्ने हुन्छ । आगो ताप्नू मुढाको, कुरा सुन्नु बूढाको

/ कि पढेर जानिन्छ कि परेर जानिन्छ / म ताक्छु मूढो, बन्चरो ताक्छ घुँडो / हुने हार दैव नटार / अगुल्टो पनि नठोसी बल्दैन / लातको देउता बातले मान्दैन / काम गर्ने कालु मकै खाने भालु / लड्का जित्ने हनुमान जस पाउने हेडु / अक्षेतापाती धामीलाई बेथा जति हामीलाई आदि उखानले बिभिन्न अनुभवसिद्ध ज्ञान दिएका छन्। भाग्यवादी, निराशावादी, परम्परावादी विचारका साथै जातीय विद्वेष बढाउने र सामाजिक सद्भाव खलबलाउने खालका नेपाली उखान पनि छन् भने सामूहिक भावना, सङ्घर्ष तथा श्रमप्रति निष्ठा जगाउने उखान पनि उत्तिकै छन्।

१.४.२ भाषाशैली

उखानको अर्को तत्त्व भाषाशैली हो। कथ्य वा भावलाई प्रस्तुत गर्ने तौरतरिका र माध्यम उखानको भाषाशैली हो। उखान भाषाका माध्यमबाट प्रस्तुत हुन्छ भने त्यो भाषा प्रायः सरल हुन्छ। परम्परागत सम्प्राप्ति भएकाले कतिपय उखानमा भाषाका पुराना रूपको अवशेष पाउन सकिन्छ भने यो सार्वभौमिक हुने हुँदा अन्य भाषाबाट आएका उखानमा भाषान्तर शब्दहरू पनि रहेको पाउन सकिन्छ। यसो भए तापनि उखानको भाषा सामान्यतया सरल हुन्छ। तै रानी मै रानी को भर्ला कुवाको पानी ? / मामाकी घोडी मेरी हींहीं / नदिने बराजु बुधबार बार्छिन् / आयुको छोरालाई बायुले खाँदिन आदि केही उदाहरण हुन्। उखान लाक्षणिक र व्यञ्जनात्मक पनि छन्। त्यसैले सबै उखानको शैली एकनास छैन। कुनै उखान प्रश्नोत्तरात्मक छन् भने कुनै लयात्मक वा कवितात्मक छन्। दुई शब्ददेखि दुईचार वाक्यसम्मका उखान पनि छन्। प्रश्नोत्तरात्मकता, लयात्मकता वा कवितात्मकता, तुकान्तता आदि उखानको शैलीगत ढाँचा वा तौरतरिका हो।

१.४.३ उद्देश्य

उखानका माध्यमबाट जे भनिन्छ, त्यो नै उखानको उद्देश्य हो। उखानको उद्देश्यका बारेमा चर्चा गर्दै चूडामणि बन्धु (२०५८:३३४) लेख्छन्- "उखानका माध्यमबाट व्यक्तिले केही भन्न चाहन्छ, उपदेश दिन चाहन्छ, सूचना दिन चाहन्छ अथवा कुनै विषयमा टिप्पणी वा आलोचना गर्न चाहन्छ।" वस्तुतः उखान केही भन्नकै लागि हुन्छन्। उखानमा लोकविश्वास, अर्तीउपदेश दिनु, कुनै सूचना दिनु, कुनै न कुनै ज्ञान वा सन्देश दिनु उखानको उद्देश्य रहेको पाइन्छ। उद्देश्य नभई उखान नहुने हुँदा उद्देश्य पनि उखानको एक संरचक तत्त्व ठहर्छ।

यसरी हेर्दा कथ्य वा भाव, भाषाशैली र उद्देश्य उखानका मूलभूत तत्त्व देखापर्छन्।

१.५ उखानको प्रयोजन

प्रयोजन उखानका पनि प्रयोजन हुनु स्वाभाविकै छ । खासगरी उखान उखानकै लागि नभएर आ नो कथन वा अभिव्यक्तिलाई प्रभावकारी र जीवन्त तुल्याउनका लागि प्रयोग गरेको पाइन्छ । पहिले उखान बोलीचालीमा मात्र उपयोग हुन्थ्यो भने लेखन-प्रणालीको विकास भएपछि बोलीचाली, लोकसाहित्य र लिखित साहित्यमा समेत उखानको व्यापक प्रयोग-प्रचलन बढेको छ ।

लिखित साहित्यमा उखानको यति व्यापक प्रयोग भएको छ कि त्यो लोकसाहित्यको विधा हो कि लिखित साहित्यकै अंश हो त्यो छुट्याउन कठिन भइसकेको छ । बोलीचालीमा खासखास सन्दर्भमा खासखास उखानको उपयोग गरेर लोकसमुदाय आ नो कथनलाई प्रभावकारी, तर्कयुक्त र प्रामाणिक बनाउने प्रयास गर्दछ । यस अर्थमा कथनलाई प्रभावकारी तुल्याउनु उखानको एक प्रमुख प्रयोजन देखिन आउँछ । यता लिखित साहित्यका रचनामा रचनालाई अझ चमत्कारपूर्ण, प्रभावोत्पादक र उत्कृष्ट बनाउन सन्दर्भअनुकूलका उखानको प्रयोग भएको पाइन्छ । यस दृष्टिले साहित्यिक रचनालाई प्रभावकारी र उत्कृष्ट तुल्याउनु उखानको प्रयोजन देखिन आउँछ । कृष्णप्रसाद पराजुली (२०५८) ले नेपाली साहित्यिक रचनामा उखानको प्रयोग भएका उदाहरणहरू प्रस्तुत गरेका छन् । बाँदरको पुच्छर लौरो न हतियार / अभागीलाई खाने बेलाँ रिस उठ्छ / पिटे पनि आमै जाती, पोले पनि घामै जाती / जो हात सो साथ / एक हातले ताली बज्दैन / नाच्न नजान्ने आँगन टेढो / जो होचो उसको मुखमा घोचो जस्ता उखानहरू कथन र अभिव्यक्तिलाई प्रभावकारी तुल्याउन सहज रूपमा प्रयोग हुने गर्छन् ।

१.६ उखानका विशेषताहरू

छोटोछरितो, सारगर्भित, सूत्रात्मक विधा भए पनि उखानका बारेमा व्यापक चर्चा-परिचर्चा र अध्ययन-विश्लेषण भएको छ । यसका थुप्रै विशेषता रहेका छन् भने विशेषताका बारेमा विद्वान्हरूले पर्याप्त प्रकाश पारिआएका छन् । यहाँ केही विद्वान्द्वारा निर्दिष्ट विशेषताको उल्लेख गर्दै उखानका मूलभूत विशेषताको पहिचान गर्दै ती विशेषताको विवेचना गरिन्छ । –

हावेल (उप्रेती,२०००:२०७) :

१. सङ्क्षिप्तता (Brevity)
२. सारगर्भितता (Sence)
३. सप्राणता या चटपटापन (Piguancy)

हेस्टिङ्स (उप्रेती,२०००:२०७) : (Hastings)

१. सङ्क्षिप्तता (Brevity)
२. सारगर्भितता (Sence)

३. सप्राणता या चटपटापन (Piguancy)

४. लोकप्रियता (Popularity)

कृष्णदेव उपाध्याय (१९७७:१७७-१७९) :

१. समास शैली

२. अनुभूति

३. निरीक्षण तथा सरलता

श्याम परमार (उप्रेती,२०००:२०७) :

१. लाघवत्व

२. अनुभूति र निरीक्षण

३. सरल भाषा

४. प्रभावोत्पादक शैली

५. लोकरञ्जन

कुन्दनलाल उप्रेती (२०००:२०७) :

१. ज्ञान र अनुभवले भरिपूर्ण

२. सार्वभौमिक र सार्वकालिक

३. अज्ञात रचयिता

४. रसको अक्षय भण्डार

५. लाघवत्व

६. सरलता

७. सप्राणता

८. विदग्धता या भंगिमा

९. सारगर्भितता

१०. लोकप्रियता

सत्येन्द्र (आचार्य,२०५३:२६) :

१. पोषण

२. शिक्षण

३. आलोचना

४. सूचना

कृष्णप्रसाद पराजुली (२०५८:३३) :

१. सारगर्भितता

२. सङ्क्षिप्तता

३. सरलता

४. रूपविविधता

५. जीवन्तता

६. लोकप्रियता

धर्मराज थापा र हंसपुरे सुवेदी (२०४१:४२०-४२४)

१. लोकअनुभवलाई आत्मसात् गरेको हुनु,

२. जनजिब्रोबाट नै विस्तारित र विकसित हुनु,

३. गद्यात्मक भएर पनि लयात्मक हुन सक्नु,

४. भाषालाई सिंगारी चुट्किलो र प्रभावकारी बनाउनु,

५. सङ्क्षिप्त र सारगर्भित हुनु

मुकुन्द आचार्य (२०५३:१४-२३) :

१. सङ्क्षिप्तता

२. सारगर्भितता

३. सप्राणता

४. लोकप्रियता

चूडामणि बन्धु (२०५८:३३३-३३४) :

१. अनुभवसिद्ध ज्ञान

२. जातीय जीवनको सत्य

३. सार्वभौम र सार्वकालिक अभिव्यक्ति

४. सङ्क्षिप्तता र सरलता

५. जीवन्तता र लोकप्रियता

शिवप्रसाद पौड्याल (२०६०:१५) :

१. सङ्क्षिप्तता

२. लोकप्रियता

३. सारगर्भितता

४. सरलता र सरसता

५. स्पष्टता

६. लोकानुभवको गहनता

७. सजीवता

८. सार्वभौमिकता र सार्वकाकिता

९. प्रभविष्णुता तथा प्रभावोत्पादकता

१० रूपविविधता

अग्रज विद्वान्हरूद्वारा निर्दिष्ट उखानका उक्त विशेषतालाई अवलोकन गर्दा नेपाली उखानका सन्दर्भमा पनि विभिन्न विशेषता देखिन आउँछन् । विशेषतालाई तन्काएर बढी बुँदामा चर्चा गर्न पनि सकिन्छ र केही घटाउन पनि सकिएला । अनि यस्तै यी विशेषता हरेक उखानमा पाइन्छ नै भन्ने पनि होइन । विद्वान्हरूले

उखानका विशेषता केलाउने क्रममा तीनदेखि झन्डै एक दर्जनसम्मका विशेषता देखाएको पाइन्छ। फुटकर र सूत्रात्मक बिधा भएकाले उखानका विशेषताको निक्योंल गर्दा सालाखालामा हेर्नुपर्ने हुन्छ। यसरी हेर्दा नेपाली उखानका प्रमुख विशेषतालाई निम्नअनुसारका बुँदामा समेट्न सकिन्छ।

१. ज्ञान-भण्डारका रूपमा पाइनु
२. सङ्क्षिप्तता र सरलता
३. सार्वभौमिकता र सार्वकालिकता
४. जीवन्तता र लोकप्रियता
५. रूपगत विविधता
६. सन्दर्भपरकता

लोकसाहित्यका मूलभूत विशेषता मौखिकता, पारम्परिकता, अज्ञात रचयिताका साथै उखानमा उक्त विशेषता मुख्य रूपमा पाइन्छन्। तल उक्त प्रमुख विशेपताको व्याख्या गरिएको छ।

१.६.१ ज्ञान-भण्डारका रूपमा रहनु

उखान अनुभवसिद्ध लोकज्ञानका खानी हुन्। लोकजीवनको व्यावहारिक अनुभवका कसीमा सुन झैं हजारचोटि खारिएर खरो उत्रेका हुँदा उखानद्वारा निर्दिष्ट विचारमाथि लोकको उत्तिकै विश्वास पनि हुन्छ। कुनै शास्त्र पढेर होइन लोकजीवनमा मानिसले धेरैपटक भोगेका, अनुभव गरेका, सुनेका र देखेजानेका ज्ञानको अभिव्यक्ति साररूपमा उखानमा भएको हुन्छ। ज्ञानका अनेक स्रोतमध्ये अनुभव एक मुख्य स्रोत हो, जुन अन्य ज्ञानभन्दा बढी विश्वासिलो हुन्छ। अनुभवबाट उखान बन्छन् र पछि ती आप्तवचनका रूपमा पनि लिइन्छन्। कि पढेर जानिन्छ कि परेर जानिन्छ भन्ने उखानै छ। उखानले पढेर होइन परेर अर्थात् व्यावहारिक अनुभवबाट आर्जित ज्ञान दिन्छ। त्यसैले उखानलाई मौखिक शास्त्र र ज्ञानका भण्डार भनिन्छ।

उखानले जुन ज्ञान दिन्छन् त्यो सत्य र यथार्थपरक हुन्छ। उखानले कहिल्यै झुटो बोल्दैनन् (A Proverb never lies) भन्ने अङ्ग्रेजी उखान पनि छ। समयकालअनुसार आज हामी बाबु दुष्ट र नेवार इस्ट कहिल्यै हुँदैन जस्ता कतिपय उखानलाई प्रयोगयोग्य नदेखौंला, तापनि कुनै समयको सामाजिक संरचना र मूल्यमान्यतालाई उखानले संवहन गरिआएको छ। त्यसैले उखान ज्ञानका भण्डारमात्र होइन, युगजीवनका चित्र वा प्रतिबिम्ब पनि हुन्।

हतपतको काम लतपत / अन्धेर नगरी अन्धा राजा, टके सेर भाजी टके सेर खाजा / आगो ताप्नु मूढाको, कुरा सुन्नु बूढाको / ताक परे तिवारी नत्र गोतामे / आए आँप गए झटारो / ... आदि उखानले जीवनोपयोगी उत्कृष्ट ज्ञान प्रदान गर्दछन्।

१.६.२ सङ्क्षिप्तता र सरलता

अर्थपूर्ण, भावगम्भीर भईकन पनि सूक्तिमय वा सङ्क्षिप्त र सरल हुनु नेपाली उखानको विशेषता हो । गागरमा सागर भर्ने सामर्थ्य भएकाले नै उखान सूत्रबद्ध हुन्छ । सूत्रबद्ध वा सङ्क्षिप्त भएर पनि क्लिष्ट वा दुर्बोध्य नभई सहजबोध्य भएकाले नै उखान लोकप्रिय हुन पुगेका हुन् । छोटामीठा वा सूत्रबद्ध भएकाले उखानले स्मृतिमा ताजा रहने र प्रयोगका अवस्थामा तत्काल उपस्थित हुने सामर्थ्य राख्दछन् । उखानको यस गुणलाई लाघवत्व पनि भन्न सकिन्छ । लघुआकारको एउटा उखानले लामो बहस र कस्तै पनि शास्त्रीय तर्कलाई परास्त गर्न सक्छ । हात्ती आयो, हात्ती आयो फुस्सा / कुरा सुन्नु बूढाको, आगो ताप्नु मुढाको / हुने बिरुवाको चिल्लो पात / छेपाराको आहान / छोरो पाउनु काँ हो काँ, कन्धनीको हत्पत / जस्ता उखान जति अर्थपूर्ण छन्, जति सारगर्भित छन्, त्यत्ति नै सूत्रात्मक र सरल पनि छन् ।

१.६.३ सार्वभौमिकता र सार्वकालिकता

त्यही रचना उत्कृष्ट हुन्छ, जुन सार्वभौमिक र सार्वकालिक हुन्छ । भिन्न स्थान, भिन्न जाति र भिन्न समयमा पनि किञ्चित् पाठान्तर र भाषान्तरका साथ प्रयुक्त हुने खुबी र विशेषता उखानमा पाइन्छ । एक पन्थ दुई काज/ नाच्न नजान्ने आँगन टेढो / हुने हार, दैव नटार / जङ्गलमा मङ्गल / बाँदरका हातमा नरिवल / हात्तीका मुखमा जीरा / दुख पाइस् मङ्ले आ नै ढङ्ले जस्ता उखानहरू संसारका जुनसुकै लोकसमुदायमा पनि प्रचलनमा रहेका पाइन्छन् । त्यसैले सार्वकालिकता र सार्वभौमिकता उखानको एक मुख्य विशेषता नै हो ।

१.६.४ जीवन्तता

जीवन्तता उखानको अर्को विशेषता हो । लोकजीवनको अनुभवबाट खारिएको हुँदा उखान एकातिर युगजीवनको धुकधुकीका रूपमा रहेको हुन्छ भने अर्कातिर त्यसको प्रयोगले कथन वा भाषिक अभिव्यक्तिलाई जीवन्त र प्रभावकारी तुल्याउँछ । भाषिक अभिव्यक्तिमा प्राणको सञ्चार गर्ने काम गर्दछ । बिना प्रयोजनको काम वा उद्देश्यरहित काममा कसैले प्रेरित गर्ने सन्दर्भमा खाई न पाई छालाको टोपी लाई उखानले जुन प्रत्युत्तर दिन्छ त्यसले उसको अभिव्यक्ति-कौशल बढाउँछ ।

१.६.५ रूपगत विविधता

सूत्रात्मक वा लघुआकारको हुनु उखानको रूपगत प्रमुख वैशिष्ट्य हो । यसका साथै त्यही सूत्रात्मकताभित्रै पनि उखानहरू विविध रूपका देखिन्छन् । कृष्णप्रसाद पराजुली (२०५८:३५-३६) ले तुकबन्दीयुक्त उखान, प्रश्नोत्तर ढाँचाका

उखान, गीत्यात्मक उखान र भाषान्तरप्रभावित उखान गरी चार रूपका देखाएका छन् भने शिवप्रसाद पौड्याल (२०६०:२१-२३) ले प्रश्नमूलक उखान, प्रश्नोत्तरात्मक उखान, लयात्मक उखान, आलङ्कारिक उखान र भाषान्तर प्रभावित उखान गरी पाँच रूपका देखाएका छन् । सङ्ख्या कम या बढी जे भए पनि उखानमा रूपगत विविधता रहेको प्रस्ट छ । नेपाली भाषामा प्रचलित उखानका केही उदाहरण हेरौँ । -

- जता मल्कु उतै हल्कु । (तुकबन्दीयुक्त)
- तैँ रानी मैं रानी, को भर्छ कुवाको पानी ? (तुकबन्दीयुक्त)
- पानी खानु मूलको, बिहे गर्नु कुलको ! (तुकबन्दीयुक्त)
- किन चाउरिस् मरिच ? आ नै पीरले (प्रश्नोत्तरात्मक)
- घिउ केमा पोखियो ? भागैमा । (प्रश्नोत्तरात्मक)
- लुगा धोइस् बुहारी ? सुँघी हेर बूढा ! (प्रश्नोत्तरात्मक)
- के खोज्छस् काना ? आँखो । (प्रश्नोत्तरात्मक)
- किन रुन्छस् मङ्गले ? आ नै ढङ्गले । (प्रश्नोत्तरात्मक)
- अछेता-पाती धामीलाई
  वेथा जति हामीलाई ! (गीत्यात्मक)
- फूलको बास्ना वरिपरि
  मानिसको बास्ना डाँडापारि ! (गीत्यात्मक)
- घोकन्ती विद्या धावन्ती खेती ! (भाषान्तर प्रभावित)
- ढङ्ग मरु कसो गरुँ । (भाषान्तर प्रभावित)
- बेला न कुबेला बजी नयला । (भाषान्तर प्रभावित)
- हरामके आगे भूत भागे । (भाषान्तर प्रभावित)
- भट्ट गेडी खसन्ती मेरा भेडा हँसन्ती । (भाषान्तर प्रभावित)
- देख्नमा हिरो, पढ्नमा जिरो । (भाषान्तर प्रभावित)
- एनी हाउ काम चलाउ ! (भाषान्तर प्रभावित)
- न रहे बाँस न बजे बाँसुरी ! (भाषान्तर प्रभावित)
- बाहिर टाई फिटिङ, भित्र जुम्राको मिटिङ ! (भाषान्तर प्रभावित)

१.६.६ सन्दर्भपरकता

उखान स्वतन्त्र वा स्वायत्त विधा भए पनि यसको प्रयोग स्वतन्त्र रूपमा हुँदैन । बोलीचाली वा भाषिक प्रयोगका क्रममा खासखास सन्दर्भमा मात्र खासखास उखानको प्रयोग हुन सक्छ । खासखास सन्दर्भमा मात्र प्रयोग हुने हुँदा सन्दर्भपरकता उखानको मूलभूत विशेषता हो । खान्न-खान्न लोकाचार, खान लाग्यो माना चार/ तिम्राको मुखै वैरी/ कहीं नभएको जात्रा, हाँडी गाउँमा आदि उखानले कुनै न कुनै

सन्दर्भको अपेक्षा गर्दछन् । त्यसैले कुनै सन्दर्भ नै नभई कुनै पनि उखानको प्रयोग सम्भव छैन । सरकार बदलिएर पनि संस्कारमा परिवर्तन नआएको सन्दर्भमा जति जोगी आए पनि कानै चिरेका उखानको प्रयोग गर्नु त्यसले उचित सन्दर्भ पाएको मानिन्छ । सालभरि पढाएपछि अन्तमा विद्यार्थीले कुनै आधारभूत कुरा सोध्यो भने शिक्षक भन्न सक्छन्- सारा रामायण पढिसकें सीता कसकी जोई ! आ नै कारणले दुख पाएको मान्छेलाई इङ्गित गर्दै भन्न सकिन्छ- दुख पाइस् मङ्गले आ नै ढङ्गले । सजिलो खोज्ने अवसरवादीका सन्दर्भमा माछा देखे दुलाँ हात, सर्प देखे पाखाँ हात उखान प्रयुक्त हुन्छ । आ ना कमजोरीतर्फ आँखा चिम्लँदै अरूको खोइरो खन्ने व्यक्तिको सन्दर्भमा आ नो आङको भैंसी नदेख्ने अरूका आङको जुम्रा देख्ने उखान अघि सारिन्छ । एउटाले अपराध गरेकोमा अरू कसैलाई सजायँ दिने गलत न्यायनिसापको सन्दर्भ पर्दा बाखाले बिराउँछ भेडाको कान काट्ने उखान भनिन्छ । यस्ता तमाम उदाहरणबाट सन्दर्भपरकता अर्थात् सम्बद्धता उखानको मूलभूत विशेषता हो भन्ने छर्लङ्ग हुन्छ । नेपाली उखानको सन्दर्भपरक अध्ययन हुनु आवश्यक छ ।

यसरी हेर्दा उखानका तमाम विशेषता रहेका पाइन्छन् । ज्ञानका खानी हुनु, सङ्क्षिप्तता र सरलता, सार्वभौमिकता र सार्वकालिकता, जीवन्तता, रूपगत विविधता र सन्दर्भपरकतालाई नेपाली उखानका मुख्यमुख्य विशेषता मान्न सकिन्छ । उखानमा अलङ्कार, उपमा, प्रतीक, बिम्ब, व्यङ्ग्य र हास्य पनि पाइन्छन् । उखान लोकसाहित्यको उल्लेख्य विधा भएकाले यो लोकप्रिय रहिआएको छ । लोकप्रियता हुनु विशेषता होइन । मानिसले जीवननिर्वाहका क्रममा जेजस्ता अनुभव र ज्ञान आर्जन गर्दै आएको छ, त्यसलाई उसले उखानमा प्रकट गर्दै सञ्चित र संवहन गर्दै आएको छ । उखान ज्ञानका खानी र मानवका मार्गनिर्देशक हुन् । समस्यामा उल्झेको मान्छेले उखानबाट निकास पाउँछ, नीति पाउँछ, समाधान पाउँछ ।

१.७ उखान र निकटस्थ विधा

उखानका निकटस्थ विधा गाउँखाने कथा र टुक्का हुन् । कतिपय विद्वान्ले उखान, गाउँखाने कथा र टुक्कालाई लोकोक्ति भन्दै एकै ठाउँमा राख्दै आएका पनि छन् । यिनको छोटोछरितोपनाले गर्दा त्यसो गरिएको हुन सक्छ । हुन पनि कतिपय गुण-धर्ममा साम्यता देखिन्छ । फेरि पनि यी आफैंमा स्वतन्त्र र छुट्टै विधा हुन् । यिनका बीचको समानता र असमानताका मुख्य पक्षलाई यहाँ केलाउने चेष्टा गरिएको छ ।

१.७.१ उखान र गाउँखाने कथा

उखान र गाउँखाने कथा दुवै लोकसाहित्यका वाक्यात्मक संरचना भएका छोटाछरिता तथा लोकसमाजमा पटकपटक प्रयोग हुँदाहुँदा खारिएर विकसित भएका

विधा हुन् । लोकजीवनको पुस्तौंदेखि खारिएको अनुभव र कथ्यलाई सूत्रात्मक ढङ्गमा प्रस्तुत गरिएको खिरिलो भाषिक अभिव्यक्ति उखान हो भने लोकमानसले मूलत: मनोरञ्जनका लागि फुर्सदका समयमा अड्काउने खालका प्रश्न गरी उत्तरको अपेक्षा गर्ने र श्रोताले वा अर्को सहभागीले उत्तर दिन नसके गाउँ दिने र गाउँ दिएपछि प्रश्नकर्ता वा पहिलो सहभागीले नै उत्तर दिई अड्को फुकाइदिने मनोरञ्जक भाषिक कला वा भाषिक खेलसरहको लोकसाहित्यको एक महत्त्वपूर्ण विधा गाउँखाने हो ।

आकारप्रकार र संरचनाका दृष्टिले यी दुवैमा समानता देखिएकाले कतिपय विद्वान्ले गाउँखाने कथा र उखानलाई लोकोक्तिअन्तर्गत राखेका छन् । यी दुईका बीचको अन्तरलाई औंल्याउँदै कृष्णप्रसाद पराजुली लेख्छन्-"उखान र गाउँखाने कथा दुवै लोकोक्ति नै हुन् तर तिनका रूपचाहिं एकदमै बेग्लै छन् र दुवै भिन्न रूपबाट प्रकट हुन्छन् । एक किसिमले उखान निबन्धको लघुतर रूप हो भने गाउँखाने कथा बुद्धिपरीक्षा वा मनोरञ्जनका निम्ति आउने रूपकको सूक्ष्मतम रूप हो (पराजुली,२०४७:१६२)।" गाउँखाने कथा र उखानका बीचको भिन्नतामाथि प्रकाश पार्दै सत्येन्द्र लेख्छन्- "गाउँखाने कथा स्वभावले उखानका प्रवृत्तिको विपरीत प्रणालीमा रचिन्छ, किनभने गाउँखाने कथामा एक वस्तुका निम्ति धेरैजसो शब्द प्रयोगमा आउँछन्, भावसित यसको सम्बन्ध हुँदैन, प्रकृतलाई गोप्य राख्ने चेष्टा रहन्छ, बुद्धिकौशलमा निर्भर रहन्छ । उखानमा चाहिं सूत्र-प्रणाली हुन्छ, भावको मार्मिकता घनीभूत रहन्छ, लघुप्रयत्नद्वारा विस्तृत अर्थ व्यक्त गर्ने प्रवृत्ति रहन्छ, तैपनि गाउँखाने कथा पनि त्यत्तिकै उक्ति हुन्, जत्तिको उखान (पराजुली,२०४७:१६२)।" अमेरिकी लोकवार्ताविद् एलेन डन्डेसका विचारमा उखानको संरचना र गाउँखाने कथाको संरचनाका बीचमा घनिष्ठ सम्बन्ध छ । फेरि पनि यी दुई विधा प्रकार्यात्मक दृष्टिले नितान्त फरक छन् । गाउँखाने कथाले भ्रम उत्पन्न गर्छ जब कि उखानले भन्न खोजेको कुरालाई स्पष्ट पार्छ (डन्डेस,१९८१:५०) । डन्डेसका अनुसार उखान र गाउँखाने कथा दुवै नै 'Topic-Comment' को निर्माणमा निर्भर रहन्छन् । यी दुईमा एउटा तत्त्व शीर्षक/विषयवस्तु (Topic) र अर्को वस्तु टिप्पणी/उल्लेख्य (Comment) हुन्छ । गाउँखाने कथामा एउटा वस्तु उल्लेख गरिएको हुन्छ र त्यही वस्तुको सङ्केतका आधारमा अर्को उल्लेख्य वस्तु (Comment) को अनुमान गर्नुपर्छ । उखानमा भने दुवै कुरा उल्लेख गरिएको हुन्छ । यी दुईका बीचको मुख्य फरक यही हो (डन्डेस,१९८१:५०) ।

उखानले पाठमा प्रयुक्त भएर भनाइ वा कथनलाई परिष्कृत, पोटिलो, प्रभावकारी र प्रामाणिक तुल्याउँछ भने गाउँखाने कथाले पाठमा प्रयुक्त नभई वा मुक्त रही मनोरञ्जन, बुद्धिपरीक्षा र सीप वा कार्यकुशलता बढाउँछ । उखानले कथनलाई मार्मिक वा प्रभावकारी बनाउँछ भने गाउँखाने कथाले कथनलाई मार्मिक बनाउने नभई मुख्यत: मनोरञ्जन प्रदान गर्दछ ।

संरचनाका दृष्टिले पनि गाउँखाने कथा र उखानमा असमानता पाइन्छ। गाउँखाने कथा मुख्यत: प्रश्नात्मक हुन्छ भने उखान मुख्यत: कथनात्मक हुन्छ। घिउ कहाँ पोखियो ? भागमा।, लुगा धोइस्, बुहारी ? सुघी हेर बूढा जस्ता केही उखानमा प्रश्न र उत्तर भए पनि सबै उखान यस्ता हुँदैनन्। प्रश्न र उत्तर भए पनि उखानमा कथनात्मकता हुन्छ। यता गाउँखाने कथा प्रश्नात्मक हुन्छन्। कुनैकुनै गाउँखाने कथामा प्रश्न नभए पनि गाउँखाने कथामा हरेक अवस्थामा प्रश्न रहेकै हुन्छ र त्यस प्रश्नले उत्तरको अपेक्षा गरेकै हुन्छ। नेपाली गाउँखाने कथाका अन्तमा के हो ? भनी प्रश्न गरिएको हुन्छ र कुनै गाउँखाने कथामा त्यस्तो प्रश्न नभए पनि सोधनी वा प्रश्न रहेकै हुन्छ, जसको उत्तर वा जवाफ अर्को पक्षले दिनुपर्छ। त्यसैले संरचनाका दृष्टिले गाउँखाने कथा र उखानमा अन्तर देखिन्छ।

उखानमा कथ्यलाई कथनात्मक ढाँचामा राखिन्छ भने गाउँखाने कथामा वर्णन वा लक्षणका आधारमा सङ्केत गरिएको निश्चित वस्तु वा विषयको बोध गर्नुपर्ने हुन्छ। 'सानो सानो रूख चढ्नाको दुख। के हो ? मा एउटा त्यस्तो रूखको आग्रह गरिएको छ, जुन सानो छ, तर चढ्न सकिन्न र सकिए पनि दुखदायी हुन्छ। सानो हुनु र चढ्न नसक्नु परस्पर विरोधाभासपूर्ण कथनले श्रोतासहभागीलाई रनभुल्लमा पार्छ। यहाँ सानो तर चढ्न नसकिने र सकिए पनि दुख हुने वस्तुको वर्णन वा लक्षणका आधारमा सङ्केत गरिएको निश्चित वस्तु सिस्नाको बोध गरिएको पाइन्छ।

जुन संस्कृतिभित्र उखानको प्रयोग कम हुन्छ, त्यहाँ गाउँखाने कथाको प्रयोग पनि कमै हुन्छ। उखान भएको र गाउँखाने कथा नभएको क्षेत्र संसारमा कमै होला। यसबाट जहाँ उखानको प्रयोग हुन्छ, त्यहाँ गाउँखाने कथाको पनि प्रयोग हुन्छ भन्ने स्पष्ट हुन्छ (डन्डेस,१९८१:५१)। गाउँखाने कथा मनोरञ्जनमूलक हुन्छन् भने उखान विचारमूलक हुन्छन्। गाउँखाने कथामा लोकजीवनको बौद्धिकता र तार्किकताको अभिव्यक्ति हुन्छ भने उखानमा लोकजीवनको चिन्तनको परिपाक र अनुभवको सार हुन्छ। गाउँखाने कथा साङ्केतिक हुन्छन् भने उखान सूत्रात्मक हुन्छन्। गाउँखाने कथामा अर्थ साङ्केतिक र प्रतीकात्मक हुन्छ भने उखानमा अभिधात्मक र व्यञ्जनात्मक हुन्छ। भनाइलाई लुकाउन गाउँखाने कथाको उपयोग हुन्छ भने भनाइलाई सुस्पष्ट पार्न उखानको उपयोग हुन्छ। गाउँखाने कथा मूलत: प्रश्नात्मक हुन्छ भने उखान मूलत: कथनात्मक हुन्छ। गाउँखाने कथालाई मनोरञ्जन, बुद्धिविनोद आदि प्रयोजनका लागि प्रयोग गरिन्छ भने उखानलाई भनाइलाई प्रभावशाली बनाउन भनाइ(पाठ)का बीचबीचमा प्रयोग गरिन्छ।

यसरी गाउँखाने कथा र उखान दुवै अत्यन्त स्वतन्त्र र नितान्त पृथक् छन्। डन्डेसले भने झैँ जहाँ उखान फस्टाएको छ त्यहीँ गाउँखाने कथा पनि फस्टाएको छ। यसबाट यी दुवै पृथक् भए पनि यिनबीच घनिष्ठ अन्तर्सम्बन्ध रहेको प्रस्ट हुन्छ।

१.७.२ उखान र टुक्का

उखान र टुक्का दुवै लोकसाहित्यका स्वतन्त्र र स्वायत्त विधा हुन्। दुवैले भाषिक अभिव्यक्तिलाई अर्थपूर्ण र प्रभावकारी तुल्याउँछन्। दुवै छोटाछरिता वा सूत्रात्मक वा लघुआकाराका रहेका छन्। दुवैमा लोकजीवनको सामाजिक, सांस्कृतिक, ऐतिहासिक प्रतिबिम्ब पाइन्छ। दुवै मौखिक परम्परामा सम्प्राप्ति तथा संवाहक हुन्। दुवैको सम्बन्ध लोकसाहित्यका साथै भाषा-व्याकरणसित पनि छ। यस्ता तथ्यले दुवैमा केही मिल्दाजल्दा गुण र विशेषता रहेको प्रस्ट हुन्छ। लोकसमुदाय तथा केही अध्येतासमेतले दुवैमा विभेद नगरी 'उखान-टुक्का' भनिआएका छन्।

यति भईकन पनि उखान र टुक्का आधारभूत रूपमै बेग्लै र स्वतन्त्र विधा हुन्। यिनको स्वरूप- संरचना, उत्पत्ति र विकाससमेत बेग्लाबेग्लै छ। लोकसमुदायले उखान र टुक्कालाई एकै ठाउँमा राखी 'उखानटुक्का' भने पनि यी स्वतन्त्र विधा हुन्। उखान वाक्यस्तरको लोकरचना हो भने टुक्का पदावलीस्तरको रचना हो। यस दृष्टिले टुक्का उखानभन्दा पनि लघुआयामको हुन्छ। उखान स्वतन्त्र रूपमा पनि प्रयुक्त हुन सक्छ भने टुक्काका लागि वाक्य नै चाहिन्छ। उखान ज्ञानका भण्डार हुन् भने टुक्का मूलतः भाषिक अभिव्यक्तिका खुराक हुन्। टुक्का गद्यात्मक मात्र हुन्छन्, जब कि उखान मूलतः गद्य विधा हुदाहुँदै पनि कतिपय उखान लयात्मक र तुकबन्दीयुक्त छन्। टुक्का कार्यव्यापारमूलक हुन्छन् भने उखान अनुभवजन्य र शिक्षामूलक हुन्छन्। टुक्कामा अभिव्यक्ति कौशल हुन्छ भने उखानमा विचार हुन्छ।

उखानको क्रिया सामान्यतया रूपायित हुन्न भने टुक्काको क्रिया रूपायित हुन्छ। उखानको संरचनामा भएका शब्दलाई फेर्दा उखानले प्रदान गर्ने अर्थमा सामान्यतया फरक पर्दैन भने टुक्काका संरचनामा भएका शब्दलाई फेर्न मिल्दैन। फेरेमा अर्थ भङ्ग हुन्छ। यस्तै उखानलाई अन्य भाषामा अनुवाद वा रूपान्तरण गर्न सकिन्छ भने टुक्कालाई अन्य भाषामा अनुवाद-रूपान्तरण गर्न सकिदैन। त्यसैले एउटा भाषामा प्रचलित उखान अर्को भाषामा पनि पाउन सकिन्छ, तर एउटा भाषामा प्रचलित टुक्का अर्को भाषामा सामान्यतया पाईदैन। उखान स्वयम्मा पूर्ण हुन्छ भने टुक्काको पूर्णता वाक्यगत प्रयोगमा निर्भर गर्दछ। यसै गरी वाक्यभित्रबाट उखानलाई झिक्दा वाक्यार्थ र वाक्य-संरचनामा खासै फरक पर्दैन भने वाक्यबाट टुक्कालाई झिक्दा वाक्यार्थ र वाक्य-संरचनामा सोझो असर पर्दछ। अतः लघुआयामका विधा भए पनि उखान र टुक्का एकआपसमा फुक्का र सर्वथा पृथक् विधा हुन्।

१.८ उखानको उत्पत्ति

उखान विभिन्न समय र सन्दर्भमा सिर्जना हुँदै प्रयोगमा आउँदै गरेका हुन्छन्। समाज, इतिहास, पुराण, लोककथा र विशेषोक्ति आदि उखान उत्पत्तिका मुख्य स्रोत हुन्। जस्तै :

१.८.१ समाज

काग कराउँदै छ, पिना सुक्दै छ ।

काम पाइनस् बुहारी पाडाको कन्डो कना ।

खान्नखान्न लोकाचार खान लागे माना चार ।

खोलो तऱ्यो लौरो बिर्स्यो ।

गाई न गोठ लबरलबर ओठ ।

गाई भए गोरस भाइ भए भरोस ।

जस्तालाई तस्तै ढिँडालाई निस्तै ।

जुन आँखा घोचे पनि आफैँलाई दुख्छ ।

जोई न जुंगा पोइ न पोते ।

जोगीका घरमा सन्यासी पाहुना ।

जो होचो उसका मुखमा घोचो ।

नाच्न नजान्ने आँगन टेढो ।

मरेपछि डुमै राजा ।

१.८.२ इतिहास

काला जागे गोरा भागे ।

जङ्गेले बोलेपछि बोल्यो बोल्यो ।

देखौँला नि पाँडेको दीर्घायु ।

निसाफ हराए गोर्खा जानू, विद्या हराए काशी जानू ।

मुकुन्दसेनले मुलुक मार्न नजानेको र तँ फुँडाले खिर खान नजानेको ।

मजबुरीको नाम महात्मा गान्धी ।

१.८.३ पुराण

अगस्तिको पेट कहिल्यै भरिँदैन ।

आफू त महादेउ उत्तानो टाङ, कल्लाई दलान् वर ।

इन्द्रका अगाडि स्वर्गको बखान ।

काम गर्ने हनुमान, जस पाउने ढेडु ।

कि हस्तिनापुरको रजाइँ कि चपरीमुनिको बास ।

कुबेरको घरमा धनको के दुख ?

जहाँ राम त्यहीँ अयोध्या ।

धन देखेपछि महादेउका तीन नेत्र चल्छन् ।

बार वर्ष रामायण पढ्यो, सीता कसकी जोई ।

१.८.४ लोककथा

एक माघले जाडो जाँदैन ।

खुट्टी देखेरै पत्याएँ ।

छेपाराको आहान .
झिकिदे गाँडभन्दा थपिदे गाँड ।
नाक काटे स्वर्ग देखिन्छ ।
न्याउरी मारी पछुतो ।
फूलको बास्ना वरिपरि, मान्छेको बास्ना डाँडापारि ।
बाउ पनि छैनन्, बाउको समाउने पनि छैन ।
भट्ट गेडी खसन्ती, मेरा भेडी हँसन्ती ।
भालुको कन्पट, लिनु न छाड्नु ।
मारे पाप पाले पुण्य ।
सप्रने घरको बेलुकाको मतो, बिग्रने घरको बिहानको मतो,
उखलेको घरको मतो न जतो ।
सराद्धे गर्नुभन्दा सिधा पुऱ्याउन गाहारो ।
हात्ती आयो हात्ती आयो फुस्सा ।

१.८.५ विशेषोक्ति

समाजका विशेष व्यक्तिको उक्तिलाई यहाँ विशेषोक्ति भनिएको हो । समाजका बौद्धिक व्यक्ति र चिन्तकहरू भाषिक अभिव्यक्तिका क्रममा आ ना विचार र अनुभवलाई विशिष्ट रूपमा प्रस्तुत गर्दछन् । शर्मा र लुइटेल (२०६३:५१९) ले यसलाई विशेषोक्ति भनेका छन् भने पौड्याल (२०६४:१०९) ले प्राज्ञवचन भनेका छन् । बोलाइमा लोकसमुदायका बौद्धिक व्यक्तिले र लेखाइमा साहित्यस्रष्टाहरूले यसो गर्दछन् र कालान्तरमा त्यस्ता विशेष उक्ति वा प्राज्ञवचनले उखानको रूप लिन्छन् । जस्तै :

- असम्भव शब्द मूर्खहरूको डायरीमा हुन्छ । (नेपोलियन)
- इन्द्रका अगाडि स्वर्गको बखान ।
  उपकारी गुणी व्यक्ति निहुरन्छ निरन्तर । (लेखनाथ)
- जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी (वाल्मीकि)
- जाई कटक गर्नू, झिकी कटक नगर्नू । (पृथ्वीनारायण शाह)
- बूढा मरे भाषा सरे, भाषा सरे । (पृथ्वीनारायण शाह)
- मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन । (देवकोटा)
- रामको माया, कहीं घाम कहीं छाया ।
  विनाशकाले विपरीत बुद्धि । (वाल्मीकि)
- शरीरमाध्यम् खलु धर्मसाधनम् (कालिदास)

यसरी उखान विभिन्न सन्दर्भस्रोतबाट उत्पन्न भई प्रचलनमा आएका हुन्छन् ।

❖

अध्याय दुई

नेपाली उखानको अध्ययनको परम्परा

लोकसमुदायमा उखानको समृद्ध र लामो परम्परा रहेको छ भने यसको सङ्कलन र अध्ययन-अनुसन्धानको परम्परा भने केही पछि नै थालिएको हो। युवाकवि मोतीराम भट्टदेखि थालिएको सङ्कलन र अध्ययनको सिलसिला अहिलेसम्म पनि चलिआएको छ। प्राप्त तथ्यअनुसार उखानको सङ्कलन र अध्ययनको थालनी मोतीराम भट्टबाट भएको हो। उनको पुस्तक **उखानको बखान र जान्ने कथाको सङ्ग्रह**को चर्चा पाइन्छ। खोजकर्ता शरदचन्द्र शर्मा भट्टराईका अनुसार वि.सं. १९५२ मा प्रकाशित **बधूशिक्षा** दोस्रो संस्करणको भूमिकामा उक्त पुस्तकको उल्लेख भएको पाइन्छ (पौड्याल,२०६०:५१), तर सो पुस्तक उपलब्ध हुन सकेको छैन।

पादरी गङ्गाप्रसाद प्रधानको **नेपाली उखानको पोस्तक** शीर्षकमा उखानको सङ्ग्रह सन् १९०८ मा प्रकाशित भएको छ। दार्जिलिङको गोर्खा प्रेसबाट प्रकाशित यस पुस्तकमा आठ सय उखान सङ्कलन गरिएका छन्। यसको केही समयपछि सन् १९१७ मा महावीरसिंह गर्तौलाको **उखान बखानको प्रवाह** काशीबाट प्रकाशित भयो। यसमा करिब ६५० उखानहरू सँगालिएका छन्। नेपाली उखानको सङ्कलन तथा अध्ययन परम्परामा राल्फ लिली टर्नरको योगदानलाई बिर्सन सकिन्न। **नेपाली भाषाको तुलनात्मक र व्युत्पत्तिमूलक शब्दकोश** (सन् १९३१) मा दिइएका शब्दलाई प्रस्ट्याउनका लागि टर्नरले करिब २२४ उखानको प्रयोग गरेका छन् (शर्मा,२०५९:११३-१२६)। यस दिशामा पुष्कर शमशेरको उल्लेख्य योगदान छ। १९९० देखि काम थालेर १९९८ मा उनको सङ्कलन-सम्पादनमा **नेपाली उखान र टुक्काको वर्णानुक्रमानुसारी सूची र वाक्यांश, वाक्पद्धति इत्यादिको कोश** दुई खण्डमा प्रकाशित हुनपुग्यो। नेपाली उखान र टुक्काको अध्ययनका दृष्टिले यसको उल्लेख्य भूमिका रहिआएको छ। २०१४ मा सत्यमोहन जोशीको **हाम्रो लोकसंस्कृति** नामक पुस्तक प्रकाशित भयो, जसमा 'गाउँखाने कथा र उखान' शीर्षकको लेख पनि समावेश गरिएको छ, जसमा जोशीले केही उदाहरणसहित उखानको छोटकरीमा परिचय दिएका छन्।

यसपछि पनि नेपाली उखानका बारेमा थुप्रै पुस्तक र लेखहरू प्रकाशमा आएका छन्। लक्ष्मण आचार्य शास्त्रीको **नेपाली राष्ट्रिय मुहावरा** (२०१६), अमरमणि प्रधान र पारसमणि प्रधानको **नेपाली चल्ती उखान** (सन् १९५६) र बालकृष्ण पोखरेलको **राष्ट्रभाषा** (२०२२) मा पनि उखानका बारेमा चर्चा गरिएको छ। यसै दिशामा हर्षनाथ भट्टराईको **नेपाली उखान टुक्का** (२०२३), पुष्कर शमशेरको **उखान टुक्काको कोश** (२०२४), राममणि आ.दी.को **उखान सङ्ग्रह** (२०२७), रत्नाकर देवकोटाको **जुम्लेली शब्द र उखान सङ्ग्रह** (२०२७), प्रदीप रिमालको **कर्णाली लोकसंस्कृति खण्ड ५** (२०२८), कालीभक्त पन्तको **हाम्रो सांस्कृतिक इतिहास** (२०२८), लीलासिंह कर्माको **हाम्रो लोकसाहित्य** (२०२३), भोलानाथ दाहालको **उखान सङ्ग्रह** (२०२५), कृष्णप्रसाद पराजुलीको **नेपाली उखान र गाउँखाने कथा** (२०३९), धर्मराज थापा र हंसपुरे सुवेदीको **नेपाली लोकसाहित्यको विवेचना** (२०४१), पूर्णप्रकाश नेपाल 'यात्री'को **भेरी लोकसाहित्य** (२०४१), त्रिलोक न्यौपानेको **नेपाली उखान सङ्ग्रह** (२०४२), रामचन्द्र ढुङ्गानाको **उखानको बखान** (२०४२), श्रीधर गौतम र राजनारायण यादवको **उखान र वाक्पद्धति** (२०४३), वासुदेव भाइसाबको **डोटेली कोश लोकोक्ति खण्ड** (२०५१), लीलासिंह कर्माको **हाम्रो उखान र पुर्खाको बखान** (२०५३), मुकुन्द आचार्यको **भोजपुरी उखान-टुक्का** (२०५३), रमेश अधिकारीको **केही नेपाली उखान-टुक्का सङ्ग्रह** (२०५३), जीवेन्द्रदेव गिरीको **लोकसाहित्यको अवलोकन** (२०५७), झमकप्रसाद शर्माको **नेपाली-अङ्ग्रेजी उखान कोश** (२०५७) र **उखानमूलक लोककथाको सँगालो** (२०५७), रत्नाकर देवकोटाको **केन्द्रीय नेपाली भाषिकाका उखान र गाउँखाने कथा** (२०५८), चूडामणि बन्धुको **नेपाली लोकसाहित्य** (२०५८), दीन पन्थीको **पाल्पा-गुल्मेली उपभाषिका** (२०५९), शिवप्रसाद पौड्यालको **नेपाली उखानको विषयात्मक अध्ययन** (२०६०), सुकुम शर्माको **आँधीखोला क्षेत्रमा प्रचलित उखानको अध्ययन** (२०६२) आदि पुस्तकाकार कृतिहरू देखापरेका छन्। मुकुन्द आचार्यको **भोजपुरी उखान-टुक्का** (२०५३) मा भोजपुरी उखान र तिनको नेपाली अर्थ दिइएको छ। यीमध्ये केही पुस्तकहरू लोकसाहित्यसम्बद्ध रहेका छन् भने केही उखानकेन्द्री रहेका छन्। शिवप्रसाद पौड्यालको **नेपाली उखानको रचना सन्दर्भ** (२०६८) मा विभिन्न बीसवटा लेख-गोष्ठीपत्रहरू प्रकाशित भएका छन्। यी लेखबाट नेपाली उखानको विभिन्न कोणबाट अध्ययन भएको देखिन आउँछ। उक्त अधिकांश पुस्तकहरू उखानको अध्ययन-विश्लेषणमुखी नभई सङ्कलनमुखी रहेका छन्। सङ्कलन हुनु आवश्यक छ, तर सङ्कलन भइसकेपछि त्यसको यथेष्ट अध्ययन र विश्लेषण पनि हुनु पर्छ।

पुस्तकाकार कार्यका अतिरिक्त नेपाली उखानका विविध पक्षलाई केलाउँदै लेखहरू पनि प्रकाशमा आएका छन्। उखानसम्बन्धी उल्लेख्य लेख लेख्नेहरूमा

सत्यमोहन जोशी, सरोजकुमार शाक्य, शङ्करप्रसाद श्रेष्ठ, बालकृष्ण सुवेदी, देवी चन्द, पारसमणि प्रधान, टीकाराम पन्थी, कालीभक्त पन्त, नगेन्द्र शर्मा, रामविक्रम सिजापति, केशव सुवेदी, बल्लभमणि दाहाल, कमल दीक्षित, शिवप्रसाद पौड्याल, सरला चापागाईं, अनिरुद्ध तिमसिना, गणेश खराल, कपिल अज्ञात, उमा चन्द, जीवेन्द्रदेव गिरी, नारायणप्रसाद पाण्डे, रत्नाकर देवकोटा, उत्तरकुमार पराजुली, प्रभा भट्टराई, रेमबहादुर खत्री, सुकुम शर्मा, भीमनारायण रेग्मी, जगदीश ओझा, शिव रेग्मी, कपिल लामिछाने आदि उल्लेख्य छन् । यी लेखकले उखानका महत्त्वपूर्ण पक्षमा कलम चलाएका छन् ।

त्रिभुवन विश्वविद्यालय, नेपाली विभागले लोकसाहित्यलाई पाठ्यक्रममा राखी यस क्षेत्रमा शोध गर्ने स्वीकृति प्रदान गरेपछि उखानका बारेमा पनि केही स्नातकोत्तर शोधपत्रहरू तयार भएका छन् । बद्रीविशाल पोखरेलको "बैतडेली उखानको वर्गीकरण" (२०३५) यस दिशाको पहिलो शोधपत्र हो । यसपछि कुलप्रसाद कोइरालाको "नेपाली र मैथिली उखानको तुलनात्मक अध्ययन" (२०४१), शिवप्रसाद पौड्यालको "लुम्बिनी क्षेत्रमा प्रचलित नेपाली उखानको अध्ययन" (२०५१), सरला चापागाईंको "नेपाली उखानमा प्रतिविम्बित नारी चरित्र" (२०५१), दीपकप्रकाश सिवाकोटीको "दोलखाली उखानको अध्ययन" (२०५६), मधुलाल गौतमको "बागलुङ जिल्लामा प्रचलित उखानको सङ्कलन, वर्गीकरण र विश्लेषण" (२०५६), शुभराज उपाध्यायको "बाजुरा जिल्लामा प्रचलित नेपाली उखानको अध्ययन" (२०५७), दिव्येश्वरी जोशीको "डोटेली भाषिकामा प्रचलित उखानहरूको अध्ययन" (२०५४), सरला कोइरालाको "नेपाली उखानमा प्रतिविम्बित नारी चरित्र" (२०५४), देउबहादुर लौडारीको "तनहुँ जिल्लामा प्रचलित नेपाली उखानहरूको अध्ययन" (२०५९), पृथ्वीप्रसाद साउदेनको "इलाम जिल्लाका लिम्बु समुदायमा प्रचलित उखानको अध्ययन" (२०५९), मधुसूदन रेग्मीको "पर्वत जिल्लामा प्रचलित उखानहरूको अध्ययन" (२०६०), रामजीप्रसाद सुवेदीको "म्याग्दी जिल्लामा प्रचलित उखानहरूको सङ्कलन, वर्गीकरण र अध्ययन" (२०६०), लोकनाथ अधिकारीको "गोरखा जिल्लामा प्रचलित नेपाली उखानको अध्ययन" (२०६०), हुमकला पाण्डेको "अर्घाखाँची जिल्लामा प्रचलित नेपाली भाषाका उखानहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण" (२०६०), ओमबहादुर ओलीको "दैलेख जिल्लामा प्रचलित नेपाली उखानको अध्ययन" (२०६१) आदि उखानसम्बन्धी शोधपत्र देखापरेका छन् । यी शोधपत्रले निश्चित भौगोलिक क्षेत्रमा प्रचलित उखानको सङ्कलन र अध्ययनमा जोड दिने काम गरेका छन् ।

कुलप्रसाद कोइरालाले त्रि.वि.बाट "नेपाली र मैथिली भाषाका उखानहरूको तुलनात्मक अध्ययन तथा विश्लेषण" शीर्षकमा २०५३ मा विद्यावारिधि प्राप्त गरेका छन् भने शिवप्रसाद पौड्यालले पनि नेपाली उखानमा विद्यावारिधि गरेका छन् ।

बनारस हिन्दू विश्वविद्यालयबाट थारू उखानमा गणेश खरालले विद्यावारिधि गरिसकेका छन्। यी औपचारिक शोधका अतिरिक्त त्रिभुवन विश्वविद्यालय अनुसन्धान महाशाखा, विश्वविद्यालय अनुदान आयोग, नेपाल प्रज्ञाप्रतिष्ठान आदिबाट पनि शोधकार्यहरू भएका छन्। उखान भाषिक अभिव्यक्तिलाई प्रभावकारी तुल्याउने माध्यम पनि भएकाले उखानको चर्चा कोश, भाषा-पाठ्यपुस्तक र व्याकरणका पुस्तकहरूमा पनि भइआएको पाइन्छ।

उखान मूलतः लोकसाहित्यिक विधा हो, तर लोकसाहित्यका सङ्कलकले उखानको मात्र सङ्कलन गरेका छैनन्। लिखित साहित्यका रचनामा प्रयुक्त विशिष्ट कथनलाई पनि उखानको श्रेणीमा राखिआएका छन्। यसै क्रममा संस्कृत साहित्यका कतिपय सूक्ति वा शुभाषितलाई पनि नेपाली उखानमा राखेको पाइन्छ। *अति सर्वत्र वर्जयेत्। अल्पाहारी सदा सुखी। आहारे, व्यवहारे च त्यक्त लज्जः सुखी भवेत्। अल्प विद्या भयङ्करी। भार्या रूपवती शत्रु। मौनं सम्मति लक्षणम्। मूर्खस्य ठिङ्गा बलम्। यथा राजा तथा प्रजा। बादे-बादे जायते तत्त्वबोधः। विनाशकाले विपरीत बुद्धि। शठे शाठ्यम् समाचरेत्। शुभस्य शीघ्रम्। सन्तोषम् परमम् सुखम्* आदि यस्तै संस्कृत स्रोतका सूक्ति हुन्। क्षेत्री-ब्राह्मण र शिक्षित समुदायमा यिनको प्रचलन पनि पाइन्छ।

माथिको विवरणबाट के बुझिन्छ भने नेपाली उखानको यथेष्ट सङ्कलन भएको छ, केही अध्ययन-अनुसन्धान पनि भएको छ, भाषा-साहित्यमा यसको प्रयोग-उपयोग बढेको छ। फेरि पनि नेपाली उखानका कतिपय पक्षमा काम हुन अझै बाँकी देखिन्छ। हालसम्मका कार्यहरू सन्तोषजनक भए पनि यी पर्याप्त छन् भन्न सकिन्न।

❖❖

अध्याय तीन

नेपाली उखानको वर्गीकरण

३.१ उखानको वर्गीकरणका आधार

छोटोछरितो आयाम भएको विधा भए पनि उखानको स्वरूप-संरचना र कथ्य वा प्रतिपाद्य विषयका दृष्टिले हेर्दा उखान धेरै किसिमका पाइन्छन्। उखानको अध्ययन गर्ने विद्वान्हरूले उखानलाई विभिन्न किसिमले वर्गीकरण गर्दै आएका पनि छन्। फेरि पनि कुनै एक वर्गीकरण पर्याप्त र यथेष्ट देखिन्न। यही वर्गीकरणमात्र उपयुक्त छ भन्न नसकिने भएकाले यहाँ केही प्रमुख वर्गीकरणलाई अघि सार्दै उपयुक्त आधारको खोजी गरी नेपाली उखानको वर्गीकरण गर्ने प्रयास गरिएको छ।–

जान क्रिश्चियन (पराजुली,२०५८:९०) :

१. मानिसका कमी-कमजोरी, त्रुटि तथा अवगुणसम्बन्धी
२. सांसारिक ज्ञानसम्वन्धी
३. सामाजिक र नैतिक
४. जातिका विशेषतासम्वन्धी
५. कृषि र ऋतुसम्वन्धी
६. पशु तथा सामान्य जीवजन्तुसम्वन्धी

कृष्णदेव उपाध्याय (१९७७:१८०) :

१. स्थानसम्वन्धी उखान
२. जातिसम्वन्धी
३. प्रकृति तथा कृषिसम्वन्धी
४. पशुपक्षीसम्बन्धी
५. प्रकीर्ण

कुन्दनलाल उप्रेती (२०००:२११) :

१. सामाजिक तथा नैतिक
२. ज्ञान, दर्शन तथा साहित्यसम्बन्धी

३. शिक्षासम्बन्धी
४. कृषि तथा ऋतुसम्बन्धी
५. स्थानसम्बन्धी
६. लोकविश्वाससम्बन्धी
७. जीवजन्तु तथा पशुपन्छीसम्बन्धी
८. प्रकीर्ण

सत्येन्द्र (उप्रेती,२०००:२१०) :

१. गम्भीर कथनसित सम्बन्धित सामान्य उखानहरू
२. गम्भीर कथनसित सम्बन्धित स्थान तथा लोकविशिष्ट उखानहरू
३. शैलीवक्र उखानहरू

कन्हैयालाल सहल (उप्रेती,२०००:२१०-२११) :

१. ऐतिहासिक
२. स्थानसम्बन्धी
३. समाजसम्बन्धी
   (क) जातिसम्बन्धी
   (ख) नारीसम्बन्धी
४. शिक्षा, ज्ञान र साहित्यसम्बन्धी
   (क) शिक्षा सम्बन्धी
   (ख) मनोवैज्ञानिक
   (ग) राजस्थानी साहित्यमा उखान
५. धर्म र जीवन-दर्शनसम्बन्धी
   (क) धर्म र ईश्वरविषयक
   (ख) शकुनसम्बन्धी
   (ग) लोकविशवाससम्बन्धी
   (घ) जीवन-दर्शनसम्बन्धी

शङ्करलाल यादव (पौड्याल,२०६०:९१) :

१. जातिपरक
२. देश या स्थानपरक
३. इतिहासपरक
४. कृषिपरक
५. नीतिगर्भित
६. व्यङ्ग्यात्मक

कृष्णलाल हंस (पौड्याल,२०६०:९१) :

१. स्वरूपका आधारमा

(क) प्राचीन संस्कृत साहित्यमा आधारित
(ख) मध्यकालीन हिन्दी कवि र उनको काव्यमा आधारित
(ग) अनूदित उखान
(घ) तुलनात्मक उखान

२. स्थानका आधारमा
(क) सर्वदेशीय
(ख) एकदेशीय
(ग) क्षेत्रीय वा स्थानीय

३. विषयका आधारमा
(क) ऐतिहासिक
(ख) धार्मिक
(ग) नैतिक
(घ) दैनिकजीवनसँग सम्बन्धित
(ङ) तथ्यपूर्ण
(च) कृषिविषयक
(छ) व्यङ्ग्योक्तिसँग सम्बन्धित

श्याम परमार (उप्रेती,२०००:२१०) :

१. विषयानुसार
२. स्थानानुसार
३. भाषानुसार
४. जातीयतानुसार

सत्या गुप्त (उप्रेती,२०००:२११) :

१. सामाजिक उखानहरू
   (क) जाति-सम्बन्धी
   (ख) नारी-सम्बन्धी
   (ग) ऐतिहासिक
   (घ) सामाजिक व्यवहार-ज्ञानसम्बन्धी
२. भाग्यसम्बन्धी
३. खान-पान तथा स्वास्थ्यसम्बन्धी
४. लोकविश्वास
५. मनोवैज्ञानिक
६. कथा-सम्बन्धी
७. भाषा-विज्ञानसम्बन्धी
८. प्रकीर्ण

कृष्णप्रसाद पराजुली (२०५८:४३) :

१. सामाजिक तथा नीति चेतनासम्बन्धी
२. ज्ञान-विज्ञानसम्बन्धी
३. कृषि-व्यवसायसम्बन्धी
४. लोकविश्वाससम्बन्धी
५. विविध विषयसम्बन्धी

धर्मराज थापा र हंसपुरे सुवेदी (२०४१:४२४ र ४३४) :

(क) १. नीतिरचना (उपदेशात्मक) रूपका लोकोक्ति,
२. सूक्ति (सुभाषित) रूपका लोकोक्ति,
३. लक्ष्यार्थ वा न्यायरूपका लोकोक्ति

(ख) १. सामाजिक लोकोक्तिहरू
२. ऐतिहासिक लोकोक्तिहरू
३. सांस्कृतिक लोकोक्तिहरू
४. व्यङ्ग्यात्मक लोकोक्तिहरू
५. जातिसम्बन्धी लोकोक्तिहरू
६. स्थानसम्बन्धी लोकोक्तिहरू
७. विविध-मिश्रित लोकोक्तिहरू

कपिल अज्ञात (पौड्याल,२०६०:९३) :

१. सामाजिक
२. नीतिसम्बन्धी
३. खेतीपाती र व्यवसायसम्बन्धी
४. चरित्रसम्बन्धी
५. स्थानसम्बन्धी
६. संस्कृतिसम्बन्धी
७. इतिहाससम्बन्धी
८. हास्यव्यङ्ग्यसम्बन्धी
९. पशुपन्छीसम्बन्धी
१०. लोकविश्वाससम्बन्धी

चूडामणि बन्धु (२०५८:३३९-३४२) :

(क) शब्दस्रोतका आधारमा

१. तत्सम शब्दको बाहुल्य भएका उखानहरू
२. तद्भव र झर्रा शब्दका उखानहरू
३. आगन्तुक शब्द-मिश्रित उखानहरू

(ख) वाक्य-संरचनाका आधारमा

१. सरल
२. जटिल

(ग) वाक्यार्थ वा भावका आधारमा
१. निश्चयार्थक
२. प्रश्नार्थक
३. विध्यर्थक

(घ) दृष्टिबिन्दुका आधारमा
१. प्रथम पुरुष
२. द्वितीय पुरुष
३. अन्य पुरुष

(ङ) आकारका आधारमा
१. छोटाछोटा उखानहरू
२. मझौला उखानहरू
३. लामा उखानहरू

(च) अर्थका आधारमा
१. अभिधामूलक उखान
२. लक्षणामूलक उखान
३. व्यञ्जनामूलक उखान

रत्नाकर देवकोटा (२०५८:१२-१५) :

(क) उखानको संरचनात्मक अवस्था
१. अनुप्रासमूलक
२. उपमानमूलक
३. नीतिमूलक
४. प्रश्नोत्तरमूलक
५. प्रश्नमूलक
६. भाषान्तर मिश्रण
७. अति संक्षेपीकरण (चार अक्षरसम्म) पनि

(ख) विषयात्मक वर्गीकरण
१. इतिहाससँग सम्बन्धित
२. राजा, राज्यव्यवस्था र ऐन-नियमसँग सम्बन्धित
३. जात-जाति र संस्कारसँग सम्बन्धित
४. न्याय-निसाफ तथा हक-अधिकारसँग सम्बन्धित
५. शिक्षा र अर्ती उपदेशसँग सम्बन्धित
६. सामाजिक सोचाइ र आचरणसँग सम्बन्धित

७. खान-पिन तथा आहार-विहारसँग सम्बन्धित
८. घरपरिवार तथा नाता सम्बन्धसँग सम्बन्धित
९. मान-मर्यादा, शिष्टता, जस-अपजस, गरिमा र अपहेलनासँग सम्बन्धित
१०. सम्पन्नता र विपन्नता (धनी र गरिब) सँग सम्बन्धित
११. बल, बुद्धि, सामर्थ्य, भाग्य र चातुर्यतासँग सम्बन्धित
१२. सुख-दुख तथा हर्ष-विस्मातसँग सम्बन्धित
१३. शारीरिक अवस्था र पहिरनसँग सम्बन्धित
१४. दया-माया, मोह, भय, द्वेष-रिस, रोग तथा शत्रु-मित्रसँग सम्बन्धित
१५. पशु-पंक्षी, कीट-पतङ्ग, प्रकृति र बातारणसँग सम्बन्धित (रुख, वनस्पति, खानी तथा भूगर्भसमेत)
१६. हास्य-व्यङ्ग्य, ठट्टा, गाली, प्रतिस्पर्धा, पश्चात्ताप, हठ, अपमान र अश्लीलतासँग सम्बन्धित
१७. उपमा (तुलना) र उपमेय (तुलनीय) वस्तुसँग सम्बन्धित
१८. कृषि र अन्य काम-धन्दासँग सम्बन्धित
१९. उद्योग-धन्दा परिश्रम तथा व्यापारसँग सम्बन्धित
२०. विभिन्न स्थानविशेषसँग सम्बन्धित
२१. स्वर्ग र नरक, धर्म र संस्कृति, पुण्य र पाप, सत्य र असत्य तथा कर्तव्य र अकर्तव्यसंग सम्बन्धित
२२. विरोधाभास (विपरीतार्थ) सँग सम्बन्धित
२३. यथार्थ घटनामा आधारित कथासँग सम्बन्धित
२४. विविध विषयसँग सम्बन्धित

शिवप्रसाद पौड्याल (२०६०:१०१) :

१. नीतिशिक्षा र व्यावहारिक ज्ञानसम्बन्धी उखान
२. सामाजिक जीवनसम्बन्धी उखान
३. कृषिव्यवसायसम्बन्धी उखान
४. स्थानसम्बन्धी उखान
५. धर्मसंस्कृतिसम्बन्धी उखान
६. जातिसम्बन्धी उखान
७. इतिहास-पुराणसम्बन्धी उखान
८. पशुपन्छी र जीवजन्तुसम्बन्धी उखान
९. प्रकृतिजगत्‌सम्बन्धी उखान
१०. लोकविश्वाससम्बन्धी उखान
११. अन्य विविध विषयसम्बन्धी उखान

उपर्युक्त विभिन्न वर्गीकरण तथा नेपाली उखानको स्वरूप-संरचना र कथ्य वा प्रतिपाद्य आदिलाई मनन गर्दा नेपाली उखानको वर्गीकरण निम्नअनुसार गर्नु मनासिब देखिन्छ ।–

१. आकारगत आधारमा

१. छोटो आकारका उखान
२. मझौला आकारका उखान
३. लामो आकारका उखान

२. विषय वा कथ्यका आधारमा

१. लोकविश्वाससम्बन्धी उखान
२. जीवजन्तु र प्रकृतिजगत्सम्बन्धी उखान
३. कृषक र कृषिव्यवसायसम्बन्धी उखान
४. नैतिक शिक्षामूलक उखान
५. जाति र धर्म-संस्कृतिमूलक उखान
६. ज्ञानविज्ञानसम्बन्धी उखान
७. स्थानसम्बन्धी उखान

३. विषयवस्तुको स्रोतका आधारमा

१. सामाजिक उखान
२. पौराणिक उखान
३. ऐतिहासिक उखान
४. लोककथामूलक उखान

४. भाव (अर्थ) का आधारमा

१. निश्चयार्थक
२. विध्यर्थक
३. प्रश्नार्थक
५. **उखेल्नु पर्ने उखान**

तल यिनको उदाहरण दिँदै विवेचना गरिन्छ ।

३.२ नेपाली उखानको वर्गीकरण

यहाँ उक्त आधारमा नेपाली उखानको वर्गीरकरणात्मक अध्ययन गरिएको छ ।

३.२.१ आकारगत आधारमा

उखान यसै पनि छोटोछरितो र सारगर्भित लोकरचना हो । जति छोटोछरितो भए पनि सबै उखान एउटै आकारका भने हुँदैनन् । त्यही छोटो वा लघुताभित्रै पनि सापेक्षिक रूपमा लामो-छोटोको हिसाब हुन्छ र खोजी पर्दै जाँदा नेपाली उखान कम्तीमा दुई पद (शब्द) सम्मका छोटा पाइएका छन् भने बढीमा पाँच-सात

हरफसम्मका लामा उखान पाइएका छन् । यही सीमाभित्र रहेर नेपाली उखानलाई छोटा, मझौला र लामो आकारका गरी मुख्य तीन वर्गमा समेट्न सकिन्छ ।

३.२.१.१ छोटा आकारका उखान

आकारका दृष्टिले तीन शव्दसम्मका उखानलाई छोटा वा लघु उखान भन्न सकिन्छ । आकारमा छोटा भए पनि तिनको प्रभावकारिता कम हुन्न । आकारमा छोटा भईकन पनि प्रभावमा चोटिला हुनु यस्ता उखानको विशेषता हो । यहाँ त्यस्ता केही उखानका उदाहरण दिइएको छ ।–

अल्पविद्या भयङ्करी । अन्धाको गुरु लाटो । अर्काको नासो गलपासो । आ नो हात जगन्नाथ । अल्छीलाई घरै गङ्गा । एकोहोरा रोटी पाक्दैन । एक्लो बृहस्पति झुट्टा । जङ्गलमा मङ्गल । नासो-पासो । छेपाराको आहान । बीरबलको खिचडी । पुस फासफुस । माछो-माछो भ्यागुतो । नबिराउनू नडराउनू । भुसुनाले हात्ती ढाल्छ । गोरुलाई सिङको भारी । कामले काम सिकाउँछ । कागभन्दा कोइली चङ्ख । मरेपछि डुमै राजा । चरीको धन चुच्यो । मैका आउँछ, पर्खंदैन । कन्याइभन्दा चिलाइ ठूलो । कागभन्दा कोइली चङ्ख । पोलेमाथि फोको । काटेको घाउमा नुनचुक । घोडा चढ्ने लड्छ । चितायो कि बितायो । चोरमाथि चकार । तित्राको मुखै वैरी । दूधको साक्षी बिरालो । धनको मुख रातो । नानीभन्दा आची ठूलो । पानीमाथिको ओभानो । पाप धुरीबाट कराउँछ । बत्तीमुनि अँध्यारो । बोकाको मुखमा कुभिन्डो । भुक्ने कुकुरले टोक्दैन । माछो-माछो भ्यागुतो । लाटाको खुट्टो बाटामा । लोभको भाँडो उजिन्डो । विपत्ति एक्लै आउँदैन । नजिकको तीर्थ हेलाँ । पाप धुरीबाट कराउँछ । माउभन्दा चल्ला बाठा । कमिलालाई मुतको पैरो । छेपाराको आहान । माछोमाछो भ्यागुतो । माछाको बल पानीसम्म । न्याउरी मारी पछुतो । शुभस्य शीघ्रम् ।

३.२.१.२ मझौला आकारका उखान

आकारका दृष्टिले तीनभन्दा बढी शव्द र तीनचार वाक्य वा हरफभन्दा कम हरफ भएका उखानलाई मझौला उखान भन्न सकिन्छ । औसत उखान यस्तै छन् । यहाँ त्यस्ता केही उखान दिइएको छ ।–

अँगार खाएपछि अँगारै हग्छ ।
अल्छी तिघ्रो स्वादे जिब्रो ।
आँखा लोभी मन पापी ।
आफू नमरी स्वर्ग देखिन्न ।
इन्द्रका अगाडि स्वर्गको बयान ।

एक विद्या चौध चतुऱ्याइँ ।
कुमालेको गाउँमा हाँडीको दुख ।
खान्न-खान्न लोकाचार, खान लागे मानाचार ।
गाई न गोठ लबर-लबर ओठ ।
गाई लक्ष्मी नै भए पनि साँढेकी त जोई ।
छोरो पाउनु काँ हो काँ ? कन्धनीको हतपत ।
जब पऱ्यो राति अनि बूढी ताती ।
जात फाल्नु गहतको झोलमा ।
ढाँटको निम्तो खाई पत्याउनू ।
ताक परे तिवारी नत्र गोतामे ।
नाच्न नजान्ने आँगन टेढो ।
दुक्ख पाइस् मइले आ नै ढङ्गले ।
बैगुनीलाई गुनले मार्नू ।
भाइ फुटे गँवार लुटे ।
भाइग्राको टोपीलाई गुहेँलाको फूल ।
म ताक्छु मुढो, बन्चरो ताक्छ घुँडो ।
मुसो मोटाएर हात्ती हुँदैन ।
रात रहे अग्राख पलाउँछ ।
लुटको धन फुपूको सराद्ध ।
सराद्धे गर्नुभन्दा सिधा पुऱ्याउनु गारो ।
सर्पको खुट्टा सर्पले देख्छ ।
हुने विरुवाको चिल्लो पात ।
हुलमुलमा जीउ जोगाउनू, अनिकालमा बीउ जोगाउनू ।

३.२.१.३ लामो आकारका उखान

चारपाँच वाक्य वा हरफ र त्यसभन्दा बढी वाक्य वा हरफ भएका उखानलाई लामा उखान भन्न सकिन्छ। उखानको मूल विशेषता सूत्रात्मकता हो भने त्यसलाई कायम राख्दै प्रभावकारी र चोटिला हुनु यस्ता उखानको विशेषता हो । लामो आकारका उखानको सङ्ख्या अन्य उखानका तुलनामा कम रहेको छ। यहाँ त्यस्ता केही उखान दिइएको छ ।–

- एक दिनको पाहुना मीठो-मीठो खा
  दुई दिनको पाहुना जसो-जसो खा
  तीन दिनको पाहुना जतासुकै जा ।

- वर सर बुहारी, काख चेलो छ
  पर सर बुहारी, काख चेलो छ
  खान लाग्यो बुहारी, बराजुको थाल कता छ ?

- सेतो भैंसी, स्वैले सिङ
  थैले कल्चौंडो, क्वैले थुन
  यस्तो भैंसी खोजी-खोजी किन
  यस्तो भैंसी किने लाग्दैन रिन ।

- पहिले राँडले जानिन
  पछि राँडले मानिन
  बाघ लाग्यो घिच्याउन
  राँड लागी चिच्याउन ।

- केटाकेटीलाई नाना
  बाहुनलाई खाना
  गँजडीलाई ताना
  घोडालाई दाना
  चोरलाई ठाना ।

- अरूलाई पठाए अरू नै काम
  कमारालाई पठाए कमारे काम
  छोरालाई पठाए आधा काम
  आफू गए पूरा काम ।

- पहिलो दिन ससुराली जानु, दूध, दही, घिउ कति खानु
  दोस्रो दिन ससुराली जानु, दूधको दुनो भयो अलि सानु
  तेस्रो दिन ससुराली जानु, अमिलो मोहीले गयो गानु
  चौथो दिन ससुराली जानु, किन आयो ज्वाइँ कानु ।

३.२.२ विषय वा कथ्यका आधारमा

उखानको मूल मर्म त्यसको कथ्य वा प्रतिपाद्य हो । उखान केही भन्नकै लागि जुराइएका हुन्छन् । त्यसैले कथ्य वा प्रतिपाद्यका आधारमा उखानको वर्गीकरण नगरे उखानको अध्ययन अपूर्ण ठहरिन्छ । कथ्य वा प्रतिपाद्यका दृष्टिले नेपाली

उखानलाई लोकविश्वाससम्बन्धी उखान, जीवजन्तु र प्रकृतिजगत्सम्बन्धी उखान, कृषक र कृषिव्यवसायसम्बन्धी उखान, नैतिक शिक्षामूलक उखान, जाति र धर्म-संस्कृतिमूलक उखान, ज्ञानविज्ञानसम्बन्धी उखान र स्थानसम्बन्धी उखान गरी विभिन्न समूहमा वर्गीकरण गर्न सकिन्छ। तल यिनको क्रमशः चर्चा गरिएको छ। –

३.२.२.१ लोकविश्वाससम्बन्धी उखान

लोकको विश्वास लोकविश्वास हो। अपठित भए पनि लोकसमुदाय अनेक ज्ञान, विचार र विश्वास राख्दछ। ईश्वरप्रतिको आस्था, धार्मिक प्रभाव, भाग्यमाथिको भरोसा, अनुभवजन्य भावना र विभिन्न विचारबाट लोकविश्वास बनेको हुन्छ। लोकविश्वास विज्ञानसम्मत नहुन पनि सक्छ र आजको सन्दर्भमा उपयोगी नहुन पनि सक्छ। फेरि पनि उखान परम्परादेखि चलिआएका र लोकका मूल्यमान्यताका प्रतीक भएर रहेका छन्। नेपाली उखानको एउटा ठूलो वर्ग यस्तै लोकविश्वाससंग सम्बद्ध रहेका छन्।

अमला खाएको र ठूलाबडाले भनेको पछि मीठो हुन्छ।
आग लागी झुपडी डेढ घडी भद्रा।
आफू नमरी स्वर्ग देखिन्न।
आफू हुनुहुन्न, जेठाजुले छुनुहुन्न।
आफैं बोक्सी आफैं धामी।
उहिलेका कुरा खुइलिए।
कमिलालाई मुतको पहिरो।
जुन औंलामा बिख लाग्छ उही झर्छ।
झिंगाको सरापले डिङ्गा मर्दैन।
देखी ग्रहण, सुनी सुतक।
देखेको पाइन्न, लेखेको पाइन्छ।
धर्म डग्दैन, पाप टिक्दैन।
नदिने बर्जु बुधबार बार्छिन्, पोइल जाने बर्जु नक्कलै पार्छिन्।
नेपाल गए कपालसंगै, बर्मा गए कर्म सँगै।
पाले पुण्य मारे पाप।
बाँसको हलो हुन्न, पापीको भलो हुन्न।
बैंस जान्छ, बानी जाँदैन।
भाग्यमा भए परीपरी आउँछ।
मर्नुभन्दा बहुलाउनु निको।
माने देउता नमाने ढुङ्गो।

मुखमा रामराम बगलीमा छुरा ।
राजा देख्दैनन्, देउता बोल्दैनन् ।
रात रहे अग्राख पलाउँछ ।
लातको देउता बातले मान्दैन ।
लात्ताले हानेको कुकुर काम्लामाथि ।
शनिश्चरको छुट मङ्गलको भेट, कि आउला जरो कि लाग्ला पेट ।
सालिग्रामलाई सुताउनु के बसाउनु के ?

३.२.२.२ पशुपन्छी तथा प्रकृतिजगत् सम्बन्धी उखान

प्रकृतिका विभिन्न पक्ष, बोटबिरुवा, चराचुरुङ्गी, जीवजन्तु, जलवायु, घामपानी, घरपालुवा पशुपन्छी आदि सम्बन्धी उखानहरू पनि प्रशस्तै रहेका छन् । आदिम कालदेखि यही प्रकृतिको अङ्ग बनेर यसकै बीचमा हुर्केको लोकसमुदायले उखानको विषय प्रकृतिलाई पनि बनाएको छ । प्रकृतिबाट विषय टिपेर त्यसलाई उखानमा ढाल्दै लोकसमाजले आ नो कथनलाई तिख्खर पार्दै अभिव्यक्तिमा निखार ल्याएको पाइन्छ । *बार वर्ष ढुङ्ग्रामा राखे पनि कुकुरको पुच्छर बाङ्गाको बाङ्गै* भन्दै कुकुरको पुच्छरको कुरो उठाए पनि त्यसले सुधार नआउने खालको मानवीय प्रवृत्तिलाई नै इङ्गित गरेको हुन्छ । त्यसैले प्रकृतिजगत्बाट विषय बिम्ब, प्रतीक लिए पनि त्यसको लक्ष्यार्थ मानवका लागि नै रहेको पाइन्छ ।

अच्छ्यूँ खाएँ बच्छ्यूँ खाएँ भुसे बारुलो ।
अजिङ्गरको आहारा दैवले पुऱ्याउँछ ।
अरूकी लक्ष्मी भए पनि साँढेकी त जोई ।
आँधी आए बसिहाल्नु, पानी परे भागिहाल्नू ।
आउन त आइन् लक्ष्मी (गाई) गुहु खाएर आइन् ।
आकाशको फल आँखा तरी भर ।
आगो खाएपछि अँगारै हग्नु पर्छ ।
आगो पार्न सजिलो पानी पार्न गाहारो ।
आगो भन्दैमा मुख डढ्दैन ।
आगो र शत्रुलाई सानो नदेख्नू ।
आगाले खाएको बन, लुच्चाले खाएको धन ।
आयुको छोरालाई बाघले खाँदैन ।
उत्ताउली गाई बाघले खाई ।
उमेरमा स्याल पनि घोर्ले हुन्छ ।

कर्कलोलाई बन्चरो चाहिन्न ।
काँढाले काँढै भिक्छ ।
काटेको बांको के बेथाले मऱ्यो ?
काग कराउँदै गर्छ, पिना सुक्दै गर्छ ।
काग बाठो हुन्छ, तर गुहु खान्छ ।
काग र कोइली छुट्याउने बोली ।
काम गर्ने कालु, मकै खाने भालु ।
काम पाइनस् बुहारी पाडाको कन्डो कना ।
कुकुरको काम पनि छैन फुर्सद पनि छैन ।
कुन त खेती फट्याङ्ग्राले मेटी ।
कुन त मुसुरी हिंगले भ्कानेकी ।
कुरा बुभ्कदैन, कुखुरा मुत्दैन ।
कौवालाई बेल पाकेर हर्ष न बिस्मात् ।
गधा माडेर गाई हुँदैन ।
गधालाई खुवाएर बरत्र न परत्र ।
च्यै नभनी कुकुर पनि आउँदैन ।
जसले मह काढ्छ, उसले हात चाट्छ ।
जुन गोरुको सिंङ छैन उसको नाम तिखे ।
भिंगाको सरापले डिंगा मर्दैन ।
नटोक्ने कुकुर धेरै भुक्छ ।
न्याउरी मारी पछुतो ।
बाँदरको हातमा नरिवल ।
बाँदरको पुच्छर लौरो न हतियार ।
बाघको मुख खाए पनि राते नखाए पनि रातै ।
बाघ बूढो भए पनि घाँस कहिल्यै खाँदैन ।
पशु खेद्नू पछि लागी, मान्छे खेद्नू अघि लागी ।
पहाडसँग कुहिनाको जोर चल्दैन ।
पानीमा बसी गोहीसँग वैरभाव ।
पिटे पन आमै जाती पोले पनि घामै जाती ।
मर्ने बेलामा कमिलाको प्वाँख उम्रन्छ ।
माउभन्दा चल्ला जान्ने ।
माछाको बल पानीसम्म ।
मुसो मोटाएर हात्ती हुँदैन ।

मेरो गोरुको बाह्रै टक्का।
साँढेको जुधाइ बाच्छाको मिचाइ।
सूर्यलाई हत्केलाले छेक्न सकिन्न।
हरियो वन नेपालको धन।
हलेदो भनेर जानेपछि कोट्याइरहनु पर्दैन।
हाँसको चाल न कुखुराको चाल।
हात्ती आयो हात्ती आयो फुस्सा।
हावा नचली पात हल्लिन्न।
हिँड्ने गोरुको पुच्छर निमोठ्ने।
हिले माछालाई कुलो पनि गण्डकी।

३.२.२.३ कृषक र कृषि-व्यवसायसम्बन्धी उखान

कृषि-प्रधान मुलुक नेपालका जनताको मुख्य आयस्रोत कृषि-व्यवसाय रहेको, अधिकांश लोकसमुदाय कृषि-व्यवसायमै निर्भर रहेका हुँदा नेपाली लोकसमुदायको बौद्धिक सम्पदा उखानको ठूलो हिस्सा कृषक, कृषक जीवन, कृषि-व्यवसायसित सम्बन्धित रहेका छन्। यस्ता उखानमा कृषिजीवनका विभिन्न अनुभव, कृषकका अवस्था, खेतीपातीको महत्त्व, पशुपालन, कृषिजीवनमा आधारित अन्य विभिन्न पक्षलाई समेटिएको पाइन्छ।

अनिकालमा बीउ जोगाउनू, हुलमुलमा जीउ जोगाउनू।
अल्छी तिघ्रो, स्वादे जिब्रो।
इलमीका भागमा माछा र मासु, अल्छीका भागमा आँसु।
उत्तम खेती, मध्यम व्यापार, अधम चाकरी सदा झपार।
कुन त खेती फट्याङ्ग्राले मेटी।
गऱ्यो-गऱ्यो खाने बेलामा दैवले हऱ्यो।
गाई न गोठ लबर-लबर ओठ।
घिउ न तेल पका बूढी सेल।
घोकन्ती विद्या, धावन्ती खेती।
फर्सीका मुन्टा, खानमा भन्दा चुँड्नमा टन्टा।
बारीमा तोरी, घरमा छोरी।
बिहे गर्नू ढिलो, खेत जोत्नू चाँडो।
भान्सेको बिग्रिए छाक एक, किसानको बिग्रिए साल एक।
भोकमा पाइन मैले मकैका ठेला, बैंसमा पाइन पोइ।

मर्छन् त बराजुका गोरु, भाँचिन्छ त बाँभ्कको हलो ।
मानो खाएर मुरी उब्जाउनू ।
माम पनि नाइँ, काम पनि नाइँ ।
यसै रिन उसै रिन, बूढी भैंसी किन ।
हल छोडी कोदालो, कोदालो छोडी हल, खाने बेलामा बराजु चिलाउनेको फल ।

३.२.२.४ नैतिक शिक्षामूलक उखान

नैतिक शिक्षालाई आदर्शका रूपमा लिइन्छ । उखानले फगत आदर्शमात्र छाँट्दैनन् । तिनले जीवन-यापनका क्रममा व्यावहारिक र उपयोगी विचार र सरसल्लाह पनि दिन्छन्, मार्गदर्शन पनि गर्छन् । के गर्ने र के नगर्ने भन्ने चिन्तन वा विचार नीति हो । नीतिले मानिसलाई सही बाटोमा हिँड्न-हिँडाउन मदत गर्दछन्, मानिसलाई मानिसजस्तो भएर व्यवहार गर्न र जीवन बिताउन सघाउ पुऱ्याउँछ । नेपाली समाज परापूर्वकालदेखि नैतिकवान्-आदर्शवान् र चरित्रवान् पनि रहिआएको छ, जसको प्रतिच्छवि नेपाली उखानमा देख्न सकिन्छ । मानिस अप्ठ्यारोमा वा सङ्कटमा वा द्विविधामा पर्दा उखानलाई सम्भने गर्दछन् र उखानद्वारा निर्दिष्ट मार्गलाई अँगाल्दछन् । यस्ता उखानले प्रायः विध्यर्थक भावमा प्रकट भई विधि-निषेध बताउने गर्दछन् । यस्ता नैतिक शिक्षा दिने उखानको ठूलो वर्ग छ । यहाँ केही उदाहरण दिइएका छन् ।

अर्कालाई सिकाउनु, आफूलाई चिनाउनू ।
अन्धाको देशमा आँखा चिम्लनु, लङ्गडाको देशमा खुट्टा खोच्याउनू ।
अड्नेका साथ अड्नू हिँड्नेका साथ हिँड्नू ।
अदुवा खाई सभा पस्नु, मूला खाई जङ्गल पस्नू ।
अति गर्नू, अत्याचार नगर्नू ।
अनिकालमा बीउ जोगाउनु, हुलमुलमा जीउ जोगाउनू ।
आँ गर्दा अलङ्कार बुभ्नू ।
आगो ताप्नू अगाडिबाट, घाम ताप्नू पछाडिबाट ।
आगो ताप्नू मुढाको, कुरा सुन्नू बूढाको ।
आफू भलो त जगत् भलो ।
आत्तिनु मात्तिनु र पात्तिनु हुँदैन ।
कि पढेर जानिन्छ कि परेर जानिन्छ ।
खान दोमन भए नखानू, दिसापिसाब गर्न दोमन भए गरिहाल्नु ।
खान पाइयो भन्दैमा ब्वाप्प नखानु, भन्न पाइयो भन्दैमा प्याच्च नभन्नू ।

खाने बेलामा घिन नसम्झनु, सुत्ने बेलामा रिन नसम्झनु ।
घोचो तिखार्नु, कुरो निखार्नु ।
नठोसी आगो पनि बल्दैन ।
पानीमा हिँड्दा पछि लाग्नु, धुलोमा हिँड्दा अगि लाग्नु ।
पैयुँ फुल्दा माइत जानु, आरु फुल्दा घर फर्कनु ।
बूढी मरी भनी नडराउनु, काल पल्क्यो भनी डराउनु ।
बैगुनीलाई गुनले मार्नु ।
रिन लागे नडराउनु, दिन लागे डराउनु ।
सुख भयो भनी नहाँस्नु, दुख भयो भनी नरुनु ।

३.२.२.५ सामाजिक असमानता⁄ जातपात र छुआछुत सम्बद्ध उखान

विभिन्न जात, जाति र समुदायको समष्टि नै मानवसमाज हो । यस्तो समाजमा पनि असमानता, छुआछुत, जातीय विभेद रहेको छ । समाजमा होची अर्घेली छन्, शोषण-दमन-उत्पीडन छन्, सामाजिक आर्थिक असमानता छन् । उखानमा यी सबैको प्रतिविम्ब पाइन्छ । जस्तै -

अर्तीको कुरा घर्तीको पनि लिनु पर्छ ।
कामीको विहे अट्ठार खाँचो ।
कुमालेको गाउँमा हाँडीको दुख ।
जसोजसो बाहुन बाजे उसै उसै स्वाहा !
जात फाल्नु गहतको झोलमा ।
तैं बाहुन मैं बाहुन, घरका पैसा कतै नजाऊन् ।
दमैकामीको बोली, वर्ष दिनको भोलि ।
धोबीको कुकुर घरको न घाटको ।
नेवार इष्ट र बाबु, दुष्ट कहिल्यै हुँदैन ।
नेवारको मुख चल्छ, भोटेको हात चल्छ ।
बाहुनको हाडै चोखो ।
बाहुनलाई खाई जाडो, नेवारलाई नुहाई जाडो ।
भतुवालाई भातैको धन्दा, जैसीलाई जातैको धन्दा ।
मगरको सङ्क्रान्ति कात्तिकको पन्ध्र जाँदा ।
माझीले मतो गर्दागर्दै सात घर डुबे ।
माझीलाई माछाको पाहुर ।
मियाको दौड, मस्जिदतक ।
आफूले पालेको कुकुरले आफैंलाई टोक्छ ।

कमाराको बुद्धि घुच्चुकमा ।
घर भाँडिन्छ कुराले चाकर भाँडिन्छ पुराले ।
कमारी बनी कमाउनी, रानी बनी उडाउनी ।
दुखियाकी जोई हुनुभन्दा, सुखियाकी कमारी हुनु बेस ।

३.२.२.६ छोराछोरीमा बिभेद सम्बद्ध उखान

नेपाली समाजमा असमानता, छुआछुत, जातीय बिभेद मात्र छैन, त्यत्तिकै मात्रामा छोराछोरीमा बिभेद पनि पाइन्छ। यस्ता बिभेदलाई नेपाली उखानले पनि देखाइआएका छन् । जस्तै :

छोरो पाए खसी काट, छोरी पाए फर्सी काट ।
छोरी मरी अर्काको घरमा परी ।
जसको छोरो उसको धन, जसको भैंसी उसको वन ।
ढिलो होस् छोरै होस् ।
छोरीको जन्म हारेको कर्म ।
छोरी बिग्रन्छे आमा गुना ।

३.२.२.७ धर्मसंस्कृतिसम्बन्धी उखान

मानवसमाज बिभिन्न धर्म र संस्कृतिमा हुर्केको हुन्छ भने नेपाली उखानहरू पनि बिभिन्न धर्मसंस्कृतिका सम्वन्धमा रहेका छन् । नेपाली उखानबाट पनि यसको पुस्ट्याइँ हुन्छ । –

आयो दसैं ढोल बजाई, गयो दसैं रिन बोकाई ।
काला गए गोरा आउँछन् ।
गङ्गाजलले सुर्जेलाई अर्घ ।
गाई दिनेलाई गोबर ।
गाईवस्तु मरे पुर्पुरोमा हात, बाबुआमा मरे घिउ र भात ।
जैसीकी छोरी राँड, बैद्यको गलगाँड ।
पशुपतिको जात्रा सिद्राको बेपार ।
पुरेतको सम्पत्ति, जजमानको विपत्ति ।
सराद्धे गर्नुभन्दा सिधा पुऱ्याउन गारो ।
सुनारका सय चोट, कामीको एकै चोट ।

३.२.२.८ ज्ञानविज्ञानसम्वन्धी उखान

सबै उखान विज्ञानसम्मत छैनन्, तर केही उखान यस्ता छन्, जो लोकअनुभवबाट विकसित भएका छन् र जसले विज्ञानसम्मत विचारको संवहन

गरिआएका छन् । *कि पढेर जानिन्छ कि परेर जानिन्छ* भन्ने उखानले अनुभव वा प्रयोग-परीक्षणको महत्त्वलाई पढाइ वा सिकाइसित सँगै उभ्याएको छ । यस्तो विचार र चेतना लोकसमुदायमा अनुभवबाट प्राप्त भएको हुन्छ । यस्ता उखानको पनि एउटा समूह छ । वास्तवमा उखान अनुभवसिद्ध ज्ञान नै हुन् । केही उदाहरण-

आग लागी झुपडी डेढ घडी भद्रा ।

आगो ताप्नू मुढाको कुरा सुन्नू बूढाको ।

आधा गाग्रो पानी छचल्किन्छ ।

कि पढेर जानिन्छ कि परेर जानिन्छ ।

खाई सार कि लाई सार ।

पानीभन्दा पातलो कुरा ।

रुपियाँ गन्नु सय फेर, मानिस चिन्नु एक फेर ।

वनको बाघले खाओस् कि नखाओस् मनको बाघले खान्छ ।

३.२.२.९ स्थानसम्बन्धी उखान

कुनै स्थाननामसम्बन्धी उखान र खास कुनै स्थानसित सम्बद्ध उखानलाई स्थानसम्बन्धी उखान भन्न सकिन्छ । उखान कुनै न हुने भौगोलिक क्षेत्रमा बसोबास गर्ने लोकसमुदायको अनुभवबाट जन्मेका हुन्छन् । यसरी जन्मदा कतिपय उखानले खास स्थानलाई समेट्छन् । यस्ता उखान सुरुमा स्थानीय देखिन्छन् र स्थानीय कहलाउँछन् । केही त्यहीँ सीमित पनि हुन्छन्, कति त कालान्तरमा लुप्त पनि हुन सक्छन् । तर अधिकांश उखान स्थाननामलाई समेट्दै सार्वकालिक र सार्वभौमिक बन्न पुग्छन् । नेपाली थुप्रै उखान पनि स्थाननामलाई समेटेर रचिएका छन् । त्यस्ता उखानलाई यस वर्गमा राख्न सकिन्छ ।

अन्तका बापती, **चितवन**का सभापति ।

अरुण नदेख्नेका लागि **तमोरै** ठूलो । (अरुण र तमोर= सप्तकोसीमा मिसिने नदीहरू)

आकासको फल आँखा तरी मर ।

आकासलाई थुके आफैँलाई छिटा ।

आफू उठी **लाहुर** जाने, छोरो पाइन भन्ने ।

इन्द्रका अगाडि स्वर्गको बयान ।

एउटा पोइका लागि **लाचोक** । (लाचोक= कास्की जिल्लाको एक गाउँ)

एकातिर आँधी अर्कोतिर झोलुङ्गो ।

कहीँ नभएको जात्रा हाँडी गाउँमा ।

कामकुरो एकातिर कुम्लो बोकी **ठिमी**तिर ।

(ठिमी= काठमाडौँ जिल्लाको एक प्रसिद्ध स्थान) ।

कौडी न सौडी, **असन**तिर दौडी । (असन= काठमाडौं जिल्लाको एक प्रसिद्ध स्थान) ।

गयो **डोटी**, खायो रोटी, आउँदाखेरि धोती न टोपी ।

गुर्जाभन्दा माथि गाउँ छैन, टुप्पीभन्दा माथि ठाउँ छैन । (गुर्जा= म्याग्दीको अग्लो स्थान)

गुल्मीका टारी, **पाल्पी**का बारी, **बलेवाङ**का हाँडी, **खिदिम**का राँडी ।

गोर्खालीको खुकुरी, वैरीको टाउकोमा भकुरी ।

घरै बसी **नेपाल** देख्ने ।

घुमीफिरी **रुम्जाटार** । (रुम्जाटार= पूर्वी पहाडको प्रसिद्ध स्थान)

जसका गाई उसको वन, जसका छोरा उसको धन ।

जहाँ राम उहीं **अयोध्या** ।

थानकोटेको निधार कालो, **साँखु**लेको गर्धन कालो ।

(थानकोट, साँखु= काठमाडौं जिल्लाका प्रसिद्ध स्थान) ।

दस **स्याङ्जाली** एक **ह्याङ्जाली** । (ह्याङ्जा= कास्की जिल्लाको एक स्थान)

आफू नमरी **स्वर्ग** देखिन्न ।

वैदामको बारी, **माझठाना**को टारी, **आर्भा**को घारी ।

(वैदाम, माझठाना, आर्भा= कास्की जिल्लाका उल्लेख्य स्थान)

बर्मा गए कर्म सँगै, **नेपाल** गए कपाल सँगै ।

लाहुरे **मलया**को पैसा नल्याको ।

लासामा सुन छ, कान मेरो बुच्चै ।

३.२.२.१० धर्म, भाग्य र ईश्वरमा विश्वास सम्बद्ध उखान

नेपाली समाज परम्परादेखि धर्म, भाग्य र ईश्वरमा विश्वास राख्छ भने उखानमा त्यसको प्रतिबिम्ब पाइन्छ । जस्तै -

ईश्वर दाहिना भए कसको के लाग्छ ?

ईश्वरले दिन परेपछि छप्पर फोरेर दिन्छन् .

एकादशी घुँडा धसी ।

पञ्चमीका पाइला गन्नु ।

दया न धर्म, ठूलो कर्म ।

पापीको मनमा पाप ।

पाप धुरीबाट कुर्लन्छ ।

भाग्यको लेखा भोग्नै पर्छ ।

भाग्यमानीको भूतै कमारो ।
हुने हार दैव नटार ।

३.२.२.११ स्वार्थी प्रवृत्ति र धनको धाक सम्बद्ध उखान

नेपाली उखानमा मानिसका स्वार्थी प्रवृत्ति र धनी मानिसको धनको धाक पनि प्रतिबिम्बित भएको पाइन्छ । जस्तै -

आ नो काम बन्छ भने कोरीको पाउ मल्नू ।
आ नो टाउको फुटेपछि मितको टाउको बेलै बराबर ।
खुट्टा भए जुत्ता कतिकति ।
गाँठी न गुठी, जरजर उठी ।
छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेढी .
माछा देखे दुलामा हात, सर्प देखे पाखामा हात ।
बलेको आगो सबै ताप्छन् ।
धन भए खेतीपाती छोरा भए नातिपनाति ।
सित्तैमा पाए तीन माना चुक खाने ।

३.२.३ विषयवस्तुको स्रोतका आधारमा

नेपाली उखानमा कथ्य वा विषयवस्तु विभिन्न स्रोतबाट लिइएको पाइन्छ । कथ्य वा भावलाई प्रस्तुत गर्नका लागि नै उखान बनेका हुन्छन् । उखानमा लोकजीवनका व्यवहारसिद्ध ज्ञान र अनुभवलाई व्यक्त गरिएको हुन्छ । विषयवस्तुको स्रोतका आधारमा नेपाली उखानलाई सामाजिक, पौराणिक, ऐतिहासिक र लोककथामूलक उखान गरी चार वर्गमा राख्नु उपयुक्त देखिन्छ । तल यिनको चर्चा गरिएको छ । –

३.२.३.१ पुराण

नेपाली लोकसमुदायमा पुराणसम्बद्ध थुप्रै उखानहरू प्रचलनमा रहिआएका छन् । पुराण-प्रसिद्ध घटना, चिरत्र, विषय र सन्दर्भसँग सम्बन्धित उखानहरूले नेपाली उखानको भण्डार भर्नमा मदत पुऱ्याएका छन् । कतिपय संस्कृतका सूक्तिहरूलाई पनि यसै वर्गमा समावेश गरिएको छ । पौराणिक स्रोतका उखानले पुराण-सम्बद्ध घटना, पात्र, विषय, प्रसङ्ग, अवस्था, स्थान आदिलाई बोध गराएका छन् । यस्ता उखानहरू कतिपय संस्कृत मूलमै रहेका छन् भने कति तिनबाट रूपान्तरित भएर प्रचलनमा आएका छन् । *शुभस्य शीघ्रम् ।* यो संस्कृत भाषाको सूक्ति नेपालीमा पनि त्यस्तै (तत्सम) रूपमा प्रचलनमा रहेको छ भने *काँडाले काँडा झिक्छ (कण्टकेनैव कण्टकम्)* भन्ने उखान संस्कृतबाट नेपाली भाषामा रूपान्तरित भएर प्रयोगमा आएको पाइन्छ ।

आफू त महादेउ उत्तानो टाङ, कसलाई देलान् वर ?
आफू भने थाङ्ने, सतीदेवी माग्ने ?
इन्द्रका अगाडि स्वर्गको बयान ।
एक्लो बृहस्पति भुट्टा ।
कहाँको राजा भोज कहाँको भोजु तेली ?
कहाँको राजा राम, कहाँको गने भँडारी ?
कि हस्तिनापुरको रजाइँ, कि चपरीमुनिको वास ।
कुबेरको घरमा धनको के दुख ?
धन देखेपछि महादेउका तीन नेत्र ।
नल राजा दमयन्ती रानी, ठिक्क आगो ठिक्क पानी ।
बार वर्ष रामायण पढें, सीता कसकी जोई ?
पतिव्रता द्रौपदीका पाँचवटा पोइ ।
भालुलाई पुराण सुनाए जस्तो ।
लङ्कामा सुन छ, कान मेरो बुच्चै ।

३.२.३.२ इतिहास

नेपाली उखानको विषयवस्तुको स्रोत इतिहास पनि रहेको छ। इतिहासका विभिन्न सन्दर्भलाई विषय वा कथ्य बनाएर रचना गरी लोकसमुदायमा तमाम उखान प्रचलनमा रहेका छन् । यस्ता उखानले कतिपय ऐतिहासिक साक्ष्य र तथ्यलाई संवहन गरिआएका छन् । यस्ता उखानको अध्ययन-विश्लेषण गरेर इतिहास बुझ्नमा मदत पुग्दछ । यस खालका नेपाली उखानको सङ्ख्या उल्लेख्य छ । यस्ता उखानले ऐतिहासिक घटना, व्यक्ति र विषयलाई प्रस्ट पार्ने काम गर्दछन् । त्यसैले उखानलाई तिथिमिति बिनाका इतिहास पनि भन्ने गरिन्छ । नेपाली उखानमा नेपाल, भारत र विश्वका अन्य विभिन्न मुलुकका ऐतिहासिक सन्दर्भ रहेका छन् । केही उदाहरण-

अकबर राजा वीरबल काजी, इन्साफ दिन्छन् खुसीराजी । (सन्दर्भ-मुगलसम्राट् अकबर)
अकबरी सुनलाई कसी लाउनु पर्दैन (सन्दर्भ-मुगलसम्राट् अकबर)
कि गोठको राजा कि कोटको राजा । (सन्दर्भ-द्रव्य शाह)
जङ्गेले बोलेपछि बोल्यो-बोल्यो । (सन्दर्भ-जङ्गबहादुर)
जाई कटक गर्नु, झिकी कटक नगर्नू । (सन्दर्भ-पृथ्वीनारायण शाह)
देखौंला नि पाँडेको दीर्घायु । (सन्दर्भ-काजी दामोदर पाँडे)
न्याय नपाए गोर्खा जानू, शास्त्र हराए काशी जानू । (सन्दर्भ-राम शाह)
पृथ्वीनारायण शाहलाई अर्ती दिने बिसे नगर्ची । (सन्दर्भ-पृथ्वीनारायण शाह)
पाए अन्त, नपाए लखन थापाको जन्त । (सन्दर्भ- लखन थापा)

बूढा मरे भाषा सरे । (सन्दर्भ-पृथ्वीनारायण शाह)

मुकुन्दसेनले मुलुक मार्न नजानेको र तँ फुस्राले खीर खान नजानेको । (सन्दर्भ-मुकुन्दसेन)

राजाको आँखा वाङ्गो हो कि मेरो गर्धन चिलाएको हो यो रुख त बाङ्गै छ । (सन्दर्भ-जङ्गबहादुर) बीरबलको खिचडी । (सन्दर्भ-मुगलसम्राट् अकबर)

३.२.३.३ समाज

उखान लोकसमाजले लोकसमुदायका लागि रचेको वा जुराएको सूत्रात्मक भाषिक अभिव्यक्ति हो भने जुराउने क्रममा कथ्य विषय विभिन्न स्रोतबाट लिइएको हुन्छ । त्यस्तो एउटा मुख्य स्रोत लोकसमुदाय आफैं पनि हो । त्यसैले उखानलाई समाजका प्रतिरूप वा प्रतिबिम्ब भन्दा फरक पर्दैन । घर-परिवार, लोकव्यवहार, रहन-सहन, उठ-बस, लवाइ-खवाइ, मानवीय मनोवृत्ति-प्रवृत्ति, सामाजिक लेन-देन र वरव्यवहार आदिलाई कथ्य विषय बनाइएका उखानलाई सामाजिक वर्गमा राख्नु मनासिब ठहर्छ । यस्ता उखानले समाजका विभिन्न प्रवृत्ति र विकृतिलाई छर्लङ्ग्याएका हुन्छन् । –

अंशको झगडा वंश रहेसम्म ।

अरूको लाख, आमाको काख ।

अरूलाई केको धन्दा, घरज्वाईंलाई खाने कुराको धन्दा ।

अर्थ न बर्थ गोबिन्द गाई, टाउको दुखेको ओखती नाइटोमा लाई ।

आए बाउको, गए साउको ।

आमाको काख अरूको लाख ।

आलु खाई पेंडाको धाक ।

एकजना दिक्क, दुईजना ठिक्क, तीनजना तानातान, चारजना हानाहान ।

एक पैसाको लिनदिन, कुरा गर्ने तीन दिन ।

कुन त बुहारी भट्टमास खाएकी ।

कहीं नभएको जात्रा हाँडीगाउँमा ।

खाए पनि बाघको मुख रातै, नखाए पनि बाघको मुख रातै ।

गुन्द्रुकलाई पकाउनु पर्दैन, सालीलाई फकाउनु पर्दैन ।

चोक्रे गाईको हुँकार ठूलो ।

छोरी कुटी बुहारी तर्साउने ।

छोरी भन्थी माइती-माइती, माइती भन्थे किन आइती ।

जस्तालाई तस्तै, ढिंडालाई निस्तै ।

जिउँदाका जन्ती मर्दाका मलामी ।

नखाऊँ भने दिनभरिको सिकार, खाऊँ भने कान्छाबाबुको अनुहार ।
नमच्चिने पिङको सय झड्का ।
नौ नगद, तेर उधार ।
पानी ल्याउनु मूलको, स्वास्नी ल्याउनु कुलको ।
पिटे पनि आमै जाती, पोले पनि घामै जाती ।
बडासँग लागे गुवा-पान, छोटासँग लागे नाक कान ।
बाघले खाए पनि किलो रित्तै, भीरबाट लडे पनि किलो रित्तै ।
बाबुआमाको माया छोराछोरीमाथि, छोराछोरीको माया ढुङ्गामुढामाथि ।
बाबु मरे आधा टुहुरो, आमा मरे पूरै टुहुरो ।
बुढेस् कालको पुता, यता न उता ।
भाइ भए भरोस, गाई भए गोरस ।
भाइ फुटे गँवार लुटे ।
लोग्ने-स्वास्नीको झगडा, परालको आगो ।

३.२.३.४ लोककथा

लोककथा नेपाली उखानको एउटा मुख्य स्रोत हो । उपाख्यानबाट उखान शब्द निष्पन्न भएको हो भन्ने मान्यता प्रबल छँदैछ । हुन पनि कतिपय उखानको जरो लोककथामै रहेको पाइन्छ । उखान शब्द उपाख्यानबाट विकसित भएकाले उखानहरूको मूल पनि कथाहरू नै हुन् भन्ने कुरामा आश्चर्य छैन (बन्धु,२०५८:३३५-३३६) । सुरुमा विस्तृत रूपमा रहेका लोककथाको सार उखानमा रूपान्तरित भएर रह्यो र कालान्तरमा लोककथा लोप पनि भएर गएको हुनसक्ने तर्कलाई अस्वीकार गर्न सकिँदैन । हाल प्राप्त कतिपय उखानका पछाडि वा मूलमा एकएक लोककथा रहेका पाइन्छन् । यस्ता लोककथालाई उखाने वा आहाने कथा भन्ने चलन पनि छ । रत्नाकर देवकोटाले आ नो **केन्द्रीय नेपाली भाषिकाका उखान र गाउँखाने कथा** (२०५८) ग्रन्थको परिशिष्ट खण्डमा यस्ता २८ वटा प्रसङ्ग प्रस्तुत गरेका छन् । कतिपय उखानका मूलमा रहेका कथा वा उपाख्यान अवशेषका रूपमा अहिले पनि पाइन्छन् । ती सबैको उखान र तिनका मूलमा भएका कथा (उपाख्यान) खोज्नु र यहाँ देखाउनु सम्भव देखिन्न । उदाहरणार्थ केही उखान र तिनका मूलमा रहेका कथा या उपाख्यानमात्र यहाँ प्रस्तुत गरिएको छ ।–

अछेतापाती धामीलाई, बेथा जति हामीलाई ।
अन्धेर नगरी अन्धा राजा, टकासेर भाजी टकासेर खाजा ।
अभागी हग्न बस्यो, बार हातको काठ पस्यो ।

आफ्ना ज्वाईंको जुठो नखाने कुन त्यसका बाउकी जोई होली !
खान्न-खान्न लोकाचार, खान लाग्यो मानाचार ।
जेठी भन्छे पानी कान्छी माग्छे घाम, म एक्लो बूढो कतातिर जाम ।
दिएको बेलामा नखाने, राति उठेर कोल चाट्ने ।
पशुपतिको जात्रा, सिद्राको बेपार ।
बार बर्षमा पोइ आ को, म राँडलाई जरो आ को ।
भैन बूढी छोराको बिहे, चार पाथी कनिका खेरै गए ।
माझीले मतो गर्दा सात गाउँ डुबे ।
मामाकी घोडी, मेरी हीं-हीं ।
यो भाँडामा घिउ भए आ ना ज्वाईंलाई किन नदिऊँ ?
रातभरि करायो, दक्षिणा हरायो ।
रातभरि रुड्यो, तल्ला घरे बूढी जिउँदै ।
लासामा सुन छ, कान मेरो बुच्चै ।
सराद्ध गर्नुभन्दा सिधा पुऱ्याउनु गारो ।
हात्ती आयो, हाती आयो फुस्सा ।

उखाने कथा-१

वीरबलको खिचडी

एकपटक अकबर र वीरबल केही दिनको भ्रमणमा निक्ले । घुम्दै जाँदा एउटा ठूलो हिमनदी देखापऱ्यो, जसको पानी एकदमै कन्चन र चिसो थियो । अकबरले वीरबलसित भने- यो नदीमा घाँटीसम्म डुबेर रात बिताउन सक्नेलाई म एक लाख असर्फी दिने थिएं । वीरबलले त्यसको प्रचार गरे । असर्फीको लोभले एकजना बाहुनले नदीमा डुबेर रात बिताउने बिचार गरे । उनी रातभर पानीमा घाँटीसम्म डुबेर उभिरहे । भोलिपल्ट उज्यालो हुनासाथ बाहुन असर्फी माग्न राजाकहाँ पुगे । राजा अकबर असर्फी दिनबाट अनकनाए । उनले सोधे- त्यस्तो चिसो पानीमा रातभर रहन सकिन्न, तिमी कसरी बस्न सक्यौ ? बाहुनले सोझो हिसाबले भने- ऊ त्यो डाँडाको पाखामा रहेको गोठमा बलेको आगो हेरेर चिसो पानीमा रात बिताएं । राजाले बाहुनलाई भने- त्यसो भए तिमी आगो तापेर पो बस्न सकेका रहेछौ । त्यसैले तिमीलाई पुरस्कार दिन मिल्दैन । बाहुन बहुतै दुखी भए । उनले वीरबललाई सबै घटना बताए । अनि वीरबलले भने- तपाइं नआत्तिनुहोस् राजाबाट पुरस्कार दिलाउने जिम्मा मेरो भयो । त्यसपछि त्यसदिन वीरबलले राजासित आफैंले ज्युनार तयार गर्ने प्रस्ताव राखे ।

ज्युनारको समय भए पनि बोलावट आएन । सारै ढिलो भएपछि राजा स्वयम् भान्सामा पुगे । त्यहाँ केही थिएन । राजा बाहिर निस्के । बाहिर चहुरमा वीरबल खिचडी पकाउँदै थिए । तल पिलपिल आगो बलेको थियो । छेउमा अग्लो बाँसको लिङ्गो गाडिएको थियो । लिङ्गाको टुप्पामा कसौंडी भुन्ड्याइएको थियो । त्यस्तो देखेर राजा रिसाए । उनले भने- यस्तो तालले पनि कहीं ज्युनार तयार हुन्छ ? वीरबलले मौका छोपेर भने- पाक्छ, किन नपाक्नु ? त्यति परको आगो तापेर बाहुन रातभर चिसो पानीमा घाँटीसम्म डुबेर बस्न सक्छन् भने यो खिचडी नपाक्ने कुरै आउन्न । राजाले बल्ल कुरो बुझे । उनले बाहुनलाई बोलाएर एक लाख असर्फी दिंदा भए ।

उखाने कथा–२

सराद्ध गर्नुभन्दा सिधा पुऱ्याउन गारो

एउटा गाउँमा एक मगर बस्थ्यो । ऊ सरल र सोझो थियो । धर्म-कर्ममा उसको मन जान्थ्यो । एक दिन उसलाई पनि बाहुन-क्षेत्रीले झैं बाबुको सराद्ध गर्ने इच्छा भयो । ऊ एक बाहुनसँग सल्लाह गर्न गयो । बाहुनले सरल तरिकाले भन्यो - भोलि म आउँछु, जेजे भन्छु त्यही-त्यही भन्नू, जेजे गर्छु त्यही-त्यही गर्नू । भोलिपल्ट बाहुन पुग्यो र मगरलाई त्यत्तिकै बसेको देखेर उसले खै त सामान तयार पारेको भन्यो । मगरले पनि खै त सामान तयार पारेको भन्यो । बाहुनले चोखो पानी ले भन्यो । मगरले पनि चोखो पानीले भन्यो । बाहुनले जौतिल ले भन्यो । मगरले पनि जौतिल ले भन्यो । बाहुनले कस्तो अबुझ रहेछ भन्यो । मगरले पनि कस्तो अबुझ रहेछ भन्यो ।...

यस्तो भन्दाभन्दै सराद्ध हुन सकेन । बाहुन आजित भएर घर फर्क्यो । यता मगरले सराद्ध सम्पन्न भएको ठान्यो । सराद्धमा त बाहुनलाई सिधा दिनुपर्छ भन्ने उसले बुझेको थियो । त्यसैले सिधा ठिकठाक पारी ऊ बाहुनका घरमा पुग्यो । उता बाहुन मगरले आ नो अपमान गरेको महसुस गरी आगो भएर बसेको थियो । मगर आँगनमा उक्लनेबित्तिकै चिरेको दाउराले थाप्लोमा हान्यो । मगरले बचाउ गरेन । बाहुनले झन् बेस्सरी हान्यो र भ्याकल-भुक्कल पारेर पठाइदियो ।

टाउकोबाट अलिअलि रगत बग्दै थियो । जीउ थिलोथिलो भएको थियो । घर पुग्नेबित्तिकै उसकी स्वास्नीले सोधी- पुऱ्यायौ त सिधा ? उसले भन्यो- अछा म्लेई ! सराद्ध गर्नुभन्दा त सिधा पुऱ्याउनु पो गारो रे छ !

उखाने कथा-३

यो भाँडामा घिउ भए आफ्ना ज्वाइँलाई किन नदिऊँ ?

धेरै दिनदेखि ज्वाइँ ससुरालीमा बस्दै थियो । सधैँ घिउ खान दिँदा घिउ नपुगेर समस्या भयो । जाडाको बेला, ज्वाइँ खान बस्यो । सासू घिउको भाँडो घोप्ट्याउँदै **यो भाँडामा घिउ भए आफ्ना ज्वाइँलाई किन नदिऊँ** *भन्दिरहिछ । जाडाले गर्दा घिउ जमेकाले कत्ति पनि झर्दैनथ्यो । एकदिन पिँढीमा पानी राख्दै सासूले ज्वाइँलाई भात खान बोलाइछ र आफू भित्र पसिछ । त्यही मौका छोपेर ज्वाइँले गोरुको दाम्लो फुकाई हातखुट्टा धोएर भान्सामा गएछ र भात खान बसेछ । त्यत्तिकैमा गोरुले झालपात खाएको थाहा पाएर सासू हस्याङफस्याङ गर्दै गोरु बाँध्न निस्की । यता ज्वाइँले पनियो तताएर घिउको भाँडोमा डोब्यो र घिउ पग्लेपछि पनियो झिकेर राख्यो । गोरु बाँधेर सासू भान्सामा पसी र सधैँ झैँ घिउको भाँडो थालमा घोप्ट्याउँदै यो भाँडामा घिउ भए आ ना ज्वाइँलाई किन नदिऊँ भनी । घिउ थालमा ह्वात्तै खस्यो । सासू बोल्न सकिन । ऊ चुप लागी । ज्वाइँले घिउ खानसम्म खायो र बढी भएको थालमै छोड्यो । सासूले जुठो घिउ सोहोर्दै भनी-*
आफ्ना ज्वाइँको जुठो नखाने कुन त्यसका बाउकी जोई होली

उखाने कथा-४

हात्ती आयो हात्ती आयो फुस्सा

जङ्गलको छेउमा गाउँ थियो । बेलाबेलामा हात्ती आएर खेत र बारी सखाप पारिदिन्थ्यो । किसानहरू हात्तीबाट आजित भइसकेका थिए । जङ्गलतिरबाट आज राति फेरि हात्ती आउँदै छ भन्ने चाल पाएर किसानहरू सतर्क भएर बसे । आगो बालेर अगुल्टा तयार पारे । हात्ती आउँछ र हात्तीको दोहोलो काढ्ने हो भनेर किसानहरू रातभर रुङेर बसे । अब आयो, अब आयो भनेर हेर्दाहेर्दै रात गयो, तर हात्ती आएन । हात्ती आयो हात्ती आयो फुस्सा भयो ।

३.२.४ भाव (अर्थ) का आधारमा

भाव अर्थात् अर्थका आधारमा नेपाली उखानलाई निश्चयार्थक, विध्यर्थक र प्रश्नार्थक गरी वर्गीकरण गर्न सकिन्छ ।

३.२.४.१ निश्चयार्थक

आफू नमरी स्वर्ग देखिन्न ।

आयुका छोरालाई बायुले खदिन ।
कुकुरको काम पनि छैन, फुर्सत पनि छैन ।
धन देखेपछि महादेउका पनि तीन नेत्र बल्छन् ।
कि पढेर जानिन्छ कि परेर जानिन्छ ।

३.२.४.२ विध्यर्थक

आगो ताप्नू अगाडिबाट, घाम ताप्नू पछाडिबाट ।
आगो ताप्नू मुढाको, कुरा सुन्नु बूढाको ।
घोचो तिखार्नू, कुरा निखार्नू ।
पानीमा हिँड्दा पछि लाग्नू, धुलामा हिँड्दा अघि लाग्नू ।
बिहे ढिलो गर्नू, खेत छिटो जोत्नू ।
मूला खाई जङ्गल पस्नू, अदुवा खाई सभामा बस्नू ।
रिस खा आफू, बुद्धि खा अरू ।
हुलमुलमा जीउ जोगाउनू, अनिकालमा बीउ जोगाउनू ।

३.२.४.३ प्रश्नार्थक

आफू त महादेउ उत्तानो टाङ कसलाई देलान् बर ?
किन चाउरिस मरिच् ? आ नै पीरले ।
चन्द्रमा दाहिने भए कसको के लाग्छ ?
छोरी भन्छे- माइती-माइती, माइती भन्छन्-किन आइती ?
बार वर्ष रामायण पढ्यो, सीता कसकी जोई ?

३.२.५ उखेल्नु पर्ने उखान

नेपाली उखानको ठूलो भण्डारमा सबै सकारात्मक उखानमात्र छन् भन्ने बुझ्नु हुँदैन । नेपाली उखान नेपाली समाजको प्रतिविम्ब पनि भएकाले नेपाली उखानमा पितृसत्ताप्रधान समाजमा पुरुषको हैकम र नारीमाथि हुने अपहेलना र उत्पीडनका सन्दर्भ छन्, सामन्ती अर्थव्यवस्था र त्यसले जन्माएको पक्षपातपूर्ण अमानवीय व्यवहार छन्, नारीजातिलाई उपेक्षा गरिएका हेपाहा निकृष्ट विचार छन्, सम्पन्नले विपन्नलाई गरिएका शोषणका कुरा पनि छन्, एक जातका व्यक्तिले अर्को जातका व्यक्तिलाई होच्याउने सन्दर्भ पनि छन् । कुनै समयमा कुनै सन्दर्भमा लोकसमुदायबाट जुराएर प्रयोगमा ल्याइएका यस्ता उखान मौखिक परम्पराका सम्प्राप्ति भए पनि अहिले तिनलाई प्रयोग गरिँदा मानव-मानवका बीचमा फाटो हुने, जातीय भेदभाव मेटाउनुपर्ने बेलामा भेदभाव बढाउने, छुवाछुत-प्रथा हटाई मानवीय

सद्भाव बढाउनुपर्ने अवस्थामा विद्वेष बढाउने, कर्ममा विश्वास गर्दै कर्मक्षेत्रमा उत्रनुपर्ने बेलामा भाग्यवादलाई प्रश्रय दिने, सबैको सम्मान बढाउनु पर्ने घडीमा केही ठुलाठालुको सम्मान बढाई अरूको उपेक्षा गर्ने हुँदा त्यस्ता उखानको प्रयोग र प्रचलन घटाउँदै र हटाउँदै लैजानु पर्ने आवश्यकता देखिन्छ। समय-परिस्थिति परिवर्तन भएकाले उखान पनि सोही अनुसार परिवर्तन हुने नै छन्। कति उखान त सभ्य समुदायबीच प्रयोग गर्न नसकिने गरी अश्लील पनि छन्। यहाँ त्यस्ता केही उखानका उदाहरण दिइएको छ।-

अँगारभन्दा काली, दस ठाउँमा टाली, अनुहार न दनुवार पोइ खोज्न थाली।

अघाएको बाहुन र भोकाएको ज्यापू काम लाग्दैन।

अरूकी लक्ष्मी भए पनि साँढिकी त जोई।

अर्तीका कुरा घर्तीको पनि लिनु पर्छ।

आफू मरेपछि डुमै राजा।

कमाराको बुद्धि घुच्चुकमा।

कहाँ राजा राम, कहाँ गने भँडारी।

काम पाइनस् बुहारी, पाडाको कन्डो कना।

कामीको बिहे अड्डार खाँचो।

कुन त बुहारी, भट्टमास खाएकी।

कुमाइको घुमाइ, जैसीको जाल, नेवारको जोखाइ, पर्वतेको काल।

कोरीको जीउ प्यारो, अपुताको धन प्यारो।

छोरीको कर्म हारेको कर्म।

जसको पोइ छैन, उसको कोइ छैन।

जहाँ केरा त्यहीँ बाहुनको डेरा।

जहाँ गुलियो, त्यहीँ बाहुन भुलियो।

जहाँ दही त्यहीँ बाहुनको सही।

झिल्के बाहुन तिल्के चन्दन।

ठाउँ न ठहर बूढीको रहर।

ढिलो होस्, छोरै होस्।

थारू खाई पक्का, बाहुन नुहाई पक्का।

दमाईको थुक चोखो, बाहुनको मुख चोखो।

दिनभरि कमिनी कपाल कोर, रातभरि कमिनी घोचा चोर।

दिनभरि बाहुन, रातभरि डाउन।

दुखीलाई दिएको देखिन्न, अपुतो सुतेको देखिन्न।

दुखीलाई दिम्ला नभन्नू, राँडीलाई लैजाम्ला नभन्नू।

नयाँ मुल्ला ज्यादा प्याज खान्छ ।

नसा नलागे भाङ खानु, केटी नपाए दाङ जानू ।

नेवार इष्ट र बाबु दुष्ट कहिल्यै हुँदैन ।

नेवार बिग्रेको र फर्सी कुहेको थाहा हुँदैन ।

न्याय नपाए गोर्खा जानु, स्वास्नी नपाए बागलुङ जानू ।

पाप न साप मिलाएर थाप ।

पुँजी न सुँजी उफ्रन्छ मुजी ।

बाघको मुख हेर्नुपरे बिरालाको मुख हेर्नु, शत्रुको मुख हेर्नु परे भाइको मुख हेर्नू ।

बाहुनको चित्त, माखाको पित्त ।

बाहुनको जनै, दमाईको सनै ।

बाहुन-क्षेत्रीको कोखाँ दाँत ।

बाहुन भुसिलो, मगर मसाइलो, कामी अँगारे, दमाई सिँगारे ।

बाहुनलाई खाई जाडो, नेवारलाई नुहाई जाडो ।

ब्याउनी न स्याउनी, मुल्नीमात्र ख्याउनी ।

भँडारीको बिहेमा पाँडेको परिपञ्च ।

भाग्यमा भए परी-परी आउँछ ।

भोटेलाई बन नदिनू, स्वास्नीलाई मन नदिनू ।

मगरको संक्रान्ति कार्तिकको पन्ध्र जाँदा ।

मतवाली र जुवाडी कहिल्यै उँभो लाग्दैनन् ।

मरेको मदिसेले जिम्दो पहाडियालाई ठग्छ ।

मातेको बोकाले आ नै मुखमा मुत्छ ।

मातेको बोकालाई कुन दिदी कुन फुपू ?

मुखमा लाउने मोही छैन, चाकमा लाउने घिउ ।

रुद्रघन्टी नहुनेको विश्वास हुँदैन ।

सार्कीले मरोस् भन्दैमा गोरु मर्दैन ।

सिङ र ढिङ हुनेको भर हुँदैन ।

सौताको छोरो चाकको पिलो ।

हुने हार दैव नटार ।

हुपहारा छोरा, रूपहारा छोरी ।

यस्ता उखानको लामै सूची बनाउन सकिन्छ । यस्ता उखानले पारिवारिक तथा सामाजिक सद्भावलाई बिगार्ने, मानव-मानवका बीचमा फाटो ल्याउने तथा नारीसमुदायलाई होच्याउने, छुवाछुत-प्रथा, ईश्वरवाद र भाग्यवादलाई प्रश्रय दिने,

श्रमजीवी र सर्वसाधारणको उपेक्षा गर्ने काम गर्दछन् । त्यसैले यस्ता उखान उखेल्नु पर्ने देखिन्छ । उखानको स्रष्टा, प्रयोक्ता र संवाहक पनि लोकसमुदाय नै हो । त्यसैले समयअनुसार यसलाई बदल्ने, संशोधन र प्रचलनबाट अलग्याउने मुख्य दायित्व पनि लोकसमाजमै निहित छ ।

३.३ निष्कर्ष

यसरी केलाउँदै जाँदा नेपाली उखानलाई धेरै आधारमा धेरै प्रकारमा छुट्याउन सकिने देखिन्छ । उखानभित्र रहेका शब्दका आधारमा तत्सम, तद्भव र आगन्तुक शब्द-मिश्रित उखान र वाक्य-संरचनाका आधारमा सरल वाक्यात्मक र जटिल वाक्यात्मक उखान गरेर पनि उखानलाई वर्गीकरण गर्न नसकिने होइन । आकारका आधारमा छोटो, मझौला र लामो आकारका गरी मुख्य तीन वर्गमा छुट्याउनु उचित हुन्छ । विषय वा कथ्यका आधारमा लोकविश्वाससम्बन्धी, जीवजन्तु र प्रकृतिजगत्सम्बन्धी, कृषक र कृषि-व्यवसायसम्बन्धी, नैतिक शिक्षासम्बन्धी, जाति तथा धर्मसंस्कृतिसम्बन्धी, स्थानसम्बन्धी र ज्ञानविज्ञानसम्बन्धी गरी वर्गीकरण गर्दा अधिकांश उखानहरू समेटिएको पाइन्छ । उखानको विषयवस्तुको स्रोतका दृष्टिले हेर्दा पौराणिक, ऐतिहासिक, सामाजिक र लोककथामूलक उखान देखिन्छन् । उखानलाई केही विद्वान्ले शब्दशक्तिका दृष्टिले पनि वर्गीकरण गरेको पाइन्छ । शब्दशक्ति उखान-वर्गीकरणको आधार हुन सक्ने कि नसक्ने भन्ने बारेमा अझ अध्ययन हुन बाँकी नै छ । उखानलाई भौगोलिक क्षेत्रका आधारमा गुल्मेली, पाल्पाली, कास्केली, बैतडेली, जुम्ली, आँधीखोले उखान आदि भन्न सकिन्छ । कतिपय उखानमा लयबद्धता वा गेयता र कतिपय उखानमा अनुप्रास वा तुकबन्दी पाइन्छ । उखानको वर्गीकरण यस दृष्टिले पनि गर्न सकिन्छ । ***कुकुरलाई मासु पैंचो । दूधको साक्षी बिरालो । जङ्गलमा मङ्गल ।*** आदि उखानमा क्रियाहीनताको स्थिति छ भने अधिकांश उखान क्रियायुक्त छन् र क्रियायुक्त उखानमध्ये पनि सामान्यार्थक, विध्यर्थक, प्रश्नार्थक र सम्भावनार्थ भावयुक्त उखान पनि पाइन्छन् । यस्ता तथ्यले उखानको वर्गीकरणको थप सम्भावनातर्फ सङ्केत गर्दछन् । पारिवारिक तथा सामाजिक सद्भावलाई बिगार्ने, मानव-मानवका बीचमा फाटो ल्याउने तथा नारीसमुदायलाई होच्याउने, छुवाछुत-प्रथा, ईश्वरवाद र भाग्यवादलाई प्रश्रय दिने, श्रमजीवी र सर्वसाधारणको उपेक्षा गर्ने खालका उखान पनि रहेकाले त्यस्ता उखानलाई उखेल्नु पर्ने उखान भन्न सकिन्छ ।

❖

अध्याय चार

बहुप्रचलित नेपाली उखान

नेपाली भाषामा उखानको पौल छ । जहाँजहाँ नेपाली भाषाभाषीहरू पुगेका छन्, त्यहाँत्यहाँ उखान पुगेका छन् । विभिन्न समय र सन्दर्भअनुसार विभिन्न आकार-प्रकारका उखानहरू प्रयोग हुने गर्दछन् । समय-परिस्थितिअनुसार नयाँनयाँ उखानहरू बन्दै र प्रयोगमा प्रयोगमा आउँदै गरेको पाइन्छ भने विभिन्न भाषाभाषीसित नेपाली भाषाभाषीको बढ्दो सम्पर्कले अन्य भाषाका उखान पनि नेपालीमा रूपान्तरित र भाषान्तरित भई प्रयोगमा आइरहेका छन् । यसले गर्दा उखानका दृष्टिले नेपाली भाषा झनै सम्पन्न हुँदै जाँदो छ । यस अध्यायमा नेपाली उखानको यस बृहत् भण्डारबाट बहुप्रचलित केही उखानहरू वर्णानुक्रममा प्रस्तुत गरिएको छ ।

अँगार खाएपछि अँगारै हग्छ ।
अँगालाको माया, भँगालाको पानी ।
अँध्यारोको काम, खोलाको गीत ।
अँध्यारो काम दुई हातले छाम ।
अंशको झगडा वंश रहेसम्म ।
अंशको बात वंशले जान्दछन् ।
अकबरी सुनलाई कसी लाउनुपर्दैन ।
अगस्तिको पेट कहिल्यै भरिँदैन ।
अगाएको भन्छ डाँडापारि खाऊँ, भोकाएको भन्छ डाँडावारि खाऊँ ।
अगाडि खोलो पछाडि भड्खालो ।
अघि चेते नाई, पछि चेते होते नाई ।
अघि आउने भरियाको रोजी बिसौनी, पछि आउने भरियाको छोडी बिसौनी ।
अघिको तीतो पछिको मीठो ।
अघिपछि अन्त, चैतमा जन्त ।
अघिपछि स्याहार, चोर आउने दिन बिस्याहार ।

अगि सम्झे सदा सुखी, पछि सम्झे सदा दुखी ।
अगुल्टो पनि नठोसी बल्दैन ।
अगुल्टोले हानेको कुकुर बिजुली चम्कँदा तर्सन्छ ।
अचानाको पीर/चोट खुकुरीले जान्दैन ।
अचार केको पिनाको, साली कसको भिनाको ।
अचेलका केटाकेटी कुकुरको पुच्छर बाङ्गो देखे पनि हाँस्छन् ।
अच्छयुँ खाएँ बच्छयुँ खाएँ, भुसे बारुलो ।
अछेतापाती धामीलाई, बेथा जति हामीलाई ।
अजिङ्गरको आहारा दैवले पुऱ्याउँछ ।
अड्कोपड्को तेलको धूप ।
अड्डा कुर्ने हामी मुद्दा छिन्ने धामी ।
अति गरे खति हुन्छ ।
अति भएपछि खती हुन्छ ।
अदुवाको पात पनि उही हो, सुठोको पात पनि त्यही हो ।
अदुवा खाई सभा बस्नू, मुला खाई वन पस्नू ।
अनिकालको मानु, बाँडीचुँडी खानु ।
अन्त गयो जय किस्ने, गाउँ पस्यो कोदो पिस्ने ।
अन्धाको देशमा आँखा चिम्लनु, लङ्गडाको देशमा खुट्टो खोच्याउनू ।
अन्धाले हात्ती छामे जस्तो ।
अन्धाले हात्तीको बयान गर्नु ।
अन्धेर नगरी चौपट राजा, टका सेर भाजी टका सेर खाजा ।
अन्याय गर्ने भन्दा अन्याय सहने पापी ।
अपुताको धन प्यारो कोरीको जीउ प्यारो ।
अभागी खप्पर जहाँ पनि ठक्कर ।
अभागी चाँदो उत्तानो भाँडो ।
अभागी हग्न बस्यो, तीन हातको काठ पस्यो ।
अभागीका घुच्चुकमा आँखा ।
अभागीको भाइ सप्रन्छ, भाग्यमानीको छोरो सप्रन्छ ।
अभागीलाई खाने बेलामा रिस उठ्छ ।
अभागीलाई कहीं न कहीं, भाग्यमानीलाई जहीं न तहीं ।
अमला खाएको र ठूलाबडाले भनेको पछि मीठो हुन्छ ।
अरिङ्गालको गोलामा ढुङ्गा हान्नु ।
अरू, अरू ठग, लाटो बाबु ठग ।
अरू हाँसेको र नानीका बा कासेको

अरूका गहना लाउनु, आ ना नाक-कान दुखाउनु ।
अरूकी लक्ष्मी भए पनि साँढेकी त जोई ।
अरूको लाख आमाको काख ।
अरूलाई केको धन्दा घरज्वाईलाई खानकै धन्दा ।
अरूलाई खनेको खाल्डोमा आफैं परिन्छ ।
अरूलाई सिकाउनु, आफूलाई चिनाउनु ।
अरूले तपाईं भनोस् आफैं मपाईं ।
अरूले खनेको बाटोमा हिँड्न सजिलो हुन्छ ।
अर्काको बुद्धिले राजा हुनुभन्दा आ नो बुद्धिले जोगी हुनु जाती ।
अर्काको बाच्छो चाट्यो, मुखभरि रौं ।
अर्काको नासो गलाको पासो ।
अर्काले हात्ती चढ्यो भन्दैमा धुरी चढ्नु हुँदैन ।
अर्घेली बुहारी पाहुनासित सुत ।
अर्ती भनेको घर्तीको पनि लिनु पर्छ ।
अर्ती र ओखती कहिल्यै मीठो हुँदैन ।
अर्थ न बर्थ गोविन्द गाई, टाउकाको ओखती नाइटामा लाई ।
अलिनु पनि नखाऊँ, नुनढिकी पनि नफोरूँ ।
अल्छीका मुखमा आहानका झुप्पा ।
अल्छी तिघ्रो, स्वादे जिब्रो ।
अष्टमी बाँचे नवामी देखिन्छ ।
असारमा डुल्नेको घर रित्तो ।

आँ गर्दा अलङ्कार बुझिन्छ ।
आँटको अगि ढाँटको केही लाग्दैन ।
आँटी छोरालाई बाघले खाँदैन ।
आँधी आए बसिहाल्नु, पानी परे भागिहाल्नू ।
आँप रोपे आँपै फल्छ ।
आइलाग्नेमाथि जाइलाग्नु पर्छ ।
आए आँप गए झटारो ।
आए बाबुको, गए साहूको ।
आकाशको फल आँखा तरी मर ।
आकाशलाई थुके आ नै मुखमा छिटा ।
आग लागी झुपडी, डेढ घडी भद्रा ।
आगाको छेउको घिउ पग्लिन्छ ।

आगाको बीउ र झगडाको निहुँ धेरै चाहिँदैन ।
आगाको मुखमा बर्कोको बुजो ।
आगाको डाहा आगैले मार्छ ।
आगाले खाएको बन, लुच्चाले खाएको धन ।
आगो ताप्नू मुढाको, कुरा सुन्नु बूढाको ।
आगो नभई धुवाँ उठ्दैन ।
आगो पनि नठोसी बल्दैन ।
आगो भन्दैमा मुख डढ्दैन ।
आगो र शत्रुलाई सानो नदेख्नू ।
आगो लागेपछि इनार खन्नु ।
आङको जुम्राले भन्दा सरेको जुम्राले बढी टोक्छ ।
आज मऱ्यो भोलि ओखती ।
आड नपाई कुकुर भुक्तैन ।
आधा गाग्रो छचल्किन्छ ।
आफू गए पूरा काम, अरूलाई पठाए आधा काम ।
आफू त जोगी खानाको भोगी ।
आफू ताक्छ मुढो, बन्चरो ताक्छ घुँडो ।
आफू नमरी स्वर्ग देखिन्न ।
आफू भलो त जगतै भलो ।
आफूले खनेको खाल्डोमा आफैँ परिन्छ ।
आफूले चिनेको चौतारो आफैँले भत्काउनु ।
आफूले बोकेको भारी आफैँले बिसाउनु पर्छ ।
आफू हुनुहुन्न, जेठाजुले छुनुहुन्न ।
आफैँ त महादेउ उत्तानो टाङ, कसलाई देलान् बर ?
आफैँ बोक्सी, आफैँ झाँक्री ।
आ ना ज्वाईंको जुठो नखाने कुन त्यसका बाउकी जोई होली !
आ ना खुट्टामा आफैँले बन्चरो हान्नु ।
आ नो आङ कन्यायो आफैँलाई छारो ।
आ नो आङको भैँसी नदेख्ने, अरूको आङको जुम्रा देख्ने ।
आ नो जस्तो अर्को हुँदैन, खास्टो जस्तो बर्को हुँदैन ।
आ नो थैलीको मुख, बलियो पार्नु, साथीलाई चोर नलगाउनू ।
आमाका अगाडि मावलीको पुर्ख्यौली ।
आमाको दूध चुसेर पुगेन, बाबुको घुँडो चुस्ने ।
आमातिरको मामा न बाबुतिरको काका ।

आमाबाबुको मन छोराछोरीमाथि छोराछोरीको मन ढुङ्गामाथि ।
आमाभन्दा छोरी बोक्सी ।
आयुको छोरालाई वायुले खाँदैन ।
आयो गयो मायामोह, आएन गएन को हो को हो ?
आयो दसैं ढोल बजाई, गयो गयो दसैं रिन बोकाई ।
आयो निदरी तेरो काल ।
आलु खाएर पेडाको धाक ।
आवश्यकता नै आविष्कारको जननी हो ।
आशा हि परमम् दुःखम् ।
आस गरे, भर नपरे ।

इन्द्रको अगाडि स्वर्गको बयान/ बखान ।
इन्द्रसँग बर्षाको कुरा, आमासँग मामाको कुरा ।
इन्साफ हराए गोरखा जानू, शास्त्र हराए काशी जानू ।
इलमीका भागमा मासु, अल्छीका भागमा आँसु ।
ईख नभएको मान्छे र विख नभएको सर्पको के काम ?

उखुको टुप्पो मूलाको फेद, भतुवा पाली घरको भेद ।
उचालेको कुकुरले मिर्ग मार्दैन ।
उठी सुख न बसी सुख ।
उठे सगरसम्म बसे जगधम्म ।
उठ् जोगी फट्कार छाला, जहाँ जाला खिरै खाला ।
उत्तम खेती मध्यम व्यापार, अधम चाकरी सदा भ्रुपार ।
उपियाँ फड्क्यो, जुम्राको थान ।
उमेरमा स्याल पनि घोर्ले हुन्छ ।
उम्किछस् बुहारी ! कुकुर हगाई ल्या ।
उसै त बुहारी भटमास खाएकी ।
उत्ताउली गाई बाघले खाई ।
उनिउँ फुल्दो न ढुङ्गो टुसाउँदो ।
उम्केको माछो ठूलो ।
उम्केको माछो तीन धार्नी, मरेकी छोरी जम्दार्नी ।

एउटाको जरो न उखेली अर्काको ओखती हुँदैन ।
एउटा भुट ढाक्न सय भुट बोल्नु पर्छ ।

एउटा भाइ हिड नभए भागै नबस्ने, अर्को भाइ हिड भए भित्रै नपस्ने ।
एउटै सिरान गरेर सुतेपछि गोडा लाग्छ ।
एक कान दुई कान मैदान ।
एक कानले सुन्नू, अर्को कानले उडाउनू ।
एक ठक्करले सात बुद्धि आउँछ ।
एक थुकी सुकी हजार थुकी नदी ।
एक दामको उपति, दस दाको स्वाङ ।
एक दिनको पाहुना मीठोमीठो खा,
दुई दिनको पाहुना जसोतसो खा,
तीन दिनको पाहुना जतासुकै जा ।
एक पन्थ दुई काज ।
एक पाउको जिब्रो हल्लाउनुभन्दा दुई धार्नीको टाउको हल्लाउनु बेस ।
एक पापी चढेको नाउले सबैलाई डुबाउँछ ।
एक पैसाको उपति, दस पैसाको खति ।
एक पैसाको लेनदेन, कुरा गर्छन् तीनदिन ।
एक पैसा पनि धनै हो, चाउरे पनि छोरै हो ।
एक माघले जाडो जाँदैन ।
एक रातको अनिद्राले सात रात पिर्छ ।
एक विद्या चौध चतुऱ्याइँ ।
एक हातले ताली बज्दैन ।
एकले बिराउने, शाखा पिराउने ।
एक हाते चिचिन्डाको नौ हाते बियाँ ।
एकोहोरो रोटी पाक्दैन ।
एक्लो वृहस्पति झुट्टा ।

ओखतीको नाम जपेर रोग निको हुँदैन ।
ओठमा लगाउने चिल्लो छैन धसिङ्गरे पुवा ।
ओभर भयो भने गोबर हुन्छ ।
ओरालो लागेको मिर्गलाई बाछाले पनि खेद्छ ।
ओल्लो घाट न पल्लो तीर ।
ओस चाटेर तिर्खा मर्दैन ।
औंलो दिंदा डुँडुलो निल्ने ।

कन्याइभन्दा चिलाइ ठूलो ।

कमाइ न धमाइ, खा रमाई-रमाई ।
कमाराको बुद्धि कोखामा !
कमारी बनी कमाउनू, रानी बानी उडाउनू ।
कमारोलाई पाडो पाए पनि ब्याउँती, पाडी पाए पनि ब्याउँती ।
कमारो हुँला भन्ने पो डर, कमारो भए पछि केको डर ?
कमिलाको मर्ने बेलामा प्वाँखा उम्रन्छ ।
कमिलालाई मुतको पहिरो ।
कर्कलोलाई बञ्चरो चाहिँदैन ।
कसैलाई केको धन्दा, घरज्वाईंलाई खानैको धन्दा ।
कसैलाई मरीमरी, कसैलाई परीपरी ।
कस्ता-कस्ता कहाँ गए, मुसाका छोरा देवान ।
कस्ता-कस्ता कहाँ गए, लुते कुकुरलाई जागिर ।
कहाँको राजाराम, कहाँको गने भँडारी ?
कहाँ जालास् ? मछली मेरै ढडिया ।
कहिले सासूको पालो, कहिले बुहारीको पालो ।
कहीँ नभएको जात्रा हाँडी गाउँमा ।
काँकालाई थाँक्रो दियो थाँक्रै धनी ।
काँको चोरलाई मुड्कीको सास्ती ।
काग कराउँदै छ, पिना सुक्दै छ ।
कागभन्दा कोइली चङ्ख ।
कागलाई बेल पाकेर हर्ष न बिस्मत ।
कागले कान लग्यो भन्दैमा कागको पछि दगुर्ने ।
काटेको घाउमा नुनचुक ।
काठका खुट्टा, सासको धन ।
कानो गोरुलाई औंसी न पुर्ने ।
कामकुरो एकातिर, कुम्लो बोकी ठिमीतिर ।
काम गर बुहारी काख चेलो छ, खान आइज बुहारी ठूलो थाल कता छ ?
काम गर्नाको दुखले जोगी भयो, जोगी भएको भोलिपल्ट भोकै रह्यो ।
काम गर्ने कालु, मकै खाने भालु ।
काम गर्ने हनुमान पगरी गुथ्ने ढेडु ।
काम गर्ने बेलामा हातखुट्टा गल्ला, खाने बेलामा ठूला-ठूला डल्ला ।
काम छउन्जेल भाँडो, काम सकिएपछि ठाँडो ।
काम पाइनस् बुहारी पाडाको कन्डो कना ।
काममा हीरा फोर्नू, बेकाममा नुनढिकी पनि नफोर्नू ।

काम साँचे आफूलाई खान साँचे अरूलाई ।

कामीको विहे अट्ठार खाँचो ।

काला जागे गोरा भागे ।

कालो अक्षर भैंसी बराबर ।

कालीकुत्ती महाउत्ती सेतीकुत्ती तथैव च ।

काशी जानु, कुतीको बाटो ।

कि आँटले खान्छ कि डाँटले खान्छ ।

किन चाउरिस् मरिच ? आ नै पीरले ।

किन रोइस् मङ्गले ? आ नै ढङ्गले ।

कि पढेर जानिन्छ, कि परेर जानिन्छ ।

कि हस्तिनापुरको रजाइँ, कि चपरीमुनिको त्रास ।

कुकुरको काम पनि छैन, फुर्सत पनि छैन ।

कुकुरको पुच्छर बार वर्ष ढुङ्ग्रामा हाले पनि बाङ्गको बाङ्गै ।

कुकुर भुक्दै गर्छ, हात्ती लम्कँदै गर्छ ।

कुकुरलाई मासु पैंचो ।

कुकुरले दाइँ हुने भए गोरु केलाई चाहियो ।

कुचाले बढार्नुपर्ने कसिङ्गर बतासले उडाइदियो ।

कुण्डकुण्ड पानी, मुण्डमुण्ड बुद्धि ।

कुन त खेती फटेङ्ग्राले मेटी ।

कुन त बुहारी, भट्टमास खाएकी ।

कुन त मुसुरी हिँगले झानेकी ।

कुबेरका घरमा धनको दुःख ।

कुमालेको गाउँमा हाँडीको दुख ।

कुरा गरे बनभरि, नगरे मनभरि ।

कुरा बुझ्दैन, कुखुरा मुत्दैन ।

कुरो र कुलो जता लग्यो उतै जान्छ ।

के खोज्छस् काना ? आँखो ।

केटाकेटी आए गुलेली खेलाए, चरा मार्न सकेनन्, पुच्छर हात लाए ।

केटाकेटीको जाडो बोकाले खान्छ ।

केटाको तलब नसोध्नू, केटीको उमेर नसोध्नू ।

केटी कस्ती छ ? हेर्नै नपर्ने, केटो कस्तो छ ? बोल्नै नपर्ने ।

के निहुँ पाऊँ, कनिका बुकाऊँ ।

कोरीको जीउ प्यारो, अपुताको धन प्यारो ।

केसित खाइस् ? दूधसित निस्तै, कोसित आइस् ? बाबुसित एक्लै ।

कौडी न सौडी, बजार-बजार दौडी ।
कौवालाई बेल पाकेर हर्ष न विस्मात् ।

खतीको बेला मति आउँदैन ।
खर्च न बर्च काशी जानु पर्छ ।
खाई न पाई छ्यालाको टोपी लाई ।
खाई सार कि लाई सार, मरेपछि लम्पसार ।
खाऊँ त कर्कली पेट मर्कली, नखाऊँ त कर्कली सासू छ भर्कली ।
खाऊँ भने कान्छा बाको अनुहार, नखाऊँ भने दिनभरको सिकार ।
खाएको बिख पो लाग्छ, नखाएको बिख लाग्दैन ।
खाए पनि बाघको मुख रातै, नखाए पनि बाघको मुख रातै ।
खान दोमन भए नखानू, दिसापिसाब गर्न दोमन भए गरिहाल्नू ।
खान पाइयो भन्दैमा क्वाप्प नखानू, भन्न पाइयो भन्दैमा प्याच्च नभन्नू ।
खानु के छ फर्सीको मुन्टा, भाग बस्नु के छ चुठ्नुको टन्टा ।
खानु न पिउनु पुर्परोमा चिनु ।
खाने-पिउने रामे, चोट पाउने च्यामे ।
खाने मुखलाई जुँगाले छेक्तैन ।
खाने बेलामा घिन नसम्भनू, सुत्ने बेलामा रिन नसम्भनू ।
खान्नखान्न लोकाचार, खान लाग्यो माना चार ।
खास्टो जस्तो बर्को हुँदैन, आ नो जस्तो अर्को हुँदैन ।
खुकुरीभन्दा कर्द लाग्ने, बाबुभन्दा छोरो जान्ने ।
खुट्टी देखेरै पत्याएँ ।
खुट्टो कमाएर जङ्घार तर्दिन ।
खोलो तऱ्यो, लौरो बिर्स्यो ।
खौरी मसिनो र दिई आ नो हुँदैन ।
खौलामा परेपछि ढिँगो पनि चेत्छ ।

गङ्गा जलले सूर्यलाई अर्घ ।
गधा धोएर/मोलेर गाई हुँदैन ।
गधालाई गधाकै भारी, बोकालाई बोकाकै भारी ।
गयो इलाम, खायो सिलाम, फिर्ने बेलामा गुन्टा लिलाम ।
गयो डोटी, खायो रोटी, फिर्ने बेलामा धोती न टोपी ।
गरिबको धन सय पटक गन ।
गरिबलाई जाडो भयो भन्दैमा राति घाम लाग्दैन ।

गरिबसंग धन हुँदैन, धनीसंग मन हुँदैन ।
गर्नेका भागमा दूध र भात, अल्छीको पुर्पुरामा हात ।
गर्जने मेघ बर्सदैन ।
गर्ने भन्ने हनुमान, पगरी गुथ्ने ढेडु ।
गर्ने बेलामा हातखुट्टा गल्ला, खाने बेमा बडाबडा डल्ला ।
गर्नेभन्दा गराउने ठूलो ।
गाँठी न गुठी जरजरी उठी ।
गाई न गोठ लबरलबर ओठ ।
गाई भए गोरस, भाइ भए भरोस ।
गाई गोठाला सुकिलामुकिला, भैंसी गोठाला हिला,
बाख्रा गोठाला छिटा-छरिता, भेडा गोठाला ढिला ।
गाई मारी गधा पोस्नु ।
गिलो भात र भलो मान्छेले बिगार गर्दैन ।
गुन गर्दा हलो, बेगुन गर्दा फाली ।
गुरु गुडै रह्यो, चेला चिनी बन्यो ।

घर पोले खरानीको के दुख ?
घरै बसी नेपाल देख्ने ।
घरै पिंडालु बनै पिंडालु, ससुरालीको घर जाँदा बार हातको पिंडालु ।
घाँटी हेरी हाड निल्नू ।
घिउ कहाँ पोखियो, भागैमा ।
घिउ न तेल, पका बूढी सेल ।
घुमीफिरी रुम्जाटर ।
घोकन्ती विद्या धावन्ती खेती ।
घोचो तिखार्नू, कुरा निखार्नू ।
घोडा चढ्ने लड्छ ।

चकचके गोरुका चार ठाउँमा डाम ।
चन्द्रमा दाहिने भए कसको के लाग्छ ?
चरालाई सुनको पिंजडाभन्दा जङ्गल नै प्यारो हुन्छ ।
चरीको धन चुच्चो ।
चामल पैसा धामीलाई, वेथा जति हामीलाई ।
चारखुट्टे धन गर्न्दै नगन ।
चिन्नेलाई श्रीखण्ड, नचिन्नेलाई खुर्पाको बिंड ।

चिची पनि पापा पनि ।
चितायो कि बितायो ।
चिन्नु न जान्नु ढुङ्गाले हान्नु ।
चुच्चे ढुङ्गो उही ढुङ्गो ।
चुलिएपछि पोखिन्छ ।
चोर्ने बुहारीलाई भँडार सुम्पनु ।
चोक्टा खान गएकी बूढी झोलमा डुबेर मरी ।
चोरमाथि चकार ।
चोरलाई चौतारो साधुलाई सुली ।

छन् गेडी सबै मेरी, छैनन् गेडी सबै टेढी ।
छाता ओढ्नू घाममा, हीरा फोर्नू काममा ।
छासछुसे देउतालाई फासफुसे पूजा ।
छुचुन्द्राको टाउकामा चमेलीको तेल ।
छेपाराको आहान ।
छेपाराको मन्त्र नजान्ने, सर्पका दुलामा हात ।
छोराछोरी आ ना राम्रा, स्वास्नी अर्काका राम्रा ।
छोराछोरी आ नो राम्रो, खेतीपाती अर्काको राम्रो ।
छोरा जन्मे खसी, छोरी जन्मे फर्सी ।
छोराभन्दा नाति प्यारो, साउँभन्दा ब्याज प्यारो ।
छोरी कुटी बुहारी तर्साउनु ।
छोरी भन्छे माइती-माइती, माइती भन्छन् किन आइती ?
छोरी मरी, ठूला घरमा परी ।

जड्‌डेले बोलेपछि बोल्यो, बोल्यो ।
जता काफल पाक्यो, उतै चरी नाच्यो ।
जता भल्कु उतै ढल्कु ।
जति देउराली, उति पाती ।
जति जोगी आए कानै चिरेका ।
जति भाँडो उति चुबुर्को ।
जन्त जानुभन्दा अन्त जानु जाती ।
जब भयो राती, अनि बूढी ताती ।
जसका छोरा उसको धन, जसका भैंसी उसको वन ।
जसको जौ खानु उसकै जुँगा उखेल्नु ।

जसलाई तिर्खा लाग्छ, उही खोलो धाउँछ।
जसले अँगार खान्छ उसैले कालो हग्छ।
जसले मह काढ्छ उसले हात चाट्छ।
जसोजसो बाहुन बाजे उसैउसै स्वाहा।
जस्तालाई त्यस्तै ढिँडालाई निस्तै।
जस्तो आफू उस्तै च्यापु।
जहाँ इच्छा, त्यहाँ उपाय।
जहाँ नपुगे रवि उहाँ पुगे कवि, जहाँ नपुगे कवि उहाँ पुगे कवि।
जहाँ फल पाक्छ, त्यहीँ चरी नाच्छ।
जहाँ राम, त्यहीँ अयोध्या।
जाँगर न साँगर, खाने बेलामा आँ गर।
जाई कटक गर्नू झिकी कटक नगर्नू।
जात फाल्नु गहतको झोलमा।
जान्नेलाई श्रीखण्ड नजान्नेलाई खुर्पाको बिँड।
जिउँदाको जन्ती र मर्दाको मलामी।
जिउँदो बाघको अगि पर्न नसक्ने, मरेका बाघको जुँगा उखेल्ने।
जुँगा चल्यो, कुरा बुझ्यो।
जुन आँखा धोचे पनि आफैँलाई दुख्छ।
जुन औँलामा बिख लाग्छ, उही औँलो झर्छ।
जुन गोरुको सिङ छैन उसकै नाम तिखे।
जुन थालमा खायो उही थालमा थुक्ने।
जुन पोइ होला जस्तो, उही जेठाजु!
जेठो छोरो कान्छो नानी, माहिलो छोरो आनामानी।
जो अगुवा, उही बाटो हगुवा।
जोई न जुँगा पोइ न पोते, सातु न सोप्म्राक कोसा खाँदै सुसेल्दै।
जोगीका घरमा सन्यासी पाहुना।
जोगी देखी भैँसी डरायो, भैँसी देखी जोगी डरायो।
जो चोर उसको ठूलो स्वर।
जो होचो उसका मुखमा घोचो।

झगडाको बीउ रोप्नु पर्दैन।
झगडे स्वास्नी काउछाको माला।
झिँगाको सरापले डिँगा मर्दैन।
झिकिदे गाँडभन्दा थपिदे गाँड।

झुटो टग्दैन, साँचो डग्दैन ।

टाउको दुख्दा, नाइटोमा ओखती ।
टाढाका दाजु-भाइभन्दा नजिकको छिमेकी भलो ।
टेक्ने हाँगो न समाउने डालो ।

ठक्कर नखाई बुद्धि आउँदैन ।
ठट्टा गर्दा लट्टा पर्छ ।
ठाउँ न ठहर बूढीको रहर ।
ठूलाको सङ गरे खुवा र पान, सानाको सङ गरे नाक र कान ।
ठाडा खोलाको भल, लोग्नेस्वास्नीको कल ।
ठूला मर्छन् नामका खातिर, साना मर्छन् खानका खातिर ।
ठूला माछाले साना माछालाई खान्छ ।
ठूला रूखको ओत लागे एक झर पानी ओत्छ ।

डाक्यो न बोलायो, लिंडे पुच्छर डोलायो ।
डुब्न लागेकालाई सिन्काको सहारा ।

ढाँटको निम्तो खाई पत्याउनू ।
ढाँटेको कुरा काटे मिल्दैन ।
ढिलो होस्, छोरै होस् ।
ढुङ्गाको भर माटो, माटाको भर ढुङ्गो ।
ढुङ्गो खोज्दा देउता मिल्नु ।

तँ कुटे जस्तो गर, म रोए जस्तो गर्छु ।
तँलाई खाने बाघले मलाई पनि खान्छ ।
ताक परे तिवारी नत्र गोतामे ।
तातो पानीले घर डढ्दैन ।
ताते खाऊँ जल्दै मरूँ ।
ताप्के तात्नु कहाँ छ कहाँ बिंड तात्ने ।
तित्राको मुखै वैरी ।
तीताको पातै नछुनू, मीठाको जरै नछोड्नू ।
तीन पैसाकी कमारी, छ पैसाको गुन्यू ?
तीन सुकाको खुकुरी, नौ सुकाको बिंड ?

तै रानी मै रानी को भर्ला कुवाको पानी ।
तै रिन तै रिन बूढी बाख्री किन ।
तोलाको वचन खोलामा ।

थानकोटेको निधार कालो, साँखुलेको गर्धन कालो ।
थाल खाऊँ कि भात खाऊँ ?
थुकेपछि आ नै थुक पनि घिन लाग्छ ।
थुतुनो र मुतुनो जोगाउनु पर्छ ।

दमाईको थुक चोखो, बाहुनको मुख चोखो ।
दाजुलाई केही नहोस्, भाउजूको हातका चुरा नरहुन् ।
दाजुलाई सक्दिन, भाउजूलाई राख्दिन ।
दिँदा नखाने, राति उठेर कोल चाट्ने ।
दिऊँ भने आफू नाङ्गो, नदिऊँ भने इष्ट बाङ्गो ।
दुई जोईको पोइ, कुना पसी रोई ।
दुख पर्दा मीतका घर जानू, सुख पर्दा ससुराली जानू ।
दुख पाइस् मङ्गले, आ नै ढङ्गले ।
दुख पाए मगर गाउँ पस्नू ।
दूधको दूध, पानीको पानी ।
दूधको साक्षी बिरालो ।
दूध दिने गाईको लात्तो सहनु पर्छ ।
दुलहीलाई रातो, सुत्केरीलाई तातो ।
देखासिखी गरी खा, आरिसे मरी जा ।
देखी ग्रहण, सुनी सुतक ।
देखेको पाइन्न, लेखेको पाइन्छ ।
देखौंला नि पाँडेको दीघार्यु !
देख्नमा हिरो, पढ्नमा जिरो ।
देख्नाको डाल, खानको काल ।
देख्नेका आँखा फुटे, सुन्नेका सही ।
देशअनुसारको भेष ।
देश खाई शेष ।

धनको मुख रातो ।
धन देखेपछि महादेउका तीन नेत्र बल्छन् ।

धन भनेको हातको मयल हो ।
धनले धन तान्छ, समुद्रले पानी तान्छ ।
धनीलाई चैन, गरिबलाई ऐन ।
धनीसँग मन हुँदैन, गरिबसँग धन हुँदैन ।
धाकभन्दा धक्कु ठूलो, हिँड्न लाग्यो खुट्टा लुलो ।
धान खाने मुसो, चोट पाउने भ्यागुतो ।
धुलोमा हिँड्दा अघि लाग्नु, पानीमा हिँड्दा पछि लाग्नू ।
धेरै खाए अमृत पनि विष हुन्छ ।
धेरै खाएपछि चिनी पनि तीतो हुन्छ ।
धेरै खाए मल, थोरै खाए बल ।
धेरै बिराली, मुसी नमारी ।
धोबीको कुकुर घरको न घाटको ।

नआत्तिनु, नमात्तिनु, नपात्तिनु ।
नखाऊँ भने दिनभरिको सिकार, खाऊँ भने कान्छा बाको अनुहार ।
नजाने गाउँको बाटै नसोध्नू ।
नदिने बराजु बुधबार बाह्रिन् ।
नदुखेको कपाल डोरी लगाएर दुखाउनु ।
नपत्याउने खोलाले बगाउँछ ।
नपाउनेले कबेरा पायो, बोकैसित खायो ।
नपाउन्जेल कस्तो पाएपछि सस्तो ।
नबिराउनू नडाराउनू ।
नभए एक शोक, भए सय शोक ।
नमिच्चने पिठ्का सय भड्का ।
नयाँ जोगीले बढी खरानी घस्छ ।
न रहे बाँस, न बजे बाँसुरी ।
नर्कको राजा हुनुभन्दा स्वर्गको नोकर हुनु जाती ।
नहुनु मामाभन्दा कानो मामा निको ।
नाउँ न जस खरानी घस ।
नाक काटे स्वर्ग देखिन्छ ।
नाइलो ठटाएर हात्ती तर्साउने ।
नाच्न नजान्ने आँगन टेढो ।
नानीदेखि लागेको बानी, कसै गरी नजानी ।
नानीभन्दा आच्छी ठूलो ।

निर्धाका हात छिटो चल्छन् ।
निर्धाकी स्वास्नी, सबैको भाउजू ।
निसाफ हराए गोर्खा जानू, विद्या हराए काशी जानू ।
नुन खाएको कुखुरोजस्तो हुनु ।
नेपाल गए कपालसँगै, वर्मा गए कर्मसँगै ।
नौ नगद तेर उधार ।
न्याउरी मारी पछुतो ।
न्याय हराए गोरखा जानू, शास्त्र हराए काशी जानू ।

पछि आउने माफमा सुत्ने ।
पढ्नु गुन्नु कौने काम, हलो जोती खायो माम ।
पढ्यो-पढ्यो पाठ, सोर दुना आठ ।
परिश्रमको फल मीठो हुन्छ ।
पल्केको तिल्के घरीघरी मिल्के ।
पशुपतिको जात्रा, सिद्राको बेपार ।
पहाडका वापती, चितवनका सभापति ।
पहाडको पाङ मधेसको दाङ ।
पहाड खानू बुहारीका भर, मधेस खानू गोरुका भर ।
पाडो खानेले बाछो राख्दैन ।
पानी खानु मूलको विहे गर्नु कुलको ।
पानीमाथिको ओभानो ।
पानीमा बसी गोहीसँग वैरभाव ।
पाप धुरीबाट कराउँछ ।
पाले पुण्य, मारे पाप ।
पाहुनालाई आइदिए पुग्छ, केटाकेटीलाई रोइदिए पुग्छ ।
पिटे पनि आमै जाती, पोले पनि घामै जाती ।
पिठोसँग घुन पनि पिसिन्छ ।
पुरेतको सम्पत्ति, जजमानको विपत्ति ।
पुस, फासफुस ।
पैसा न सैसा टिकी टर्‍याँसटर्‍याँस ।
पोइ न पोते, जोई न जुंगा ।
पोहोर मरिन् सासु, अहिले आयो आँसु ।

फर्सीको मुन्टा खानमा भन्दा चुँडनमा टन्टा ।

फाली मासी सियो ।
फूलको बास्ना वरिपरि, मानिसको बास्ना डाँडापारि ।

बज्यै हाँसिन् म पनि हाँसे ।
बत्तीमुनि अँध्यारो ।
बर्मा गए कर्म सँगै, नेपाल आए कपाल सँगै ।
बलियाबाङ्गा बाघलाई, बूढाखाडा माघलाई ।
बाँदरको पुच्छर लौरो न हतियार ।
बाँदरको घाउ कहिल्यै पनि निको हुन नपाउ ।
बाँदरको हातमा नरिवल ।
बाँदरले आ नो घर पनि बनाउँदैन अरूको पनि राख्दैन ।
बाँसको हलो हुन्न, पापीको भलो हुन्न ।
बाउन्न ठक्कर, त्रिपन्न हन्डर ।
बाउ पनि छैनन्, बाउको समाउने पनि छैन ।
बाखाको पुच्छर काटी बोकालाई सजिलो ।
बाखाले बिराउँछ, भेडाको कान काट्ने ।
बाघको छालामा स्यालको रजाइँ ।
बाघको मुख खाए पनि रातै, नखाए पनि रातै ।
बाघ नदेखेको भए बिरालो हेर्नु, शत्रु हेर्नु परे दाजुभाइ हेर्नू ।
बाघ पनि कराको, बाखो पनि हराको ।
बाघ बूढो भएपछि फटयाङ्ग्रा टिप्छ ।
बाघ बूढो र स्याल तन्नेरी ।
बाघले खाए पनि किलो रित्तै, भिरबाट लडे पनि किलो रित्तै ।
बाबुआमाको मन छोराछोरीमाथि, छोराछोरीको मन ढुङ्गामाथि ।
बाबुआमा मरे घिउभात, गाईबस्तु मरे पुर्पुरोमा हात ।
बार छोरा तेर नाति, बूढाको धोक्रो काँधैमाथि ।
बार वर्ष ढुङ्गामा हाले पनि कुकुरको पुच्छर बाङ्गाको बाङ्गै ।
बार वर्षमा पोइ आ को, म राँडलाई ज्वरो आ को ।
बार वर्ष रामायण पढ्यो, सीता कसकी जोई ।
बालुवा निचोर्दा तेल आउँदैन ।
बाहिर-बाहिर लोकाचार, भित्रभित्रै पोको पार ।
बाहुनको मुख चोखो, कुकुरको सिकार चोखो, गाईको खुर चोखो, दमाईंको थुक चोखो ।
बाहुनले च्याउ खाओस् न स्वाद पाओस् ।

बिँड तातेर के गर्नु, ताप्के ताते पो हुन्छ ।
बिख नभएको सर्प र ईख नभएको मानिस के काम ? ।
बिग्रने घरको बिहानको सल्लाह, सप्रिने घरको साँझको सल्लाह ।
बिग्रेका मान्छेको सर्प र ईख नभएको मानिस के काम ?
बिग्रेका मान्छेको भत्केको घर, भत्केपछि केको डर ।
बिग्रे सासूको छोरो, सप्रे मेरो पोइ ।
बिरालो बाँधेर सराद्ध गर्नु ।
बिसौलीको भाँडालाई धार्नीको पन्युँ ।
बिहा गर्नू ढिलो, खेत जोत्नू चाँडो ।
बिहा गर्ने हतपतले केटी माग्न बिर्स्यो ।
बिहा नभए पनि जान्ती त गएको छु ।
बीउ र जीउ राखे काम लाग्छ ।
बुझ्नेलाई श्रीखण्ड, नबुझ्ने खुर्पाको बिँड ।
बूढा मरै, भाषा सरै ।
बेपार अपार ।
बेल पाकेर कागलाई हर्ष न बिस्मात् ।
बेला न कुबेला बजी नयेला ।
बैंसमा स्याल पनि घोर्ले हुन्छ ।
बैगुनीलाई गुनले मार्नू ।
बोकाको मुखमा कुभिन्डो ।
बोकाले दाइँ हुने भए गोरु केलाई चाहियो ।
बोकेका कुकुरले मृग मार्दैन ।
बोट न बिरुवा नौ मुरी तोरी ।
बोलबोल मछली, मुखभरि पानी ।
बोल्नेको पिठो बिक्छ नबोल्नेको चामल पनि बिक्दैन ।

भट्ट गेडी खसन्ती, मेरी भेडी हसन्ती ।
भत्ताभुङ्ग्रे देशको लथालिङ्गे चाला ।
भाइ फुटे, गँवार लुटे ।
भाग खानेलाई भन्दा पुरा खानेलाई हतपत ।
भाग्य छ भन्दैमा डोकोमा दूध दुहेर अडिदैन ।
भाग्यमानीका भैंसी बसौंटे, अभागीका स्वास्नी बसौंटे ।
भाग्यमानीको भूतै कमारो ।
भाङ्ग्राको टोपीमा गुहेंलाको फूल ।

भान्सेको बिग्रिए एक छाक, किसानको बिग्रिए एक साल ।
भालुको कुन कपाल कुन जुंगा ।
भालुको मन खनिउँमाथि ।
भित्ताको पनि कान हुन्छ ।
भिरको चिन्डो उँधो न उँभो ।
भिरबाट लडेको गाईलाई रामराम भन्न सकिन्छ, काँध थाप्न सकिन्न ।
भिरबाट लडे पनि किलो रित्तै, बाघले खाए पनि किलो रित्तै ।
भुक्ने कुकुरले टोक्तैन ।
भुसुनाले हात्तीलाई रुवाउँछ ।
भेडा भेडासँग, बाख्रा बाख्रासँग ।
भोक न भकारी, शोक न सुर्ता ।
भोको भन्छ डाँडावारि खाऊँ, अघाएको भन्छ डाँडापारि खाऊँ ।

म कुटे जस्तो गर्छु, तँ रोए जस्तो गर ।
मगरको सङ्क्रान्ति कार्तिकको पन्ध्र जाँदा ।
म गर्छु आग्राको कुरा, तिमी गर्छौ गाग्राको कुरा ।
मङ्सिरमा मुसाले सातवटी ल्याउँछ ।
मच्चियो मच्चियो, आफैं थच्चियो ।
मजबुरीको नाम महात्मा गान्धी ।
म ताक्छु मुढो, बन्चरो ताक्छ घुँडो ।
मनको बह कसैसँग नकह ।
मनको लड्डु घिउसित खानु ।
मनसुनको खेती, भनसुनको जागिर ।
मरेपछि डुमै राजा ।
मर्नुभन्दा बहुलाउनु निको ।
मसान कुरे मुर्दा आउँछ ।
मह काढ्नेले हात चाट्छ ।
मही माग्नु ढुङ्ग्रो लुकाउनु ।
मागीमागी छोराको बिहे ।
माछा देखे दुलामा हात, सर्प देखे पाखामा हात ।
माछो माछो भ्यागुतो ।
माझीले मतो गर्दा सात गाउँ डुबे ।
मानको पान, हीरा समान ।
मानु खाएर मुरी उब्जाउने बेला ।

माने देउता, नमाने ढुङ्गो ।
मानो खाएर मुरी उब्जाउनू ।
मामाकी घोडी, मेरी हिँहीँ ।
मारे पाप, पाले पुण्य ।
माल पाएर के गर्नु, चाल पाए पो हुन्छ ।
मियाको दौड, मस्जिदतक ।
मुकुन्दसेनले मुलुक मार्न नजानेको र तं फुस्राले खिर खान नजानेको ।
मुखमा लगाउने मोही छैन, चाकमा लगाउने घिउ ।
मुखमा रामराम, बगललीमा छुरा ।
मूलको पानी कुलकी छोरी ।
मेरा गोरुको बारै टक्का ।
मेरा बाजेले घिउ खाएका थिए, मेरो हात सुँघसुँघ ।
मोही माग्नु, ढुङ्ग्रो लुकाउनु ।
मौकामा हीरा पनि फोर्नुपर्छ ।

यसै रिन उसै रिन, बूढी भैंसी किन ।
यसो गर बुहारी काख चेलो छ,
उसो गर बुहारी काख चेलो छ,
खान आइज बुहारी ठूलो थाल कतातिर छ ।

रछ्यानलाई चलायो मुखभरि छिटा ।
राजाको काम, कहिले जाला घाम ।
राजाको काम छोडी कामीको देवाली ।
रातभरि करायो दक्षिणा हरायो ।
रातभिर रुड्यो, तल्ला घरे बूढी जिउँदै ।
रात रहे अग्राख पलाउँछ ।
रामजीको माया, कहीँ घाम त कहीँ छाया ।
रिसमा बाहुनले पनि वेद पढ्दैन ।
रिन लागे नडराउनु, दिन लागे डराउनू ।
रिस खा आफू बुद्धि खा अर्को ।
रुपियाँ गन्नू सयफेर, मानिस चिन्नू एकफेर ।
रोइरहनुभन्दा गाइरहनु निको ।
रोटी चिल्ला मीठा, कुरा खस्रा मीठा ।

लगनको बेलामा हगन ।
लड्का जित्ने हनुमान, जस पाउने ढेडु ।
लड्काका सुन छ, कान मेरो बुच्चै ।
लहरो तान्दा पहरो घर्किन्छ ।
लागे लाग मोहनी, नत्र घरमै सातोटी ।
लाग्ने कोललाई धुलो न फुलो ।
लाटाको खुट्टो बाटामा ।
लाटो लड्छ एक बल्ड्याङ, बाठो लड्छ तीन बल्ड्याङ ।
लासा जाने कुतीको बाटो ।
लातको देउता/भूत बातले मान्दैन ।
लासामा सुन छ कान मेरो बुच्चै ।
लाहुरे मलयाको पैसा नल्याको ।
लुटको धन फुपूको सराद्ध ।
लोग्नेमान्छेले आँटे वर्ष दिन, स्वास्नीमान्छेले आँटे एकै छिन ।
लोग्नेस्वास्नीको झगडा परालको आगो ।
लोभको भाँडो उजिन्डो ।

वनको चरो वनैमा रमाउँछ ।
वनको बाघले खाओस् कि नखाओस्, मनको बाघले खान्छ ।
वन डढेको सबैले देख्छन्, मन डढेको कसैले देख्दैनन् ।
विनाशकाले विपरीत बुद्धि ।
विपत्ति एक्लै आउँदैन ।
वीरबलको खिचडी पाक्ला र खाउँला ।
वैद्यका छोरी गलगाँड, ज्योतिषका छोरी राँड ।

शङ्काले लड्का हान्छ ।
शरीरमाध्यम् खलु धर्मसाधनम् ।
शीत उघाई थैला भरिन्न ।
शुभस्य शीघ्रम् ।

सन्तोषम् परमम् सुखम् ।
सप्रने घरको बेलुकाको मतो,
बिग्रने घरको बिहानको मतो,
उक्लेको घरको मतो न जतो ।

सबै कुकुर काशी गए गुहु कस्ले खाला ?
सबै जोगी मरे, मेरै तुम्बा भरे ।
सबै तीर्थ बारबार, गङ्गासागर एकैबार ।
सयका लाठी एकका बोझ ।
सराद्धे गर्नुभन्दा सिधा पुर्‍याउन गाहारो ।
सर्पको खुट्टा सर्पैले देख्छ ।
सर्प पनि मरोस्, लट्ठी पनि नभाँचियोस् ।
सस्तो बेसाहा पेट लागी मर ।
साँढेको जुधाइ, बाच्छाको मिचाइ ।
साउनमा आँखा फुटेको गोरु सधैं हरियो देख्छ ।
साधुलाई सुली चोरलाई चौतारो ।
सानो मुख, ठूलो कुरा ।
सारा रामायण पढिसकें, सीता कसकी जोई ?
सालिग्रामलाई सुताउनु के बसाउनु के ?
सास छउन्जेल आस ।
सिकाएको कुरा, खटाएको मानु ।
सित्तैमा पाए तीन माना चुक खाने ।
सुख लुकाए लुक्छ, दुख लुकाएर लुक्तैन ।
सुनकै थालीमा थुकेको आ नै थुक पनि चाट्न घिन लाग्छ ।
सुनारको सय चोट, कामीको एकै चोट ।
सुसारभन्दा मुसार ठूलो ।
सूर्यलाई हत्केलाले छेकेर छेकिंदैन ।
सोझो औंलाले घिउ आउँदैन ।
सोझो बाङ्गिन केही बेर लाग्दैन ।
सौताको रिसले पोइको काखमा मुत्ने ।
स्यालको सिकारमा जाँदा बाघको सर्जाम लिएर जानु पर्छ ।

हगाइभन्दा पदाइ ठूलो ।
हगे हग्, मुते काटौंला ।
हग्ने बेलामा चाक खोज्नु ।
हतपतको काम लतपत ।
हराएको गाई सूर्यलाई दान ।
हर्रा नपाउँदो, जाइफल धाउँदो ।

हल छोडी कोदालो, कोदालो छोडी हल, खाने बेलामा बराजु चिलाउनेको फल ।
हलेदो भन्ने थाहा पाएपछि कोटयाउनु पर्दैन ।
हलो काटी मुङ्ग्रो ।
हाँडीमा कनिका छउन्जेल राँडीलाई निद्रा लाग्दैन ।
हाँसको बथानमा बकुल्लो ।
हाँसको चाल न कुखुराको चाल ।
हाइ भाइ कहाँ पाइ, हाइ भाइ मुटु खाइ ।
हाड नभएको जिब्रो लर्बरिन्छ ।
हात्ती आयो, हात्ती हायो फुस्सा ।
हात्तीको चपाउने दाँत बेग्लै, देखाउने दाँत बेग्लै ।
हात्तीको मुखमा जिरा ।
हात्ती छिऱ्यो, पुच्छर अड्क्यो ।
हाने मर्छ, बोले टर्छ ।
हाम्री आमा कति बाठी, चामलसित पीठो साटी ।
हावा नचली पात हल्लिदैन ।
हिँड्ने गोरुको पुच्छर निमोठ्ने ।
हिङ नभए पनि हिङ बाँधेको टालो त छ ।
हिस्स बूढी, हरिया दाँत ।
हीराको मोल कीराले जान्दैन ।
हुटिटयाउँले सगर थाम्दैन ।
हुने बिरुवाको चिल्लो पात, नहुने बिरुवाको फुस्रो पात ।
हुने बेलामा गोरु पनि ब्याउँछ ।
हुलमुलमा जीउ जोगाउनू अनिकालमा बीउ जोगाउनू ।
हेर्दा हेर्दै भाउजू राँडी भइन् ।
हेरेर मर्नुभन्दा छेरेर मर्नु वेस ।
होचाको जोई सबैकी भाउजू ।

❖❖

खण्ड दुई

नेपाली टुक्काको अध्ययन

अध्याय पाँच

टुक्काको सैद्धान्तिक परिचय

५.१ टुक्काको सामान्य परिचय

वाक्यमा प्रयुक्त भई भाषिक अभिव्यक्तिलाई विशिष्ट तुल्याउने पदसमूहात्मक भाषिक उपकरण नै टुक्का हो। टुक्का विशेष अर्थमा रूढ भएको हुन्छ। आआ ना वाच्यार्थभन्दा बेग्लै लक्ष्यार्थका निम्ति प्रयुक्त हुने दुई वा दुईभन्दा बढी पदहरूको समूहलाई टुक्का भनिन्छ (बन्धु,२०५८:३५०)। टुक्काको प्रयोग भाषाका कथ्य र लेख्य दुवै रूपमा गरिन्छ। खासखास पदहरू मिलेर बनेको लक्ष्यार्थबोधक पदसमूह वा पदावली टुक्का हो भने यस्तो पदावलीका अलगअलग शब्दहरूलाई अलग्गै प्रयोग गर्दा तिनले आआ ना मूल छुट्टै अर्थ दिन्छन्। **आँखा** र **खुल्नु** छुट्टाछुट्टै शब्द हुन्। यिनको छुट्टाछुट्टै अर्थ छ। यी दुवैको मेल भई **आँखा खुल्नु** हुँदा **सजग वा सचेत हुनु** भन्ने लक्ष्यार्थ प्रकट हुन्छ। त्यसैले **आँखा खुल्नु** टुक्का हो, तर लक्ष्यार्थको अभाव भएकाले **दुकान खुल्नु** टुक्का होइन। **पानी-पानी हुनु** टुक्का हो, तर पर्यायवाची शब्द राखिएको हुँदा **जल-जल हुनु** टुक्का होइन। त्यसैले टुक्काको अर्थ रूढ हुन्छ र खासखास शब्दहरूको नित्य-सन्निधि (Strict Collocation) बाट मात्र टुक्का बन्दछ। टुक्का वाक्याश्रित हुने हुँदा उखान झैं स्वतन्त्र रूपमा प्रयुक्त हुन सक्दैन। टुक्का वाक्यमा प्रयुक्त भएपछि मात्र सार्थक र प्रभावकारी बन्न सक्छ। त्यसैले यो वाक्याश्रित हुन्छ।

५.२ टुक्काको नामकरण

टुक्काका अनेक नाम छन्। नेपालीमा टुक्काका पर्यायवाची शब्दका रूपमा तुक्का, मुहावरा, लोकोक्ति जस्ता शब्दको पनि प्रयोग भएको पाइन्छ। कालिम्पोङबाट २०११ मा प्रकाशित पारसमणि प्रधानको **नेपाली मुहावरा** तथा विराटनगरबाट २०१६ मा प्रकाशित लक्ष्मण आचार्य शास्त्रीको **नेपाली राष्ट्रिय मुहावरा** पुस्तकका लेखकले मुहावरा शब्दको प्रयोग गरेका छन्। वस्तुतः मुहावरा हिन्दीमा प्रचलित शब्द हो। नेपालीमा यदाकदा यसको प्रयोग भइआएको भए पनि व्यापक रूपमा टुक्का शब्दले नै स्थान

पाएको छ। टुक्कालाई भोजपुरी र हिन्दीमा मुहावरा, उर्दूमा मुहाविरा र जर्बुल, संस्कृतमा वाक्पद्धति, वाग्रीति, वाग्व्यवहार, वाग्व्यापार र वाग्धारा, अङ्ग्रेजीमा इडियम (Idiom) भनिन्छ। मुहावरा शब्द अरबी-फरसीबाट उर्दू हुँदै हिन्दी-भोजपुरीमा र हिन्दी-भोजपुरी हुँदै आंशिक रूपमा नेपालीमा पनि प्रचलनमा आएको हो। संस्कृतमा टुक्काका समानार्थी शब्दका रूपमा वाक्पद्धति, वाग्रीति, वाग्व्यवहार, वाग्व्यापार, वाग्धारा, वाग्वृत्ति र विशेष वचनं आदि शब्द भए तापनि टुक्काको ठ्याक्कै अर्थबोध गराउन सक्ने कुनै शब्द छैन। उर्दू र हिन्दीका प्रभावले मुहावरा शब्द प्रयोगमा आए जस्तै संस्कृतका प्रभावले वाक्पद्धति आदि शब्द पनि नेपालीमा अंशतः प्रयोग भइआएका हुन्। फेरि पनि नेपालीमा टुक्का शब्द नै व्यापक र सर्वमान्य भएर स्थिर भइसकेको छ। भाषा-व्याकरण र लोकसाहित्यसम्बन्धी पाठ्यपुस्तक, सन्दर्भग्रन्थ र शोधकार्य तथा नेपाली लोकप्रचलनमा पनि अब टुक्का शब्द नै कायम भइसकेको पाइन्छ।

कथ्य र लेख्य रूपमा पाइने टुक्का शब्दको सम्बन्ध टुक्रासँग रहेको देखिन्छ। टुक्का वाक्यमा प्रयुक्त खास भाषिक टुक्रा वा एकाइ भएकाले यी दुईका बीचमा निकटता रहेको पाइन्छ (शर्मा र लुइटेल,२०६३:५३३)। टुक्का भाषिक अभिव्यक्तिको एक एकाइ वा टुक्रा भएकाले यही टुक्राबाट टुक्का शब्दको विकास भएको हुनु सम्भव देखिन आउँछ।

५.३ टुक्काको परिभाषा र स्वरूप

वाक्यमा प्रयुक्त भई भाषिक अभिव्यक्तिलाई विशिष्ट तुल्याउने भाषिक उपकरणलाई टुक्का भनिन्छ। टुक्का पदसमूहात्मक र विशेष अर्थमा रूढ भएको हुन्छ। स्वतन्त्र अर्थ भएका खासखास शब्दसित खासखास क्रियाको योग भई लक्ष्यार्थ प्रदान गर्ने तथा भाषिक अभिव्यक्तिलाई तिख्खर पार्ने टुक्काको प्रयोग-क्षेत्र व्यापक छ। टुक्काको प्रयोग मूलतः कथ्य रूपमा हुन्छ भने लेख्य अभिव्यक्तिमा पनि यसको प्रयोग भइआएको छ। लोकगीत, लोककथा, लोकनाटक, लोकगाथा आदि लोकसाहित्यका अन्य विधाको प्रस्तुतिमा पनि टुक्काको प्रयोग भएको हुन्छ र टुक्काको प्रयोगले गर्दा ती विधा झन् प्रभावकारी भएका हुन्छन्। छोटोछरितो वा लघुआकारको भईकन पनि यसको प्रयोग-क्षेत्र व्यापक रहेको छ। लोकसाहित्य र भाषा-व्याकरणका विभिन्न विद्वान्ले विभिन्न समय र सन्दर्भमा टुक्काको परिभाषा दिएका छन्। यहाँ ती सबै परिभाषाको उल्लेख गर्नु सम्भव छैन। फेरि पनि यहाँ टुक्कासम्बन्धी केही भनाइ र परिभाषाको उल्लेख गर्दै टुक्काको स्वरूपको पहिचान गर्ने प्रयास गरिएको छ।

- टुक्का (मुहावरा) कुनै बोली या भाषामा प्रयुक्त हुने त्यो अपूर्ण वाक्यखण्ड हो, जसले आ नो उपस्थितिबाट समस्त वाक्यलाई सबल, सतेज, रोचक र चुस्त बनाइदिन्छ। - रामनरेश त्रिपाठी (उपाध्याय,१९७७:१८९)

- टुक्काहरू जीवित भाषाका प्राण हुन् र तिनको उचित प्रयोगबाट शैली र उक्तिको अभिबृद्धि हुन्छ । - उदयनारायण तिवारी (बन्धु,२०५८:३४९)
- संसारमा मानिसले आ नो दैनिक जीवनमा जुन वस्तुलाई कुतूहलतापूर्ण रूपमा देख्यो र जुन भावलाई सूक्ष्मतापूर्वक निरीक्षण गर्दै जाँदा तिनैलाई शब्दका माध्यमबाट प्रकट गर्न थाल्यो । पछि त्यही शब्दबाट व्यक्त गरिएका कुराहरूलाई मुहावरा भन्न थालियो । - श्रीराम शर्मा (पौड्याल,२०६१:६-७)
- संसारको हरेक भाषा र बोलीमा केही यस्ता वाक्यांश हुन्छन्, जो सामान्य अर्थको बोध नगराएर बिलक्षण अर्थको बोध गराउँछन् । त्यही वाक्यांशहरू नै टुक्काहरू हुन् । - द्विजराम यादव (१९९७:८४)
- टुक्काले मूलत: लक्ष्यार्थ जाहेर गर्छ । यसमा उखानमा जस्तै दृष्टान्त धर्मितता आए पनि आख्यानात्मक तत्व नभई भाषालाई गतिशील र रोचक बनाउने विलक्षण अर्थ निहित रहन्छ । यसप्रकार जुन पदावली वा वाक्यांश एउटै श्रेणी बनी विशेष वा लाक्षणिक रूपमा प्रयुक्त भएर सारगर्भित अर्थ दिन्छन् तिनलाई 'टुक्का' भनिन्छ । - पुष्कर शमशेर (पौड्याल,२०६१:६)
- यदि कुनै वाक्याश, पद अथवा पदसमूहले कुनै अर्ती, उपदेश, सूक्ति अथवा उद्गार प्रकट नगरीकनै वाच्यार्थमा वाधा तेर्स्यायो र लक्ष्यार्थ जाहेर गर्‍यो भने त्यो टुक्का अथवा तुक्का कहलाउँछ ।- बालकृष्ण पोखरेल (२०३६:११७)
- शब्दका मुक्त रूपको सङ्ग्रन्थित संरचना भएको त्यस पदसमूहलाई टुक्का भनिन्छ, जो अभिधेय नभएर विशिष्ट अर्थमा रूढ हुन्छ ।
  - मोहनराज शर्मा (२०३६:२७४)
- भाषागत प्रयोगको रूढि र अवस्थाअनुसार कुनै पद, पदसमूह वा वाक्यांशहरू आ नो खास अर्थलाई छोडी अभिव्यक्ति दिन पुग्छन् । त्यस्ता विशेष अर्थ बुझाउने पद, पदसमूह र वाक्यांशलाई टुक्का भनिन्छ ।
  - धर्मराज थापा र हंसपुरे सुवेदी (२०४१:४१५)
- वाक्यभित्र प्रयुक्त हुँदाका घडी, पदावली, वाक्यांश यदि विशेष अर्थमा रूढ छन् भने ती टुक्का हुन् । - चूडामणि रेग्मी (बन्धु,२०५८:३४९)
- मानव-जीवनका सबै पक्षहरूलाई सूत्र रूपमा व्याख्या गर्ने, लोकजिब्रोमा नृत्य गर्ने उखान र टुक्काहरू लोकजीवनका मानक कोश हुन् ।
  - मुकुन्द आचार्य (२०५३:१)
- टुक्का कुनै भाषा वा बोलीमा लाक्षणिक तथा विशेष अर्थमा प्रयोग हुने एक किसिमको वाक्यांश वा पदसमूह हो । त्यस्तो पदसमूह प्राय: खासखास क्रियामा त्यस्तै किसिमका शब्दहरू लागेर निर्मित हुन्छ र त्यसले विशेष अर्थ धारण गर्ने अभिव्यक्तिको रूप लिन्छ । टुक्कामा बाहेक अन्यत्र टुक्काको अङ्ग

भएर आउने शब्द र क्रियाको आआ नै फुक्का अर्थ हुन्छ, ती दुवै एकै लुममा उनिएपछि भने टुक्काको विशेष अर्थ ग्रहण गर्छ ।

- कृष्णप्रसाद पराजुली (२०४४:९८)

- आआ ना वाच्यार्थभन्दा बेग्लै लक्ष्यार्थका निम्ति प्रयुक्त हुने दुई वा दुईभन्दा बढी पदहरूको समूहलाई टुक्का भनिन्छ ।- चूडामणि बन्धु (२०५८:३५०) ।
- टुक्का भनेको त्यस्तो शब्दहरूको समूह/पदावली वा वाक्यांश हो, जसको अर्थ टुक्काका संरचनाभित्रका शब्दहरूको अर्थबाट निस्कन सक्दैन । कारण यसको विशेष टुक्कागत अर्थ हुन्छ । टुक्काको रचना पदावलीगत तथा वाक्यांशगत भए तापनि अर्थका दृष्टिले एउटा सिङ्गो एकाइ हुन्छ र शब्दको जस्तो प्रकार्य गर्दछ । - बल्लभमणि दाहाल (पौड्याल,२०६१:भूमिका ५)

उक्त परिचय र परिभाषाका अन्तमा वस्तुतः टुक्काको स्वरूप के हो भन्ने बारेमा निम्नअनुसारका प्रमुख बुँदा आकर्षित हुन आउँछन् :

- टुक्का भाषिक अभिव्यक्तिलाई तिख्खर र निख्खर पार्ने लोकसाहित्यको एक स्वतन्त्र विधा हो ।
- स्वतन्त्र अर्थ भएका खासखास शब्दको खासखास क्रियासँग योग भई टुक्काको निर्माण हुन्छ ।
- टुक्काले अभिधार्थभन्दा लक्ष्यार्थ प्रकट गर्दछ । यो अभिधेय नभएर रूढ हुन्छ ।
- यसमा कम्तीमा द्विपद तथा क्रियापदको अनिवार्यता रहन्छ ।
- यो स्वतन्त्र रूपमा प्रयोग नभई वाक्यमा प्रयुक्त हुन्छ ।
- वाक्यमा प्रयुक्त भएपछि मात्र यो सार्थक हुन आउँछ ।
- यो भाषा-व्याकरणको विषय भए पनि लोकसाहित्यको विषय र विधा पनि हो ।
- रचनाकार अज्ञात रहने टुक्का मौखिक परम्पराको सम्प्राप्ति हो ।
- यसको सिर्जना र उपयोग लोकसमुदायले गर्दछ ।
- टुक्का सार्वभौमिक नभई स्वभाषिक हुन्छ ।

यो लोकको विचार, विश्वास र अनुभवका साथै लोकसभ्यता र संस्कृतिको संवाहक पनि हो ।

यसरी हेर्दा टुक्का भाषिक अभिव्यक्तिको एक प्रमुख पक्ष हो भन्ने देखिन आउँछ । मानिसले आ नो अभिव्यक्तिलाई विशेष अर्थको बोध गराउन विशिष्ट वा चमत्कारपूर्ण बनाउन खोज्दा टुक्काको उत्पत्ति भएको मानिन्छ । लोकसाहित्य र भाषा-व्याकरण दुवै क्षेत्रको विषय टुक्का लोकपरम्पराको सम्प्राप्ति हो भने यसको रचना र प्रयोग लोकसमुदायले गर्छ । खासखास क्रिया र खासखास शब्दको योग भई

वाच्यार्थभन्दा लक्ष्यार्थ बुझाउने पदावली टुक्काले भाषिक सौन्दर्य र प्रभावकारिता बढाउँछ ।

५.४ टुक्का विधा कि उपविधा ?

टुक्का वास्तवमा स्वतन्त्र विधा हो कि उपविधा भन्ने बारेमा चर्चा चलाउनु आवश्यक छ । टुक्काका साथ उखान पनि जोडिएर आउने गरेको पाइन्छ । उखान, टुक्का र गाउँखाने कथा तीनवटै छोटाछरिता र स्वतन्त्र विधा हुन् । कतिपय विद्वान्ले यिनलाई लोकोक्ति आदि भन्दै एकै ठाउँमा राखेर टुक्कालाई उपविधाका रूपमा लिएका छन् । लोकोक्ति भनेको लोकको भनाइ हो । फेरि पनि लोकको कुनै पनि भनाइ लोकोक्ति हुँदैन । लोकको विशिष्ट अभिव्यक्ति वा भनाइमात्र लोकोक्ति कहलाउँछ । यस दृष्टिले टुक्का पनि लोकोक्ति त हो, तर उखान, टुक्का र गाउँखाने कथा तीनवटै भिन्न स्वरूप-संरचना र अस्तित्व भएका स्वतन्त्र रचना भएकाले यिनलाई एकै ठाउँमा राखेर हेर्नु, उपविधा भन्नु उपयुक्त र न्यायोचित हुन सक्दैन ।

कृष्णदेव उपाध्यायले यिनलाई लोक-सुभाषित भनेका छन् (उपाध्याय,१९७७:१७४) । सत्येन्द्रले पनि उखान, टुक्का र गाउँखाने कथालाई लोकोक्तिअन्तर्गत नै राखेका छन् । पूर्णप्रकाश नेपाल 'यात्री'ले उखान, टुक्का, प्रहेलिका, कवित्त र गाउँखाने कथालाई लोकाख्यानअन्तर्गत राखेका छन् (नेपाल 'यात्री, २०४१:५२४) । लोकाख्यान शब्द झनै फरक खालको शब्द हो । जीवेन्द्रदेव गिरीले पनि उखान, टुक्का र गाउँखाने कथालाई लोकोक्तिअन्तर्गत राखेका छन् (गिरी,२०५७:२८) । कतिपय विद्वान् सङ्कलक-लेखकले उखान र टुक्कालाई एकै ठाउँमा एकै विधाका रूपमा प्रस्तुत गरेको पाइन्छ । सरोजकुमार शाक्य (२०१४:१८), शङ्करप्रसाद श्रेष्ठ (२०१८) प्रदीप रिमाल (२०५३:७१), मोतीलाल पराजुली (२०४९:१४), देवीप्रसाद वनवासी (२०५५:३४), विजय चालिसे (२०३९) आदिले उखान र टुक्कामा भेद गरेको पाईदैन । कसैले उखान-टुक्कालाई विधा मानेर उखान र टुक्का दुवैका उदाहरण दिएका छन् भने कसैले उखान-टुक्का भनेर उखानका मात्र नमुना प्रस्तुत गरेका छन् ।

शिवप्रसाद पौड्यालले आफ्ना दुवै ग्रन्थमा टुक्कालाई लोकोक्तिअन्तर्गतको उपविधाका रूपमा लिएका छन् (२०६०:३१, २०६१:१) । उखान, टुक्का र गाउँखाने कथासम्बन्धी अलग-अलग ग्रन्थका लेखक-सङ्कलक पौड्यालको ध्यान यिनलाई स्वतन्त्र विधाका रूपमा चिनाउनपट्टि लाग्नुपर्नेमा आफैँले यिनलाई लोकोक्तिअन्तर्गतका उपविधा भन्न पुगेका छन् ।

सारगर्भितता, सङ्क्षिप्तता, सरलता, सारपूर्ण लोकउद्‌गार आदि समान गुण-धर्म भएकै कारणले उखान, टुक्का र गाउँखाने कथालाई विद्वान्हरूले सजिलोका लागि एकै ठाउँमा राखेका हुन सक्छन्, तर स्वतन्त्र अस्तित्व भएका, बेग्लै स्वरूप-

संरचना भएका र बेग्लै उत्पत्ति र विकासको परम्परा भएका उखान, टुक्का र गाउँखाने कथासमेतलाई अलग्ग स्वतन्त्र विधा मान्नु नै उपयुक्त र न्यायोचित ठहर्छ। बालकृष्ण पोखरेल (२०३६), मोहनराज शर्मा (२०३६), कृष्णप्रसाद पराजुली (२०३९), चूडामणि रेग्मी (२०४१), चूडामणि बन्धु (२०५८) आदिले यसलाई स्वतन्त्र विधाका रूपमा लिएका छन्।

वास्तवमा उखान, टुक्का र गाउँखाने कथालाई एकै ठाउँमा राखेर हेर्नु, उपविधा भन्नु उपयुक्त र न्यायोचित हुँदैन। टुक्काको उत्पत्ति, स्वरूप-संरचना, संरचक तत्त्व, विकास-परम्परा, प्रयोग, प्रयोजन, आयाम र अस्तित्व छुट्टै रहेको पाइन्छ। अत: टुक्का लोकोक्तिअन्तर्गतको उपविधा नभई लोकसाहित्यको एक स्वतन्त्र विधा हो।

५.५ टुक्काको कित्ता

टुक्का लोकसाहित्यको विधा हो कि भाषा-व्याकरणको अङ्ग हो भन्ने प्रश्न पनि त्यत्तिकै ज्वलन्त प्रश्न रहेको छ। टुक्कालाई भाषिक अभिव्यक्तिलाई विशिष्ट र प्रभावकारी बनाउने एक महत्त्वपूर्ण तत्त्वका रूपमा लिइन्छ। यस अर्थमा टुक्का भाषा-व्याकरणको कित्तामा पर्दछ। भाषा र व्याकरणका पुस्तकहरूमा टुक्काका बारेमा पनि चर्चा पाइन्छ। टुक्का भाषा-सिकाइसम्बन्धी पाठ्यपुस्तकको विषय पनि हो। उदाहरणका लागि गोपाल पाण्डे 'असीम'को **रचना केशर** (२०००), बालकृष्ण पोखरेलको **राष्ट्रभाषा** (२०२२), कृष्णप्रसाद पराजुलीको **राम्रो रचना मीठो नेपाली** (२०२३), चूडामणि बन्धुको **भाषाविज्ञान** (२०३०), मोहनराज शर्माको **शब्दरचना र वर्णविन्यास** (२०३६), हीरामणि शर्मा पौड्यालको **पर्वती भाषिकाको स्वरूप र संरचना** (२०४४), दीन पन्थीको **पाल्पा-गुल्मेली उपभाषिका** (२०५९) आदि भाषा-व्याकरण र भाषाविज्ञानका पुस्तकहरूमा टुक्काको अध्ययन हुनुबाट पनि टुक्का भाषा-व्याकरणको विषय हो भन्ने प्रस्ट हुन्छ। भाषाविज्ञान विषयक पुस्तकहरूमा पनि टुक्काको यथोचित चर्चा पाइन्छ। अत: यसको कार्य भाषा-व्याकरणसित बढी निकट देखिन्छ। यता लोकसाहित्यका अध्ययन-ग्रन्थहरूमा पनि कहीं लोकोक्ति वा लोकसुभाषितअन्तर्गतको एक उपविधाका रूपमा, कहीं उखानसित सम्पृक्त रूपमा र कहीं स्वतन्त्र अस्तित्ववान् विधाका रूपमा टुक्काको चर्चा भएको पाइन्छ। यस दृष्टिले यो लोकसाहित्यको कित्तामा पनि पर्दछ भन्ने प्रस्ट हुन आउँछ। अत: टुक्काका दुई कित्ता छन् - भाषा-व्याकरण र लोकसाहित्य।

५.६ टुक्काको उत्पत्ति

लोकसाहित्यका अन्य विधाको जस्तै टुक्काको उत्पत्ति पनि यसरी नै भएको हो भनी दावी गर्न सकिने ठाउँ छैन। टुक्का भाषिक अभिव्यक्ति पनि हो र भाषिक

अभिव्यक्तिलाई प्रखर तुल्याउने तत्व पनि हो। यस उसले गर्दा भाषाको विकास सँगसँगै टुक्काको पनि विकास भएको हुनु सम्भव देखिन आउँछ।

धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार टुक्काको उद्भव र विकास भाषाविकासको सँगसँगै भएको हो। वास्तवमा बोलचालका निम्ति शब्दहरू प्रयोग गर्दै जाँदा लोकप्रसिद्धि र रूढिबाट यी आफैं सिर्जित हुँदै आएका हुन्। समानार्थक नै किन नहोस्- जुन पायो उही शब्द राखी टुक्का बनाउँछु भन्दैमा टुक्का बन्न र ग्राह्य हुन सक्दैन। यसमा रूढिले ठूलो काम गरेको हुन्छ। यसैले टुक्काको लागि खास क्रियासँग खासखास शब्द मिल्नु आवश्यक छ। अर्को कुरा- टुक्का र लोकोक्तिका जन्मदाता लोक हुन् र यी मूलतः लोकका नै गरिमामय सम्पत्ति हुन् (थापा र सुवेदी,२०४१:४१६)।

भारतीय विद्वान् पण्डित अयोध्यासिंह उपाध्यायका अनुसार घटना र कार्य-कारण परम्पराबाट जसरी असङ्ख्य वाक्यहरूको उत्पत्ति हुन्छ त्यसरी नै टुक्काको उत्पत्ति भएको हो। कतिपय यस्ता अवसर पनि उपस्थित हुन्छन् कि मानिस आ ना मनका भावलाई कारणविशेषले गर्दा सङ्केतद्वारा वा व्यङ्ग्यद्वारा मात्र प्रकट गर्न चाहन्छ या थोरै शब्दमा धेरै कुरा भन्न चाहन्छ। टुक्काको उत्पत्ति यसरी पनि भएको हुन्छ (उपाध्याय, १९७७:१८८)। अयोध्यासिंह उपाध्यायको भनाइबाट टुक्का भाषिक आवश्यकताकै परिपूर्तिका क्रममा भएको देखिन आउँछ।

भाषाशास्त्रीहरूले कम शब्दमा धेरै कुरा व्यक्त गर्न चाहनुलाई मानवीय प्रवृत्ति मानेका छन्। यस्तो प्रवृत्तिलाई सङ्क्षिप्तता वा प्रयत्नलाघवताको प्रवृत्ति भन्न सकिन्छ। टुक्काको उत्पत्तिको एक कारण प्रयत्नलाघवता पनि हो।

कृष्णदेव उपाध्यायले गोपनीयताको प्रवृत्तिलाई मानवको अर्को प्रवृत्ति भन्दै यसलाई पनि टुक्काको उत्पत्तिको कारक बताएका छन् (उपाध्याय, १९७७:१८८-१८९)। मानिस सर्वसाधारण वा जोकोहीले नबुझ्ने गरी घुमाउरो तरिकाले आ नो भाव वा विचार प्रकट गर्न चाहन्छ। हो, त्यस्तै घडीमा टुक्काको उत्पत्ति भएको हुन सक्दछ।

कृष्णप्रसाद पराजुलीले टुक्काको जन्म लेखनको प्रारम्भ हुनुभन्दा धेरै पहिले झन्डै-झन्डै भाषाको उत्पत्ति सँगसँगै भएको अनुमान गरेका छन् (पराजुली,२०४४:१०३)। बल्लभमणि दाहालका विचारमा टुक्काहरूको उत्पत्ति बोलचालमा शब्दहरूको प्रयोग गर्दै विशेष किसिमको अभिव्यक्तिले अर्थ ग्रहण गर्न थाली कालान्तरमा तीती शब्द मिलेर मात्र अर्थ द्योतन गर्न समर्थ हुन जाने प्रक्रियाअन्तर्गत भएको हो (दाहाल र अन्य,२०४६:३६२)।

विद्वान्हरूका उक्त अभिमतका निष्कर्षमा के भन्न सकिन्छ भने टुक्काको उत्पत्ति भाषिक व्यवहार र प्रयोगबाट भएको हो। भाषिक व्यवहार वा क्रियाकलाप नभएको भए र मानिसलाई आ नो कथन प्रभावकारी, सटीक, घतलाग्दो, सघन

पार्नुपर्ने आवश्यकता नभएको भए टुक्का बन्ने थिएनन् टुक्काको आविर्भाव हुने थिएन । त्यस्तो आवश्यकता भयो र टुक्काको उत्पत्ति भई वाक्व्यवहारमा आउन पुग्यो ।

५.७ टुक्कामा कम्तीमा द्विपद तथा क्रियापदको अनिवार्यता

टुक्काको रचना पदहरूबाट हुन्छ भने त्यस्तो एउटा सदस्य क्रिया पनि हुन्छ । यो पछिल्लो क्रममा आउँछ । बालकृष्ण पोखरेलले नेपाली भाषाका टुक्कालाई एकपदीय र अनेकपदीय गरी बाँडेका छन् र एकपदीय टुक्काका सानासिन्का, लखने, पाखे, कुशल, प्रवीण, भैंमाले आदि २८वटा उदाहरण दिएका छन् (पोखरेल,२०३६:११७)। वस्तुतः टुक्का पदसमूहात्मक नै हुने हुँदा एकपदीय टुक्का हुने प्रश्न नै उठ्दैन । चूडामणि बन्धुले यस्ता एकपदीय टुक्काको अस्तित्व स्वीकार गरेका छैनन् (बन्धु,२०५८:३५१) । बल्लभमणि दाहालले पनि एकपदीय टुक्का हुन्न भन्ने मान्यता अघि सारेको पाइन्छ (पौड्याल,२०६१, भूमिका ४) । उक्त उदाहरणमा आएका लखने, पाखे, बाङ्फाले, गाईजात्रे, नछुनेजस्ता शब्द टुक्काका रूपमा वाक्यमा प्रयुक्त हुँदा हुनु क्रियासहित प्रयोग हुन पुग्दछन् । तसर्थ लखने, पाखे शब्दमा हुनु क्रियाको योग भई लखने हुनु, पाखे हुनु आदि टुक्काका रूपमा वाक्यमा प्रयुक्त हुन पुग्दछन् । यसो हुँदा टुक्का द्विपदीय र क्रियायुक्त हुन पुग्दछन् । त्यसैले एकपदीय टुक्का छैन, हुन्न ।

यसै गरी बालकृष्ण पोखरेलले अनेकपदीय टुक्काअन्तर्गत क्रियापदमुक्त टुक्काको प्रकारको उल्लेख गर्दै मामाको धन, भालेको डाक, परालको आगो, सम्धीको शोक, उनिउँको फूल, आकासको फल, डुङ्गामाथिको तित्रो, पानीमाथिको ओभानु, राजाको काम, भूसको लिउन, खोलाको गीत, अँध्याराको काम, काउछाको माला, पानीमुनिको माछो, ठिमीको यात्रा, तेलीको गोरु जस्ता उदाहरण दिएका छन् (पोखरेल, २०३६:११९-२०)। कृष्णप्रसाद पराजुलीले पनि यस्तै केही उदाहरण दिएका छन् (पराजुली,२०३९:२१९)। वस्तुतः क्रियाबिनाको टुक्का बन्न सक्दैन । यससम्बन्धमा चूडामणि बन्धु लेख्छन् -"क्रियाका अभावमा टुक्काको अस्तित्व छैन । धेरैजसो टुक्कामा क्रियाहरू प्रकट रूपमा देखिन्छन् । केहीमा यो प्रयोग हुँदामात्र खुल्छ । एकथरीलाई क्रियापदमुक्त टुक्का पनि भनिएको छ । त्यसको कारण के हो भने त्यस्ता टुक्काहरूका साथ क्रियाहरूको नित्य-सन्निधिमा केही लचिलोपन हुन्छ (बन्धु,२०५८:३५३-३५४) । प्रकट हुँदा क्रियापद नदेखिए पनि आँखाको कसिङ्गार, असारको पन्ध्र, पर्सेको बोको आदि पदसमूहमा हुनु आदि क्रियाको योग भई क्रमशः आँखाको कसिङ्गार हुनु, असारको पन्ध्र हुनु, पर्सेको बोको हुनु आदिका रूपमा प्रयुक्त हुन पुग्दछ । बाह्य रूप-रचनामा क्रिया नदेखिए पनि अन्तस्तलमा क्रिया रहने हुँदा त्यो प्रयोगको अवस्थामा देखापर्दछ । अतः टुक्का हुन पदहरू चाहिन्छन्, जसमध्ये एउटा पद क्रियापद हुनैपर्दछ ।

मूल रूपमा टुक्का 'नु क्रियान्त हुन्छन् । आँखा खुल्नु, आँखा लाग्नु, हात लाग्नु, गोडा लाग्नु, मुख लाग्नु, ठाउँ छाड्नु, आँखा तर्नु, मुखभरिको जवाफ दिनु, मुखभरिको जवाफ पाउनु, सुदामाका कनिका हुनु आदि जति टुक्का लिए पनि ती 'नु क्रियान्त हुन्छन् र ती वाक्यमा प्रयुक्त हुँदा व्याकरणिक कोटिअनुरूप रूपायित पनि हुन्छन् ।

निष्कर्षमा भन्नुपर्दा टुक्का पदसमूहात्मक संरचना भएकाले यो एकपदीय हुँदैन भने क्रिया लुप्त रहेको हुन सक्छ, तर क्रियामुक्त संरचना टुक्का कहलाउन सक्दैन । टुक्का कहलाउन पदसमूहमा लक्षणामूलक अर्थका साथै क्रियाको उपस्थिति हुनै पर्दछ ।

५.८ टुक्का तथा नित्य-सन्निधि

टुक्कामा आउने स्वतन्त्र-मुक्त पदहरूबीच विशेष किसिमको सम्बन्ध हुन्छ । खासखास शब्दसँग खासखास शब्द मिलेमा मात्र टुक्का बन्दछ । यस्तो सम्बन्धलाई नै नित्य-सन्निधि (strict–collocation) भनिएको हो । सन्निधिलाई सहप्रयोग पनि भन्न सकिन्छ । वल्लभमणि दाहालका अनुसार सहप्रयोग भन्नाले भिन्न-भिन्न भाषिक तत्त्वहरूको स्वभावगत सहघटन भन्ने बुझिन्छ । अर्थात् त्यस्ता शब्दहरू एउटा शब्दको प्रयोगको साथ अर्को शब्दको प्रयोग हुन्छ, प्रयोगमा पारस्परिकता हुन्छ (पौड्याल,२०६१:भूमिका १०) । यसैकारणले टुक्काको कुनै एक शब्दका सट्टामा त्यही अर्थ दिने अर्को शब्द वा पर्यायवाची शब्द पनि राख्न सकिन्न । यस्ता खासखास शब्द मिलेर टुक्का बनेपछि त्यसले विशेष अर्थ पनि प्रदान गर्दछ, जुन अर्थ सामान्यतया रूढ हुन्छ । *आँखा तर्नु* टुक्का हो भने रूख तर्नु टुक्का होइन । *आँखा चोर्नु* टुक्का हो नयन चोर्नु टुक्का होइन । *पानीपानी हुनु* टुक्का हो, जलजल हुनु टुक्का होइन । *खुट्टा तान्नु* टुक्का हो, चरण तान्नु टुक्का होइन । कहर काट्नु, जरो काट्नु, नाम काट्नु, नाक काट्नु, लख काट्नु, पेट काट्नु, बाटो काट्नु, डाँडा काट्नु, लगत काट्नु आदि टुक्का हुन्, तर कपडा काट्नु, कपाल काट्नु, घाँस काट्नु आदि पदसमूह टुक्का होइनन् । यसरी खासखास शब्दसँग मात्र खासखास शब्दको सहप्रयोगबाट टुक्का बन्ने देखिन्छ । दुई वा दुईभन्दा बढी जुनसुकै शब्द मिल्दैमा त्यो टुक्का बन्दैन । सन्निधि वा सहप्रयोग टुक्काको खास विशेषता हो ।

५.९ टुक्काको अर्थ

टुक्काको उत्पत्ति र प्रयोग विशेष अर्थ र प्रयोजनका लागि भएको हुँदा टुक्काको खास अर्थ हुन्छ । टुक्काले साधारण र अभिधामूलक अर्थ होइन, खासगरी लक्षणामूलक अर्थद्योतन गर्दछ भने अंशतः व्यञ्जनामूलक अर्थ पनि प्रकट गर्दछ ।

आँखा चिम्लनुको अभिधामूलक अर्थ आँखाको ढकनी बन्द गर्नु भन्ने हुन्छ भने "... एउटा छोरो पाम्ला भन्ने थियो पोइले आँखा चिम्ले ।" भन्ने वाक्यमा 'आँखा चिम्लनु' को अर्थ अभिधामूलक नभएर लक्षणामूलक छ । यहाँ 'आँखा चिम्लनु' को तात्पर्य वा अर्थ बेवास्ता गर्नु भन्ने हो । पोइले बेवास्ता गरेको हुँदा छोरो पाउने धोको रहेको निराशाजनक कथन यहाँ प्रभावकारी भएर प्रकट भएको छ । यस्तै काम आउनु, काल आउनु, कुखुरे बैंस आउनु, कुदिन आउनु, जाँगर मरी आउनु, खुट्टा तान्नु, नाक काट्नु, कागको फूल चोर्नु, आँखा डुलाउनु, तिघ्रा ठटाउनु, औंला ठड्याउनु, जरो उखेल्नु, जहाज डुब्नु, जाल थाप्नु, जिब्रो टोक्नु, झारा टार्नु, टाउकोमा टेक्नु, टाप कस्नु, आँखा लाग्नु, आँखा तर्नु, हात हाल्नु आदि टुक्काले 'आँखा चिम्लनु' ले जस्तै लक्षणामूलक अर्थ प्रकट गर्दछन् । अधिकांश नेपाली टुक्काले यस्तै अर्थ प्रकट गर्दछन् ।

सबै टुक्का लक्षणाधर्मी मात्र छैनन् । केही टुक्काहरूको प्रयोग व्यञ्जनामूलक अर्थका निम्ति पनि भएको हुन्छ । उदाहरणार्थ औंलामा नचाउनु भन्ने टुक्का लिऊँ । यसले अभिधार्थ प्रकट गरेको हुन्न । "सुन्तलीले बलरामलाई आ नो औंलामा नचाएकी छ ।" यस वाक्यमा एउटा सिङ्गो व्यक्तिलाई एउटी आइमाईले औंलामा राख्न-अटाउन त सम्भव छैन भने नचाउने त कुरै छाडौं । यो अभिधार्थ यहाँ बाधित भएको छ र इसारामा हिंडाउनु, जसो भन्यो त्यसै गर्ने बनाउनु, बसमा राख्नु भन्ने अर्थ यहाँ मुख्य रूपमा व्यञ्जित भएको छ । यस्ता टुक्काको सङ्ख्या तुलनात्मक रूपमा कम छ ।

टुक्काको अर्थ रूढ हुन्छ । बल्लभमणि दाहालका अनुसार टुक्काको उद्‌भव बोलचालमा शब्दहरूको प्रयोग गर्दै जाँदा विशेष किसिमको अभिव्यक्तिले अर्थ ग्रहण गर्न थाली कालान्तरमा तीती शब्द मिलेर मात्र अर्थद्योतन गर्न समर्थ हुन जाने प्रक्रियाअन्तर्गत आएको हो र त्यो शब्द सँगसँगै आउँदा रूढ भएर आएका हुन् (दाहाल र अन्य, २०४६:३६२) । यसको उदाहरणका रूपमा 'मन पाक्नु' लाई लिइएको छ । कुनै चिन्तावश मनमा अनेक तर्कवितर्क उठेको अनुभूतिलाई व्यक्त गर्न मनका साथ पाक्नु क्रियाको प्रयोग गरियो र प्रचलन हुँदै जाँदा यसै अर्थमा रूढ हुन गयो ।

चूडामणि बन्धुले पनि यस्तै भनाइ राखेका छन् । उनका अनुसार टुक्काले दिने अर्थ वक्ताले पहिलोपटक प्रयोग गर्दा निस्केको होइन, यो भाषाभाषीहरूको रूढ प्रयोग हो, जसको अर्थ भाषाभाषीलाई नै बढी थाहा हुन्छ (बन्धु,२०५८:३५२) । यसै भएर टुक्काको अनुवाद-रूपान्तरण सहज सम्भव हुँदैन भने अन्य भाषाभाषीलाई यसले भाषा सिक्ने काम जटिल र कठिन बनाइदिन्छ ।

टुक्काको अर्थ रूढ हुने हुँदा अर्थविस्तार, रूढार्थ र टुक्काका सम्बन्धमा भ्रम भएको पाइन्छ । रूढ अर्थ भनेको स्थापित अर्थ हो । पाखेको प्राथमिक अर्थ पाखामा बस्ने भन्ने हो भने अब त्यसले त्यो अर्थ छाडेर असभ्य भन्ने अर्थ दिन थाल्यो । कंसको प्राथमिक अर्थ कृष्णको मामा हो भने पछि त्यो अर्थ विस्तारित भएर अति दुष्ट हुन

पुग्यो । हनुमानको प्राथमिक अर्थ रामको एक भक्त हो भने पछि अर्थ विस्तारित भएर कसैको पिछलग्गु भन्ने अर्थ लाग्न थाल्यो । गुरुको प्राथमिक अर्थ शिक्षादीक्षा दिने व्यक्ति हो भने पछि अर्थ विस्तारित भएर सवारी चालक समेत बुझिन थालियो । यहाँ ती ती शब्दको अर्थविस्तार भएको हो । यसरी टुक्काको अर्थ मूलतः लक्षणामूलक र अंशतः व्यञ्जनामूलक हुन्छ भने यस्तो अर्थ परम्परागत र रूढ हुन्छ भन्ने प्रस्ट हुन आउँछ ।

५.१० टुक्का र उखान

टुक्का र उखान भाषिक अभिव्यक्तिका उपकरण र लोकसाहित्यका विधा भईकन पनि दुवै स्वतन्त्र अस्तित्व भएका तथा बेग्लै स्वरूप-संरचना भएका विधा हुन् । लोकसमुदायमा र केही पठित समुदायमा पनि 'उखान-टुक्का लाई सँगै व्यवहृत गरेको पाइन्छ । उदाहरणका लागि प्रदीप रिमाल (२०५३:७१), देवीप्रसाद बनवासी (२०५५:३४), विजय चालिसे (२०३९:२२२-२२३) लाई अघि सार्न सकिन्छ । यिनमा उखान-टुक्काको महत्त्व दर्साइएको भए पनि यी दुवै स्वतन्त्र अस्तित्व भएका अलगअलग विधा हुन् भन्नेतर्फ ध्यान दिइएको पाइन्न । उखान-टुक्का भनिन्छ, टुक्का-उखान भनिन्न । यसले नेपालीमा उखान-टुक्कालाई सँगै प्रयोग गर्ने लोकप्रचलन र लेख्यप्रचलनलाई देखाउँछ । वस्तुतः टुक्का र उखानको सैद्धान्तिक स्वरूपलाई हेर्दा यसो गर्नु उचित होइन । नेपाली लोकसाहित्यका अध्येताहरूमध्ये केहीले यिनलाई सँगै राखेर झनै अस्पष्टता बढाएका छन् । वस्तुतः टुक्का र उखानमा मौलिक भिन्नताहरू रहेका छन् ।

आयामका दृष्टिले उखान वाक्यस्तरको हुन्छ र टुक्का पदसमूहस्तरको हुन्छ भने प्रयोगका दृष्टिले टुक्काको प्रयोग वाक्यमा हुन्छ र उखान आफैं वाक्यस्तरको भएकाले उखानको प्रयोग वाक्यसमूहमा तर स्वतन्त्र वाक्यका रूपमा हुन्छ । यस्तै टुक्का वाक्यमा प्रयुक्त भएपछि मात्र सार्थक हुन्छ भने उखान वाक्यमा प्रयुक्त नभए पनि अर्थयुक्त हुन्छ । टुक्का वाक्यभित्र टम्म मिलेर बस्छ र त्यसलाई झिक्दा वाक्यको संरचना भत्कन्छ, अर्थ बिग्रन्छ भने उखान छुट्टै रहन्छ र त्यसलाई झिकिदिँदा पनि वाक्यार्थ र वाक्यसंरचनामा कुनै असर पर्दैन । टुक्काले प्रायः लाक्षणिक अर्थ दिन्छ भने उखानले व्यञ्जनार्थ । उखान लघुस्वरूपको हुन्छ भने टुक्का अझ लघु स्वरूपको हुन्छ । टुक्काको संरचनामा कमभन्दा कम पनि दुई शब्द हुन्छन् भने उखानको संरचनामा कमभन्दा पनि दुईभन्दा बढी नै शब्दहरू रहेका हुन्छन् । टुक्कामा एउटा क्रिया हुनु अनिवार्य छ भने उखानमा क्रिया हुनु अनिवार्य छैन । टुक्काको क्रिया रूपायित हुन्छ भने उखानको क्रिया सामान्यतया रूपायित हुँदैन । यसरी हेर्दै जाँदा यी दुईमा आधारभूत रूपमै अन्तर देखिन आउँछ । टुक्का र उखानका बीचको अन्तरलाई निम्नलिखित बुँदाहरूबाट अझ प्रस्ट पार्न सकिन्छ :

१. टुक्काको संरचना पदसमूहात्मक वा पदावलीस्तरको हुन्छ भने उखानको संरचना वाक्यात्मक वा वाक्यस्तरको हुन्छ ।
२. टुक्काको प्रयोग वाक्यमा हुन्छ भने उखानको प्रयोग वाक्यहरूमा हुन्छ ।
३. टुक्का वाक्यमा प्रयुक्त भएपछि मात्र सार्थक हुन्छ भने उखान वाक्यमा प्रयुक्त नभए पनि अर्थयुक्त हुन्छ ।
४. टुक्का वाक्यभित्र टम्म मिलेर बस्छ भने उखान त्यसरी मिलेर बस्दैन ।
५. वाक्यबाट टुक्का झिकिदिंदा अर्थ बरालिन्छ, वाक्यको संरचना भत्कन्छ भने वाक्यहरूबाट उखानलाई झिक्दा वाक्यार्थमा तात्त्विक अन्तर आउन्न र वाक्यको संरचना भत्कन्न ।
६. टुक्कामा लक्ष्यार्थको प्रधानता हुन्छ भने उखानमा व्यङ्ग्यार्थको प्रधानता हुन्छ ।
७. टुक्का लघुतम आकारको हुन्छ भने उखान लघुआकारको हुन्छ ।
८. टुक्का कार्यव्यापारमूलक हुन्छ भने उखान कथनात्मक हुन्छ ।
९. अर्थका दृष्टिले टुक्का पूर्ण उक्ति होइन भने उखान पूर्ण उक्ति हो ।
१०. टुक्का सार्वभौमिक नभई स्वभाषिक हुन्छ भने उखान सार्वभौमिक हुन्छ ।
११. टुक्का अभिव्यक्तिको प्रकारमा आधारित हुन्छ भने उखान ज्ञान र अनुभवमा आधारित हुन्छ ।
१२. टुक्काको रचनामा क्रियापद हुनु अनिवार्य छ भने उखानको रचनामा क्रियापद हुनु अनिवार्य छैन ।
१३. टुक्कालाई अन्य भाषामा रूपान्तरण गर्न सकिन्न भने उखानलाई एक भाषाबाट अन्य भाषामा रूपान्तरण गर्न सकिन्छ ।
१४. टुक्काको कथ्य हुन्न, कथ्यलाई प्रभावकारी तुल्याउन टुक्काको प्रयोग हुन्छ भने उखानको कथ्य हुन्छ ।
१५. टुक्काभित्र उखानको प्रयोग हुन्न भने उखानभित्र टुक्काको प्रयोग हुन सक्छ ।
१६. टुक्का नीतिपरक/शिक्षापरक हुन्न भने उखान नीतिपरक/शिक्षापरक हुन्छ ।
१७. टुक्काले कथनलाई प्रभावकारी तुल्याउँछ भने उखानले असल बाटो देखाउँछ ।
१८. टुक्का शब्दशक्ति हो भने उखान लोकोक्ति हो ।
१९. टुक्काको क्रिया व्याकरणिक कोटिअनुरूप रूपायित हुन्छ भने उखानको क्रिया त्यसरी रूपायित हुन्न ।

उक्त तथ्यले टुक्का र उखानका बीचमा रहेका आधारभूत अन्तरलाई प्रस्ट्याउँछन् । दुवै छोटाछरिता विधा भए तापनि दुवै एउटै होइनन् । त्यसैले उखान-टुक्का होइन, टुक्का उखान भनेर परम्परा तोड्नु जरुरी भएको छ ।

५.११ टुक्का र समस्त शब्द

टुक्का एक विशिष्ट भाषिक उपकरण र लोकसाहित्यको लघुआकारको एक महत्त्वपूर्ण विधा हो भने समस्त शब्द भाषाको शब्दनिर्माण-प्रक्रियाअन्तर्गतको एउटा प्रक्रिया हो। तसर्थ यी दुवैबीच कुनै साइनो छैन। फेरि पनि टुक्का र समस्त शब्दबीच कहिलेकाहीँ झुक्किने अवस्था भने आउँछ। स्वतन्त्र अर्थ भएका दुई वा दुईभन्दा बढी शब्दहरूको यौगिक विधानबाट नयाँ शब्द बनाउने प्रक्रियाबाट निर्मित शब्द समस्त शब्द हो भने दुई वा दुईभन्दा बढी पदसमूहले आआ नो अर्थ छाडेर वाच्यार्थभन्दा लक्ष्यार्थ प्रदान गरे वा विशेष अर्थ प्रदान गरे भने त्यो टुक्का कहलाउँछ। टुक्का हुँदा पनि पहिलेका स्वतन्त्र शब्दले आ नो मूल अर्थ छाडेर दुवैले एकीकृत रूपमा नयाँ वा विशिष्ट अर्थ प्रकट गर्दछन् र समस्त हुँदा पनि पहिलेका स्वतन्त्र अर्थ भएका शब्दले दुवै वा सबै मिलेर नयाँ वा विशिष्ट वा फरक अर्थ प्रकट गर्दछन्। झुक्किने वा भ्रमित हुने मुख्य कारण यही हो। वस्तुतः टुक्का टुक्का हो, समस्त शब्द समस्त शब्द। यी दुवै फरक वा अलग हुन्।

बल्लभमणि दाहालका अनुसार टुक्का पदसमूहात्मक रूप भएकाले टुक्का एउटा शब्दले मात्र हुँदैन। शब्दसमूह (पदावली र वाक्यांश) मा वाक्यतात्त्विक नियम लाग्छ भने समस्त शब्दमा वर्णतात्त्विक र रूपतात्त्विक नियम लाग्दछ (पौड्याल,२०६१:भूमिका ७)। यस्तै दाहालले 'रातो बङ्गला शब्दको चर्चा गर्दै विशेष किसिमको अर्थ हुँदैमा समस्त शब्दहरूलाई पनि टुक्का मान्न सकिँदैन भन्ने मान्यता अघि सारेका छन्। दाहालले चार्ल्स हकेट आदिको मान्यताको खण्डन गर्दै विशेष अर्थ दिँदैमा समस्त शब्दलाई पनि टुक्का मान्ने हो भने लामखुट्टे, लामकीरो जस्ता अनेकौं शब्दलाई पनि टुक्का मान्नुपर्ने हुन्छ भनेका छन् (पौड्याल,२०६१:भूमिका ६)। क्रियामुक्त पदसमूहलाई पनि टुक्का मानिदिने हो भने यस्तो जटिलता झनै थपिन्छ र टुक्काको रचनामा क्रियापद हुने बित्तिकै त्यसले समस्त शब्दबाट अलग देखाउँछ। कालो जिब्रो भएको– कालजिब्रे/ लामा खुट्टा छन् जसका- लामाखुट्टे/ जस्ता समस्त शब्दको विग्रह अवस्थामा पनि क्रियाको उपस्थिति रहने हुँदा क्रिया हुनुले मात्र समस्या पूर्णतया समाधान हुँदैन। बल्लभमणि दाहालका विचारमा वास्तवमा टुक्काहरू न त समस्त शब्द नै हुन् न त सामान्य पदावली नै हुन्। टुक्का हुनका लागि निश्चय नै पदावली वा वाक्यांश हुनु पर्दछ र तिनको रूढ अर्थात् स्थापित अर्थ हुनुपर्छ (पौड्याल, २०६१:भूमिका ९)।

समस्त शब्द पनि धेरै प्रकारका छन्। अधिकांश समस्त शब्द निश्चय नै टुक्काको भ्रम पार्ने खालका छैनन्। खासगरी बहुव्रीहि समास भएमा समस्त शब्द अन्यार्थ प्रधान हुने र तिनका संरचनामा क्रिया समेत आउन सक्ने हुँदा त्यस्ता केही समस्त शब्दमात्र टुक्का जस्ता लाग्दछन्। यस्ता शब्द पनि वस्तुतः टुक्का नभएर

टुक्काको भ्रम दिने समस्त शब्द हुन् । लक्षणामूलक वा व्यञ्जनामूलक क्रियापद सहितको पदसमूहात्मक संरचना टुक्का हो भने दुई वा दुईभन्दा बढी स्वतन्त्र शब्दहरूको मेलबाट व्युत्पन्न शब्द समस्त शब्द हो । यसैले यी नितान्त प्रथक् एकाइ हुन् ।

५.१२ टुक्का, पदावली र वाक्यांश

क्रियापदसहित दुई वा दुईभन्दा बढी त्यस्ता पदहरूको समूहलाई टुक्का भनिन्छ, जसले एकीकृत रूपमा विशेष अर्थ प्रदान गर्दछन् भने दुई वा दुईभन्दा बढी पदहरूको संरचना वा समूहलाई पदावली (phrase) भनिन्छ । वाक्यको संरचक घटक पदावलीको संरचनालाई मूल संरचनामा फरक नपारी विस्तारित र सङ्कुच गर्न सकिन्छ । पदावली शब्दस्थानिक एकाइ हुनाले यसका स्थानमा एकल पदमात्र पनि रहन सक्दछ । हरेक पदावलीमा शीर्षपद (head word) अनिवार्य हुन्छ भने विस्तारकहरू ऐच्छिक रूपमा आउन सक्छन् । त्यसैले शीर्षपद त्यस एकाइ वा पदावलीको प्रमुख हो, जुन पदावलीको केन्द्रमा रहेको हुन्छ । विस्तारकहरू चाहिँ शीर्षपदको अर्थलाई सीमित, विशिष्ट एवम् स्पष्ट पार्ने सहयोगी पदहरू मात्रै हुन् । पदावलीका सदस्य पदहरू एउटै वर्ग वा अलगअलग वर्गका पनि हुन सक्दछन्, तर पदावलीको शीर्षपद जुन वर्गको हुन्छ, त्यसको नामकरण त्यसै आधारमा गरिन्छ । नाम शीर्षपद भएको नाम पदावली, क्रिया शीर्षपद भए क्रिया पदावली, विशेषण शीर्षपद भए विशेषण पदावली, क्रियायोगी शीर्षपद भए क्रियायोगी पदावली र नामयोगी शीर्षपद भए नामयोगी पदावली कहलाउँछन् । जस्तै :

नाम पदावली – रातो रङ, मेरो प्यारो देश, एक विद्वान् मित्र, पच्चीस उत्कृष्ट लघुकथाकार, विश्वको चर्चित स्थान लुम्बिनी, विश्वको सर्वोच्च शिखर सगरमाथा, कक्षामा सबैभन्दा बढी जान्ने विद्यार्थी आदि ।

विशेषण पदावली– मागेको (धोती), भलाद्मी (मैले उसलाई भलाद्मी ठानें), भात खाने (थाल), स्कुलबाट भागेको (केटो), सगरमाथा टेकेको (पाइला), सुरिलो र मीठो (भाका), ज्यादै राम्रो पढाउने (शिक्षक), भरखर चीनबाट ल्याएको (मोबाइल) आदि ।

क्रिया पदावली – भन्ठान्नुभयो, जान सक्छ, गरिदिएको हुन सक्छ, खाइसक्ने रहेछ, खाइ दियो, सुनिसकिहालेको रहेछ, भइसकेको हुनसक्छ, लेखिदिइपठाउनुभएको हुनुहोला आदि ।

क्रियायोगी पदावली – (लता) त्यहाँ (थिई), धेरै छिटो, आज बिहान, हिजो राति, भूत देखाएर (तर्सायो), (उनीहरू) ठूलो स्वरले (कराए) आदि ।

नामयोगी पदावली – दसैंपछि, उच्चारणबमोजिम, (ऊ) उतातिर (गएछ), देशको भविष्यबारे, हाम्रो सहायताबिना, हिजोको पढाइसँग, हिजोको घटनाबारे आदि ।

यसरी हेर्दा पदावली एकपदीय पनि हुन सक्छन् भने टुक्का एकपदीय हुँदैनन् । पदावली एकपदीय पनि हुने हुँदा टुक्काका केही अध्येताहरूले विगतमा कंस, पाखे, विभीषण, अगस्ति जस्ता एकल शब्दलाई पनि टुक्का मान्न पुगेका छन् । तसर्थ पदसमूहात्मक भए पनि टुक्का पदावली होइन र पदसमूहात्मक भएकैले टुक्का हुन कम्तीमा पनि दुई पद हुनु अनिवार्य छ । पदावली शब्दस्थानिक भएकाले त्यो एकपदीय पनि हुन सक्छ र हुन्छ । टुक्का शब्दस्थानिक होइन र त्यो एकपदीय हुन्न ।

पदावली जस्तै वाक्यांश (clause) पनि टुक्का होइन । टुक्का पदसमूहात्मक हुने र वाक्यांश पनि पदसमूहात्मक हुने हुँदा वाक्यांशलाई यदाकदा टुक्का मान्ने भुल गर्न सकिन्छ । कुरा पूरा नगर्ने एक प्रकारको भावमात्र प्रकट गर्ने पदहरूको समूहलाई वाक्यांश भनिन्छ । वाक्यांश एउटा सिङ्गो वा पूर्ण वाक्यको एक अंशमात्र हो । त्यसैले वाक्यमा वाक्यांशको जतिसुकै महत्त्व भए पनि त्यो टुक्काको जति महत्त्वको छैन । टुक्काले कथन वा अभिव्यक्तिलाई सशक्त र प्रभावकारी तुल्याउँछन् भने वाक्यांशले वाक्यको एक अंश वा अङ्ग भएर वाक्यलाई पूरा गर्ने काम गर्छन् । वाक्यांशले आधारभूत अभिधामूलक अर्थ नै दिन्छन् भने टुक्काहरूले भने अभिधामूलक अर्थ नदिई लक्षणामूलक अर्थ दिन्छन् (बन्धु,२०५८:३५२) ।

यसरी हेर्दा पदावली र वाक्यांश टुक्का जस्तै पदसमूहात्मक हुने भए तापनि यिनले दिने अर्थ र वाक्यका तहमा खेल्ने भूमिकाले गर्दा आधारभूत रूपमा यिनीहरू नितान्त भिन्न छन् । टुक्काको छुट्टै सिङ्गो एकाइगत अर्थ हुन्छ । टुक्काका संरचक शब्दहरूले एकीकृत रूपमा एउटा सिङ्गो अर्थ दिने हुँदा यिनले एउटा शब्दले जस्तो प्रकार्य गर्दछन् । त्यसैले नै शब्दकोशहरूमा पदावली र वाक्यांशको प्रविष्टि हुँदैन, टुक्काको प्रविष्टि हुन्छ । त्यसैले टुक्का कोशीय एकाइ हुन्, पदावली र वाक्यांश कोशीय एकाइ होइनन् ।

५.१३ टुक्काको महत्त्व

कुनै पनि विषय र विधाको महत्त्व त्यसको प्रयोजन, उपयोग र प्रयोगमा निर्भर गर्दछ । भाषिक अभिव्यक्तिलाई तिख्खर र निख्खर पार्न टुक्काको निरन्तर उपयोग गरिँदै आएको छ । टुक्का लोकसमुदायका सिर्जना हुन्, लोकसमुदायका सम्पदा हुन् र लोकसमुदायका भाषिक कौशलका पदचिन्ह हुन् । टुक्का निरन्तर सिर्जना हुँदै, स्थापित हुँदै र प्रयुक्त हुँदै आएका छन् । समयक्रममा कति टुक्का प्रयोगमा आउन छाडेर समयको कालखण्डमा विलुप्त पनि हुँदै आएका छन् ।

टुक्काको सिर्जनशील स्वभावले गर्दा केही विलुप्त भए पनि टुक्का सभ्यताको विकास सँगसँगै जीवन्त रहँदै आएका छन् । टुक्का आफूमात्र जीवन्त रहँदै आएका होइनन्, टुक्काले भाषिक अभिव्यक्तिलाई पनि सशक्त, प्रभावकारी र जीवन्त तुल्याउँदै आएका छन् । तसर्थ टुक्काको महत्त्वलाई धेरै दृष्टिले आकलन गर्न सकिन्छ । टुक्काको महत्त्वका बारेमा एकाध उद्‌गार प्रकट भएका भए पनि ठोस अध्ययन भएकै छैन भने हुन्छ । टुक्काको महत्त्वको सम्यक् विश्लेषण हुनु आवश्यक छ । यहाँ खासगरी टुक्काको भाषिक, लोकसाहित्यिक, साहित्यिक, सांस्कृतिक र मनोवैज्ञानिक महत्त्वलाई मात्र सूच्य रूपमा प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

५.१३.१ भाषिक महत्त्व

टुक्काको भाषिक अभिव्यक्तिलाई प्रभावकारी बनाउँछन्, कलात्मक र सौन्दर्यमयी तुल्याउँछन्, भाषालाई जीवन्त तुल्याउँछन् । त्यसैले कृष्णदेव उपाध्यायले टुक्कालाई भाषाका संजीवनी शक्ति र प्राण भनेका छन् (उपाध्याय,१९७७:१८९) । टुक्कामुक्त कथन र टुक्कायुक्त कथन वा अभिव्यक्तिलाई तुलना गरी हेर्‍यौं भने यो कुरा अझ प्रस्ट हुन्छ :–

(क) समा परीक्षामा फेल भइछ ।	(ख) समाले परीक्षामा आलु खाइछ ।
(क) सहिदहरू सारै प्यारा छन् ।	(ख) सहिदहरू आँखाँका तारा भएका छन् ।
(क) ऊ सारै रिसाएको छ ।	(ख) ऊ रिसले आगो भएको छ ।
(क) ऊ सारै गफी छ ।	(ख) ऊ उडेको चरा खसाल्छ ।

यहाँ (क) समूहका वाक्यले साधारण कथन गरेका छन्, तिनमा ओज छैन, सौन्दर्य छैन, प्रभावकारिता छैन, किनकि तिनमा टुक्काको उपस्थिति छैन । (ख) समूहका वाक्यले विशिष्ट कथन गरेका छन्, तिनमा ओज छ, सौन्दर्य छ, प्रभावकारिता छ, किनकि तिनमा टुक्काको उपस्थिति छ ।

टुक्काको अर्को भाषिक महत्त्व के हो भने टुक्काको प्रयोगबाट विस्तृत रूपमा गर्नुपर्ने कथनलाई सङ्क्षिप्तमा प्रस्तुत गर्न सकिन्छ । थोरैमा धेरै भन्नु टुक्काको मुख्य विशेषता नै हो ।

यसरी भाषिक अभिव्यक्तिलाई प्रभावकारी, कलात्मक, सौन्दर्यशाली तुल्याउन तथा विस्तृत कथनलाई सङ्क्षिप्त पार्न टुक्काको उपयोग हुने गर्दछ । यो टुक्काको भाषिक महत्त्व हो । टुक्काको उपयोग-प्रयोग नभएको अभिव्यक्ति प्रभावहीन र निरस हुन्छ ।

५.१३.२ लोकसाहित्यिक महत्त्व

टुक्का लोकसाहित्यको लघुआकारको एक प्रमुख विधा हो । लोकसाहित्यका लोकगीत, लोककविता, लोकगाथा, लोककथा, गाउँखाने कथा, उखान र टुक्का जस्ता

विधाहरू रहेका छन् । लोकसाहित्यबाट टुक्का झिकिदिने हो भने लोकसाहित्य अपूर्ण हुन्छ । टुक्का लोकसाहित्यका अन्य विधा जस्तै लोकको उत्पादन, लोकको संरक्षण, लोकको स्याहारसुसार र लोकका मुखमुखमा हुर्किँदै आएको हो । त्यसैले यसमा लोकजीवनको धुकधुकी रहेको हुन्छ ।

५.१३.३ साहित्यिक महत्त्व

टुक्काको उपस्थितिले साहित्यिक रचनामा प्राणसञ्चार हुन पुग्दछ । टुक्का आफैँ पनि साहित्य (लोकसाहित्य) हुन् भने जब लेख्यसाहित्यमा टुक्कालाई प्रयोग गरिन्छ, त्यसको कलासौन्दर्यमा अभिवृद्धि हुन पुग्छ । आँसु झार्नु भन्नुभन्दा कुकुरको मुत चुहाउनु, देखावटी रुनु भन्नुभन्दा गोहीका आँसु झार्नु, भाग्य सप्रनु भन्नुभन्दा गोरु ब्याउनु, धेरै सुत्नु भन्नुभन्दा कुम्भकर्ण बन्नु, नबोल्नु भन्नुभन्दा मुख सिउनु, गफ गर्नु भन्नुभन्दा आकास-पताल जोड्नु, ज्यादै प्यारो हुनुभन्दा आँखाको नानी हुनु टुक्काको प्रयोगले साहित्यमा सुनमा सुगन्ध थपिन पुग्दछ। यसबाट प्रस्ट हुन्छ, टुक्काको प्रयोगले साहित्यको शक्ति, सामर्थ्य र सौन्दर्य बढ्छ ।

५.१३.४ सांस्कृतिक महत्त्व

टुक्का सभ्यता र संस्कृतिका संवाहक र प्रतिबिम्ब हुन् । टुक्कामा परम्परादेखि नै लोकसमुदायका भाषिक कौशलका साथै तिनका भाव र विचार अभिव्यक्त भइआएका छन्, लोकजीवनका मौलिक परम्परा, चाडपर्व, रीतिरिवाज, रहनसहन, विश्वास वा मूल्यमान्यताहरू समेत झल्किरहेका हुन्छन् ।

श्रीगणेश गर्नु, अलख जगाउनु, चोला फेर्नु, ढोल पिटाउनु, तिलाञ्जली दिनु, मास छर्नु, थिति बसाल्नु, दैव लाग्नु, पञ्चमीका पाइला गन्नु, धूप हाल्नु, पानी बार्नु, पानी पार्नु, भद्रो हेर्नु, सिन्दुर हाल्नु, हात हेर्नु, केटी हेर्नु, धुनी जगाउनु, ढोग दिनु, बाबुको बिहे देखाउनु, भैली भट्याउनु, देउसी खेल्नु, बाबुको बिँडो थाम्नु, सन्जे जगाउनु, जनै मन्त्रनु, खानदान मिल्नु, धर्म कमाउनु, धर्म भकाउनु, किरिया खानु, गहुँत खानु, धूपबत्ती गर्नु, स्वस्ति-शान्ति गर्नु, खाँडो जगाउनु, नाता लाउनु, एकुन्द्रो लाग्नु, सतीत्व लुट्नु, एकहाते हुनु, कोख बाँझो हुनु, घन्टाको रालो हुनु, चन्द्रमा दाहिने हुनु, धामी बसाल्नु, जुठो पर्नु, पत्रम्-पुष्पम् गर्नु, कुशको बाहुन हुनु, धौता चढ्नु, पिण्डपानी चलाउनु, पिण्ड फोर्नु, साइत हेर्नु, साइत पर्नु, अछेतापानी छर्कनु, नारद बन्नु, अगस्ति हुनु, महाभारत हुनु, लखने हुनु, काग कराउनु, टुप्पी काट्नु, बोक्सी लाग्नु, भूत लाग्नु, कर्म खानु, किरिया खानु, भाग्य चम्कनु आदि टुक्काहरू सांस्कृतिक पक्षलाई देखाउने टुक्का हुन् । नेपालीमा यस्ता टुक्काको पौल छ । यस्ता टुक्काको विश्लेषणबाट लोकजीवनको परम्परा, रीतिथिति, चालचलन, लोकविश्वास

वा लोकका मूल्यमान्यताहरूको अध्ययन गर्न सकिन्छ। तसर्थ टुक्काको सांस्कृतिक महत्त्व पनि त्यत्तिकै छ।

५.१३.५ मनोवैज्ञानिक महत्त्व

टुक्का भाषा र लोकसाहित्यको विषय भए पनि टुक्काको मनोवैज्ञानिक महत्त्व पनि त्यत्तिकै देखापर्दछ। टुक्काले मानवीय सूक्ष्म अनुभूति र मनोभावलाई प्रकट गर्दछन्। उदाहरणार्थ 'मुख अँध्यारो पार्नु टुक्काले मानवमनको भित्री तहमा भएको पीडाबोध गराउँछ, 'आङ जिरिङ्ग हुनु'ले मानवमनमा परेको त्रासलाई झल्काउँछ।

आँगन पोल्नु, कालो कपाल भित्र हुल्नु, आन्द्रा-भुँडी दुहुनु, आन्द्रा-भुँडी देखाउनु, एक बित्ता लामो जिब्रो झिक्नु, ऐनामा मुख हेर्नु, ओठ-मुख सुक्नु, कालो-नीलो हुनु, कालो अनुहार लाउनु, कुरा मिलाउनु, कुरा बुझ्नु, कुरा धुल्नु, ङिच्च हाँस्नु, बत्तीस दन्त देखाउनु, चित्त बुझ्नु, चोर आँखाले हेर्नु, छाती खोल्नु, छाती फुलाउनु, मन फुरुङ्ग हुनु, मन-पेट पाउनु, माया पोख्नु, माया लाग्नु, मुख सुँघ्नु, मन चोर्नु, मन जल्नु, मन ठेगानामा नहुनु, मन थाम्नु, मन तोडिनु, मन डुलाउनु, मन दिनु, मन जानु, मन दुख्नु, मन पग्लनु, मन पाक्नु, मन बाँध्नु, मन बिगार्नु, मन बुझाउनु, मन भरङ्ग हुनु, मन भुटभुटिनु, मन मर्नु, मन मिल्नु, मनमा चिसो पस्नु, मन हुनु, मन समाल्नु, खुट्टा उचाल्नु, खुट्टा काट्नु, पाउ मल्नु, खुट्टामा बाँधे पनि नसुहाउनु, खुट्टा तान्नु, खुट्टा लाग्नु आदि यस्तै अन्य टुक्काहरू हुन्। यस्ता उदाहरणबाट मनोविज्ञानसँग टुक्काको साइनो गाँस्न सजिलो हुन्छ भने टुक्काको मनोवैज्ञानिक महत्त्व पनि थाहा पाउन सकिन्छ। यस्ता टुक्काको विश्लेषणबाट लोकसमुदायको मनोविज्ञानको अध्ययन' गर्न सकिन्छ। तसर्थ टुक्काको मनोवैज्ञाकि महत्त्व पनि त्यत्तिकै छ।

यसरी हेर्दा टुक्काको भाषिक, लोकसाहित्यिक, साहित्यिक, सांस्कृतिक र मनोवैज्ञानिक दृष्टिले महत्त्व रहेको देखिन्छ। यसैगरी सामाजिक, शैक्षिक, आर्थिक, पुरातात्त्विक, मानवशास्त्रीय आदि दृष्टिले समेत टुक्काको महत्त्वको आकलन गर्न सकिन्छ। भाषिक दृष्टिले टुक्काको यति महत्त्व बढ्दै गयो कि अब आएर यसलाई भाषा-व्याकरणकै क्षेत्रको विषयका रूपमा अध्ययन भइरहेको पाइन्छ।

५.१४ टुक्काका संरचक तत्त्व

टुक्काको संरचक तत्त्वको खोजी गर्नु भनेको टुक्का केके मिलेर कसरी बन्दछन् भनेर खोज्नु हो। छोटोछरितो ट्वाक्कटुक्कको विधा टुक्काका निर्माणकारी घटकलाई यसका संरचक तत्त्व भनिन्छ। सरल तरिकाले भन्नुपर्दा पदहरूका मेलबाट टुक्का बन्दछन्, तर यति भनेर उम्कन सकिन्न, किनभने जस्तातस्ता पदहरू मिलेर टुक्का बन्दैनन्। खासखास पदहरू खासखास पदसित मिलेर विशेष अर्थ द्योतन गरे

भने बल्ल त्यस्तो पदसमूह टुक्का कहलाउँछ । टुक्काको एउटा पद क्रियापद हुन्छ । टुक्कामा परिस्थिति या सन्दर्भको त्यत्तिकै भूमिका हुन्छ । तसर्थ टुक्काका निर्माणकारी घटक वा संरचक तत्त्वमा पदसमूह, अर्थ र सन्दर्भ पर्दछन् ।–

५.१४.१ पदसमूह

पदहरू टुक्काका संरचक तत्त्व हुन् । पदसमूह नभई टुक्का बन्दैन । अनि फेरि जस्तातस्ता शब्द थुपार्दैमा टुक्का हुन्न । तसर्थ खासखास शब्दसँग खासखास क्रियापदको योगबाट टुक्का बन्दछ । टुक्कामा आउने यस्ता शब्दमा (प्रायः) क्रियापद अनिवार्य हुन्छ र त्यो क्रममा पछि वा अन्तमा आउँछ भने आरम्भ वा पहिलो क्रममा आउने शब्द नाम वा सर्वनाम वा विशेषण वा अव्यय हुन्छ । दुई भन्दा बढी पद हुने टुक्कामा नाम+विभक्ति+नाम+क्रिया, विशेषण+नाम+क्रिया, नाम+विशेषण+क्रिया आदि हुन सक्छ । यसबाट टुक्कामा शब्दको सङ्ख्या र क्रम जेजस्तो भए पनि टुक्का बन्नका लागि पदसमूह प्रमुख र अनिवार्य तत्त्व हो भन्ने प्रस्ट हुन्छ ।

बालकृष्ण पोखरेल (२०३६), चूडामणि रेग्मी (२०४१), शिवप्रसाद पौड्याल (२०६१) आदिले क्रियापद नभएका टुक्काको चर्चा गर्दै **अँध्याराको काम, आँखाको कसिङ्गर, आँखाको नानी, कुवाको भ्यागुतो** आदि टुक्काको उदाहरण दिएका छन् । यिनमा क्रियापद प्रत्यक्ष वा बाह्य संरचनामा देखा नपरे पनि **हुनु, बन्नु** आदि क्रिया तिनको अन्तस्तलमा रहेका छन् र ती वाक्यमा प्रयोग गर्ने अवस्थामा प्रकट हुन्छन् ।

५.१४.२ भाव वा अर्थ

टुक्काको अर्को प्रमुख तत्त्व भाव वा अर्थ हो । अलग-अलग स्वतन्त्र अर्थ भएका दुई वा दुईभन्दा बढी पदहरू मिलेर अन्यार्थ प्रदान गर्दछन् । त्यसलाई लक्ष्यार्थ भनिन्छ । टुक्कामा आउने पदहरूले आआ नो अर्थ छाडेर लक्ष्यार्थ प्रकट गरेपछि बल्ल ती टुक्काका श्रेणीमा पुग्दछन् । जस्तै-

पदसमूह		**वाच्यार्थ**
बाघ मार्नु	→	बाघ मार्ने काम गर्नु
नाक काट्नु	→	पत्ती (ब्लेड) आदिले नाक काट्ने काम गर्नु
टुक्का		**लक्ष्यार्थ**
बाघ मार्नु	→	ठूलो उपलब्धि हासिल गर्नु
नाक काट्नु	→	इज्जत फाल्नु

यी उदाहरणबाट वाच्यार्थ वा अभिधेयार्थ प्रकट गर्ने पदसमूह टुक्का नभएर लक्ष्यार्थ प्रकट गर्ने पदसमूहले मात्र टुक्काको श्रेणी प्राप्त गर्छ भन्ने प्रस्ट हुन्छ भने पदसमूह र भाव वा अर्थ यसका प्रमुख तत्त्व ठहरिन पुग्छन् । तसर्थ सामान्य

अर्थ टुक्काको अभीष्ट होइन, विशिष्ट र लाक्षणिक अर्थ दिन सकेमात्र टुक्का टुक्का कहलिन समर्थ बन्दछ। टुक्काको प्रमुख निर्माणकारी घटक भनेको अर्थ नै हो। बाहिर तिनको अस्तित्व छुट्टाछुट्टै दुई शब्दका रूपमा रहेको जस्तो देखिए पनि आर्थिक दृष्टिले चाहिं एउटै एकाइका रूपमा देखापर्दछन्। टुक्का चिन्ने प्रमुख आधार पनि त्यसको अर्थगत वैशिष्ट्य नै हो। अर्थगत विशिष्टता वा विशेष अर्थ नभए टुक्का नै बन्दैन।

५.१४.३ सन्दर्भ (प्रयोगसन्दर्भ)

सन्दर्भलाई टुक्काको एक अर्को प्रमुख तत्त्वका रूपमा लिन सकिन्छ। टुक्काको सार्थकता त्यति बेला देखिन्छ, जब भाषिक अभिव्यक्तिमा उचित ठाउँमा तिनलाई सन्दर्भ मिल्ने गरी प्रयोग गरिन्छ (पौड्याल, २०६१:१०)। टुक्काको प्रयोग वाक्यभित्र हुन्छ। 'मुख लाग्नु टुक्का हो, तर यसको अर्थ त्यस समयमा स्पष्ट हुन्छ, जब हामी यसलाई 'आफूभन्दा ठूलाको मुख लाग्नु हुँदैन' भनी वाक्यमा प्रयोग गर्छौं। सन्दर्भमा प्रयुक्त वाक्यले प्रसङ्ग निर्धारित गर्छ र टुक्काको अर्थ स्पष्ट हुन्छ (बन्धु,२०५८:३५०)। यसै गरी 'आँखा खुल्नु' पदसमूहलाई उदाहरणमा लिऊँ।

(क) जन्मने बित्तिकै शिशुका आँखा खुले।

(ख) ठक्कर खाएपछि बल्ल उसका आँखा खुले।

वाक्य (क) मा जन्मेको सन्दर्भ छ। यहाँ 'आँखा खुल्नु' टुक्का होइन, पदसमूह भईकन पनि यसले अभिधार्थ द्योतन गरेको छ। वाक्य (ख)मा ठक्कर पाएको सन्दर्भ छ र यहाँ 'आँखा खुल्नु को टुक्कागत अर्थ सचेत हुनु भन्ने यहाँ प्रकट भएको छ। सन्दर्भ नभए टुक्का नअर्थिने र वाक्यमा प्रयोग नभए यो सार्थक पनि नहुने देखिन आउँछ। तसर्थ सन्दर्भ पनि टुक्काको एक प्रमुख तत्त्व वा उपकरण हो।

उक्त (क) र (ख) मा बाह्य संरचनागत रूपमा हेर्दा 'आँखा खुल्नु' समान देखिए पनि आन्तरिक संरचना र अर्थका दृष्टिले यी दुवै भिन्न छन्। (क)मा 'आँखा र 'खुल्नु' अलगअलग स्वतन्त्र शब्द हुन् र यिनले आआ नो स्वतन्त्र र अलगअलग अर्थद्योतन गरेका छन् भने (ख)मा 'आँखा' र 'खुल्नु' दुई अलगअलग स्वतन्त्र शब्द हुन् र यिनले आआ नो स्वतन्त्र र अलगअलग अर्थद्योतन नगरी एकीकृत वा एउटै अर्थ प्रकट गरेका छन्। यसो हुनुमा भित्री रूपबाट सन्दर्भले साथ दिएको छ।

यसरी टुक्काका तत्त्वको खोजी गर्दा पदसमूह, अर्थ र प्रयोगसन्दर्भ देखिन आउँछन्। खासखास पदहरू खासखास पदसित मिलेर विशेष अर्थ द्योतन गरेमा त्यस्तो पदसमूह टुक्का कहलाउँछ। टुक्काको एउटा पद क्रियापद हुन्छ। टुक्कामा परिस्थिति या सन्दर्भको त्यत्तिकै भूमिका हुन्छ। तसर्थ टुक्काका निर्माणकारी घटक पदसमूह, अर्थ र प्रयोगसन्दर्भ हुन् भन्न सकिन्छ।

५.१५ टुक्काको संरचना

भाषिक दृष्टिले हेर्दा टुक्काको बनोट या संरचनामा नाम, सर्वनाम, विशेषण, अव्यय र क्रियापदहरू देखिन्छन् । टुक्काको संरचनामा क्रिया अनिवार्य रूपमा रहेको पाइन्छ। पदसमूहको पहिलो सदस्य नाम, सर्वनाम, विशेषण र अव्ययमध्ये एक वा एकाधिक रहन्छन् भने अन्तिम सदस्यका रूपमा क्रिया नै रहेको हुन्छ। कहीं पूर्वपदमा विभक्ति पनि लागेको हुन्छ। हुनु, खानु, लाग्नु, गर्नु, काट्नु आदि क्रियामात्र वाक्यमा प्रयोग हुँदैनन्, वाक्यको आवश्यकताअनुसार विभिन्न काल, पक्ष र भाव पनि प्रकट हुन सक्छ। शब्दवर्गको क्रम, शब्दसङ्ख्या तथा टुक्कामा आउने क्रिया र अन्य शब्दको क्रमका आधारमा नेपाली टुक्काका प्रमुख पक्षलाई निम्नअनुसार देखाउन सकिन्छ :

५.१५.१ शब्दवर्गको क्रम

टुक्काको निर्माणमा शब्दवर्गका सबै शब्दहरू उपयोगमा आउँछन् । हरेक टुक्कामा क्रियापद अन्तिम क्रममा आउँछ भने क्रियाइतर पदवर्गहरू क्रियापूर्व विभिन्न स्थानमा आउँछन् । द्विपदीय टुक्कामा नाम र क्रिया, विशेषण र क्रिया, अव्यय र क्रिया, सर्वनाम र क्रिया क्रमश आउँछन् भने तीन पदीय टुक्कामा नाम, विभक्ति नाम र क्रिया, विशेषण, नाम र क्रिया, नाम, विशेषण र क्रिया जस्तो संरचना पाइन्छ, तर यसलाई सूत्र्य रूपमा निम्नअनुसार देखाउन सकिन्छ :

१. **नाम + क्रिया = टुक्का**

↓ ↓ ↓

आँखा लाग्नु = आँखा लाग्नु

यस्तै अन्य केही टुक्का :

अडेस लाग्नु, आँखा गाड्नु, आँखा चिम्लनु, आँखा लाग्नु, आँखा खुल्नु, आँच आउनु, आङ लाग्नु, आच्छु-आच्छु पार्नु, आलु खानु, उँधो लाग्नु, उँभो लाग्नु, उराठ लाग्नु, ओइरो लाग्नु, औंला भाच्नु, औंलो लाग्नु, कम्मर कस्नु, कान खानु, कुरा काट्नु, कुरा चबाउनु, किनारा लाग्नु, केटी हेर्नु, खल्लो लाग्नु, खुट्टा तान्नु, गल्फदी गर्नु, गोठालो लाग्नु, गोडा लाग्नु, गोरू ब्याउनु, घत लाग्नु, घाँटी लाग्नु, घाम लाग्नु, घुँडा टेक्नु, चुरीफुरी देखाउनु, चोट लाग्नु, चोर लाग्नु, जात फाल्नु, जिब्रो टोक्नु, जीउ लाग्नु, टाउको फोर्नु, ठक्कर लाग्नु, ठेस लाग्नु, डहेलो लाग्नु, ढुङ्गो टुसाउनु, तर लाग्नु, तातो लाग्नु, तिघ्रा काम्नु, दिन लाग्नु, धक्का लाग्नु, नाक काट्नु, नाडी छाम्नु, पखेटा लाग्नु, पछि लाग्नु, पानीपानी हुनु, पानी लाग्नु, पाप लाग्नु, पासो लाग्नु, पुच्छर लाग्नु, पेट लाग्नु, पाता कस्नु, बात लाग्नु, बोसो लाग्नु, भात लाग्नु, भुँडी बोक्नु, भुँडी लाग्नु, मन लाग्नु, माछा मार्नु, मात लाग्नु, माया लाग्नु, मास छर्नु,

मासु लाग्नु, मुख लाग्नु, मेला लाग्नु, लिसो लाग्नु, लुतो लाग्नु, वाक्क लाग्नु, सरकार लाग्नु, सराप लाग्नु, सुरसार कस्नु, सिन्को नभाँच्नु, हातखुट्टा लाग्नु, हात लाग्नु, हावा खानु, हातपात गर्नु, हावा लाग्नु, हात उठाउनु, हात हाल्नु, हात उठ्नु, हात चिलाउनु, हात छोड्नु, हात झिक्नु, हात पर्नु, हात फेर्नु, हात बढाउनु, हात बस्नु, हात जम्नु, हात बाँध्नु, हात मल्नु, हात पर्नु, हात मिलाउनु, हात रोक्नु, हात लम्काउनु, हात लिनु आदि ।

२. नाम + विभक्ति + क्रिया = टुक्का

↓ ↓ ↓ ↓

टाउकामा टेक्नु = टाउकामा टेक्नु

यस्तै अन्य केही टुक्का :

ओठमा झुन्डिनु, खाल्टामा पर्नु, टाउकाले टेक्नु, मनले खानु, मुखमा झुन्डिनु, वचनले हान्नु,

३. नाम + विभक्ति + नाम + क्रिया = टुक्का

↓ ↓ ↓ ↓ ↓

आँखाको कसिङ्गर हुनु = आँखाको कसिङ्गर हुनु

यस्तै अन्य केही टुक्का :

अरिङ्गालको गोलो हुनु, आँखामा छारो हाल्नु, आकासको चरो खसाल्नु, आकासको फल हुनु, आगोमा घिउ थप्नु, आङमा धाम लाग्नु, काउछाको माला हुनु, कागको फुल चोर्नु, कानका कीरा खानु, कुसको बाहुन हुनु, कुहिराको काग हुनु, जुँघामा ताउ लाउनु, जिब्रोमा पानी आउनु, छेपाराको आहान हुनु, डाँडाको जून हुनु, दाँतबाट पसिना आउनु, न्वारनदेखिको बल झिक्नु, परालको आगो हुनु, पसिनाको कमाइ खानु, बाखीको पुच्छर खानु, बालुवामा पानी पर्नु, मनमा जौतिल पाक्नु, मुखमा पानी आउनु, मुटुमा ढ्याङ्ग्रो ठोक्नु, बुद्धिमा बिर्को लाग्नु, मामाको घर जानु, बीरबलको खिचडी हुनु, सुनको चरो हुनु, सुनमा सुगन्ध हुनु, हंसले ठाउँ छाड्नु आदि ।

४. विशेषण + नाम + क्रिया = टुक्का

↓ ↓ ↓ ↓

अँध्यारो मुख लाउनु = अँध्यारो मुख लाउनु

यस्तै अन्य केही टुक्का :

ओठे जवाफ लाउनु, कुखुरे बैंस चढ्नु, झिँगे दाउ लाउनु, ठूलो मुख गर्नु, तीन छक पर्नु, तीन त्रिभुवन देख्नु, तीन सहर घुमाउनु, साउने पानी छल्नु, लामो हात गर्नु आदि ।

५. नाम + विशेषण + क्रिया = टुक्का

↓ ↓ ↓ ↓

नाक ठाडो हुनु = नाक ठाडो हुनु,

यस्तै अन्य केही टुक्का :

आँखा टेढो पार्नु, जीउ भारी हुनु, मुख अँध्यारो गराउनु, मुख ठूलो बनाउनु

६. विशेषण + क्रिया = टुक्का

↓ ↓ ↓

तातो लाग्नु = तातो लाग्नु

यस्तै अन्य केही टुक्का :

अन्धो बन्नु, अन्धो हुनु, अमिलो हुनु, खल्लो हुनु, चिप्लो घस्नु, चिसो पस्नु, दहीचिउरे हुनु आदि ।

७. अव्यय + क्रियापद = टुक्का

↓ ↓ ↓

ठहरै पर्नु = ठहरै पर्नु,

यस्तै अन्य केही टुक्का :

उँभो लाग्नु, उडेर आउनु, चुठेर आउनु, ट्वाल्ल पर्नु, हुक्क हुनु, पछि लाग्नु, पर सर्नु, भुतुक्क हुनु, मरेर बाँच्नु, हाँसेर उडाउनु, हुरुक्क हुनु आदि ।

८. नाम + अव्यय + क्रियापद = टुक्का

↓ ↓ ↓ ↓

आँखा चिम्लेर बस्नु = आँखा चिम्लेर बस्नु,

यस्तै अन्य केही टुक्का :

कान तातेर आउनु, मुठी कसेर दिनु,

९. सर्वनाम + नाम + क्रियापद = टुक्का

↓ ↓ ↓ ↓

आ नो मुख हेर्नु = आ नो मुख हेर्नु

यस्तै अन्य केही टुक्का :

आ नो खाडल खन्नु, आ नो मानो खानु, आ नो डम्फु बजाउनु, आ नो डम्फु पिट्नु, आ नै खुट्टामा हान्नु, आ नो गुन गाउनु आदि ।

यसरी टुक्काको संरचना शब्दवर्गका विभिन्न शब्दहरू निश्चित क्रममा आउने र तिनले विशेष अर्थ द्योतन गर्ने गरेको पाइन्छ । उक्त संरचनाका अतिरिक्त *आ नो थुक आफैँले चाट्नु, आ नो खुट्टामा आफैँले बन्चरो हान्नु, एक कान दुई कान मैदान हुनु, एक कानले सुनेर अर्को कानले उडाउनु, टेक्ने ठाउँ न समाउने हाँगो हुनु, आ नो आङ कनाएर आ नै आङमा छारो उडाउनु,* उडी जाऊँ कि बुडी जाऊँ हुनु, एक

कानले सुनेर अर्को कानले उडाउनु, गाईको थुन न बाच्छाको मुख हुनु, टेक्ने ठाउँ न समाउने हाँगो हुनु, तातो दूध निल्नु न ओकल्नु, थाल खाऊँ कि भात खाऊँ हुनु, हाँसको चाल न कुखुराको चाल हुनु, आ नो आङ कनाएर आ नै आङको छारो उडाउनु, आ नो आङ कन्याएर आ नै आङमा छारो हुनु जस्ता बहुपदिक टुक्का पनि रहेका पाइन्छन्।

५.१५.२ शब्दसङ्ख्या

टुक्कामा कति शब्द हुन्छन् ? यो विवादको कुरा होइन। फेरि पनि इतिहासमा एक्लो शब्द पनि टुक्का कहलायो। अब त्यस्तो छैन। एक्लो पद टुक्का हुन्न। तसर्थ टुक्काको संरचनामा दुई पद र सोभन्दा बढी शब्द नै रहन्छन्। सामान्यतया दुईदेखि छसात पदसम्मका टुक्का पाइएका छन्।

दुई पदीय टुक्का :

अङ्केस लाग्नु, आँखा खुल्नु, आँखा गाड्नु, आँखा लाग्नु, आगो सल्काउनु, आलु खानु, औंला भाच्नु, काँध थाप्नु, कान खानु, खुट्टा तान्नु, गल्फदी गर्नु, गोरू ब्याउनु, घुँडा टेक्नु, चुरीफुरी देखाउनु, जिब्रो टोक्नु, टाउको फोर्नु, ठक्कर लाग्नु, ढुङ्गो टुसाउनु, तातो लाग्नु, दिन लाग्नु, धक्का लाग्नु, नाक काट्नु, नाडी छाम्नु, पर सर्नु, बाघ मार्नु, बात लाग्नु, बोसो लाग्नु, भात लाग्नु, भुँडी बोक्नु, भुँडी लाग्नु, मन फाट्नु, माछा मार्नु, माटो खानु, लिसो लाग्नु, लुतो लाग्नु, वाक्क लाग्नु, सरकार लाग्नु, सराप लाग्नु, सुरसार कस्नु, हात छोड्नु, हातखुट्टा लाग्नु, हावा खानु, हातपात गर्नु, हावा लाग्नु, हात हाल्नु, हात उठ्नु, हात चिलाउनु, हात छोड्नु, हात झिक्नु, हात पर्नु, हात फेर्नु, हात बढाउनु, हात बस्नु, हात जम्नु, हात बाँध्नु, हात मल्नु, हात पर्नु, हात मिलाउनु, हात लाग्नु, हात लिनु आदि।

तीन पदीय टुक्का :

अरिङ्गालको गोलो हुनु, आँखाको नानी हुनु, आकासको फल हुनु, आँखाको पुतली हुनु, कानमा तेल हाल्नु, कालको मुखमा पर्नु, गलाको पासो हुनु, घैंटोमा घाम लाग्नु, चन्द्रमा दाहिने हुनु, पेटमा मुसा दगुर्नु, बलीको बोको हुनु, बाबुको बिहे देखाउनु, मुखमा पानी आउनु आदि।

चार पदीय टुक्का :

आ नो थुक आफैले चाट्नु, आलु खाएर पुड्डाको धाक लाउनु, उठेको जाँगर मरेर आउनु, ओठ निचर्दा दूध आउनु, कनिसरीका रौं ठाडा हुनु, काँचो खरमा आगो लगाउनु, काशीमा मुख धोएर आउनु, कुकुर-बिरालो जस्तो हुनु, घरको न घाटको हुनु, घाँटी हेरी हाड निल्नु, नुन खाएको कुखुरो हुनु, बाँदरका हातमा नरिवल हुनु,

मरेका बाघको जुँघा उखेल्नु, बिरालाले मुसा खेलाएझैं खेलाउनु, मानु खाएर मुरी उब्जाउनु, मुख छँदाछँदै नाकले पानी खानु, सित्तैमा पाए तीन माना चुक खानु, हुटिट्याउँले आकास थामेझैं गर्नु आदि ।

पाँच पदीय टुक्का :

आ नो खुट्टामा आफैंले बन्चरो हान्नु, कन्सिरीका रौं ठाडा भएर आउनु, कालीमाटीमा लात्ताले हाने जस्तो हुनु, जाँड खाएको सार्की जस्तो हुनु, ज्यालामा नमिलेको डुम जस्तो हुनु, तातो दूध निल्नु न ओकल्नु, त्यहाँ खाएर यहाँ चुठ्न आउनु, नुन खाएको कुखुरा जस्तो हुनु, बाख्रीको पुच्छर खाएको जस्तो हुनु, मुख छँदाछँदै नाकले पानी खानु, मुखमा रामराम बगलीमा छुरा हुनु, रङ्ग न ढङ्गको कुरो गर्नु, हुने बेलामा गोरु पनि ब्याउनु आदि ।

छ पदीय टुक्का :

उडी जाऊँ कि बुडी जाऊँ हुनु, एक कान दुई कान मैदान हुनु, एक कानले सुनेर अर्को कानले उडाउनु, गाईको थुन न बाच्छाको मुख हुनु, टेक्ने ठाउँ न समाउने हाँगो हुनु, तातो दूध न निल्नु न ओकल्नु, थाल खाऊँ कि भात खाऊँ हुनु, हाँसको चाल र कुखुराको चाल हुनु आदि ।

सात पदीय टुक्का :

आ नो आङ कनाएर आ नै आङको छारो उडाउनु, आ नो आङ कन्याएर आ नै आङमा छारो हुनु,

५.१५.३ शब्दक्रम

टुक्कामा आउने क्रिया र अन्य शब्दका दृष्टिले क्रिया एक र अन्य शब्द विभिन्न हुने र अन्य शब्द एक र क्रिया विभिन्न हुने देखिन्छ । जस्तै :

क्रियाइतर शब्द एक क्रिया अनेक

आँखा उघ्रनु → सचेत हुनु
आँखा खानु → तिरमिर पार्नु
आँखा खुल्नु → सचेत हुनु/→ भ्रम हट्नु
आँखा गड्नु → मन पर्नु / → दुब्लाउनु
आँखा गाड्नु → लोभिनु
आँखा चिम्लनु → बेवास्ता गर्नु
आँखा छल्नु → झुक्याउनु

आँखा जुधाउनु → हेराहेर गर्नु
आँखा टट्टाउनु → पर्खिंदा थाक्नु
आँखा तर्नु → रिस देखाउनु, रिसले हेर्नु
आँखा बस्नु → प्यारो हुनु
आँखा लडाउनु → हेराहेर गर्नु
आँखा लगाउनु → मन पर्नु, निदाउनु
आँखा लाग्नु → निदाउनु/ लोभिनु/ बोक्सी लाग्नु

क्रिया एक अन्य शब्द अनेक

अड्कल काट्नु → अनुमान गर्नु
कहर काट्नु → दुख भोग्नु
काल काट्नु → समस्या झेल्नु
कुरा काट्नु → खण्डन गर्नु, निन्दा गर्नु
खड्गो काट्नु → मर्ने अवस्था पार गर्नु, समस्या टार्नु
खुट्टा काट्नु → अरूलाई अगाडि बढ्नबाट रोक्नु
जरो काट्नु → मूलमा नै निमिट्यान्न पार्नु
टुप्पी काट्नु → जोगी हुनु
नाक काट्नु → इज्जत फाल्नु
पुर्जी काट्नु → अपराधीलाई थुनुवाको सूचना दिनु
पेट काट्नु → पेट बिग्रनु/ आ नो आवश्यकताको खान्की घटाउनु
बुट्टा काट्नु → बुट्टा बनाउनु
भल काट्नु → पानीको भल सोझ्याउनु वा तर्काउनु
हात काट्नु → अधिकारको कटौती गर्नु ...

उक्त उदाहरणबाट टुक्कामा शब्दको सङ्ख्या र क्रम जेजस्तो भए पनि टुक्काका संरचक पदसमूह नै हुन् भन्ने कुरा प्रस्ट हुन्छ। त्यस्ता पदमा एकथरी क्रियाइतर पद छन् भने अर्काथरी क्रियापद छन्। **मै हुँ भन्नु** जस्ता केही टुक्का पनि पाइन्छन्। यसलाई **सर्वनाम + क्रिया + क्रिया = मै हुँ भन्नु** जस्तो संरचनामा देखाउन सकिन्छ। **मै हुँ** एउटा वाक्यात्मक संरचना पनि हो। –

वाक्य + क्रिया = टुक्का

मै हुँ + भन्नु = टुक्का

यस्ता टुक्काका उदाहरण अत्यन्त कम भेटिन्छन् । शब्दवर्गका अन्य शब्दहरू अगिल्तिर वा आरम्भकमा र क्रियापद अन्त्यतिर वा अन्तक वा समापक भएर टुक्काको निर्माण हुन्छ भन्ने प्रस्ट हुन्छ । आरम्भक नाम, सर्वनाम भए त्यसमा विभक्तिको योग पनि हुन सक्छ, तर अन्तक क्रियापदमा विभक्ति लाग्दैन । टुक्काको प्रमुख संरचक तत्त्व तथा मुख्य अङ्ग क्रिया वाक्यमा प्रयोग हुँदाको अवस्थामा परिवर्तित हुन्छ । जस्तै–

टुक्का : *नाक काट्नु ।*

वाक्यमा प्रयोग : *रामले परीक्षामा फेल भएर बाबुको नाकै काटेछ ।*

यहाँ *काट्नु* → *काटेछ* भएको छ ।

टुक्काको प्रमुख संरचनालाई निम्नअनुसार देखाउन सकिन्छ :

नामपद (सर्वनामपद) विशेषणपद अव्ययपद	क्रियापद >	लक्ष्यार्थ	टुक्का

५.१६ टुक्का पनि उखान पनि

उखान र टुक्का दुवै नै लोकसाहित्यका लघुतम विधा हुन् । कथन र भाषिक अभिव्यक्तिलाई अझ विशिष्ट तुल्याउनुमा दुवैको अहम् भूमिका छ । दुवै स्वतन्त्र विधा भईकन पनि केही टुक्का यस्ता पनि छन्, जो उखानका रूपमा पनि प्रयुक्त हुन्छन् । तल यस्ता केही उदाहरण दिइएका छन् ।–

टुक्का	**उखान**
नजिकको तीर्थ हेलाँ हुनु,	नजिकको तीर्थ हेलाँ ।
बाँदरको हातमा नरिवल हुनु,	बाँदरको हातमा नरिवल ।
पिजराको सुगा हुनु,बाढीको मुढो हुनु,	पिजराको सुगा ।
बाढीको मुढो हुनु,	बाढीको मुढो ।
डाँडामाथिको घाम हुनु,	डाँडामाथिको घाम ।
आँखाको कसिङ्गर हुनु,	आँखाको कसिङ्गर ।
कुवाको भ्यागुतो हुनु,	कुवाको भ्यागुतो ।
बाहुनको हाडै चोखो हुनु,	बाहुनको हाडै चोखो ।
छेपाराको कथा हुनु,	छेपाराको कथा ।
माछो-माछो भ्यागुतो हुनु,	माछो-माछो भ्यागुतो ।
मुतको न्यानो हुनु,	मुतको न्यानो ।
भेडो भेडासँग बाखो बाखासँग हुनु,	भेडो भेडासँग बाखो बाखासँग ।

कागभन्दा कोइली चङ्ख हुनु, कागभन्दा कोइली चङ्ख ।
अरिङ्गालको गोलो हुनु, अरिङ्गालको गोलो ।

यसरी केही टुक्का उखानका रूपमा पनि प्रयुक्त हुने भए पनि यस्तो प्रवृत्ति व्यापक छैन । कतिपय अवस्थामा त्यसलाई टुक्का भन्ने कि उखान यस्तो स्थिति पनि आएको देखिन्छ । आकारगत र प्रकार्यगत साम्यताले गर्दा यसो भएको हो । यस्तैयस्तै उदाहरण दिएर शिवप्रसाद पौड्यालले उखानधर्मी (उखान रूपका) टुक्काहरू भनी १५२ वटा रचनाहरू अघि सारेका छन् (२०६१:२०९-२१३) । त्यसमा पूर्णतया सहमत हुन नसकिए पनि केही यस्ता लोकरचना टुक्का र उखान दुवै विधाका रूपमा प्रयुक्त भइआएको चाहिँ यथार्थ हो ।

५.१७ टुक्काका विशेषताहरू

लोकजीवनको अभिव्यक्तिमा निखार ल्याउँदै तिनलाई तिख्खर पार्ने साधन टुक्काका विभिन्न विशेषता रहेका छन् । टुक्काका त्यस्ता विशेषतालाई विभिन्न विद्वान्‌ले देखाउने प्रयास गरिआएका छन् । यहाँ केही विद्वान्‌द्वारा निर्दिष्ट टुक्काका विशेषताको उल्लेख गर्दै नेपाली टुक्काका विशेषताको पहिचान गर्ने प्रयास गरिएको छ ।

कृष्णप्रसाद पराजुली (२०४४:११५) :

१. सारगर्भितता
२. भावतीक्ष्णता
३. सङ्क्षिप्तता
४. सरलता र सरसता
५. लोकप्रियता

शम्भुप्रसाद कोइराला (२०५५:१६३) :

१. वाच्यार्थसँग विशेष सम्बन्ध नरहनु
२. वाक्यमा अङ्गीभूत भएर रहनु
३. मूल रूपमै सदैव प्रयुक्त हुनु
४. जनजीवनको चित्रण हुनु

शिवप्रसाद पौड्याल (२०६१:४०-४४) :

१. लक्षणाधर्मिता
२. लोकप्रियता
३. सङ्क्षिप्तता
४. सरलता र सरसता

५. लोकानुभव र सारपूर्णता
६. लोकजीवनको चित्रण
७. प्रयोगधर्मिता
८. खास-खास शब्द र क्रियाको संयोजन ।

पराजुली, कोइराला र पौड्यालका साथै चूडामणि बन्धु (२०५८:३५०), भोजराज ढुङ्गेल (**वृष्टि** ११,२०५१,पृ.३३) आदिले पनि टुक्काका विशेषताउपर प्रकाश पारेका छन् । बन्धु र ढुङ्गेलले टुक्काका विशेषतालाई बुँदात्मक रूपमा नभई व्याख्यात्मक रूपमा प्रस्तुत गरेका छन् । अग्रजहरूको उक्त प्रस्तुति समेतलाई हृदयङ्गम गर्दा नेपाली टुक्काका निम्नअनुसारका विशेषता देखिन आउँछन् :

१. पदसमूहात्मक हुनु,
२. लक्ष्यार्थ प्रधान हुनु,
३. सङ्क्षिप्त हुनु,
४. खासखास शब्दसँग नित्य-सन्निधि हुनु,
५. सदैव मूल रूपमै प्रकट हुनु,
६. स्वतन्त्र प्रयोग नभई वाक्यका अङ्गसरह प्रयुक्त हुनु,
७. लोकानुभवको अभिव्यक्ति र लोकजीवनको चित्रण हुनु,

तल यिनको चर्चा गरिएको छ ।–

५.१७.१ पदसमूहात्मक हुनु

लोकसाहित्यको लघुआकारको छोटोछरितो विधा टुक्का पदसमूहात्मक स्तरको हुन्छ । टुक्कालाई कसैकसैले पद र वाक्यांश स्तरको मानेका भए पनि मूलत: यो पदसमूह स्तरकै हुन्छ । नेपाली टुक्काका दृष्टिले हेर्दा **दुईदेखि छसात** पदहरूको त्यस्तो समूह जसले लक्ष्यार्थ द्योतन गर्दछ त्यो टुक्का कहलाउँछ । *लखने, पाखे, नकचरो, कुशल, कात्तिके* जस्ता एकल शब्द टुक्का हुन सक्दैनन्, तर बालकृष्ण पोखरेल र चूडामणि रेग्मीले यस्ता एकपदीय टुक्काको चर्चा गरेका छन् । वास्तवमा टुक्का मूलत: पदसमूह हो र पदसमूह हुनका निम्ति एकभन्दा बढी पद हुनु आवश्यक छ । एउटै पदमात्र हुने स्थितिमा पनि *हुनु, बन्नु* जस्ता क्रिया थपिई प्रयोग भएमा मात्र त्यस्तो पदसमूहलाई टुक्का भन्न सकिन्छ । यसरी हेर्दा टुक्काको मूल विशेषता भनेको पदसमूहात्मक हुनु नै हो ।

५.१७.२ लक्ष्यार्थ प्रधान हुनु

कुनै पदसमूहले सोझो वा अभिधेय अर्थमात्र प्रकट गर्दछ भने त्यो टुक्काको कित्तामा पर्न सक्दैन । टुक्कामा प्रयुक्त हुने पदहरूले आआ नो वाच्यार्थ

छाडी लक्ष्यार्थ प्रकट गर्दछन् अनि बल्ल त्यस्तो पदसमूह टुक्का कहलाउँछ । तलका उदाहरण हेरौं –

(क) *चक्कुले मेरो* **पेट काट्यो** *। (अभिधार्थ)*

(ख) *बढी अमिलो खाएकाले मेरो* **पेट काट्यो** *। (लक्ष्यार्थ)*

यी दुवै वाक्यमा प्रयुक्त पेट काट्नु पदसमूह रहेको छ भने पहिलाले अभिधार्थ द्योतन गरेकाले त्यो टुक्का होइन र दोस्राले लक्ष्यार्थ द्योतन गरेको हुँदा त्यो टुक्का हो । त्यसैले लक्ष्यार्थ प्रधानता टुक्काको विशेषता हो ।

५.१७.३ सङ्क्षिप्त हुनु

टुक्का लोकसाहित्यको लघुतम अभिव्यक्ति हो । यसभन्दा लघुतम स्वरूपको अर्को विधा छैन । टुक्का खासगरी दुई पददेखि छ पदको समूहमा प्रकट भएको पाइन्छ । *आँखा लाग्नु, अरिङ्गालको गोलो हुनु, आ नो थुक आफैंले चाट्नु, आ नो खुट्टामा आफैंले बन्चरो हान्नु, एक कान दुई कान मैदान हुनु, एक कानले सुनेर अर्को कानले उडाउनु, टेक्ने ठाउँ न समाउने हाँगो हुनु, आ नो आङ कनाएर आ नै आङमा छारो उडाउनु* जस्ता टुक्काहरू उखानभन्दा पनि सङ्क्षिप्त छन् । उखान वाक्यात्मक र टुक्का पदसमूहात्मक भएकाले पनि टुक्का सङ्क्षिप्त रहेका छन् । जतिसुकै पद भए पनि टुक्का सर्वाधिक सङ्क्षिप्त विधाका रूपमा रहेको छ । यो यसको विशेषता हो ।

५.१७.४ खास-खास शब्दसँग नित्य-सन्निधि हुनु

खास-खास शब्दसँग खास-खास शब्दको योग भई टुक्काको रचना हुन्छ र टुक्कामा आउने पदहरू सधैं एकै प्रकारका हुन्छन् । कुनै शब्दलाई परिवर्तन गरेर पर्यायवाची वा अर्को कुनै शब्द राख्न सकिन्न । राखेमा त्यो टुक्का हुन्न । **'पेट काट्नु'**लाई **'भुँडी काट्नु'** वा **'पेट चिर्नु'** गर्न सकिन्न, **'पानीपानी हुनु'**लाई **'जलजल हुनु'** गर्न सकिन्न । मोहनराज शर्माका अनुसार टुक्काका प्रत्येक शब्द एकअर्कासँग बलियो गरी सङ्ग्रथित, स्थिरतासँग सम्बद्ध र नित्य संस्थित रहने हुनाले समानार्थक शब्दबाट पनि परिवर्तनीय हुन्नन् । परिवर्तन गरेमा त्यसले विशिष्ट अर्थ नदिएर सामान्य अर्थ दिन्छ (शर्मा,२०३६:२७६) । सामान्य अर्थ वा अभिधेय अर्थ दिएमा त्यो टुक्का कहलाउन सक्दैन । खास शब्दसित खास शब्दको यस्तो सम्बद्धतालाई नित्य सन्निधि (Strict Collocation) भनिन्छ । अत: नित्य-सन्निधि हुनु टुक्काको एक महत्त्वपूर्ण वैशिष्ट्य हो ।

५.१७.५ सदैव मूल रूपमा प्रकट हुनु

टुक्कामा आउने दुई वा दुईभन्दा बढी सदस्य पद एकअर्कासँग यस किसिमले सुसम्बद्ध वा सङ्ग्रथित हुन्छन् कि तिनलाई छुट्याउँदा टुक्का हुँदैन । त्यसैले

टुक्का हरहमेसा मूल रूपमै प्रकट हुन्छन् । टुक्का रूढ हुन्छ र त्यसको कुनै सदस्य पदलाई हटाएर सोही अर्थ दिने कुनै अर्को पद राख्न पनि सकिन्न र अन्य भाषामा रूपान्तरण पनि गर्न सकिन्न । रूपान्तरण गरेमा टुक्काले प्रदान गर्ने विशेष अर्थ नै वरालिन्छ । माथि उदाहरणमा दिइएका टुक्काबाट यो प्रस्ट हुन्छ ।

५.१७.६ वाक्यको अङ्गसरह प्रयुक्त हुनु

टुक्का स्वतन्त्र विधा भए पनि टुक्काको स्वतन्त्र अर्थ र प्रयोग हुँदैन । वाक्यका अनिवार्य अङ्ग वा तत्त्व नभए पनि टुक्का सधैं वाक्यमा वाक्यका अङ्गसरह प्रयुक्त हुन्छन् । वाक्यरचनामा टुक्का ऐच्छिक र सहायक मात्र हुन्छन् । तर वाक्यमा टुक्काको प्रयोगले वाक्यको प्रभावकारिता र चोटिलोपनामा वृद्धि हुन्छ । वाक्यमा चमत्कार थपिन्छ । त्यसैले टुक्काको स्वतन्त्र प्रयोग हुँदैन र सधैं यो वाक्यको अङ्गसरह प्रयुक्त हुन्छ । वाक्यबाट टुक्का झिकिदिने हो भने वाक्यको संरचना र टुक्काको अर्थ दुवै अर्थहीन हुन्छ ।

५.१७.७ लोकानुभवको अभिव्यक्ति र लोकजीवनको चित्रण हुनु

टुक्का लोकजीवनको आ नो वस्तु हो, जसलाई लोकसमुदायले नै आ नो अनुभवबाट सिर्जना गरेको हुन्छ । व्यावहारिक र अनुभवजन्य ज्ञानलाई लोकले टुक्कामा पस्केको हुनाले टुक्का लोकानुभवका अभिव्यक्ति हुन् । एकातिर टुक्कामा लोकानुभवको अभिव्यक्ति हुन्छ भने त्यहीं लोकजीवनको चित्र पनि खिचिएको हुन्छ । *अरिङ्गालको गोलामा हात हाल्नु, आँखाको कसिङ्गर बन्नु, आकाशको चरो खसाल्नु, आगोमा घिउ खन्याउनु, आ नो दुनो सोझ्याउनु, कपाल खानु, कहर काट्नु, कागतको घोडा दगुराउनु, कुवाको भ्यागुता हुनु, घाँटी हेरी हाड निल्नु, छेपाराको चाल हुनु, ठूलो भाग खोज्नु, दिनदशा लाग्नु, धोती न टोपी हुनु, पोथी बास्नु, भालुलाई पुराण सुनाउनु, सिन्दुर पुछिनु, हात चिलाउनु* जस्ता टुक्काले एकातिर लोकको अनुभवलाई प्रकट गर्दछन् भने अर्कातिर तिनले नेपाली लोकजीवनको वस्तुस्थितिको चित्र प्रस्तुत गर्दछन् । त्यसैले लोकानुभवको अभिव्यक्ति र लोकजीवनको चित्रण हुनु नेपाली टुक्काको एक वैशिष्ट्य हो । नेपाली टुक्काले नेपाली लोकजीवन र लोकसंस्कृतिका विभिन्न पक्षलाई समेटेको पाइन्छ ।

टुक्का पठित-अपठित सबैले प्रयोग गर्छन् । टुक्का सामान्यतया सरल र बोधगम्य हुन्छन् । त्यसैले लोकप्रिय पनि हुन्छन् । टुक्कामा भावको तीक्ष्णता हुन्छ र त लोकसमुदाय टुक्काको प्रयोग गर्न रुचाउँछन् । यस दृष्टिले सरलता, लोकप्रियता, भावको तीक्ष्णता आदिलाई पनि टुक्काका विशेषता मान्ने गरिएको पाइन्छ ।

❖

अध्याय छ

नेपाली टुक्काको अध्ययनको परम्परा

टुक्का र उखानको नाम उखानटुक्का भन्दै प्रायः सँगै लिइन्छ, तर दुवैको सङ्कलन-अध्ययन कार्य सँगै थालिएको होइन। नेपाली टुक्काको सङ्कलन तथा अध्ययन-अनुसन्धानको परम्परा उखानभन्दा पछि थालिएको पाइन्छ। मोतीराम भट्ट, पादरी गङ्गाप्रसाद प्रधान र महावीरसिंह गर्तौला आदिले नेपाली उखानका बारेमा केही काम गरिसकेपछि मात्र टुक्काको पालो आएको देखिन्छ।

पुष्कर शमशेरको **उखान र टुक्काको वर्णानुक्रमानुसारी सूची र वाक्यांश, वाक्यपद्धति इत्यादिको कोश** शीर्षकमा १९९८ मा दुई खण्डमा प्रकाशित भयो। टुक्काका बारेमा भएको यो प्रथम कार्य हो। पुष्कर शमशेरले टुक्कालाई भाषिक दृष्टिले हेर्दै करिब पाँच हजार टुक्काको अर्थसहितको सूची प्रस्तुत गरेका छन्। यसको लगत्तै गोपाल पाण्डे 'असीम'ले **रचना केशर** (२०००) जस्तो व्याकरणको पुस्तकमा उखान र टुक्का बीचको भिन्नतालाई देखाउन नसके पनि उखान र टुक्काको चर्चा गरेका छन्। पारसमणि प्रधानले **नेपाली मुहावरा** (२०११) मा टुक्काको महत्त्व बताउँदै उखानभन्दा भिन्न विधाका रूपमा परिचय दिएका छन्। उनले **नेपाली रचना भारती** र **भाषा प्रवेश नेपाली व्याकरण** पुस्तकमा पनि आ ना टुक्कासम्बन्धी विचार र विश्लेषण व्यक्त गरेका छन् (बन्धु,२०५८:३५२)।

लक्ष्मण आचार्य शास्त्रीले आ नो **नेपाली राष्ट्रिय मुहावरा** (२०१६) नामक सानो पुस्तकमा टुक्काको अर्थसहित सङ्कलन गरेका छन्। यस्तै दुर्गाप्रसाद श्रेष्ठ र चन्द्रबहादुर श्रेष्ठले **अङ्ग्रेजी वाक्यांश** (दो.सं. २०२२) मा नेपाली टुक्काहरू दिई अङ्ग्रेजी रूपान्तरण प्रस्तुत गरेका छन् (बन्धु,२०५८:३५२)। यता २०२४ मा पुष्कर शमशेरको यससम्बन्धी दोस्रो कृति **उखान टुक्काको कोश** प्रकाशित भएको पाइन्छ। यो उही पहिलो ग्रन्थको सङ्क्षिप्त संस्करण हो।

बालकृष्ण पोखरेलको **राष्ट्रभाषा** (२०२२), तुलसीप्रसाद ढुङ्ग्यालको **नेपाली रचना शिल्प** (२०२५), प्रदीप रिमालको **कर्णाली लोकसंस्कृति खण्ड ५** (२०२८),

चूडामणि बन्धुको **भाषाविज्ञान** (२०३०), हर्षनाथ भट्टराईको **अनिवार्य नेपाली नेपाली रचना** (२०२३) आदिमा उखानका साथै टुक्काको परिचय र प्रयोग दिइएको छ। हुङ्गानाले उखानटुक्का भनेर उखानको मात्र सङ्कलन गरेका छन्। त्यसैले उनले उखान र टुक्कामा भेद गरेको पाइन्न।

हर्षनाथ शर्मा भट्टराईको **नेपाली उखान टुक्का (वाक्यांश, वाक्यपद्धतिसहित)** (२०२३) मा उखानका साथै टुक्काहरूको पनि सङ्कलन भएको छ। कृष्णप्रसाद पराजुलीले आ नो **राम्रो रचना : मीठो नेपाली** (२०२३) पुस्तकमा उखान र टुक्काको परिचय दिँदै उदाहरण र महत्त्व देखाएका छन् भने मोहनराज शर्माले **शब्दरचना र वर्णविन्यास** (२०३६) मा उखानका साथै टुक्काको परिचय, संरचना र उदाहरण दिएका छन्। कृष्णप्रसाद पराजुलीले **नेपाली उखान र गाउँखानेकथा** (२०३९) मा खासगरी उखानको विश्लेषण गर्ने क्रममा उखान र टुक्कामा अन्तर देखाएका छन्।

चूडामणि रेग्मीको **नेपाली टुक्काहरूको अध्ययन** (२०४१) जुही प्रकाशनबाट प्रकाशित भएको छ। यो २०३७ मा त्रि.वि. मानविकी तथा सामाजिक अध्ययन संस्थानअन्तर्गत प्रस्तुत गरिएको यस शोधपत्रमा पूर्वकार्यको समीक्षा गर्दै २२०० टुक्काहरू सङ्कलन गरी अध्ययन र विश्लेषण गरिएको छ।

धर्मराज थापा र हंसपुरे सुवेदीको **नेपाली लोकसाहित्यको विवेचना** (२०४१) मा अलिक कम महत्त्वका साथ टुक्काको चर्चा गर्दै केही उदाहरण दिइएको छ भने श्रीधर गौतम र राजनारायण यादवको **उखान र वाक्यपद्धति** (२०४३)मा टुक्कालाई वाक्यपद्धति भन्दै १०३ वटा टुक्काको अर्थसहित सङ्कलन गरिएको छ। हीरामणि शर्मा पौड्यालले **पर्वती भाषिकाको स्वरूप र संरचना** (२०४४) मा पर्वती भाषिकामा प्रचलित टुक्काहरूको उल्लेख गर्दै टुक्काको वैशिष्ट्य र महत्त्वमाथि प्रकाश पारेका छन्।

मुकुन्द आचार्यले **भोजपुरी उखान-टुक्का** (२०५३) मा भोजपुरी भाषाका १३०१ वटा टुक्काहरू सङ्कलन गरी तिनको नेपाली अर्थसमेत प्रस्तुत गरेका छन्। रमेश अधिकारीले **केही नेपाली उखान-टुक्का सङ्ग्रह** (२०५३) मा उखान र टुक्काको भेद नगरी उखानका क्रममा लिङ्केमेसो केही टुक्का पनि प्रस्तुत गरेका छन्।

चूडामणि बन्धुको **नेपाली लोकसाहित्य** (२०५८) मा टुक्काको सैद्धान्तिक परिचयका साथै नेपाली टुक्काका विशेषता, वर्गीकरण, नेपाली टुक्काका बारेमा भएका पूर्वकार्यको विवरण प्रस्तुत गरिएको छ।

शिवप्रसाद पौड्यालको **नेपाली उखानको विषयात्मक अध्ययन** (२०६०) मा उखान र टुक्का बीचको अन्तर केलाइएको छ भने उनकै **नेपाली टुक्काहरूको**

सर्वेक्षण र विश्लेषण (२०६१) मा टुक्काको सैद्धान्तिक परिचय, टुक्काको वर्गीकरण, नेपाली टुक्काका बारेमा भएका पूर्वकार्यको समीक्षा प्रस्तुत गर्दै नेपाली टुक्काको विभिन्न कोणबाट अध्ययन गरिएको छ। व्यापक पुनरुक्ति भए पनि यो टुक्काकेन्द्री महत्त्वपूर्ण ग्रन्थ साबित भएको छ। शिवप्रसाद पौड्यालको **नेपाली टुक्का कोश** (२०६८) मा हरेक टुक्काको वाक्यमा प्रयोग पनि दिइएको छ। यस कोशमा क्रियापदसँग बाँधिएका टुक्काहरू छन्, जसले भाषिक अभिव्यक्तिमा विशिष्ट अर्थ द्योतन गर्छन्। खास-खास क्रियासँग खास-खास शब्द मिलेर मात्र टुक्कार्थ रचना हुने गर्छ र त्यस किसिमका टुक्कामा क्रियापद र अन्य पदका बीचमा सहसम्बन्ध हुने गर्छ। यस किसिमका टुक्काहरूको खोजविन गरेर शिवप्रसाद पौड्यालले यो टुक्का कोश तयार गरेका हुन्।

ध्रुवकुमार घिमिरेले २०६८ मा "नेपाली टुक्काको संरचनात्मक पक्ष र अर्थगत सन्दर्भ" शीर्षकमा विद्यावारिधि शोध गरेका छन्। यस शोधप्रबन्धमा टुक्काको सैद्धान्तिक स्वरूप प्रस्तुत गर्दै नेपाली टुक्काको संरचनात्मक तथा अर्थगत विश्लेषण गरिएको छ। यतिमात्र होइन, यसमा चार हजारभन्दा बढी नेपाली टुक्काको सूची प्रस्तुत गरिएको छ। नेपाली टुक्काका बारेमा यति विशद अध्ययन भएको यो पहिलो घटना हो।

नेपाली टुक्काको स्नातकोत्तर तह स्तरीय शोधकार्य पनि हुँदै आएको छ। लक्ष्मी पन्थीको "गुल्मी जिल्लाका टुक्काहरूको अध्ययन" (२०५३) शोधपत्रमा टुक्काको सैद्धान्तिक चिनारी दिँदै गुल्मेली टुक्काको विश्लेषण गरिएको छ। यसै बाटोमा इन्द्रबहादुर भण्डारीको "बागलुङ जिल्लामा प्रचलित टुक्काको अध्ययन" (२०६०), बालकुमारी कार्कीको "काभ्रेपलान्चोक जिल्लामा प्रचलित नेपाली भाषाका टुक्काहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण" (२०६०) जस्ता शोधपत्र देखापरेका छन्।

यसरी पुष्कर शमशेरदेखि शिवप्रसाद पौड्यालसम्म आइपुग्दा टुक्काका बारेमा रहेका धेरै भ्रम हटिसकेका छन्। टुक्काको अध्ययन अपेक्षाकृत पछि थालिएको र तुलनात्मक रूपमा कम अध्ययन भएको भए पनि कतिपय ठोस कार्य भएका छन्। पुष्कर शमशेर, हर्षनाथ शर्मा भट्टराई, मोहनराज शर्मा, चूडामणि रेग्मी, बालकृष्ण पोखरेल र शिवप्रसाद पौड्यालका अध्ययनले नेपाली टुक्काको अध्ययन-परम्परा सबल भएको छ भने गोपाल पाण्डे 'असीम', पारसमणि प्रधान, लक्ष्मण आचार्य शास्त्री, तुलसीप्रसाद ढुङ्गाना, प्रदीप रिमाल, चूडामणि बन्धु, कृष्णप्रसाद पराजुली, धर्मराज थापा र हंसपुरे सुवेदी, श्रीधर गौतम र राजनारायण यादव, हीरामणि शर्मा पौड्याल, मुकुन्द आचार्य आदिका कार्यले झनै सम्पन्न भएको छ। पुस्तकाकार यी कार्यका अतिरिक्त टुक्कासम्बन्धी फुटकर लेख-समालोचना लेख्नेहरूमा सरोजकुमार शाक्य, शङ्करप्रसाद श्रेष्ठ, बालकृष्ण सुवेदी, उमा चन्द, मोहनविक्रम सिंह, उत्तरकुमार

पराजुली, एकनारायण पौड्याल, भोजराज ढुङ्गेल, बल्लभमणि दाहाल आदिका कार्य उल्लेख्य छन् । टुक्काको चर्चा लोकसाहित्य र भाषाव्याकरणका पुस्तकमा पनि भएको छ । नेपाली टुक्काको अध्ययन-अनुसन्धानको परम्परा पर्याप्त छैन भने सारै दयनीय अवस्थामा पनि छैन । टुक्कालाई उखानसित जोडेरमात्र हेर्ने, उखानटुक्का भनेर उखानको मात्र चर्चा गर्ने परम्परा हट्दै गएर अब टुक्कामा मात्र केन्द्रित भएर अनुसन्धान हुन थालेको छ, पुस्तकहरू प्रकाशित हुन थालेका छन् । यसरी सबैतिरबाट टुक्काको स्वतन्त्र अस्तित्व स्वीकार गर्न थालिएको छ । भाषापाठ्यपुस्तक र लोकसाहित्य दुवैतर्फ टुक्काको अध्ययन-अध्यापन भइरहेको छ । माथिको विवरणबाट के बुझिन्छ भने नेपाली टुक्काको यथेष्ट सङ्कलन भएको छ, केही अध्ययन पनि भएको छ, भाषा-साहित्यमा यसको प्रयोग-उपयोग बढेको छ । फेरि पनि टुक्काका कतिपय पक्षमा अध्ययन हुन अझै बाँकी देखिन्छ । हालसम्मका कार्यहरू सन्तोषजनक भए पनि यी पर्याप्त छन् भन्न सकिन्न ।

❖

अध्याय सात

नेपाली टुक्काको वर्गीकरण

७.१ टुक्काको वर्गीकरणका आधार

छोटो आयाम भए पनि नेपाली टुक्का सबै एकै प्रकारका छैनन्। त्यसैले अध्ययन-विश्लेषण गर्न सजिलो पार्ने उद्देश्यले तिनलाई विभिन्न वर्गमा राखेर हेर्नुपर्ने हुन्छ। टुक्काको परिचय गराउने तथा विशेषताको खोजी गर्ने क्रममा टुक्का पदसमूहात्मक हुन्छन् भन्ने कुरा प्रकट भइसेको छ। साथै क्रियालाई टुक्काको अनिवार्य अङ्ग मानिएको छ। वर्गीकरणका क्रममा यस प्रसङ्गलाई कोट्याउनुको तात्पर्य के हो भने टुक्कासम्बन्धी अग्रज अध्येताहरू बालकृष्ण पोखरेल (२०३६), चूडामणि रेग्मी (२०४१) आदिले टुक्काको वर्गीकरण गर्दा पाखे, जङ्गली, अगस्ति, कंस, हिमाल, स्याल, हात्ती जस्ता शब्दलाई टुक्काको अर्थमा लिँदै एकपदीय टुक्का र क्रियामुक्त टुक्का भनी वर्गीकरण गरेका छन्। यिनमा 'हुनु' नजोडेसम्म यी टुक्का हुन सक्दैनन्। मोहनराज शर्माले पनि कतिपय क्रियामुक्त टुक्काको उल्लेख गरेका छन् (शर्मा,२०३६:२७४-२९१) भने शिवप्रसाद पौड्यालले पनि त्यही बिँडो थामेका छन् (पौड्याल,२०६१:८६-८८)। यसैगरी मोहनराज शर्मा र खगेन्द्र लुइटेलले क्रियामुक्त टुक्काको छोटकरी सूची प्रस्तुत गरेर आफूलाई त्यस्तो भ्रमबाट मुक्त राख्न सकेका छैनन् (शर्मा र लुइटेल,२०६३:५३६)। वस्तुतः क्रिया टुक्काको अनिवार्य तत्त्व र अङ्ग हो भने एकल पद टुक्का हुन्न। अतः यहाँ नेपाली टुक्कालाई पदसङ्ख्या, शब्दक्रम, शब्दको विषय-सन्दर्भ तथा शब्दशक्तिका आधारमा वर्गीकरण गर्नु उपयुक्त देखिन्छ।

७.२ नेपाली टुक्काको वर्गीकरण

यहाँ नेपाली टुक्काको पदसङ्ख्या, शब्दक्रम, शब्दको विषय-सन्दर्भ तथा शब्दशक्तिका आधारमा वर्गीरकरणात्मक अध्ययन गरिएको छ।

७.२.१ पदसङ्ख्याका आधारमा

१. दुई पदीय टुक्का : आँखा लाग्नु, आगो सल्काउनु, आलु खानु, काँध थाप्नु, बाघ मार्नु ...

२. तीन पदीय टुक्का : सुनमा सुगन्ध हुनु, आँखा बन्द गर्नु, अरिङ्गालको गोलो हुनु ...

३. चार पदीय टुक्का : कुकुर बिरालाको चाल हुनु, ओठ निचर्दा दूध आउनु ...

४. पाँच पदीय टुक्का : आ नो खुट्टामा आफैले बन्चरो हान्नु, कन्सिरीका रौं ठाडा भएर आउनु

५. छ पदीय टुक्का : गाईका थुनमा न वच्छाका मुखमा हुनु, एक कान दुई कान मैदान हुनु

६. सात पदीय टुक्का : आ नो आङ कनाएर आ नै आङको छारो उडाउनु,

७.२.२ शब्दक्रममा आधारमा

१. नाम + क्रिया = टुक्का : कम्मर कस्नु, कान खानु, कुरा काट्नु, घुँडा टेक्नु, जात फाल्नु, जिब्रो टोक्नु, टाउको फोर्नु, नाडी छाम्नु, पाता कस्नु, भात लाग्नु, मात लाग्नु, हात लाग्नु, ...

२. नाम + विभक्ति + क्रिया = टुक्का : ओठमा झुन्डिनु, खाल्टामा पर्नु, टाउकाले टेक्नु, मनले खानु, मुखमा झुन्डिनु, वचनले हान्नु,

३. नाम+ विभक्ति + नाम + क्रिया = टुक्का : आँखाको कसिङ्गर हुनु, आँखामा छारो हाल्नु, आकासको चरो खसाल्नु, आङमा घाम लाग्नु, कानका कीरा खानु, कुहिराको काग हुनु, जुँघामा ताउ लाउनु, छेपाराको आहान हुनु, दाँतबाट पसिना आउनु, डाँडाको जून हुनु, परालको आगो हुनु, पसिनाको कमाइ खानु, बालुवामा पानी पर्नु, मुखमा पानी आउनु, बुद्धिमा बिर्को लाग्नु, मामाको घर जानु, सुनमा सुगन्ध हुनु,

४. विशेषण + नाम + क्रिया = टुक्का : ओठे जवाफ लाउनु, कुखुरे बैंस चढ्नु, ठूलो मुख गर्नु, तीन सहर घुमाउनु, तीन त्रिभुवन देख्नु, तीन छक पर्नु, लामो हात गर्नु,

५. नाम + विशेषण +क्रिया = टुक्का : आँखा टेढो पार्नु, जीउ भरी हुनु, मुख अँध्यारो गराउनु, मुख ठूलो बनाउनु

६. विशेषण +क्रिया = टुक्का : तातो लाग्नु, अमिलो हुनु, चिप्लो घस्नु, चिसो पस्नु,

७. अव्यय + क्रियापद = टुक्का : ठहरै पर्नु, उँभो लाग्नु, उडेर आउनु, चुठेर आउनु, ढुक्क हुनु, भुतुक्क हुनु, हाँसेर उडाउनु, हुरुक्क हुनु,

८. **नाम+अव्यय+ क्रियापद = टुक्का** : आँखा चिम्लेर बस्नु, कान तातेर आउनु, मुठी कसेर दिनु,

९. **सर्वनाम + नाम + क्रियापद = टुक्का** : आ नो मुख हेर्नु, आ नो खाडल खन्नु, आ नो मानो खानु, आ नो डम्फु बजाउनु, आ नो डम्फु पिट्नु, आ नै खुट्टामा हान्नु आदि ।

७.२.३ शब्दको विषय-सन्दर्भका आधारमा

पदसमूहात्मक वा पदावलीस्तरको लघुआयामको टुक्काको संरचनामा पूर्वशब्द र क्रिया आउँछन् । नेपाली टुक्काको वर्गीकरण यस्ता क्रियापूर्व आउने त्यस्ता शब्दको विषय-सन्दर्भका आधारमा पनि गर्नुपर्ने हुन्छ । यस दृष्टिले नेपाली टुक्का शरीरका अङ्गप्रत्यङ्गसम्बन्धी, समाजसम्बन्धी, संस्कृतिसम्बन्धी, पुराणसम्बन्धी, लोकविश्वाससम्बन्धी, प्रकृतिसम्बन्धी, पशुपन्छी र जीवजन्तुसम्बन्धी, आजीविकासम्बन्धी देखिन्छन् । यहाँ यिनको सोदाहरण चर्चा गरिएको छ । –

७.२.३.१ शरीरका अङ्गप्रत्यङ्गसम्बन्धी

नेपाली अधिकांश टुक्काहरू शरीरका अङ्ग र शारीरिक क्रियाजन्य रहेका छन् । बाहिर आँखाले देखिने आँखा, नाक, कान, हात, खुट्टादेखि शरीरका भित्री कुरा पेट, मुटु, मन आदि समेतलाई विषयसन्दर्भ बनाई टुक्का बनेका छन् । यस्ता टुक्काको सङ्ख्या ठूलो छ । शरीरका अङ्गसम्बन्धी केही टुक्काहरू निम्नअनुसार छन् ।–

अनुहार→ अँध्यारो अनुहार लाउनु, **आँखा→** आँखा उघ्रनु, आँखा खोल्नु, आँखा गड्नु, आँखा चिम्लनु, आँखा खानु, आँखा खेल्नु, आँखाको नानी हुनु, आँखाको तारा हुनु, आँखा जुधाउनु, आँखा छल्नु, आँखा तर्नु, आँखा चिम्लनु, आँखा फर्फराउनु, आँखामा रात काट्नु, आँखा मिलाउनु, आँखा लाग्नु, **ओठ→** ओठ निचोर्दा दूध आउनु, ओठ-मुख सुक्नु, ओठ लेप्प्याउनु, ओठे जवाफ दिनु, **औंला→** चोर औंला ठड्याउनु, औंला देखाउनु, औंठा छाप हुनु, पाँचै औंला घिउमा हुनु, औंलामा नचाउनु, औंठा देखाउनु, औंला भाँच्नु, हत्केला चिलाउनु, **मुठी→** मुट्ठी कस्नु, मुट्ठी बाँध्नु, मुट्ठी खोल्नु आदि, **जिब्रो→** जिब्रो टोक्नु, **जुँगा→** जुँगा आउनु, जुँगा उखेल्नु, जुँगा मुसार्नु, **कपाल/टाउको→** कपाल फुल्नु, कपालका रौंले पनि नपुग्नु, कपालमा हात राख्नु, कपाल खानु, कपाल दुख्नु, कपाल मुड्नु, टाउकाले टेक्नु, मुन्टो उठाउनु, मुन्टो बटार्नु, टाउको फोर्नु, टाउको उठाउनु, टाउको खानु, **टुप्पी→** टुप्पी काट्नु, धोती न टुप्पी हुनु, **कान→** कान दिनु, कान समाउनु, कान फुक्नु, कानेखुसी गर्नु, कान भर्नु, कानको कीरा खानु, कान तात्नु, कान जोग्नु, कान ठाडा हुनु, कानका जरा उखेल्नु, कानमा तेल हालेर बस्नु, कान खानु, कान उखेल्नु, कान पवित्र पार्नु, कानमा बतास पस्नु, कान टट्टाउनु, कान थुन्नु, कान काट्नु, कान तान्नु, **नाक→** नाक ठाडो हुनु, नाक पाल्नु, नाक जानु, नाकमा गुहु लाग्नु, नाकमा ठेस लाग्नु, नाक-मुख देखाउनु, नाक काट्नु,

नाक खुम्च्याउनु, नाक घोक्र्याउनु, नाक चेप्प्याउनु, नाकमा नत्थी लाउनु, नाकमा नस हाल्नु, नाक रगड्नु, नाक राख्नु, नाक याक्नु, नाक दल्नु, **तिघ्रा→** तिघ्रा काम्नु, तिघ्रा कमाउनु, **तालु→** तालुमा आलु फल्नु, **नङमासु→** नङमासु झैं हुनु, **खुट्टा/गोडा→** खुट्टा घुमाउनु, खुट्टा मल्नु, खुट्टा लाग्नु, खुट्टा हाल्नु, खुट्टा लगाइदिनु, खुट्टा छुनु, खुट्टा तान्नु, खुट्टा छोड्नु, खुट्टा तन्काउनु, खुट्टामा उभिनु, खुट्टा उचाल्नु, खुट्टी देख्दै पत्याउनु, गोडा लाग्नु, गोडा अड्याउनु, गोडा धुनु, गोडा पर्नु, दुई नाउमा खुट्टा हाल्नु, **पेट/भुँडी→** पेट दुख्नु, पेट चल्नु, पेट बोक्नु, पेट लाग्नु, पेटमा मुसा दगुर्नु, पेट पुज्नु, पेट पूजा गर्नु, पेट फुल्नु, पेट उक्सनु, भुँडी लाग्नु, पेट काट्नु, पेटमा कालो हुनु, पेट कस्नु, पेट पाल्नु, पेट पोल्नु, पेट भर्नु, पेटमा पस्नु, मन-पेट एउटै हुनु, पेट माझ्नु, **छाती→** छातीमा टाँस्नु, छाती पिट्नु, छाती फुलाउनु, छाती फाट्नु, **दाँत→** दाँत झर्नु, दाँत टोक्नु, दाँत किट्नु, दाँतबाट पसिना आउनु, दाँतमा ढुङ्ग्रो लाग्नु, दाँत देखाउनु, दाँत गाड्नु, दाँत झिच्याउनु, दाँत बाँध्नु, **घाँटी/गला→** घाँटी कस्नु, घाँटीघाँटी हुनु, घाँटी हेरी हाड निल्नु, घाँटी अठ्याउनु, घाँटी पर्नु, घाँटीको पासो हुनु, घाँटी निमोठ्नु, घाँटी रेट्नु, घाँटी बटार्नु, गलाको पासो हुनु, गलाको हार हुनु, **काँध→** काँध थाप्नु, काँधमा काँध हाल्नु, **काखी→** काखी च्याप्नु, **मन→** मन चोर्नु, मन मार्नु, मन बढाउनु, मन भारी हुनु, मनको लड्डु घिउसित खानु, मनको गाँठो फुकाउनु, मन लाग्नु, मन दिनु, मन-पेट दिनु, मन मिल्नु, मन फाट्नु, मन पर्नु, मन पाक्नु, मन भाँचिनु, मन मर्नु, मन बाँध्नु, मन फर्कनु, मन कुँढिनु, मन अमिलो हुनु, मन जित्नु, मनमा चिसो पस्नु, मनमा जौं-तिल पाक्नु, मनमा राँको बल्नु, मन खानु, मन दुख्नु, मन डुलाउनु, मन पग्लनु, **मुख→** दुई मुखको हुनु, मुख चलाउनु, मुख च्याल्नु, मुख छाड्नु, मुख जुठो पार्नु, मुख जोगाउनु, मुख टाल्नु, मुख थुन्नु, मुख दुखाउनु, मुख देखाउनु, मुख पर्नु, मुख फर्काउनु, मुख फुलाउनु, मुख फोर्नु, मुख बाउनु, मुख बार्नु, मुख बिगार्नु, मुखमा पानी आउनु, मुखमा बुजो हाल्नु, मुख लाग्नु, मुख लुकाउनु, मुख समाल्नु, मुख सिउनु, मुख हेरी भाग लाउनु, मुख हेर्नु, मुखामुख गर्नु, मुख ताक्नु, मुख रातो हुनु, मुख कालोनीलो हुनु, मुख फेर्नु, मुखबाट पानी आउनु, मुखभरिको जवाफ दिनु, **मुटु→** मुटुमा गाँठो पार्नु, मुटु फुल्नु, मुटु नहुनु, **पाखुरा→** पाखुरा सुर्कनु, पाखुरा खिच्नु, पाखुरा देखाउनु, पाखुरा बटार्नु, **हात→** हात आउनु, हात उठ्नु, हात उठाउनु, हातको मयल हुनु, हात-खुट्टा चल्नु, हात-गोडा लाग्नु, हात चलाउनु, हात चिलाउनु, हात चल्नु, हात छोड्नु, हात जोड्नु, हात झिक्नु, हात दिनु, हातमा दही जमाउनु, हात थाप्नु, हात धुनु, हात पर्नु, हात पार्नु, हात पसार्नु, हातपात गर्नु, हात बढाउनु, हात बस्नु, हात बाँधेर बस्नु, हात भाँचिनु, हात मल्नु, हात माथि गर्नु, हात माथि पर्नु, हात मिलाउनु, हातमुख जोर्नु, हात लम्काउनु, हात लाग्नु, हात लामो पार्नु, हात लिनु, हात हाल्नु, हात हेर्नु, हातेमालो गर्नु, **हृदय→** हृदय पग्लनु, हृदय दिनु, हृदय खोल्नु, हृदय छुनु, **हाड→** हाड घोट्नु, हाड हास्नु आदि ।

यी र यस्ता टुक्काहरूबाट शरीरका कुनै पनि अङ्गप्रत्यङ्गबाट नेपाली टुक्का अछुत छैनन् भन्ने पुष्टि हुन्छ । नेपाली टुक्काको सबैभन्दा ठूलो वर्ग सम्भवत: यही हो ।

७.२.३.२ समाजसम्बन्धी

लोकसमुदायका मानसिक भाव, मिलन-बिछोड, लेन-देन, उठ-बस, बन्दव्यवसाय, आर्थिक अवस्था, रोजीरोटीका समस्या र जीवनयापनका तमाम सन्दर्भ भएका टुक्कालाई सामाजिक वर्गमा राख्न सकिन्छ ।

आँखाको कसिङ्गर हुनु, आँखाको नानी हुनु, आँखा खुल्नु, आँखा चिम्लनु, आँखा छल्नु, आँखा जुधाउनु, आँखामा छारो हाल्नु, आँखा फर्फराउनु, आँखा मार्नु, ओठ निचर्दा दूध आउनु, ओठ-मुख सुक्नु, ओठे जवाफ दिनु, औंला गन्नु, ऋण खानु, काँध थाप्नु, कान फुक्नु, कानमा तेल हाल्नु, खेत खानु, गुहु खानु, छातीमा टाँस्नु, जागिर खानु, जागिर जानु, तालुमा आलु फल्नु, तिघ्रा कमाउनु, थोत्रो थाल ठटाउनु, दाँतबाट पसिना आउनु, धोती न टोपी हुनु, नाक काट्नु, पाउ मल्नु, पेट बोक्नु, पेटमा पस्नु, पेटमा मुसा दगुर्नु, मन चोर्नु, मन फाट्नु, मरेको बाघको जुँघा उखेल्नु, मुख फुलाउनु, मुख ताक्नु, मुख लाग्नु, टुप्पी काट्नु, पेट काट्नु, फलामको चिउरा चबाउनु, पानी चल्नु, भाउ बढाउनु, सरकार लाग्नु, हरमुनिको काँडा हुनु, हवल्दारी छाँट्नु, हात झिक्नु, हातमा दही जमाएर बस्नु, हातमुख जोर्नु, हात लाग्नु, हात माथि मार्नु, राँडीको राज्य हुनु, हाड घोट्नु, हातमुख जोर्नु, हातमुख जोर्नु ...।

७.२.३.३ संस्कृतिसम्बन्धी

लोकसमाजका चाडपर्व, रीतिथिति, परम्परागत मूल्यमान्यता सम्बन्धी टुक्काहरूलाई सांस्कृतिक टुक्काको वर्गमा राख्न सकिन्छ ।-

अलख जगाउनु, कुशको बाहुन हुनु, खाँडो जगाउनु, गङ्गाजल छुनु, चोला फेर्नु, तिलाञ्जली दिनु, दैव लाग्नु, पञ्चमीका पाइला गनन्नु, पुराण सुनाउनु, धूप हाल्नु, पानी बार्नु, बाबुको बिहे देखाउनु, भद्रो हेर्नु, संकल्प गर्नु, सिन्दुर हाल्नु, हात हेर्नु, धोती न टोपी हुनु, तामा र तुलसी लिएर भाक्नु, देउता हुनु, धामी बसाल्नु, जनै मन्त्रनु, थानको मान राख्नु, पत्रम् पुष्पम् गर्नु, भजन गाउनु, बलिको बोको हुनु, पिण्ड-पानी चलाउनु, श्री गणेश गर्नु, सतीत्व लुट्नु, सन्जं जगाउनु, सुनको मिर्ग हुनु, हनुमान उतार्नु आदि ।

७.२.३.४ पुराणसम्बन्धी

पुराणसम्बद्ध घटना, पात्र र सन्दर्भ भएका नेपाली टुक्कालाई पौराणिक वा मिथकीय टुक्का भन्न सकिन्छ । हिन्दू पुराणसित सम्बन्धित घटना, पात्र र सन्दर्भ भए पनि यस्ता टुक्काले मानवीय मनोभाव, प्रवृत्ति र स्वभाव आदिलाई नै बुझाउँछन् ।

अगस्ति हुनु, कंस हुनु, कुम्भकर्ण हुनु, कुम्भकर्णे निद्रामा सुत्नु, गङ्गाजल छुनु, गायत्री मन्त्र जप्नु, गोबरगणेश बन्नु, दधिचीको हड्डी हुनु, दुर्वासा हुनु, नारद बन्नु, पुराण सुनाउनु, भगीरथ प्रयत्न गर्नु, महाभारत मच्चाउनु, रामराज्य हुनु, रामबाण हुनु, रावण-राज्य हुनु, श्रीगणेश गर्नु, लक्ष्मणरेखा कोर्नु, सुनको मिर्ग हुनु, सुदामाको कनिका हुनु आदि केही यस्तै टुक्का हुन् ।

७.२.३.५ लोकविश्वाससम्बन्धी

लोकको विश्वास लोकविश्वास हो । पाप-धर्म, दिन-दशा, भूत-प्रेत, धामी-झाँक्री, बोक्सी, सकुन- अपशकुन, भाग्य र जीवनजगत्सम्बन्धी लोकको आ नै विश्वास हुन्छ । सो लोकविश्वास तथ्यपरक र तर्कसङ्गत नहुन पनि सक्छ । लोकविश्वासलाई झल्काउने खालका यस्ता टुक्कालाई लोकविश्वाससम्बन्धी टुक्काअन्तंगत राख्न सकिन्छ ।

अक्षेतापानी छर्कनु, आँखा फरफराउनु, आमाबाबु टोक्नु, कपाल ढाक्नु, कर्म फुट्नु, काग कराउनु, किरिया खानु, *गङ्गाजल छुनु* गहुँत खानु, गीता पाठ गर्नु, ग्रह जुर्नु, चुरा फुट्नु, चोखे लाग्नु, चौथीका चन्द्रमा देख्नु, छिटो हाल्नु, छुमन्तर हुनु, छौंडा खेलाउनु, जात जानु, जुठो पर्नु, जुठोसुत्केरो बार्नु, टपरी टक्टक्याउनु, टुहुराका दिन फर्किनु, तालुमा आलु फल्नु, तिलाञ्जली दिनु, दिन फर्कनु, धर्म कमाउनु, धर्म भाक्नु, नङ फुल्नु, पानी चल्नु, पानी बार्नु, पिण्ड छुट्नु, फनफनी गिद्ध घुम्नु, पूजा गर्नु, फुमन्तर गर्नु, भद्रो हेर्नु, भाकल हाल्नु, भाग्य चम्कनु, भाग्य जाग्नु, धारे हात लगाउनु, बर्खी बार्नु, बिरालाले बाटो काट्नु, भालुलाई पुराण सुनाउनु, भूत खनिनु, लेखेको पाउनु, सतीत्व लुटिनु, हरिओम तत्सत् गर्नु, हात चिलाउनु, हात हेर्नु आदि लोकविश्वाससम्बन्धी टुक्काहरू हुन् ।

७.२.३.६ प्रकृतिसम्बन्धी

प्रकृतिजगत्सँग सम्बद्ध शब्द रहेका टुक्काहरू पनि यथेष्ट छन् । आगो, पानी, घाम, सूर्य, चन्द्रमा, रात, दिन, हावा, पहाड-पर्वत आदि प्रकृतिसम्बद्ध टुक्काहरू रहेका छन् । नेपाली टुक्काहरूको एउटा वर्ग प्रकृतिका विभिन्न अङ्ग, विषय र पक्षसित गाँसिएर आएको छ । प्रकृतिसम्बद्ध विषय र बस्तुमा आधातिर भए तापनि यस्ता टुक्काले मानवीय मनोभाव, प्रवृत्ति, स्वभाव आदिलाई बुझाउँछन् । टुक्का प्रकृतिका लागि होइन, मानिसकै लागि बनेका छन् । जस्तै- 'आगो हनु' टुक्काको संरचनामा आएको अग्रपद वा पूर्वपद 'आगो प्रकृतिको अङ्ग हो, तर 'आगो हुनु टुक्काले मान्छेकै भाग्य सप्रनु भन्ने अर्थ बुझाउँछ । प्रकृतिविषयक केही टुक्काहरू निम्नअनुसार छन् ।–

आगोमा घिउ हाल्नु, आगो पार्नु, आगो झोस्नु, आगोमा हात हाल्नु, आगो मार्नु, दिन जानु, दिन लाग्नु, दिन गन्नु, दिन आउनु, दिन काट्नु, दिन ढल्कनु, दिन

खानु, पानी चढ्नु, पानी झर्नु, पानी-पँधेरो हुनु, पानी फुकाउनु, पानीपानी हुनु, पानी बार्नु, पानी नचल्नु, पानी छल्नु, पानी मार्नु, दानापानी टुट्नु, पानी पिउन पनि नपाउनु, हावा खुस्कनु, हावा खानु, हावा लाग्नु, हावामा उडाउनु, हावा चल्नु, हावा बिग्रनु, हावा हुनु, हावाको कुरा चल्नु, हावाले भेट्टाउनु, घाम डुब्नु, पश्चिमबाट घाम उदाउनु, घाम झुल्कनु, घाम लाग्नु, पहाड हुनु, पहाड खस्नु, पहाड चढ्नु, आकाशको चरा खसाल्नु, आकाश-जमिनको फरक हुनु, आकाशको फल हुनु, आकाश-पातल हाँक्नु, आकाश छुनु, डाँडो काट्नु, डाँडो कटाउनु, नेटो काट्नु, डाँडाको जून हुनु, दिन फर्कनु, टुहुराका दिन फर्कनु, दिन ढल्कनु, पानी मुनिको माछो हुनु, माटो खानु, बाटो काट्नु, रात काट्नु, घाम डुब्नु, आकाश-पाताल जोड्नु, चन्द्रमा दाहिने हुनु ।

यी र यस्ता टुक्काहरूबाट नेपालीमा प्रकृतिसम्बद्ध टुक्काहरूको पौल रहेको प्रस्ट हुन्छ । यिनले मानवीय आवेग, आवेश, घृणा, उत्सुकता, जोस आदि मनोभावना, प्रवृत्ति र स्वभावलाई बुझाएका छन् ।

७.२.३.७ पशुपन्छी र जीवजन्तुसम्बन्धी

पशुपन्छी र जीवजन्तु पनि नेपाली टुक्काका विषय रहेका छन् । साँढे, गाई, गोरु, बाघ, भालु, कुखुरो, चमेरो, छेपारो, हाँस, मुसो, बिरालो, चरो, कुकुर, गधा, बाँदर, गिद्ध, अरिङ्गाल, भेडो, बाखो, बोको, राँगो, मृग, सुगा, माछा, भौंरी, कछुवा, बकुल्लो, कन्सुत्लो, सर्प आदि घरपालुवा र जङ्गली पशुपन्छीसित सम्बन्धित तमाम टुक्का नेपालीमा पशुपन्छी र जीवजन्तु टुक्काको कित्तामा परेका पाइन्छन् । फेरि पनि टुक्काको अभीष्ट मानव हो । मानवका इच्छा-आकाङ्क्षा, उसका मनोभावना, उसका प्रवृत्ति आदिलाई प्रभावकारी कथन गर्ने उद्देश्यले नै यस्ता टुक्काहरू परम्परादेखि नै जनजिब्रोमा प्रयुक्त हुँदै आएका छन् । पशुपन्छी र जीवजन्तुसम्बन्धी केही टुक्काहरू निम्नअनुसार छन् ।–

गोहीका आँसु झार्नु, साँढेको फल झर्नु, कागको फुल चोर्नु, गौ माता हुनु, बिरालो-मुसाको खेल हुनु, बाख्रीको पुच्छर खानु, बाघ मार्नु, नुन खाएको कुखुरो बन्नु, उडेको चरा खसाल्नु, गल्लीको कुकुर हुनु, डामेको साँढे हुनु, गई मारी गधा पोस्नु, कुखुरे बैंस आउनु, बाँदरको हातमा नरिवल हुनु, अरिङ्गालका गोलामा ढुङ्गाले हान्नु, माखाको जस्तो चित्त हुनु, गोरु ब्याउनु, कुकुर-बिरालाको चाल हुनु, बलिको बोको हुनु, गोरु बेचेको साइनो लाउनु, चैते बाँदर हुनु, मरेको बाघको जुँगा उखेल्नु, भालुलाई पुराण सुनाउनु, खसी पर्नु, कुकुरको मुत चुहाउनु, भालुको कन्चट समाउनु, भेडो हुनु, गधा हुनु, सुनको मिर्ग हुनु, सुँगुर बन्नु, हान्ने राँगो जस्तो बन्नु, बिरालोले बाटो काट्नु, लैनो गाई हुनु, हाँसको चाल न कुखुराको चाल हुनु, कुहिराको काग हुनु, सुगा रटाइ गर्नु, सुनको ढुकुर हुनु, उडेको चरो खसाल्नु, कागको फुल चोर्नु, चमेरा

जस्तो हुनु, फनफनी गिद्ध घुम्नु, हुटिट्याउँले सगर थामे झैं गर्नु, पोथी बास्नु, अरिङ्गालको गोलामा हात हाल्नु, झिँगा धपाउनु, झिँगे दाउ थाप्नु, झिँगाको बोसो झिक्नु, आँखाको पुतली हुनु, अरिङ्गाल खनिए झैं खनिनु, भीरको मौरी हुनु, माखा मार्नु, लिखा टिप्नु, कुवाको भ्यागुतो हुनु, माछा मार्नु, अजिङ्गरको आहारा दैवले पुऱ्याउनु, गोमन साँप हुनु, किताबको माछा हुनु, छेपाराको चाल हुनु, मकैसँग घुन पिसिनु, जुको ठाडिएजस्तो ढाडिनु, कन्सुत्लो लाग्नु आदि ।

यस्ता उदाहरणबाट के प्रस्ट हुन्छ भने नेपालीमा पशुपन्छी र जीवजन्तुसम्बद्ध टुक्काहरूको पौल छ। यस्ता टुक्काहरू लोकजीवनमा पर्याप्त मात्रामा प्रयुक्त भइआएका छन् ।

७.२.३.८ आजीविकासम्बन्धी टुक्का

नेपाली टुक्काहरू लोकसमुदायको आजीविकासँग वा अर्थिक मामिलासँग पनि सम्बद्ध छन् । नेपाली लोकजीवन कृषिआश्रित समाज हो, जसको प्रतिबिम्ब नेपाली टुक्कामा छ। खेतीपाती, ऋण, साहू, महाजन र गरिब किसानका हातमुख जोर्ने समस्या पनि नेपाली टुक्काका विषय बनेको पाइन्छ। यस्ता टुक्काले नेपाली समाजको आर्थिक अवस्थालाई झल्काउँछन् ।

आसामी उठ्नु, उँभो लाग्नु, गाँठी गुमाउनु, घर-खेत हुनु, घर-खेत उडाउनु, हातमुख जोर्नु, थोत्रो थाल ठटाउनु, पेटमा मुसा दगुर्नु, धोती न टोपी हुनु, ऋण खानु, ऋण लाग्नु, मुखमा माड लाग्नु, बारी बिराउनु, टाट पल्टनु, टुप्पाबाट पलाउनु, खेत खानु,साहू मार्नु, औंला गन्नु, जागिर खानु, जागिर जानु, सरकार लाग्नु, हवल्दारी छाँट्नु, रोजीरोटी गर्नु, हातमुख जोर्नु, चाकरी गर्नु, दलाली गर्नु, पाउ मल्नु, कौडीकौडी जोड्नु, साहू लाग्नु, भाउ बढाउनु, भाउ बढ्नु ।

यस्ता उदाहरण तुलनात्मक रूपमा कम पाइन्छन्, तर यिनले सारै मार्मिक विचारलाई प्रस्तुत गरेका छन्। 'खान नपाउनु भन्नु र 'मुखमा माड नलाग्नु भन्नुमा अर्थ उही भए पनि ठूलो अन्तर छ ।

७.२.४ शब्दशक्तिका आधारमा

शब्दले दिने अर्थको मापन शब्दशक्तिबाट गरिन्छ। यस दृष्टिले सोझो अर्थ दिने वाच्यार्थ वा अभिधेयार्थ, वाच्यार्थमा बाधा भई विशेषार्थ दिने लक्ष्यार्थ र विशेष अर्थ व्यञ्जित भए व्यङ्ग्यार्थ गरी तीन प्रकारका शब्दशक्तिको चर्चा पूर्वीय काव्यशास्त्रमा भएको पाइन्छ। टुक्का मूलतः अभिधामूलक हुँदैनन् । त्यसैले शब्दशक्तिका दृष्टिले टुक्कालाई लक्षणामूलक र व्यञ्जनामूलक गरी दुई वर्गमा छुट्याउन सकिन्छ ।

७.२.४.१ लक्षणामूलक

टुक्का	लक्ष्यार्थ
आँखाको कसिङ्गर हुनु	→ अप्रिय हुनु
आँखाको नानी हुनु	→ प्यारो हुनु
आँखा चिम्लनु	→ बेवास्ता गर्नु
आँखामा छारो हाल्नु	→ झुक्याउनु
खुट्टा तान्नु	→ अरूलाई अघि बढ्न नदिनु/मर्नु
घैँटामा घाम लाग्नु	→ चेत पाउनु/ज्ञान पस्नु
नाक काट्नु	→ इज्जत फाल्नु
पेटमा मुसा दगुर्नु	→ ज्यादै भोकाउनु
कागको फूल चोर्नु	→ ज्यादै चलख हुनु
आ नो दुनो सोझ्याउनु	→ स्वार्थी हुनु

७.२.४.२ व्यञ्जनामूलक

टुक्का	व्यङ्ग्यार्थ
ओठ निचर्दा दूध आउनु	→ कलिलो वा बालखै हुनु,
औंलामा नचाउनु	→ इसारमा चलाउनु
कालो अक्षर भैंसी बराबर हुनु	→ निरक्षर हुनु
गल्लीको कुकुर हुनु	→ अपमानित हुनु,
टाङमुनि छिर्नु	→ स्वाभिमान गुमाउनु
तेल लाउनु/घस्नु	→ चाकरी गर्नु
पानीमाथिको ओबानो हुनु	→ निर्दोष देखिन खोज्नु
हात पसार्नु	→ माग्नु
सोत्तर पार्नु	→ धेरैलाई मार्नु

७.३ निष्कर्ष

यसरी हेर्दा नेपाली टुक्कालाई शब्दसङ्ख्या, शब्दक्रम, शब्दशक्ति र शब्दको विषय-सन्दर्भ आदिका आधारमा वर्गीकरण गर्न सकिने देखिन्छ। विषय-सन्दर्भका आधारमा समाज, संस्कृति, पुराण, लोकविश्वास तथा प्रकृति र जीवजन्तुसम्बन्धी गरी पाँच वर्गमा छुट्याइएको छ भने अझ मसिनो गरी थप उपवर्गमा पनि छुट्याउन सकिन्छ। लोकजीवनमा परम्परादेखि मौखिक रूपमा प्रयोग हुँदै आएका टुक्का समय-सन्दर्भ अनुरूप परिवर्तित र विकसित पनि हुँदै आएका छन्। टुक्का मुख्यतया लक्षणामूलक हुने भए पनि व्यञ्जनामूलक टुक्का पनि निकै पाइन्छन्। लघुआयामका भए पनि टुक्काको प्रयोगले गर्दा भाषिक अभिव्यक्ति च्वास्स बिझ्ने अर्थात् प्रभावकारी हुने हुँदा टुक्काको महत्त्व, आवश्यकता र औचित्य अद्यापि उत्तिकै देखिन्छ।

❖❖

अध्याय आठ

बहुप्रचलित नेपाली टुक्का

नेपाली भाषा टुक्काका दृष्टिले अत्यन्त समृद्ध छ। नेपालीहरू कुरै पिच्छे टुक्काको प्रयोग गर्दछन्। नेपाली लेखकहरूले पनि टुक्काको व्यापक उपयोग गरिआएका छन् (रेग्मी, २०५७:४४-४८)। पदसमूहात्मक लक्ष्यार्थ प्रधान टुक्का लघुतम भईकन पनि प्रभावकारिताका दृष्टिले चोटिलो हुन्छ। त्यसैले चोटिलो कथनका निमित्त टुक्काको प्रयोग गरिन्छ। प्रसिद्ध लेखक रमेश विकलको **अविरल बग्दछ इन्द्रवती** उपन्यासको सर्वेक्षण गर्दा यस एउटै उपन्यासमा पाँच सयभन्दा बढी टुक्काको प्रयोग भएको पाइन्छ (लामिछाने,२०६८:९७-१२५)। यसले टुक्काको लोकप्रियतालाई पनि झल्काउँछ। टुक्काको प्रमुख सदस्य क्रिया भएको, टुक्का क्रियापदकेन्द्री भएको, टुक्काको केन्द्रीय घटक क्रियापद भएको कारणले टुक्काहरूलाई क्रियापदानुसारको वर्णानुक्रममा राख्नु सान्दर्भिक र उपयुक्त हुन आउँछ। प्रस्तुत अध्यायमा नेपाली टुक्काको बृहत् भण्डारबाट बहुप्रचलित अधिकांश टुक्काहरू वर्णानुक्रममा प्रस्तुत गरिएको छ।

अँगाल्नु : कालालाई अँगाल्नु।

अँठ्याउनु : कुरा अँठ्याउनु, गला अँठ्याउनु, घाँटी अँठ्याउनु, धनसम्पत्ति अँठ्याउनु।

अड्डाउनु : टाउको अड्डाउनु, टाङ अड्डाउनु।

अड्कनु : काम अड्कनु, कुरा अड्कनु, गला अड्कनु, पानी अड्कनु।

अड्कल्नु : कुरा अड्कल्नु, खाना अड्कल्नु, पानी अड्कल्नु, नुन अड्कल्नु।

आइलाग्नु : झ्याउलो आइलाग्नु, पाप आइलाग्नु, लेठा आइलाग्नु।

आइपुग्नु : टुप्लुक्क आइपुग्नु, बखत आइपुग्नु, बेला आइपुग्नु।

आउनु : आँच आउनु, उडेर आउनु, एक तमासको भएर आउनु, ओठ निचोर्दा दूध आउनु, कन्चट तातेर आउनु, कन्सिरीका रौं तातेर आउनु, कान तातेर आउनु, काम आउनु, काल आउनु, काशीमा मुख धोएर आउनु, कुखुरे बैंस आउनु, कुदिन आउनु, कुरामा कुरा आउनु, गन्ध आउनु, गफ आउनु, घाँटीघाँटी आउनु, चेत आउनु, जाँगर मरेर आउनु, जात आउनु,

जोस आउनु, ज्यान आउनु, ठाउँमा आउनु, ठेगानामा आउनु, डकार आउनु, दाँतबाट पसिना आउनु, दाउ आउनु, दूध आउनु, देउता आउनु, धैँसे डकार आउनु, नाम आउनु, पसिना आउनु, पाठ आउनु, पालो आउनु, बैँस आउनु, मुखबाट पानी आउनु, भाउन्न आउनु, मति आउनु, वाकवाकी आउनु, सातो आउनु, सास आउनु, सिङजुरो आउनु, सुदिन आउनु, हरि आउनु, हात आउनु, होसमा आउनु ।

उखेल्नु : कान उखेल्नु, कानका जरा उखेल्नु, कानका लोती उखेल्नु, जरो उखेल्नु, मरेका बाघका जुँगा उखेल्नु ।

उघ्रनु/उघार्नु : आँखा उघार्नु, दिन उघ्रनु ।

उचाल्नु : खुट्टा उचाल्नु, घरै उचाल्नु, छिमेकी उचाल्नु, मन उचाल्नु, मान्छे उचाल्नु ।

उठाउनु : आवाज उठाउनु, कुरा उठाउनु, गारो उठाउनु, चन्दा उठाउनु, जीउ उठाउनु, झन्झट उठाउनु, टाउको उठाउनु, डोको उठाउनु, प्रश्न उठाउनु, पहाडपर्वत उठाउनु, पाउकष्ट उठाउनु, बाली उठाउनु, बास उठाउनु, बिँडो उठाउनु, भान्सा उठाउनु, साहूको डोको उठाउनु, हात उठाउनु ।

उठ्नु : आसामी उठ्नु, काँडा उठ्नु, कुरा उठ्नु, काण्ड उठ्नु, घर उठ्नै, जीउमा काँढा उठ्नु, झोँक उठ्नु, नोक्सान उठाउनु, प्रश्न उठ्नु, पेटमा राँको उठ्नु, बास उठ्नु, भान्सा उठ्नु, मन उठ्नु, माथि उठ्नु, लास उठ्नु, स्तर उठ्नु, रिस उठ्नु, हाँसो उठ्नु, हात उठ्नु, हुल उठ्नु ।

उड्नु : प्राण उड्नु, प्राणपंखेरु उड्नु, प्राण-वायु उड्नु, मगज उड्नु, मन उड्नु, रङ उड्नु, सातो उड्नु, सातो-पुत्लो उड्नु, हंस उड्नु, होस-हवास उड्नु ।

उडाउनु : कुरा हावामा उडाउनु, खिल्ली उडाउनु, गफ उडाउनु, घर-बारी उडाउनु, ठट्टामा उडाउनु, धज्जी उडाउनु, पैसा उडाउनु, मोज उडाउनु, श्रीसम्पत्ति उडाउनु, बाबुबाजेको सम्पत्ति उडाउनु, हँसी उडाउनु, हाँसेर उडाउनु, हाँसोमा उडाउनु, हावामा उडाउनु ।

उतार्नु : आरती उतार्नु, काम उतार्नु, चुलो उतार्नु, जहाज उतार्नु, पानी उतार्नु, भतेर उतार्नु, भारा उतार्नु ।

उत्रनु : आँखाको पानी उत्रनु, नसा उत्रनु, भाउ उत्रनु, मैदानमा उत्रनु ।

उदाउनु : दिन उदाउनु, पश्चिमबाट घाम उदाउनु, सुखका दिन उदाउनु ।

उधिन्नु : चिहान उधिन्नु, मरेको मुर्दा उधिन्नु, मरेको लास उधिन्नु ।

उभिनु : अर्काको खुट्टामा उभिनु, आ नो खुट्टामा उभिनु ।

उमार्नु : काँडा उमार्नु ।

उम्रनु : काँढा उम्रनु, कोखमा दारा उम्रनु, प्वाँख उम्रनु, सिङ उम्रनु, सिङजुरो उम्रनु ।

उल्टनु : कुरा उल्टनु, घरै उल्टनु, टाट उल्टनु ।

ओढ्नु : खोल ओढ्नु ।

ओर्लनु : उमेर ओर्लनु, दिन ओर्लनु, भाउ ओर्लनु ।

कटाउनु : कान कटाउनु, काल कटाउनु, खर्च कटाउनु, खाना कटाउनु, चार-भन्ज्याङ कटाउनु, डाँडो कटाउनु, दिन कटाउनु, देश कटाउनु, नाक कटाउनु, नाम कटाउनु, नेटो कटाउनु, पाप कटाउनु ।

कनाउनु : कपाल कनाउनु ।

कमाउनु : अपजस कमाउनु, इज्जत कमाउनु, खुट्टा कमाउनु, तिघ्रा कमाउनु, धर्म कमाउनु, नाम कमाउनु, धन-सम्पत्ति कमाउनु, मुटु कमाउनु, शत्रु कमाउनु ।

कराउनु : काग कराउनु, धुरीबाट पाप कराउनु, पाप कराउनु, पेट कराउनु ।

कस्नु : अड्डी कस्नु, कछाड कस्नु, कम्मर कस्नु, कुम्लो कस्नु, गोर्खेलौरी कस्नु, घाँटी कस्नु, चम्पत कस्नु, टाप कस्नु, टुप्पी कस्नु, तेरिज कस्नु, धर्ना कस्नु, पटुका कस्नु, पाता कस्नु, पेट कस्नु, भाउ कस्नु, मन कस्नु, मुट्ठी कस्नु, लँगौटी कस्नु, व्यङ्ग्य कस्नु, सुर कस्नु ।

काटिनु : कलेजो काटिनु, टुप्पी काटिनु, दुवै हात काटिनु, नाम काटिनु, बाटो काटिनु, शिर काटिनु ।

काट्नु : अड्कल काट्नु, उकालो काट्नु, कष्ट काट्नु, कहर काट्नु, कान काट्नु, काल काट्नु, कुरा काट्नु, कैद काट्नु, कैँची काट्नु, खड्गो काट्नु, खुट्टा काट्नु, गधेपच्चिसी काट्नु, गला काट्नु, गास काट्नु, घाँटी काट्नु, चक्कर काट्नु, चुल्ठो काट्नु, चैन काट्नु, छाक काट्नु, छेकल काट्नु, छेकारो काट्नु, जरो काट्नु, जाडो काट्नु, जुनी काट्नु, टुप्पी काट्नु, डाँडो काट्नु, तर काट्नु, दिन काट्नु, दुख काट्नु, दूध काट्नु, देश काट्नु, नाक काट्नु, नाक-कान काट्नु, नाम काट्नु, नाल काट्नु, नेटो काट्नु, पाप काट्नु, पुर्जी काट्नु, पेट काट्नु, बुट्टा काट्नु, बुहातर्न काट्नु, भल काट्नु, भर काट्नु, भारा काट्नु, मुस्लान काट्नु, रात काट्नु, लख काट्नु, लगत काट्नु; समय काट्नु, सुख काट्नु, सोझेरी काट्नु, हात काट्नु ।

काढ्नु : घुम्टो काढ्नु, छाला काढ्नु, जात काढ्नु, जिब्रो काढ्नु, दोहोलो काढ्नु, नाउँ काढ्नु, बच्चा काढ्नु, पसिना काढ्नु, भात काढ्नु, मह काढ्नु, माड काढ्नु, रिन काढ्नु, र्‍याल काढ्नु, लादी काढ्नु, लुगा काढ्नु, लोत काढ्नु, साहू काढ्नु, सिउँदो काढ्नु, हाई काढ्नु, सातो काढ्नु, हुर्मत काढ्नु ।

काम्नु : खुट्टा काम्नु, तिघ्रा काम्नु, मुटु काम्नु, हात काम्नु ।

किट्नु : दाँत किट्नु, दारा किट्नु, नाउँ किट्नु ।

कुट्नु : भुस कुट्नु, मुखले कुट्नु, बचनले कुट्नु, मुड्कीले कुट्नु ।

कुँढिनु : दाँत कुँढिनु, मन कुँढिनु ।

कुत्कुत्याउनु : कालले कुत्कुत्याउनु ।

कुद्नु : आगामा कुद्नु, पेटमा मुसा कुद्नु, नदीमा कुद्नु ।

कुर्नु : घाट कुर्नु, चुलो कुर्नु, ढोका कुर्नु, दोबाटो कुर्नु, बाटो कुर्नु, बिरामी कुर्नु, भात कुर्नु, भान्सा कुर्नु ।

केलाउनु : एकएक गरी केलाउनु, जगल्टा केलाउनु, नाता केलाउनु ।

कोट्याउनु : कुरा कोट्याउनु, घाउ कोट्याउनु, नाता कोट्याउनु ।

खन्नु : खाडल खन्नु, खेदो खन्नु, खोइरो खन्नु, चिहान खन्नु, जरो खन्नु ।

खनिनु : एकहोरो खनिनु, छौंडा खनिनु, भूत खनिनु ।

खसाल्नु : आकाशका तारा खसाल्नु, उडेको चरा खसाल्नु, तल खसाल्नु, मत खसाल्नु, स्तर खसाल्नु ।

खस्कनु : मन खस्कनु ।

खस्नु : आकाश खस्नु, छाँगाबाट खस्नु, दुखको पहाड खस्नु, पहाड खस्नु, लुलु खस्नु, हियो खस्नु ।

खाँद्नु : लात्ताले खाँद्नु, सिन्की खाँद्नु ।

खाम्नु : मनले खाम्नु ।

खियाउनु : अड्कल खियाउनु, दसनङ्ग्री खियाउनु, पैताला खियाउनु, बुद्धि खियाउनु, मगज खियाउनु ।

खानु : आँखा खानु, आड कटकटी खानु, आ नो-आ नो मानो खानु, आलु खानु, उधारो खानु, उमेर खानु, एक गासमा खानु, एक पेट खानु, एक माना खानु, कपाल खानु, कर्म खानु, कलेजो खानु, कहर खानु, काँचै खानु, काट्टो खानु, कान खानु, कानका कीरा खानु, काबा खानु, किरिया खानु, कुरा खानु, कुर्चा खानु, खप्पर खानु, खर खानु, खली खानु, खुदो खानु, गम खानु, गहुँत खानु, गाली खानु, गिदी खानु, गुहु खानु, गोता खानु, घर खानु, घाँस खानु, चक्कर खानु, चड्कन खानु, चित खानु, चेत खानु, च्यापुले माटो खानु, जिल खानु, टाउको खानु, टोकसो खानु, ठक्कर खानु, डाँकोले खानु, ड्याङ खानु, दिन खानु, नुन खानु, पल्टा खानु, बाख्राको पुच्छर खानु, बिस्तुर खानु, बिहे खानु, भनाइ खानु, मनले खानु, माटो खानु, मुद्द खानु, मेल खानु, लात खानु, लोप्पा खानु, वाड खानु, शपथ खानु, सातो खानु, सास्ती खानु, सिल्टिमुर खानु, हन्डर खानु, हरेस खानु, हार खानु, हावा खानु ।

खुम्च्याउनु : नाक खुम्च्याउनु, निधार खुम्च्याउनु, मन खुम्च्याउनु ।

खुल्नु : आँखा खुल्नु, गला खुल्नु, ढोका खुल्नु, पर्दा खुल्नु, पोल खुल्नु, बाटो खुल्नु, भाग्य खुल्नु, भेद खुल्नु ।

खुवाउनु : लोप्पा खुवाउनु, ठ्याक खुवाउनु ।

खेलाउनु : आत्तुरी खेलाउनु, कुरा खेलाउनु, छौंडा खेलाउनु, तालाबाला खेलाउनु, नाठा खेलाउनु, पैसा खेलाउनु, मुख खेलाउनु, हैरान खेलाउनु ।

खुस्कनु : धोती खुस्कनु, प्राण खुस्कनु, हावा खुस्कनु ।

खेल्नु : कुरा खेल्नु, छुती खेल्नु, जुवा खेल्नु, जुवारी खेल्नु, दाउ खेल्नु, पिङ खेल्नु, मन खेल्नु, सिङौरी खोल्नु ।

खोज्नु : काल खोज्नु, जोरी खोज्नु, निहुँ खोज्नु, भाउ खोज्नु, सिला खोज्नु ।

खोल्नु : आँखा खोल्नु, आन्द्राभुँडी खोल्नु, छाती खोल्नु, दिल खोल्नु, पोल खोल्नु, भेद खोल्नु, मुख खोल्नु, हृदय खोल्नु ।

खोस्नु : गास खोस्नु, बास खोस्नु ।

गड्नु : आँखामा गड्नु, हृदयमा गड्नु ।

गन्नु : केही नभन्नु, गास गन्नु, घडी-पला गन्नु, टुप्पीका रौं गन्नु, डाँडा-भाटा गन्नु, दलिन गन्नु, दिन गन्नु, भातको सिता गन्नु ।

गर्नु : अँध्यारो मुख गर्नु, आँखा टिलपिल गर्नु, आँखा ठूलो गर्नु, उछित्तो गर्नु, उधुम गर्नु, एकान्त गर्नु, कण्ठ गर्नु, कसरत गर्नु, कागज गर्नु, कानेखुसी गर्नु, कुटो-कोदालो गर्नु, खुन गर्नु, गठबन्धन गर्नु, घरखेत गर्नु, म्याउँ गर्नु, छक्कापन्जा गर्नु, छुमन्तर गर्नु, जात्रा गर्नु, जीउ गर्नु, जुठो-चुलो गर्नु, तथानाम गर्नु, दन्तबजान गर्नु, दाइँ गर्नु, नाटक गर्नु, नाङ्गो नाच गर्नु, निहुँ गर्नु, नुनको सोझो गर्नु, पत्रम्-पुष्पम् गर्नु, पहल गर्नु, पाइँ गर्नु, पाकेट गरम गर्नु, पानी-पँधेरो गर्नु, पुच्छर ठाडो गर्नु, पूजा गर्नु, बार-सत्ताइस कुरा गर्नु, मुख बन्द गर्नु, मुटु ढुकढुक गर्नु, मुन्टो ठाडो गर्नु, रगत पसिना एक गर्नु, लछारपछार गर्नु, लामो हात गर्नु, शिर ठाडो गर्नु, श्रीगणेश गर्नु, साउँ उपर गर्नु, सिङ न पुच्छरको कुरा गर्नु, सुगा रटाइ गर्नु, सुरो मुटु गर्नु, स्वाहा गर्नु, हजम गर्नु, हस्तक्षेत गर्नु, हातको सफाइ गर्नु, होक्काँ गर्नु, हौवा खडा गर्नु ।

गाउनु : गीत गाउनु, गुन गाउनु, भजन गाउनु, मागल गाउनु ।

गाड्नु : आँखा गाड्नु, किलो गाड्नु, गाबो गाड्नु, जरो गाड्नु, दाँत गाड्नु ।

गाडिनु : आँखा गाडिनु, जरो गाडिनु, ऋणमा गाडिनु ।

गिर्नु : आँखामा गिर्नु, नुर गिर्नु ।

गुजार्नु : तारिक गुजार्नु, म्याद गुजार्नु ।

गुल्नु : पगरी गुल्नु, फेटा गुल्नु ।

घट्नु : भाउ घट्नु, मान घट्नु ।

घस्नु : खरानी घस्नु, चिप्लो घस्नु, चेपारो घस्नु, तेल घस्नु, बेसार घस्नु ।

घुमाउनु : आँखा घुमाउनु, कलम घुमाउनु, कुरा घुमाउनु, खुट्टी घुमाउनु, तीन सहर घुमाउनु ।

घुम्नु : फनफनी गिद्ध घुम्नु, माड घुम्नु ।

घुसार्नु : टाउको घुसार्नु ।

घेर्नु : कालले घेर्नु, दशाले घेर्नु, दिनदशाले घेर्नु ।

घोक्नु : पाठ घोक्नु ।

घोक्र्याउनु : नाक घोक्र्याउनु ।

घोच्नु : कानमा झिरले घोच्नु ।

घोट्नु : काममा घोट्नु, खरी घोट्नु, गला घोट्नु, हाड घोट्नु ।

घोप्टिनु : भाग घोप्टिनु, शिर घोप्टिनु ।

ङिच्याउनु : दाँत ङिच्याउनु, दारा ङिच्याउनु ।

चखाउनु : गुलियो चखाउनु, मजा चखाउनु, मज्जा चखाउनु ।

चटाउनु : गुलियो चटाउनु, पैताला चटाउनु, हात चटाउनु, धुलो चटाउनु ।

चड्काउनु : गाला चड्काउनु ।

चढाउनु : आकाशमा चढाउनु, काँधमा चढाउनु, टाउकामा चढाउनु, थैली चढाउनु, पाइन चढाउनु, विन्ती चढाउनु, मिति चढाउनु, सुलीमा चढाउनु ।

चढ्नु : अर्काको काँध चढ्नु, गर्मी चढ्नु, गादी चढ्नु, घोडा चढ्नु, छाँटा चढ्नु, टाउकामा चढ्नु, डोली चढ्नु, दिन चढ्नु, देवीदेउता चढ्नु, धुन चढ्नु, धुरी चढ्नु, पानी चढ्नु, पित्त चढ्नु, बुई चढ्नु, बैंस चढ्नु, बोक्सी चढ्नु, भाउ चढ्नु, भूत चढ्नु, रगत चढ्नु, रङ चढ्नु, सनक चढ्नु, सिँढी चढ्नु, सुर चढ्नु ।

चपाउनु : ओंठ चपाउनु, कुरो चपाउनु, फलामको चिउरा चपाउनु, हर्रो चपाउनु ।

चम्कनु : काम चम्कनु, कुरो चम्कनु, दाउ चम्कनु, नाम चम्कनु, भाग्य चम्कनु ।

च्यात्नु : आँखा च्यात्नु, गाला च्यात्नु, मुख च्यात्नु, हाड्रो च्यात्नु ।

च्याप्नु : काखी च्याप्नु ।

चर्कनु : दूध चर्कनु ।

चलाउनु : कलम चलाउनु, काम चलाउनु, कुरा चलाउनु, गोडा चलाउनु, थुतुनो चलाउनु, दाँत चलाउनु, नाम चलाउनु, पाखुरा चलाउनु, पिण्ड चलाउनु, मुख चलाउनु, रछ्यान चलाउनु, राज-काज चलाउनु, लात्ती चलाउनु, हात चलाउनु, हावा चलाउनु ।

चल्नु : ओठ चल्नु, कलम चल्नु, काम चल्नु, कुरा चल्नु, घर चल्नु, चाल चल्नु, जहाज चल्नु, जातमा चल्नु, जिब्रो चल्नु, जीविका चल्नु, झोंक/झर्कोक चल्नु, डेग नचल्नु, नाउँ चल्नु, पखाला चल्नु, पानी नचल्नु, मुख चल्नु, मुद्दा चल्नु, मेहेरो चल्नु, रुवाबासी चल्नु, सवारी चल्नु, सिरेटो चल्नु, सुर चल्नु, हल्ला चल्नु, हात चल्नु, हात गोडा चल्नु, हावा चल्नु ।

चाख्नु : फल चाख्नु, मजा चाख्नु, स्वाद चाख्नु ।

चाट्नु : ओठ चाट्नु, किताब चाट्नु, झिँगाको पित्त चाट्नु, थुकेको थुक चाट्नु, हात चाट्नु ।

चाल्नु : कदम/पाइला चाल्नु, गोटी चाल्नु ।

चिन्नु : पैसा चिन्नु, मान्छे चिन्नु, संसार चिन्नु ।

चिम्लनु : आँखा चिम्लनु ।

चियाउनु : मुख चियाउनु ।

चिलाउनु : आङ चिलाउनु, करङ चिलाउनु, गर्दन चिलाउनु, पैसा चिलाउनु, मुख चिलाउनु, हत्केला चिलाउनु, हात चिलाउनु ।

चुक्नु : मौका चुक्नु ।

चुट्नु : गफ चुट्नु ।

चुठ्नु : दूधले चुठ्नु ।

चुस्नु : औँला चुस्नु, खुन चुस्नु, रगत चुस्नु, रस चुस्नु ।

चुहाउनु : कुकुरको मुत चुहाउनु, कुरा चुहाउनु, गोहीका आँसु चुहाउनु, दाँतबाट पसिना चुहाउनु, रगत चुहाउनु, रगतको आँसु चुहाउनु, राल चुहाउनु ।

चुहुनु : कुरा चुहुनु ।

चोर्नु : कागको फुल चोर्नु, काम चोर्नु, कुरा चोर्नु, मन चोर्नु ।

च्यात्नु : आँखा च्यात्नु, गाला च्यात्नु, मुख च्यात्नु ।

च्याप्नु : काखी च्याप्नु ।

छदाउनु : कुरा छदाउनु ।

छर्कनु/ छर्नु : अच्छेता-पाती छर्नु, घाउमा नुनचुक छर्नु, घाउमा नुन छर्नु, मास छर्नु ।

छल्नु : आँखा छल्नु, कुरा छल्नु, जाडो छल्नु, पानी छल्नु ।

छाँट्नु : गफ छाँट्नु, हवल्दारी छाँट्नु ।

छाड्नु : गति छाड्नु, छाक छाड्नु, जीउ छाड्नु, ठाउँ छाड्नु, डाँको छाड्नु, धर्म छाड्नु, धर्म छाड्नु, मुख छाड्नु, लत्तो छाड्नु, हात छाड्नु ।

छाम्नु : आँत छाम्नु, कान छाम्नु, छाती छाम्नु, नारी छाम्नु, मन-पेट छाम्नु, मुटु छाम्नु ।

छिन्नु : आँत छिन्नु, काम छिन्नु, कुरा छिन्नु, केटी छिन्नु, मुद्दा छिन्नु, लट्टो छिन्नु ।

छिपाउनु : धन छिपाउनु ।

छिर्नु : टाङमुनि छिर्नु, मनभित्र छिर्नु ।

छिप्पिनु : उमेर छिप्पिनु, घाम छिप्पिनु, दिन छिप्पिनु, रात छिप्पिनु ।

छुट्नु : आँखाबाट झिल्का छुट्नु, कहाली छुट्नु, गाडी छुट्नु, गोली छुट्नु, घरबार छुट्नु, झन्का छुट्नु, झिल्का टुप्पीबाट धुँवा छुट्नु, ताप छुट्नु, पाप छुट्नु, पिण्ड छुट्नु, भाउन्न छुट्नु, राँको छुट्नु, रिङटा छुट्नु ।

छुनु : अक्कास छुनु, गङ्गाजल छुनु, ठाँगेले नछुनु, तिलभर नछुनु, बैंसले छुनु, मन छुनु, मुटु छुनु, रोगले नछुनु ।

छेक्नु : मन छेकनु, बाटो छेक्नु ।

छेड्नु : कुरा छेड्नु, कोख छेड्नु, मुटु छेड्नु ।

छेराउनु : ठाडै छेराउनु, भालुलाई छेराए भैँ छेराउनु ।

छेर्नु : डरले छेर्नु, तीन पाथी छेर्नु ।

छाड्नु/छोड्नु : खित्का छाड्नु, खुट्टा छाड्नु, गति छाड्नु, छाक छाड्नु, जात छाड्नु, जीउ छाड्नु, टेर-पुच्छर लाउन छाड्नु, ठाउँ छाड्नु, डाँको छाड्नु, धाक छाड्नु, धर्म छाड्नु, प्राण छाड्नु, बाटो छाड्नु, मति छाड्नु, मारेर छाड्नु, मुख छाड्नु, मुटुले ठाउँ छाड्नु, लत छाड्नु, लत्तो छाड्नु, सत छाड्नु, साथ छाड्नु, हँसले ठाउँ छाड्नु, हात छाड्नु ।

छोप्नु : दाउ छोप्नु, भल छोप्नु, मेहेरो छोप्नु, मौका छोप्नु ।

जँच्नु : आँखामा जँच्नु, मनमा जँच्नु ।

जगाउनु : अलख जगाउनु, खाँडो जगाउनु, धुनी जगाउनु, भोक जगाउनु, मसान जगाउनु ।

जमाउनु : आसन जमाउनु, डेरा जमाउनु, थप्पड जमाउनु, पाउ जमाउनु, मुक्का जमाउनु, लात जमाउनु, हत्केलामा दही जमाउनु ।

जम्नु : अखडा जम्नु, अड्डा जम्नु, आवाज जम्नु, खाल जम्नु, खेल जम्नु ।

जाग्नु : खाँडो जाग्नु, दाउ जाग्नु, भाग्य जाग्नु, भोक जाग्नु, लोभ जाग्नु ।

जानु : इज्जत जानु, उडेर जानु, खेप जानु, खेर जानु, गानु जानु, गोत जानु, घर-खेत जानु, चाल जानु, चेत जानु, ज्यान जानु, जागिर जानु, जात जानु, छिप्पदै जानु, दिन जानु, धन जानु, ध्यान जानु, नरक जानु, नाक जानु, नाम जानु, धर्म जानु, पानी जानु, पोइल जानु, प्राण जानु, पैरो जानु, पर्म जानु, भर्ती जानु, भुईंचालो जानु, मामा-घर जानु, मास छर्न जानु, सातो जानु, सातो-पुत्लो जानु, स्वर्ग जानु, हंस जानु ।

जान्नु : क-ख जान्नु, छक्कापन्जा जान्नु, ज्ञान जान्नु, दुनियाँ जान्नु ।

जित्नु : कुरा जित्नु, डाकाले जित्नु, मन जित्नु, लड्का जित्नु ।

जुटाउनु : दुई गाँस जुटाउनु ।

जुधाउनु : आँखा जुधाउनु, कुम जुधाउनु,घर जुधाउनु, नाम जुधाउनु, मन जुधाउनु, साँढे जुधाउनु ।

जुर्नु : नाउँ जुर्नु, ग्रह जुर्नु ।

जोगाउनु : इज्जत जोगाउनु, टाउको जोगाउनु, जीउ जोगाउनु, धुतुनो-मुतुनो जोगाउनु, मुख जोगाउनु ।

जोडिनु/जोरिनु : घर जोडिनु, नाता जोडिनु, पेट जोडिनु, नाइटो जोडिनु, सम्बन्ध जोडिनु ।

जोड्नु/जोर्नु : आकाश-पाताल जोड्नु, आगो जोर्नु, एक-एक कौडी जोड्नु, ओठ-मुख जोर्नु, कुम जोड्नु, घर जोड्नु, घुँडा जोड्नु, टुक्का जोड्नु, दस औंला जोड्नु, धन-सम्पत्ति जोड्नु, नाता जोड्नु, पुच्छर जोड्नु, बत्तीस पुतली जोड्नु, मुख जोड्नु, सम्बन्ध जोड्नु, हात जोड्नु, हात-मुख जोड्नु ।

जोल्नु : कासमा जोल्नु, कुरा जोल्नु, मुख जोल्नु, हलो जोल्नु ।

झकाउनु : आँखा झकाउनु ।

झन्कनु : झनक्क झन्कनु ।

झर्नु : ओरालो झर्नु, काँडो झर्नु, दाँत झर्नु, पिँडुलाको मासु झर्नु ।

झार्नु : आकाशको तारो झार्नु, गोहीको आँसु झार्नु, कसर झार्नु, झाँको झार्नु, धतुरो झार्नु, नसा झार्नु, पानी झार्नु, पिँडुलाको मासु झार्नु, पैसा झार्नु, बड्गारा झार्नु, सातो झार्नु, सेखी झार्नु ।

झिक्नु : आँखो झिक्नु, एक बित्ता लामो जिब्रो झिक्नु, कसर झिक्नु, काँडो झिक्नु, कुरा झिक्नु, कोखाबाट छुरा झिक्नु, खुट्टा झिक्नु, जनै झिक्नु, जात झिक्नु, झ्वाँक झिक्नु, झिँगाको पित्त झिक्नु, टोपी झिक्नु, तस्बिर झिक्नु, न्वारानदेखिको बल झिक्नु, नाफा झिक्नु, निहुँ झिक्नु, बल झिक्नु, रबाफ झिक्नु, शङ्का झिक्नु, हात झिक्नु ।

झिम्क्याउनु : आँखा झिम्क्याउनु ।

झुक्नु : टाउको झुक्नु, मन झुक्नु, शिर झुक्नु ।

झुकाउनु : गर्दन झुकाउनु, टाउको झुकाउनु, शिर झुकाउनु ।

झुन्डिनु : ओठमा झुन्डिनु, मन झुन्डिनु, मुखमा झुन्डिनु, सास झुन्डिनु ।

झुल्कनु : झुलक्क झुल्कनु, पश्चिमबाट झुल्कनु ।

झुल्नु : तारिखरमा झुल्नु ।

झोस्नु : आगो झोस्नु, कुरा झोस्नु ।

टकटक्याउनु : टपरी टकटक्याउनु, हात टकटक्याउनु ।

टट्टाउनु : आँखा टुट्टाउनु, कान टुट्टाउनु ।

टप्किनु : टपक्क टप्किनु ।

टर्नु/टार्नु : काम टर्नु, काल टर्नु, खड्गो टार्नु, खर्च टर्नु, गाल टर्नु, गर्ज टर्नु, छाक टर्नु, झारा टार्नु, भारा टार्नु, भोक टर्नु, मानु टार्नु ।

टाल्नु : प्वाल टाल्नु, भ्वाङ टाल्नु, मुख टाल्नु ।

टिप्नु : कालले टिप्नु, गाँस टिप्नु, गाभो टिप्नु, शीत टिप्नु, सासले टिप्नु, सितो टिप्नु ।

टुक्रिनु : कलेजो टुक्रिनु ।

टुट्नु : आँत टुट्नु, जीउ टुट्नु, दाना-पानी टुट्नु, नाता टुट्नु, निंद टुट्नु, हिम्मत टुट्नु ।

टुसाउनु : ढुङ्गो टुसाउनु, मन टुसाउनु, माया टुसाउनु ।

टेक्नु : कुरा टेक्नु, खुट्टा टेक्नु, घुँडा टेक्नु, टाउको टेक्नु, टाउकामा टेक्नु, टाउकाले टेक्नु, टुप्पीमा टेक्नु, दुई नाउमा खुट्टाले टेक्नु, मुन्टाले टेक्नु ।

टोक्नु : आमा टोक्नु, आमा-बाबु टोक्नु, ओठ टोक्नु, उमेर टोक्नु, जिब्रो टोक्नु, दाँतले औंला टोक्नु, बाबु टोक्नु ।

ठटाउनु : ह्याङ्ग्रो ठटाउनु, तिघ्रा ठटाउनु, थोत्रो थाल ठटाउनु ।

ठड्याउनु : औंलो ठड्याउनु, घर ठड्याउनु, चोर औंलो ठड्याउनु, जगर ठड्याउनु, टाउको ठड्याउनु, शिर ठड्याउनु ।

ठहराउनु : दिन ठहराउनु, मान्छे ठहराउनु ।

ठान्नु : काउछो ठान्नु, सनद ठान्नु ।

ठोक्नु : कुम ठोक्नु, कुलेलम ठोक्नु, चम्पत ठोक्नु, छाती ठोक्नु, टाउको ठोक्नु, टाप ठोक्नु, ह्याङ्ग्रो ठोक्नु, ताली ठोक्नु, नालिस ठोक्नु, पाखुरा ठोक्नु, सलाम ठोक्नु, सुईंकुच्चा ठोक्नु, हिड ठोक्नु ।

डढ्नु : पुर्पुरो डढ्नु, फियो डढ्नु, मन डढ्नु ।

डुब्नु : गुहु-मुतमा डुब्नु, घडी डुब्नु, घर डुब्नु, घाम डुब्नु, जहाज डुब्नु, जोबन डुब्नु, थैली डुब्नु, दिन डुब्नु, रिनमा डुब्नु ।

डुलाउनु : आँखा डुलाउनु, मन डुलाउनु ।

डोलाउनु : चमर डोलाउनु, पुच्छर डोलाउनु ।

ढल्कनु : घाम ढल्कनु, ढलक्क ढल्कनु, दिन ढल्कनु ।

ढल्काउनु : चस्मा ढल्काउनु, जुल्फी ढल्काउनु, टोपी ढल्काउनु ।

ढल्नु : उमेर ढल्नु, फु गर्दा ढल्नु ।

ढाक्नु : इज्जत ढाक्नु, आड ढाक्नु, ओड ढाक्नु, कपाल ढाक्नु, नाङ्लो ढाक्नु ।

ढुक्नु : करेसो ढुक्नु, गौंडो ढुक्नु, दैलो ढुक्नु, बाटो ढुक्नु ।

तताउनु : कान तताउनु, काममा तताउनु, बाटो तताउनु ।

तन्काउनु : खुट्टा तन्काउनु, रगत तन्काउनु ।

तर्काउनु : आँखा तर्काउनु, कुरो तर्काउनु, पानी तर्काउनु ।

तर्नु : आँखा तर्नु, खोलो तर्नु, छाला तर्नु, संसार तर्नु ।

ताक्नु : मुख ताक्नु, मौका ताक्नु ।

ताल्नु : कन्चट ताल्नु, कन्सिरीका रौं ताल्नु, काममा ताल्नु, रगत ताल्नु ।

तान्नु : आँखा तान्नु, आड तान्नु, खुट्टा तान्नु, गाँजा तान्नु, मन तान्नु, लेग्रो तान्नु, सासैले तान्नु ।

ताप्नु : बलेको अगो ताप्नु ।

तिर्नु : गुन तिर्नु, पर्म तिर्नु, पैंचो तिर्नु, पालाको पैंचो तिर्नु, साहू तिर्नु ।

तुल्याउनु : भेडो तुल्याउनु, मुख कालो तुल्याउनु ।

तोक्नु : काम तोक्नु, तारेख तोक्नु ।

तौलिनु : एउटै तराजुमा तौलिनु ।

थपथपाउनु :पीठ थपथपाउनु ।

थप्नु : बलेको आगोमा घिउ थप्नु, सुनमा सुगन्ध थप्नु ।

थाक्नु : गाई थाक्नु, मुख थाक्नु ।

थाप्नु : अड्को थाप्नु, अत्तो थाप्नु, काँध थाप्नु, कान थाप्नु, खोते थाप्नु, घडी थाप्नु, च्याँखे थाप्नु, जाल थाप्नु, टाउको थाप्नु, तारो थाप्नु, निहुँ थाप्नु, पासो थाप्नु, बल्छी थाप्नु, मूर्ति थाप्नु, सही थाप्नु, हात थाप्नु, होड थाप्नु ।

थामिनु : आँसु थामिनु, मन थामिनु, लडाइँ थामिनु ।

थाम्नु : घर थाम्नु, तारेख थाम्नु, धर्म थाम्नु, नाक थाम्नु, नाम थाम्नु, बिँडो थाम्नु, मन थाम्नु, मुख थाम्नु, राज्य थाम्नु, हात थाम्नु ।

थुल्नु : कुरा थुल्नु । सासले थुल्नु ।

थुनिनु : सास थुनिनु ।

दगुराउनु : कागजको घोडा दगुराउनु ।

दगुर्नु : पेटमा मुसा दगुर्नु, हावको भरमा दगुर्नु ।

दिनु : आँट दिनु, आड दिनु, इज्जत दिनु, उत्तर दिनु, ओखलमा टाउको दिनु, ओठे जवाफ दिनु, जवाफ दिनु, औंठो दिनु, सुईंको दिनु, कान दिनु, काम दिनु, कुरा दिनु, खबर दिनु, गर्दन दिनु, घन्टी दिनु, चड्कन चिउरा दिनु, जन्म दिनु, जवान दिनु, जवाफ दिनु, जुँगामा ताउ दिनु, झापड दिनु, टेवा दिनु, डाहा दिनु, डिको दिनु, ढिम्किन दिनु, ढोग दिनु, तिलाञ्जलि दिनु, दर्शन दिनु, दृष्टि दिनु, दिलोज्यान दिनु, दुख दिनु, दुहाइ दिनु, ध्यान दिनु, धम्की दिनु, धोका दिनु, निहुं दिनु, पाइन दिनु, पानी पिउन नदिनु, पिठ दिनु, मन-पेट दिनु, माथ दिनु, बिदा दिनु, मट्टी दिनु, मुखभरिको जवाफ दिनु, रिहाइ दिनु, रूप दिनु, वचन दिनु, सह दिनु, साथ दिनु, सुख दिनु, हाँक दिनु, हुकुम दिनु, हौसला दिनु ।

दुखाउनु : नदुखेको कपाल दुखाउनु, मुख दुखाउनु ।

दुख्नु : कपाल दुख्नु, चित्त दुख्नु, मन दुख्नु ।

दुहनु : आन्द्रा-भुँडी दुहनु, कुरा दुहनु ।

देखाउनु : आकाश-पाताल देखाउनु, औंलो देखाउनु, कन्डो देखाउनु, झन्डा देखाउनु, कालो मुख देखाउनु, कुरा देखाउनु, खोट देखाउनु, चुरी-फरी देखाउनु, जात्रा देखाउनु, तमासा देखाउनु, नाक-मुख देखाउनु, पीठ देखाउनु, बत्तीस दन्त देखाउनु, बाबुको बिहे देखाउनु, मुख देखाउनु, सपना देखाउनु, साइत देखाउनु, हत्ते देखाउनु, हरिया दाँत देखाउनु, हात देखाउनु ।

देख्नु : आँखा देख्नु, रिसले आँखा नदेख्नु, आन्द्रा-भुँडी देख्नु, तिरिमिरिभ्याइ देख्नु, तीन-त्रिलोक देख्नु, तीन भुँडी देख्नु, भुँडी देख्नु, तोरीको फूल देख्नु, बाटो देख्नु, टाढा देख्नु, बाबुको बिहे देख्नु, सपना देख्नु ।

धड्कनु : मुटु धड्कनु ।
धपाउनु : भिँगा धपाउनु ।
धस्नु : चिप्लो धस्नु, बेसार धस्नु, घुँडा धस्नु ।
धान्नु : इज्जत धान्नु, घर धान्नु, व्यवहार धान्नु ।
धुनु : चाक धुनु, हात धुनु ।
धुल्याउनु : करङ धुल्याउनु ।
धोक्नु : ढिं धोक्नु, रक्सी धोक्नु ।
नचाउनु : औँलामा नचाउनु, पुतली नचाउनु, हात नचाउनु, नाङ्गो खुकुरी नचाउनु ।
नाघ्नु : गधा-पच्चीसी नाघ्नु, सीमा नाघ्नु ।
नाप्नु : बाटो नाप्नु ।
नार्नु : जुवा नार्नु ।
निकाल्नु : कुरा निकाल्नु, गाडेको लास निकाल्नु, मतलब निकाल्नु ।
निमोठ्नु : कान निमोठ्नु, घाँटी निमोठ्नु, जरो निमोठ्नु, नारी निमोठ्नु, पाखुरा निमोठ्नु ।
निमोठिनु : पेट निमोठिनु ।
निस्कनु : बोली निस्कनु, सोभ्को औँलाले घिउ निस्कनु, बाहिर निस्कनु ।
निल्नु : औँलो दिँदा डुँडुलो निल्नु, काँचै निल्नु, घाँटी हेरी हाड निल्नु, डाकाले निल्नु, थुक निल्नु । सासले निल्नु ।
निहुराउनु : टाउको निहुराउनु, शिर निहुराउनु ।
नुहाउनु : माघ नुहाउनु ।
पकाउनु : खिचडी पकाउनु, छातीमा जौँ तिल पकाउनु, भत्ता पकाउनु ।
पक्नु : कान पक्नु, कुरा पक्नु, गोडा पक्नु, घाँटी पक्नु, बाटो पक्नु ।
पखाल्नु : कलङ्क पखाल्नु, खाँडो पखाल्नु, नाकको चुच्चो पखाल्नु, पाप पखाल्नु ।
पग्लनु : गिदी पग्लनु, मन पग्लनु, हृदय पग्लनु ।
पचाउनु : कुरा पचाउनु, पैसा पचाउनु, बुभ्क पचाउनु, भात पचाउनु, मानो पचाउनु, लाज पचाउनु ।
पट्याउनु : काम पट्याउनु ।
पड्काउनु : गाला पड्काउनु, भत्ता पड्काउनु ।
पत्याउनु : खुट्टी देख्दै पत्याउनु ।
पन्छनु : छातीबाट ढुङ्गो पन्छनु, भालु पन्छनु ।
पन्छ्याउनु : काँढा पन्छ्याउनु, घाँटी पन्छ्याउनु, मूत पन्छ्याउनु ।
पर्नु : अकमक्क पर्नु, अड्को पर्नु, आँखामा पर्नु, आखिरी पर्नु, आँठे पर्नु, आ नो टाउकामा पर्नु, उकालो पर्नु, कटाच्छे पर्नु, कर पर्नु, काकताली पर्नु, काँढ पर्नु, कान्ड पर्नु, कानमा कुरा पर्नु, कारण पर्नु, कालको फेला पर्नु, मुखमा

पर्नु, कुनो पर्नु, कुरा पर्नु, खडेरी पर्नु, खण्ड पर्नु, खसी पर्नु, खाँचो पर्नु, खाल्डामा पर्नु, खुट्टा पर्नु, खेल पर्नु, खाला पर्नु, गति पर्नु, गम्म पर्नु, गर्मागर्मी पर्नु, गाँठो पर्नु, गाल पर्नु, गालामा पर्नु, लबटो पर्नु, गोडामा पर्नु, घमासान पर्नु, घाट पर्नु, घाँटी पर्नु, घानमा पर्नु, चर्को पर्नु, चाप पर्नु, चामल पर्नु, चासो पर्नु, चित पर्नु, चिर्को पर्नु, चिहान पर्नु, चोट पर्नु, छन्द पर्नु, छायाँ पर्नु, जिउँदो मान्छेको फेला पर्नु, ट्वाल्ल पर्नु, टुट्टा पर्नु, घाटा पर्नु, घानमा पर्नु, ठन्डाराम पर्नु, ठसक्क पर्नु, ठहरै पर्नु, ठाक-ठुक पर्नु, ठाउँमा पर्नु, ठिक्क पर्नु, ठ्याक पर्नु, तल पर्नु, तल-बितल पर्नु, तलमाथि पर्नु, तीन छक पर्नु, थला पर्नु, दृष्टि पर्नु, दाउ पर्नु, धोका पर्नु, धौ-धौ पर्नु, नरकमा पर्नु, निधारमा गाँठो पर्नु, पक्क पर्नु, पसारा पर्नु, पाउ पर्नु, पाखा पर्नु, पिछा पर्नु, पेच पर्नु, पोको पर्नु, पोल पर्नु, फन्दामा पर्नु, फाजिल पर्नु, फिक्का पर्नु, फेर पर्नु, फेरमा पर्नु, फेला पर्नु, बज्रपात पर्नु, बल पर्नु, बल्फनमा पर्नु, बालुवामा पानी पर्नु, बिछ्याउनामा पर्नु, बिलखबन्दमा पर्नु, बीच पर्नु, भड्खालामा पर्नु, भर पर्नु, भर्सेलो पर्नु, भिठ्ठा पर्नु, भातमा पर्नु, भुमरीमा पर्नु, भुलभुलैयामा पर्नु, महाभारत पर्नु, भार पर्नु, मासु पर्नु, मुख पर्नु, मुखमा कीरा पर्नु, मुटुमा गाँठो पर्नु, मुन्तिर पर्नु, मेरो पर्नु, मौका पर्नु, रनभुल्लमा पर्नु, लम्पट पर्नु, लम्पसार पर्नु, लागि पर्नु, वश पर्नु, वाल्ल पर्नु, साइनु पर्नु, सारो पर्नु, हस्स पर्नु, हक्क न बक्क पर्नु, हात तल पर्नु, हिस्स पर्नु, हिस्सी पर्नु ।

पलाउनु : जाडो पलाउनु, टुप्पाबाट पलाउनु, दूध पलाउनु, माया पलाउनु ।

पल्टनु : काया पल्टनु, टाट पल्टनु, पिनास पल्टनु, भाग्य पल्टनु, राज्य पल्टनु ।

पल्टाउनु : आँखा पल्टाउनु ।

पस्नु : अग्राख पस्नु, कुना पस्नु, कोखा पस्नु, कोरा पस्नु, चिसो पस्नु, छिद्र पस्नु, धुरा पस्नु, सौता पस्नु, हात पस्नु ।

पसार्नु : खुट्टा पसार्नु, गोडा पसार्नु, टाङ पसार्नु, हात पसार्नु ।

पहिल्याउनु : जिली-गाँठा पहिल्याउनु ।

पाउनु : अर्धचन्द्र पाउनु, अन्त्य पाउनु, अपजस पाउनु, आँत पाउनु, काख पाउनु, काम पाउनु, कुकरले नपाएइको दुख पाउनु, कुरा पाउनु, खेल्न पाउनु, गन्ध पाउनु, गाली पाउनु, गोदबा पाउनु, चर पाउनु, चिउरा पाउनु, चेत पाउनु, चोट पाउनु, छिद्र पाउनु, छुटकारा पाउनु, जुनी पाउनु, ठाउँ पाउनु, धर नपाउनु, धोका पाउनु, निसाप पाउनु, पत्ता पाउनु, पानी पिउन नपाउनु, पार पाउनु, फल पाउनु, भाउ पाउनु, भेउ पाउनु, भेद पाउनु, मौका पाउनु, जस पाउनु, शिर-पाउ पाउनु, स्वाद पाउनु, सुईंको पाउनु, सुर पाउनु ।

पाक्नु : केश पाक्नु, मन पाक्नु ।

पार्नु : अचार पार्नु, आँखा चिसो पार्नु, आच्छु-आच्छु पार्नु, एक पार्नु, एक गास पार्नु, एक छाक पार्नु, कान ठाडा पार्नु, कुरा माथि पार्नु, कुराले ठिक्क पार्नु, कुम्लो पार्नु, खँगार पार्नु, गाँठ पार्नु, घान पार्नु, जुँगा सफाचट पार्नु, झ्याइँकुटी पार्नु, झिल्को पार्नु, टाउको ठाडो पार्नु, दिउँसै रात पार्नु, धोती न टोपी पार्नु, नाक ठाडो पार्नु, पच पार्नु, परिपाठ पार्नु, पुतली पार्नु, पोको पार्नु, फस्ल्याङ-फुस्लुङ पार्नु, फुट पार्नु, फुल पार्नु, बाँझो पार्नु, बान्की पार्नु, भुस पार्नु, रातो मुख पार्नु, लछार-पछार पार्नु, शिर ठाडो पार्नु, सोत्तर पार्नु, हजम पार्नु, हाक पार्नु ।

पिउनु : पानी पिउनु, रगत पिउनु ।

पिट्नु : छाती पिट्नु, झ्याल पिट्नु, ढोल पिट्नु, धक्कु पिट्नु ।

पिसिनु : मकै पिन्दा घुन पिसिनु ।

पुग्नु : अकासमा पुग्नु, अर्कै लोकमा पुग्नु, उमेर ओढ्नु, ओछ्याउन पुग्नु, कपालको केशले न पुग्नु, जुक्ति पुग्नु, टुप्पीमा पुग्नु, पाक पुग्नु, बल पुग्नु, बुद्धि पुग्नु, म्याद पुग्नु ।

पुछ्नु : आँखा पुछ्नु ।

पुछिनु : टिको पुछिनु, सिन्दुर पुछिनु ।

पोख्नु : कुरा पोख्नु, माया पोख्नु, दुख पोख्नु, तीतो पोख्नु ।

पोतिनु : अनुहारभरि हिलो पोतिनु, कालो पोतिनु ।

पोल्नु : आँखा पोल्नु, आँगन पोल्नु, औडाहाले पोल्नु, घर्म पोल्नु, पेट पोल्नु, भित्र पोल्नु, रोटी पोल्नु ।

फटाउनु : भोटो फटाउनु ।

फड्काउनु : जिब्रो फड्काउनु ।

फड्कार्नु : जिब्रो फड्कार्नु ।

फर्कनु : चेत फर्कनु, ठाडै खुट्टा फर्कनु, दिन फर्कनु, मन फर्कनु, रित्तो हात फर्कनु ।

फर्काउनु : कन्डो फर्काउनु, कुरा फर्काउनु, जीउ फर्काउनु, दुलन फर्काउनु, नमस्ते फर्काउनु, पाता फर्काउनु, पिठिउँ फर्काउनु, मुख फर्काउनु, हात फर्काउनु ।

फल्नु : तालुमा आलु फल्नु ।

फँस्नु : जन्जालमा फँस्नु ।

फाट्नु : चित्त फाट्नु, पेट फाट्नु, मन फाट्नु ।

फाँड्नु : कर्कलो बारी फाँड्नु, बारी फाँड्नु, खोरिया फाँड्नु ।

फाट्नु : कुरा फाट्नु, बाटो फाट्नु, मन फाट्नु ।

याँक्नु : इज्जत याँक्नु, नाक याँक्नु, लुतो याँक्नु ।

फाल्नु : आगोमा हाम फाल्नु, दम फाल्नु, इज्जत फाल्नु, खेर फाल्नु, गहतको झोलमा जात फाल्नु, जीउ फाल्नु, नाक फाल्नु, नाउँ फाल्नु, मुख फाल्नु, लुतो फाल्नु, हाम फाल्नु ।

फिँजाउनु : कुरा फिँजाउनु, पखेटा फिँजाउनु, हल्ला फिँजाउनु ।

फिर्नु : चाल फिर्नु, जुग फिर्नु, दिन फिर्नु, पिसाप फिर्नु ।

फुक्लनु : पोते फुक्लनु, सिङ फुक्लनु ।

फुक्नु : आङ फुक्नु, कान फुक्नु, गाँठो फुक्नु, जुवा फुक्नु, जीउ फुक्नु, ढ्वाङ फुक्नु, पखेटा फुक्नु, राजाको राँगो फुक्नु, सास फुक्नु ।

फुट्नु : कोथो फुट्नु, खप्पर फुट्नु, वाक्य फुट्नु, हल फुट्नु, अरिङ्गालको गोला फुट्नु, आँखा फुट्नु, कर्म फुट्नु, कपाल फुट्नु, कानका जाली फुट्नु, चुरा फुट्नु, जुग फुट्नु, पसिना फुट्नु, बोली फुट्नु, भाग्य फुट्नु, मूल फुट्नु ।

फुर्नु : अक्कल फुर्नु, कुरा फुर्नु ।

फुल्नु : आङ ढक्क फुल्नु, घुस्स फुल्नु, ढुस्स फुल्नु, दम फुल्नु, दारी फुल्नु, नङ फुल्नु, रौँ फुल्नु, सेतै फुल्नु ।

फुस्कनु : कुरा फुस्कनु, धोती फुस्कनु, फरिया फुस्कनु ।

फुकाउनु : अड्को फुकाउनु, गाँठो फुकाउनु, छाती फुकाउनु, दिल फुकाउनु, पानी फुकाउनु, बाटो फुकाउनु, मन फुकाउनु, मुठी फुकाउनु ।

फुलाउनु : गर्दन फुलाउनु, गाला फुलाउनु, नाक फुलाउनु, छाती फुलाउनु, जगर फुलाउनु, पोरा फुलाउनु, पौँजा फुलाउनु, मुख फुलाउनु ।

फेर्नु : काँचुली फेर्नु, कुरा फेर्नु, कोल्टे फेर्नु, गुनिउँ फेर्नु, चाल फेर्नु, चोला फेर्नु, जुनी फेर्नु, धोती फेर्नु, पाउला फेर्नु, पिसाप फेर्नु, रूप फेर्नु, रङ फेर्नु, बर्न (वर्ण) फेर्नु, मुख फेर्नु, साटो फेर्नु, सास फेर्नु, हात फेर्नु ।

फैलनु : अफवाह फैलनु, कुरा फैलनु, हल्ला फैलनु ।

फोर्नु : घर फोर्नु, टाउको फोर्नु, थाप्लो फोर्नु, भाग्य फोर्नु, मुख फोर्नु ।

बगाउनु : पैसाको खोलो बगाउनु, रगतको खोलो बगाउनु ।

बग्नु : मुतमा बग्नु, रगतको खोलो बग्नु ।

बङ्ग्याउनु : कुरा बङ्ग्याउनु, मुख बङ्ग्याउनु ।

बजाउनु : काखी बजाउनु, आ नो डम्फू बजाउनु ।

बटार्नु : कुरो बटार्नु, मुन्टो बटार्नु ।

बटारिनु : आन्द्रा बटारिनु ।

बटुल्नु : साहस बटुल्नु ।

बढ्नु : कुरा बढ्नु, भाउ बढ्नु ।

बताउनु : बाटो बताउनु ।

बन्नु : आँखाको कसिङ्गर बन्नु, आँखाको नानी बन्नु, कठपुतली बन्नु, काँडो बन्नु, जोकर बन्नु, तस्बिर बन्नु, दाहिने हात बन्नु, नुन खाएको कुकुरा बन्नु, बाबु बन्नु, मान्छे बन्नु, भेडो बन्नु, सिकार बन्नु ।

बनाउनु : अचार बनाउनु, तिललाई पहाड बनाउनु, ताल बनाउनु ।

बर्सनु : आँसु बर्सनु ।

बराल्नु : अर्थ बराल्नु, काम बराल्नु, कुरा बराल्नु, मन बराल्नु ।

बल्काउनु : कुरा बल्काउनु, सिकार बल्काउनु ।

बस्नु : कोथो बस्नु, गाला बस्नु, गोठ बस्नु, जुँगामा बस्नु, जुँगामा बस्नु, रेखी बस्नु, जुम्रा मारेर बस्नु, जोखाना बस्नु, धामी बस्नु, पेट कसेर बस्नु, बर्त बस्नु, बातो बस्नु, बेत बस्नु, थला बस्नु, रस बस्नु, लत बस्नु, बक्के बस्नु ।

बाँच्नु : मरेर बाँच्नु ।

बाँध्नु : आँखामा पट्टी बाँध्नु, कानमा कौडी बाँध्नु, गोटा बाँध्नु, जुरो बाँध्नु, तारिफको पुल बाँध्नु, पउन बाँध्नु, पालो बाँध्नु, पालो बाँध्नु, पुल बाँध्नु, पेट बाँध्नु, फेटा बाँध्नु, बाचा बाँध्नु, भूमिका बाँध्नु, हात बाँध्नु, हुल बाँध्नु ।

बाँधिनु : आशामा बाँधिनु, लगन गाँठोमा बाँधिनु ।

बाभ्नु : कुरो बाभ्नु ।

बार्नु : जुठो बार्नु, पानी बार्नु, बरखी बार्नु ।

बाल्नु : बत्ती बाल्नु, राँको बाल्नु ।

बास्नु : पोथी बास्नु, भाले बास्नु ।

ब्याउनु : गोरु ब्याउनु ।

बिक्नु : नाम बिक्नु ।

बिगार्नु : अन्त्य बिगार्नु, दर बिगार्नु, नाउँ बिगार्नु, मन बिगार्नु ।

बिताउनु : काल बिताउनु, जुग बिताउनु, जुनी बिताउनु ।

बिर्सनु : गुन बिर्सनु, बाटो बिर्सनु, मरे पनि नबिर्सनु ।

बिराउनु : खाई न बिराउनु, बाटो बिराउनु, रिट्ठो नबिराउनु ।

बिसाउनु : डोको बिसाउनु, भारी बिसाउनु, लेठो बिसाउनु ।

बुभ्नु : आँ गर्दा अलङ्कार बुभ्नु, चाल बुभ्नु, चित्त बुभ्नु, मन बुभ्नु ।

बुढ्नु : जुग बुढ्नु ।

बेच्नु : आत्मा नबेच्नु, सारालाई बेच्नु ।

बेसाउनु : दुक्ख बेसाउनु, लेठो बेसाउनु ।

बोक्नु : काँधमा बोक्नु, कुरा बोक्नु, घाँडो बोक्नु, झगडा बोक्नु, दुख बोक्नु, भुँडी बोक्नु, भारी बोक्नु ।

बोल्नु : चुँ नबोल्नु, डाक बोल्नु ।

भन्काउनु : फिँगा भन्काउनु ।

भन्नु : नाकले भन्नु, भन्नु नभन्नु, मै हुँ भन्नु, सन्चे भन्नु ।

भर्नु : कान भर्नु, फुल जडी भर्नु, लाद्नो भर्नु, पेट भर्नु, भुँडी भर्नु, सिदा भर्नु ।

भरिनु : काख भरिनु ।

भाक्नु : धर्म भाक्नु ।

भाँच्नु : औंला भाँच्नु, करङ भाँच्नु, सिन्को नभाँच्नु ।

भाँच्चिनु : हाड भाँच्चिनु, मन भाँच्चिनु, सिङ भाँच्चिनु ।

भाँड्नु : कुरा भाँड्नु, घर भाँड्नु ।

भासिनु : पाताल भासिनु, मुड्लान भासिनु ।

भिर्नु : घाँडो भिर्नु ।

भेट्नु : उँधौलीले भेट्नु, छिद्र भेट्नु, भाउ भेट्नु, भ्रामरीका दशाले भेट्नु, राज्य भेट्नु ।

मकाउनु : हाड मकाउनु ।

मच्चाउनु : उधुम मच्चाउनु, भाँड-भैलो मच्चाउनु, महाभारत मच्चाउनु, रडाको मच्चाउनु, हुटहुटी मच्चाउनु ।

मच्चिनु : हलचल मच्चिनु ।

मन्त्रनु : कान मन्त्रनु, गहुँत मन्त्रनु ।

मन्सनु : भूत मन्सनु ।

मर्नु : आँखाको पानी मर्नु, आस मर्नु, काँडो मर्नु, छाला मर्नु, जाँगर मर्नु, ज्युँदै मर्नु, डाडुमा पानी तताएर मर्नु, धित मर्नु, भोक मर्नु, महिना मर्नु, माखा मर्नु, माटो मर्नु ।

मल्नु : कोरीका पाउ मल्नु, गोडा मल्नु, हात मल्नु ।

मसार्नु : गाँड मसार्नु, जुंगा मुसार्नु ।

माँग्नु : केटी माग्नु, केटो माग्नु ।

माभ्नु : पेन माभ्नु, मन माभ्नु ।

माड्नु : हात माड्नु ।

मान्नु : धक मान्नु, धन्दा नमान्नु, निम्ता मान्नु, नुनको गुन मान्नु, मन मान्नु, रहर मान्नु ।

मार्नु : अँगालो मार्नु, अड्डा मार्नु, आँखाको बिख मार्नु, आगो मार्नु, आड मार्नु, आत्मा मार्नु, आस मार्नु, कानका कीरा मार्नु, कैंची मार्नु, गुनले मार्नु, गोली मार्नु, घर मार्नु, घुँडा मार्नु, चाल मार्नु, चिलाइ मार्नु, चुड्की मार्नु, छाप मार्नु, छापा मार्नु, छिर्कनी मार्नु, छेकारो मार्नु, जीउ मार्नु, भकक मार्नु, टक मार्नु, डाँका मार्नु, डुबुल्की मार्नु, तर मार्नु, ताना मार्नु, ताली

मार्नु, ताल्चा मार्नु, थकाइ मार्नु, थप्पड मार्नु, थपडी मार्नु, थरक मार्नु, थला मार्नु, धाप मार्नु, धार मार्नु, नीच मार्नु, पलैटी मार्नु, पेटको कीरा मार्नु, पानी मार्नु, फड्को मार्नु, फन्को मार्नु, फाँको मार्नु, फेरो मार्नु, बगली मार्नु, बात मार्नु, बुर्कुसी मार्नु, बैना मार्नु, मरेकालाई मार्नु, माछा मार्नु, माया मार्नु, मुलुक मार्नु, मेख मार्नु, लात मार्नु, साहू मार्नु ।

मिच्नु : मुद्दु मिच्नु, साइनो मिच्नु, ह्याकुलाले मिच्नु ।

मिल्नु : इज्जत माटामा मिल्नु, काटी-कुटी मिल्नु, काम मिल्नु, कुरा मिल्नु, चाल मिल्नु, छन्द मिल्नु, छाँट-काँट मिल्नु, जुग मिल्नु, मन पेट मिल्नु, बाना मिल्नु, भात-भान्सा मिल्नु, मन मिल्नु, माटामा मिल्नु ।

मिलाउनु : कागज मिलाउनु, चाँजो मिलाउनु, चोचो मिलाउनु, मुख मिलाउनु, हात मिलाउनु ।

मुड्नु : चारपाटा मुड्नु ।

मेट्नु : एकुन्द्रो मेट्नु, तिर्खा मेट्नु, धोको मेट्नु, रहर मेट्नु, राँटो मेट्नु ।

रच्नु : जाल रच्नु, प्रपञ्च रच्नु, वीरसिक्का रच्नु, स्वाङ रच्नु ।

रसाउनु : आँखा रसाउनु, जिब्रो रसाउनु ।

रहनु : इज्जत रहनु, इज्जत-हुर्मत नरहनु, कुरा रहनु, खाली हात रहनु, धारमा रहनु, नाक रहनु, बात रहनु, मन रहनु ।

राख्नु : इज्जत राख्नु, कुरा राख्नु, बात राख्नु, क्षमा राख्नु, ज्यान हत्केलामा राख्नु, जिउनी राख्नु, थपना राख्नु, दाम राख्नु, धर्म राख्नु, नाम राख्नु, नाक राख्नु, पर्दा राख्नु, पहरा राख्नु, पूजा गरेर राख्नु, पेटमा राख्नु, प्राण राख्नु, बाटो राख्नु, भाउ राख्नु, भाकल राख्नु, मन राख्नु, मान राख्नु, मानले राख्नु, बचन राख्नु, वास्ता नराख्नु, विश्वास राख्नु, शिरमा राख्नु, होड राख्नु, होस राख्नु ।

रित्तिनु : काख रित्तिनु ।

रेट्नु : गाला रेट्नु, ज्यालामा रेट्नु ।

रोप्नु : कानमा झिरले रोप्नु, गुन रोप्नु ।

लगाउनु : आँखा लगाउनु, कर्के आँखा लगाउनु, घुर्की लगाउनु, टाप लगाउनु, फलामको कल्ली लगाउनु, पोल लगाउनु, विस्कुन लगाउनु, मखुन्डो लगाउनु ।

लडाउनु : अक्कल लडाउनु, मगज लडाउनु ।

लाइदिनु : धोती लाइदिनु ।

लाउनु : अघि लाउनु, अड्को लाउनु, अँध्यारो मुख लाउनु, कालो मुख लाउनु, कालो अनुहार लाउनु, आँखा लाउनु, आँतर लाउनु, आँधी लाउनु, आगो लाउनु, आलु खाएर पेडाको धाक लाउनु, उकेरा लाउनु, उत्तानो टाङ

लाउनु, उल्लीबिल्ली लाउनु, ओठे जवाफ लाउनु, करकाप लाउनु, कचहरी लाउनु, कुरा लाउनु, कुकुर काटी मीत लाउनु, खुट्टा लाउनु, खोट लाउनु, गुँड लाउनु, घान लाउनु, घुर्की लाउनु, घोसे मुन्टो लाउनु, चड्कन चिउरा लाउनु, छाडा लाउनु, जाप लाउनु, जुँगामा ताउ लाउनु, ताउ लाउनु, जुँगा हेरी भाग लाउनु, ट्वाँट लाउनु, टेर-पुच्छर नलाउनु, ठाडा कान लाउनु, ठाडो घाँटी लाउनु, ठाडो पुच्छर लाउनु, डोरो लाउनु, तह लाउनु, तातो पानी लाउनु, तिकडम लाउनु, दाउ लाउनु, नाकमा नाथ्री लाउनु, नाली-बेली लाउनु, पाखा लाउनु, पाती लाउनु, पार लाउनु, पुर्पुरोमा हात लाउनु, पैसा लाउनु, फरियाको नाता लाउनु, फुटानी लाउनु, फुर्ती लाउनु, बाँदरलाई लिस्नो लाउनु, बिड्गा लाउनु, बेली-बिस्तार लाउनु, भाउ लाउनु, भाउ लाउनु, मुखमा ताल्चा लाउनु, बुजो लाउनु, मुहनी लाउनु, यत्रो लाउनु, मुख लाउनु, लगाम लाउनु, वचन लाउनु, सत्र अर्थ लाउनु, सप्ताह लाउनु, साँध लाउनु, सियो लाउनु, सीप लाउनु, सिमाना लाउनु, हरिताल लाउनु, हात लाउनु, हुट्टहुटी लाउनु।

लाग्नु : अडेस लाग्नु, अल्को लाग्नु, आँखी लाग्नु, आँच लाग्नु, आगो लाग्नु, आड लाग्नु, आडमा लाग्नु, आड्मा घाम लाग्नु, आड लाग्नु, आ नो-आ नो बाटो लाग्नु, इज्जतमा बट्टा लाग्नु, उँधो लाग्नु, उँभो लाग्नु, उराठ लाग्नु, एकुन्द्रो लाग्नु, ओइरो लाग्नु, ओरालो लाग्नु, औलो लाग्नु, औंसी-पुर्ने लाग्नु, कन्सत्लो लाग्नु, कम्मर कसेर लाग्नु, काछ लाग्नु, किनारा लाग्नु, कुरामा लाग्नु, केही सीप न लाग्नु, खल्लो लाग्नु, नखाएको बिख लाग्नु, खुट्टा लाग्नु, गनाउने लाग्नु, गल लाग्नु, गला लाग्नु, गाँड लाग्नु, गुहुको टीका लाग्नु, गोठालो लाग्नु, गोडा लाग्नु, घत लाग्नु, घन्टा लाग्नु, घाट लाग्नु, घाँटी लाग्नु, घाँडो लाग्नु, घाम लाग्नु, घुन लाग्नु, घुन-पुत्ली नलाग्नु, घैंटामा घाम लाग्नु, चुप लाग्नु, चोखे लाग्नु, चोट लाग्नु, जीउ लाग्नु, जुठो लाग्नु, झन्झट लाग्नु, झिँगे दाउ लाग्नु, ठक्कर लाग्नु, ठेस लाग्नु, डढेलो लाग्नु, डेग लाग्नु, तह लाग्नु, तर लाग्नु, ताते लाग्नु, दावा लाग्नु, दिन लाग्नु, दशा लाग्नु, धक्का लाग्नु, नाकमा नाथ्री लाग्नु, पखेटा लाग्नु, प्वाँख लाग्नु, पछि लाग्नु, पानी लाग्नु, पाप लाग्नु, पासो लाग्नु, पीठ लाग्नु, पुच्छर लाग्नु, पेट लाग्नु, बजार लाग्नु, बात लाग्नु, बान लाग्नु, बुद्धिमा बिर्को लाग्नु, बोसो लाग्नु, भात लाग्नु, भित्तो लाग्नु, भुँडी लाग्नु, भूत लाग्नु, मन लाग्नु, माखेसाङ्लो लाग्नु, मात लाग्नु, मासु लाग्नु, मुख-मुखै लाग्नु, मेला लाग्नु, लहै-लहैमा लाग्नु, लिसो लाग्नु, वाक्क लाग्नु, सराप लाग्नु, सरकार लाग्नु, साइनु लाग्नु, साहू लाग्नु, सुक्खा लाग्नु, हात लाग्नु, हावा लाग्नु, हाहामा लाग्नु।

लिनु : अड्डी लिनु, आड लिनु, ईख लिनु, इज्जत लिनु, इवी लिनु, औतार लिनु, काँधमा लिनु, अभिमारा लिनु, जन्म लिनु, ज्यान लिनु, टाउकामा लिनु, टिप्पा लिनु, ठेक्का लिनु, नाम लिनु, बदला लिनु, बर्त लिनु, भरोसा लिनु, मन लिनु, रटना लिनु, रस लिनु, विश्वास लिनु, सातो लिनु, सास लिनु, सुर्ता लिनु ।

लुकाउनु : कुरा लुकाउनु, दूध लुकाउनु, पुच्छर लुकाउनु, मुन्टो लुकाउनु ।

लुछ्नु : कलेजो लुछ्नु ।

लुट्नु : इज्जत लुट्नु, सतीत्व लुट्नु, स्याबासी लुट्नु ।

लोलाउनु : आँखा लोलाउनु ।

सन्काउनु : आँखा सन्काउनु ।

सप्रिनु : दिन सप्रिनु ।

समाल्नु : जिब्रो समाल्नु ।

समाउनु/समाल्नु : औंलो समाल्नु, कान समाउनु, कुरा समाउनु, कुरै-कुरामा समाउनु, घर समाउनु, जरो/फेद समाल्नु, जिब्रो समाल्नु, टुप्पी समाल्नु, भालुको कन्पट समाउनु, मुख समाउनु ।

सर्नु : अघि सर्नु, पछि सर्नु, पर सर्नु ।

सल्काउनु : आगो सल्काउनु ।

साध्नु : बाप-बैरी साध्नु ।

सार्नु : वरको सिन्को पर न सार्नु ।

सुँघ्नु : मुख सुँघ्नु ।

सुन्नु : कान खोलेर सुन्नु ।

सुताउनु : थाङ्नामा सुताउनु ।

सुर्कनु : पाखुरा सुर्कनु ।

सेलाउनु : कुरा सेलाउनु, जाँगर सेलाउनु ।

हगाउनु : हर्रो हगाउनु ।

हर्नु : मन हर्नु ।

हराउनु : खेलो हराउनु, बाटो हराउनु, चेत हराउनु, सुद्धि हराउनु, सुर हराउनु, ध्यान हराउनु ।

हल्लाउनु : पुच्छर हल्लाउनु, मुन्टो हल्लाउनु ।

हसुर्नु : तीन पाथी हसुर्नु ।

हाँक्नु : आकाश-पाताल हाँक्नु, गफ हाँक्नु, डिङ हाँक्नु, बार-सत्ताइस कुरा हाँक्नु ।

हान्नु : अँध्यारोमा ढुङ्गाले हान्नु, आ नो खुट्टामा आफैंले बन्चराले हान्नु, कोखा हान्नु, खाल हान्नु, चाँदीको जुत्ताले हान्नु, चौथी हान्नु, छातीमा मुड्कीले

हान्नु, छेड हान्नु, झटारो हान्नु, ठुड हान्नु, तारो हान्नु, मधेस हान्नु, मार हान्नु, लात हान्नु, सोला हान्नु ।

हार्नु : वचन हार्नु ।

हाल्नु : अँगालो हाल्नु, अर्काको टाउकोमा हाल्नु, अरिङ्गाका गोलामा हात हाल्नु, अपहत्ते हाल्नु, आगोमा घिउ हाल्नु, आँखामा छारो हाल्नु, कथा हाल्नु, काटेको घाउमा नुन हाल्नु, कानमा तेल हाल्नु, खल्को हाल्नु, खोप हाल्नु, गाँज हाल्नु, घुम्टो हाल्नु, घेरा हाल्नु, छारो हाल्नु, छिटो हाल्नु, छेकारो हाल्नु, छेलो हाल्नु, जग हाल्नु, जरो हाल्नु, ठेडी हाल्नु, तगारो हाल्नु, दुई डुङ्गामा खुट्टा हाल्नु, धूप हाल्नु, नस हाल्नु, पाइलो हाल्नु, फाल हाल्नु, बालुवामा पानी हाल्नु, भाका हाल्नु, भाँजो हाल्नु, मुद्दा हाल्नु, लुगा हाल्नु, सिन्दुर हाल्नु, सिलोक हाल्नु, सुस्केरा हाल्नु, सुसेला हाल्नु, सेयर हाल्नु, हाँगा हाल्नु, हात हाल्नु, हिड हाल्नु ।

हिँड्नु : अघि-पछि हिँड्नु, घुँडाको बल हिँड्नु, नाकका चालले हिँड्नु, पुच्छर लुकाएर हिँड्नु ।

हुनु : अँध्यारो मुख हुनु, अन्धो हुनु, अचानो हुनु, अस्ताउन लागेको घाम हुनु, आकाश-बेली हुनु, आँखा ओभानो हुनु, आँखाको कसिङ्गर हुनु, आँखाको तारो हुनु, आँखा चार हुनु, आँखा झिम्म गर्न नहुनु, आँखी हुनु, आगो हुनु, आङ हलुङ्गो हुनु, आज कि भोलि हुनु, आधा-मासु हुनु, उज्यालो मुख हुनु, उही ड्याङको मुला हुनु, एक जीउ हुनु, एक हाते हुनु, कुहिराको काग हुनु, कोख बाँझो हुनु, कोखामा दाँत हुनु, खल्ती मजबुत हुनु, खिचडी हुनु, खेल खत्तम हुनु, गधा हुनु, घरको न घाटको हुनु, चन्द्रमा दाहिने हुनु, जात्रा हुनु, जीउ भारी हुनु, जीउ हलुङ्गो हुनु, ताईको फुरौला हुनु, तिल चामल हुनु, नाङ्ला जत्रो छाती हुनु, तल हुनु, माथि हुनु, दहीचिउरे हुनु, दाहिने हात हुनु, दुईजिब्रे हुनु, दूध र भात हुनु, धुन सवार हुनु, नछुने हुनु, नाक ठाडो हुनु, निलो कालो हुनु, पाँचै औंला घिउमा हुनु, पानी पानी हुनु, बाटाको काँडा हुनु, मुठ्ठीमा हुनु, यमराज हुनु, रातो पीरो हुनु, रित्तो हात हुनु, लाख हुनु, सिकार हुनु, जोगी हुनु, साधु बिरालो हुनु, सिद्रो सुके झैं हुनु, हपहप हुनु, हलुङ्गो हुनु, हात हुनु, हात लामो हुनु ।

हेर्नु : ऐनामा मुख हेर्नु, टेडा आँखाले हेर्नु, घर हेर्नु, जोखाना हेर्नु, दाउ हेर्नु, नारी हेर्नु, पछिको भाग हेर्नु, बाटो हेर्नु, मुख हेर्नु, राम हेर्नु, संसार हेर्नु, हात हेर्नु ।

❖❖

अध्याय नौ

अध्ययनको निष्कर्ष

उखान लोकजीवनमा परम्परादेखि प्रयोग भइआएको लोकअनुभवको सूत्रात्मक, गहकिलो र विशिष्ट भाषिक अभिव्यक्ति हो। यो लोकसमुदायको सदियौँदेखिको अनुभवबाट खारिएको हुन्छ। त्यसैले उखानका बारेमा उखानले झुटो बोल्दैनन् भन्ने उखान नै बन्न गएको छ। उखानको प्रयोग लेख्य र कथ्य भाषामा हुन्छ। उखानको संरचना वाक्यात्मक हुन्छ भने यही संरचनाका उखान पनि लघु, मध्यम र केही लामा आकारका हुन्छन्। उखानले लोकजीवनका व्यापक विषयलाई समेटेको हुन्छ। उखानले अर्ती-उपदेशमात्र दिँदैन, व्यावहारिक ज्ञान, मार्ग-निर्देश पनि गर्दछ र लोकजीवनको व्यापक-विस्तृत चित्रण गर्दछ, लोकका मूल्य-मान्यतालाई समेत प्रतिबिम्बन गर्दछ। विभिन्न भाषामा उखानलाई विभिन्न नामले पुकारिने भए पनि नेपालीमा यसलाई उखान शब्दबाट बुझिँदै आएको छ। भाषिक क्रियाकलापमा, छलफलमा उपयुक्त उखानको प्रयोगबाट प्रयोक्ताको प्रतिष्ठा बढ्न पुग्दछ। उखान प्रमाण सरह प्रयुक्त हुन सक्दछ। त्यसैले व्यावहारिक जीवनमा पनि उखानको प्रयोग अपेक्षित छ। उखान भाषिक उपकरण, वाक्कलाका उपकरण, सांस्कृतिक धरोहर र लोकजीवनका अङ्ग हुन्। नेपाली भाषा उखानका दृष्टिले समृद्ध छ।

उखानको प्रयोगले भाषिक अभिव्यक्तिमा निखार आउँछ। भाषालाई ओजपूर्ण, सरस र प्रभावकारी तुल्याउनमा उखानको विशेष स्थान छ। त्यसैले उखानलाई भाषाका आभूषण भनिन्छ। आभूषण अनिवार्य त हुँदैन, तर त्यसको प्रयोगले त्यो सुशोभित हुन्छ र यसले गर्दा सौन्दर्यको अभिवृद्धि हुन्छ। त्यसैले उखान बिनाको भाषिक अभिव्यक्ति खल्लो र निरस हुन पुग्छ।

सङ्क्षिप्तता र सरलता, सार्वभौमिकता र सार्वकालिकता, जीवन्तता, रूपगत विविधता र सन्दर्भपरकतालाई नेपाली उखानका मुख्यमुख्य विशेषता हुन्। उखान अनुभवसिद्ध ज्ञानका भण्डार हुन्। उखानमा अलङ्कार, उपमा, प्रतीक, बिम्ब, व्यङ्ग्य र हास्य पनि पाइन्छ। मानिसले जीवननिर्वाहका क्रममा जेजस्ता अनुभव र ज्ञान

आर्जन गर्दै आएको छ, त्यसलाई उसले उखानमा प्रकट गर्दै सञ्चित र संवहन गर्दै आएको छ। समस्यामा उल्भेको मान्छेले उखानबाट निकास पाउँछ, नीति पाउँछ, समाधान पाउँछ।

नेपाली उखान नेपाली लोकजीवन र लोकसंस्कृतिका संवाहक हुन्। उखानमा लोकजीवन र लोकसंस्कृति झल्केको छ। उखानमा लोकसमुदायका विश्वास र मूल्यमान्यताहरू प्रकट भएका छन्। उखान विचारपरक हुन्छन्। उखानमा विचार हुन्छ र त्यो खारिएको विचार हुन्छ। आगो ताप्नू मुढाको कुरा सुन्नू बूढाको उखानले आप्तवचनको महत्त्वलाई दर्साएको छ। यहाँ 'बूढा'ले अनुभवबाट खारिएकोतर्फ सङ्केत गरेको छ। उखानको सागरमा आजको समय-सन्दर्भसित नमिल्ने कुरा पनि रहेका छन् भने त्यस्ता उखानको प्रयोगलाई घटाउँदै-हटाउँदै लैजानु उपयुक्त हुन्छ। धुलोमा हिँड्दा अघि लाग्नु, पानीमा हिँड्दा पनि लाग्नु जस्ता उखानले दिने सन्देश आज पनि उत्तिकै उपयोगी र ग्राह्य देखिन्छ। यस्ता उखानले नेपाली लोकसाहित्यको भँडार भरिभराउ छ।

भाषिक समुदायमा उखानको पश्चधर्मीवत् 'उखान-टुक्का'का रूपमा बोलिँदै आएको टुक्का वस्तुतः उखानभन्दा पनि लघु आयाम भएको, उखानदेखि पृथक् स्वतन्त्र अर्थ, व्युपत्ति र प्रयोगसन्दर्भ भएको विधा हो। उखान वाक्यस्तरको रचना हो भने टुक्का पदावली स्तरको रचना हो। टुक्का आफैँ पनि रचना हो भने यसले वाक्व्यवहार र रचनामा प्रयुक्त भएर कथन र रचनालाई झनै घतलाग्दो, प्रभावकारी र मार्मिक तुल्याउँछ। यस अर्थमा टुक्का भाषिक व्यहार र रचनाको एक उपकरण हो भन्न सकिन्छ।

यति सानो आकारको टुक्काको आ नै किसिमको संरचना छ भने यसका अनेक प्रकार रहेका छन्, जसलाई विभिन्न वर्ग-उपवर्गमा राखेर हेर्न सकिन्छ।

पदसमूहात्मक हुनु, लक्ष्यार्थप्रधान हुनु, सङ्क्षिप्त र सूत्रबद्ध हुनु, खासखास शब्दसँग नित्य- सन्निधि हुनु, सदैव मूल रूपमा प्रकट हुनु, वाक्याश्रित हुनु, स्वतन्त्र रूपमा प्रयोग नहुनु, लोकजीवन झल्कनु आदि टुक्काका मुख्य विशेषता रहेका छन्। यस्ता विशेषताले गर्दा टुक्का अरू विधाभन्दा पृथक् स्वतन्त्र अस्तित्व भएको विधाका रूपमा चिनिँदै आएको छ। टुक्का स्वतन्त्र विधा भए पनि यसको सार्थकता वाक्यमा प्रयोग भएपछि मात्र हुने हुनाले यो वाक्याश्रित हुन्छ।

टुक्का लाक्षणिक हुन्छ। सोझो अर्थ वा अभिधार्थमा टुक्काको प्रयोग हुँदैन। 'आँखा चिम्लनु'को सोझो अर्थ वा अभिधार्थ आँखा बन्द गर्नु हुन्छ भने ध्यान नदिनु, बेवास्ता गर्नु, मर्नु, नदेखेजस्तो गर्नु आदि यसका सन्दर्भ परक लाक्षणिक अर्थ रहेका छन्। यस्तै लाक्षणिक अर्थमा टुक्का प्रयुक्त हुन्छन्। त्यसैले टुक्का लक्ष्यार्थप्रधान हुन्छ। यही लक्ष्यार्थप्रधानले गर्दा नै टुक्का टुक्का हुन पुगेको हो।

टुक्का भाषिक उपकरण भए तापनि टुक्कामा लोकजीवन, समाज र संस्कृति प्रतिबिम्बित भएको हुन्छ । यस अर्थमा टुक्का लोकजीवन, समाज र संस्कृतिका संवाहक हुन् भन्न सकिन्छ ।

भाषालाई आजपूर्ण सरस, रोचक र प्रभावकारी तुल्याउनमा टुक्काको विशेष महत्त्व छ । त्यसैले टुक्कालाई भाषाका गहना भन्न सकिन्छ । गहना अर्थात् आभूषण अनिवार्य त हुँदैन, तर त्यसको प्रयोगले त्यो सुशोभित हुन्छ र यसले गर्दा सौन्दर्यको अभिवृद्धि हुन्छ । त्यसैले टुक्का विनाको भाषिक अभिव्यक्ति खल्लो र निरस हुन पुग्छ ।

टुक्काले अभिव्यक्तिलाई ओजपूर्ण, सरस, रोचक र प्रभावकारी तुल्याउँछ । त्यसैले नै साहित्यस्रष्टाहरूले आ ना रचनामा टुक्काको प्रयोगलाई प्राथमिकता दिई आएका छन् । टुक्काको प्रयोग भएका साहित्यिक रचना र भाषिक अभिव्यक्ति तिख्खर, चोटिलो र रसिलो हुने गरेको पाइन्छ ।

समग्रमा टुक्का दुई वा दुईभन्दा बढी पदहरूको योगबाट निर्मित त्यस्तो भाषिक उपकरण देखिन आउँछ, जसको प्रयोगले भाषामा कलात्मक सौन्दर्यको अभिवृद्धि र कथन ओजपूर्ण, सरस, रोचक र प्रभावकारी हुन पुग्दछ ।

❖❖

सन्दर्भसूची

अधिकारी, रविलाल, २०५१, ...लोकोक्तिका प्रकारहरू : छोटो चर्चा' पाठ्यक्रमविकास पत्रिका, पूर्णाङ्क ३०,पृ.२३-३१ ।

अधिकारी, रविलाल, २०६५, **नेपाली लोकसाहित्यको झलक,** पोखरा : साहित्य-शृङ्खला ।

अधिकारी, विश्वप्रेम, २०५७, **आँधिखोले लोकसंस्कृति र लोकगीत,** स्याङ्जा : विजयकुमार अधिकारी ।

... ..., २०५८, **पश्चिमाञ्चलका लोकगीत र परम्परा,** स्याङ्जा : विजयकुमार अधिकारी ।

... ...,२०५९, **आँधीखोले लोकसाहित्य : प्रस्तुति र विश्लेषण,** स्याङ्जा : विजयकुमार अधिकारी ।

अधिकारी, हेमाङ्गराज, २०६१, **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, बाबुराम, २०४३, **पुराना कवि र कविता,** चौथो संस्क., काठमाडौँ : साझा प्रकाशन ।

...., ..., २०५४, **नेपालको सांस्कृतिक परम्परा,** काठमाडौँ : श्रीकृष्ण आचार्य ।

आप्टे, वामन शिवराम, सन् १९८१, **संस्कृत-हिन्दी कोश,** दिल्ली-पटना-वाराणसी : मोतीलाल बनारसीदास ।

उपाध्याय, कृष्णदेव, सन् १९७७, **लोक साहित्य की भूमिका,** तृतीय संस्क., इलाहावाद : साहित्य भवन प्रा.लि.।

उप्रेती, कुन्दनलाल, सन् २०००, **लोकसाहित्य के प्रतिमान** तृतीय संस्क., अलीगढ : भारत प्रकाशन मन्दिर ।

कर्मा, लीलासिंह, २०२३, **हाम्रो लोकसाहित्य** सिन्धुलीमाडी : लेखक स्वयम् ।

काफ्ले, दिलीपकुमर, २०५८, "नेपाली लोकसाहित्यको अनुसन्धान-परम्परा" नेपाली स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

कोइराला, कुलप्रसाद, २०५७, "नेपाली र मैथिली भाषाका उखानहरूको तुलनात्मक अध्ययन तथा विश्लेषण" त्रि.वि., विद्यावारिधि शोधप्रबन्ध (अप्र.)।

कोइराला, शम्भुप्रसाद, २०५५, **लोकसाहित्य : सिद्धान्त र विश्लेषण,** विराटनगर : धरणीधर पुरस्कार प्रतिष्ठान ।

घिमिरे, ध्रुवकुमार, २०६८, "नेपाली टुक्काको संरचनात्मक पक्ष र अर्थगत सन्दर्भ" त्रि.वि., विद्यावारिधि शोधप्रबन्ध (अप्र.)।
चालिसे, विजय, २०३९, डोटेली लोकसंस्कृति र साहित्य, काठमाडौं : साझा प्रकाशन ।
जोशी, सत्यमोहन, २०१४, हाम्रो लोकसंस्कृति, काठमाडौं : रत्न पुस्तक भण्डार ।
डन्डेस, एलेन, सन् १९८१ ...अन द स्ट्रक्चर अफ द प्रोभर्ब... माइडर, उल्फगङ्ग र एलेन डन्डेस (सम्पा.) दि विज्डम अफ मेनी एसेज अन दि प्रोभब, न्यूयोर्क/लन्डन : ग्यारिल्यान्ड एन्ड पब्लिसिङ इन्स्टिच्युट ।
त्रिपाठी, रामप्रसाद र अरू (सम्पा.), २०२३, हिन्दी विश्वकोश, वाराणसी : नागरीप्रचारिणी सभा ।
थापा, धर्मराज र हंसपुरे सुवेदी, २०४१, नेपाली लोकसाहित्यको विवेचना, काठमाडौं : पाठ्यक्रम विकास केन्द्र ।
दाहाल, बल्लभमणि र अन्य, २०४६, अनिवार्य नेपाली शिक्षण-निर्देशन, काठमाडौं : पाठ्यक्रम विकास केन्द्र ।
दुबे, श्यामाचरण, १९९५, मानव और संस्कृति पुनर्मुद्रण, दिल्ली : राजकमल प्रकाशन प्रा. लि. ।
दुबे, सत्यनारायण ...शरतेन्दु..., सन् १९९९, लोक साहित्यकी रूपरेखा इलाहावाद : साहित्य सृजना संस्थापन ।
नेपाल यात्री, पूर्णप्रकाश, २०४१, भेरी लोकसाहित्य काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।
पन्त, कालीभक्त, २०२८, हाम्रो सांस्कृतिक इतिहास स्याङ्जा : लेखक स्वयम् ।
पन्त, देवकान्त,२ ०३२, डोटेली लोकसाहित्य (एक अध्ययन) काठमाडौं : त्रि.वि., नेपाल र एसियाली अध्ययन संस्थान ।
पराजुली, कृष्णप्रसाद, २०३९, राम्रो रचना मीठो नेपाली पाँचौं संस्क., काठमाडौं : सहयोगी प्रकाशन ।
..., ..., २०४४, भाषाको माया, काठमाडौं : रत्नपुस्तक भण्डार ।
..., ..., २०५८, नेपाली उखान र गाउँखाने कथा, चौथो संस्क., काठमाडौं : रत्नपुस्तक भण्डार ।
..., ..., २०५७, नेपाली लोकगीतको आलोक, काठमाडौं : वीणा प्रकाशन ।
पराजुली, ठाकुर,२०४५, नेपाली साहित्यको परिक्रमा, काठमाडौं : नेपाली विद्या प्रकाशन ।
पराजुली, मोतीलाली, २०४९, नेपाली लोकगाथा, पोखरा : श्रीमती तारादेवी पराजुली ।
प्रसाद, दिनेश्वर, सन् १९७३, लोकसाहित्य और संस्कृति, इलाहाबाद : लोकभारती प्रकाशन ।
पाण्डे, हुमकान्त, २०५८, हुम्लाको लोकसाहित्य, पोखरा : कृतिकार स्वयं ।
पोखरेल, बालकृण, २०३६, राष्ट्रभाषा, तृतीय संस्क., काठमाडौं : साझा प्रकाशन ।
पोखरेल, बालकृष्ण र अरू(सम्पा.),२०४०, नेपाली बृहत् शब्दकोश, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।
पौड्याल, शिवप्रसाद, २०६१, नेपाली टुक्काहरूको सर्वेक्षण र विश्लेषण, नवलपरासी : श्रीमती सुशीला पौड्याल ।

बन्धु, चूडामणि, २०५८, नेपाली लोकसाहित्य, काठमाडौं : एकता प्रकाशन ।
बराल, ईश्वर र अरू (सम्पा.), २०५५, नेपाली साहित्यकोश, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।
भट्टराई, शरच्चन्द्र शर्मा, २०५३, माध्यमिक नेपाली गद्याख्यान, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।
भागवत, दुर्गा, सन् १९८१ (?) अनु. स्वर्ण कान्ता 'स्वर्णिम' भारतीय लोकसाहित्यकी रूपरेखा, नयी दिल्ली : भूमिका प्रकाशन ।
यादव, द्विजराम, १९९७, लोक साहित्य, द्वितीय संस्क., इलाहावाद : शिल्पी प्रकाशन ।
योगी, नरहरिनाथ (सम्पा.), २०२१, हिमाली लोकसाहित्य, काठमाडौं(?) : आर्यवीर संघ कलाकार समिति ।
रिमाल, प्रदीप, २०५३, कर्णाली लोकसंस्कृति खण्ड ५, दोस्रो संस्क., काठमाडौं : साझा प्रकाशन ।
रेग्मी, चूडामणि, २०५७, नेपाली टुक्काहरूको अध्ययन, दोस्रो संस्क., झापा : जुही प्रकाशन ।
लामिछाने, कपिलदेव, २०६४, 'नेपाली टुक्काको विश्लेषणात्मक अध्ययन' ज्ञानज्योति स्मारिका, पृ.५-१४ ।
..., ..., २०६१, रमाइला गाउँखाने कथा, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।
..., ..., २०६४, नेपाली लोकगाथाको अध्ययन, काठमाडौं : साझा प्रकाशन ।
..., ..., २०६८, नेपाली लोकगीतको अध्ययन, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।
..., ..., २०६८, 'अविरल बग्दछ इन्द्रवतीमा प्रयुक्त टुक्काको सर्वेक्षण र विश्लेषण' समालोचनाको सोपान, झापा : जुही प्रकाशन, पृ.९७-१२५ ।
बनबासी, देवीप्रसाद, २०५५, आँधीखोले लोकसंस्कृति, स्याङ्जा : चित्रलेखा प्रकाशन ।
वर्मा, धीरेन्द्र र अरू (सम्पा.) सन् १९८५, हिन्दी साहित्य कोश तृतीय संस्क., वाराणसी : ज्ञानमण्डल लिमिटेड ।
शर्मा, मोहनराज, २०३६, शब्द-रचना र वर्णविन्यास, काठमाडौं : पाठ्यक्रम विकास केन्द्र ।
शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, २०६३, लोकवार्ताविज्ञान र लोकसाहित्य, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
शर्मा, सुकुम, २०६२, आँधीखोला क्षेत्रमा प्रचलित उखानको अध्ययन, काठमाडौं : निरन्तर प्रकाशन ।

डा. कपिलदेव लामिछाने

जन्म : २०१५, आश्विन, माझठाना १, कास्की

हाल : सिद्धार्थनगर न.पा.-७, सगरमाथा पथ, डाँडागाउँ, रूपन्देही

इमेल : kapillamichhane58@yahoo.com

टेलिफोन : ०७१-५२१९५८

शिक्षा : त्रि.वि.बाट नेपाली विषयमा स्नातकोत्तर (प्रथम श्रेणीमा प्रथम) तथा नेपाली गाउँखाने कथामा विद्यावारिधि ।

प्रकाशित कृति : कथा सङ्ग्रह -२, लघुकथा सङ्ग्रह-३, बालकथा सङ्ग्रह- ८, बाल चित्रकथा-४, लामो कविता-१, बाल उपन्यास-२, समालोचना-५, अन्य-६

मूल्य : रु. १५० -

विवेक सिर्जनशील प्रकाशन प्रा.लि.